१०

# सामाजिक अध्ययन

## कक्षा १०



Curriculum Development Centre

# सामाजिक अध्ययन

## कक्षा १०


लेखकहरू

उमेशराम खत्री

गोविन्द भण्डारी

ज्ञानबहादुर अधिकारी



प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र


Curriculum Development Centre

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN :

© प्रकाशकमा

मुद्रण :

प्रथम संस्करण : वि.सं. २०७४

*पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।*

Curriculum Development Centre

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ। विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ। उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ। समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ। माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्य पुस्तक तयार पारिएको हो।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका कार्यकारी निर्देशक श्री बाबुराम पौडेल, प्रा. डा. राजाराम सुवेदी, प्रा.डा.विनय कुसियत, प्रा.डा. जीवनाथ धिताल, लक्ष्मीकुमारी माली, कमालदिन मिया, देवेन्द्र महर्जन, बाबुराम गौतमलगायतका महानुभावको विशेष योगदान रहेको छ। यस पाठ्य पुस्तकको विषय वस्तु सम्पादन हेमराज खतिवडा र भाषा सम्पादन पुरुषोत्तम घिमिरे, चित्राङ्कन कुलदिप जङ्बहादुर गुरुङ तथा लेआउट डिजाइन सन्तोषकुमार दाहालबाट भएको हो। यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ। यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ। यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ। पाठ्य पुस्तकलाई अझै परिष्कृत गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७४

Curriculum Development Centre

# विषय सूची

| एकाइ | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|


| | | |
|---|---|---|
| **एकाइ – १** | **हामी र हाम्रो समाज** | १ |
| पाठ एक : | मानव संसाधन विकास | १ |
| पाठ दुई : | मानव विकास सूचकाङ्क र नेपाल | ६ |
| पाठ तिन : | क्षेत्रीय विकासको अवधारणा र सङ्घीयता | ९ |
| पाठ चार : | नेपालका प्रदेशहरू | १२ |
| **एकाइ – २** | **विकास र विकासका पूर्वाधारहरू** | १७ |
| पाठ एक : | दिगो विकास | १७ |
| पाठ दुई : | नेपालमा सञ्चालित विकास आयोजनाहरू | २० |
| पाठ तिन : | विकासका पूर्वाधार : दक्ष जनशक्ति र रोजगार | २३ |
| पाठ चार : | समकालीन विकास लक्ष्य र नेपाल | २७ |
| पाठ पाँच : | स्थानीय तहमा विकास प्रस्ताव तर्जुमा | ३१ |
| **एकाइ – ३** | **हाम्रा सामाजिक मूल्य मान्यता** | ३४ |
| पाठ एक : | हाम्रा राष्ट्रिय सम्पदा | ३४ |
| पाठ दुई : | नेपालका लोकगीत | ३८ |
| पाठ तिन : | नेपाली लोकबाजा | ४० |
| पाठ चार : | हाम्रा लोक तथा शास्त्रीय नृत्य | ४४ |
| पाठ पाँच : | हाम्रा राष्ट्रिय दिवसहरू | ४७ |
| पाठ छ : | अन्तर्राष्ट्रिय व्यक्तित्व | ४९ |
| पाठ सात : | विश्वबन्धुत्व | ५२ |
| पाठ आठ : | ज्येष्ठ नागरिकप्रतिको दायित्त्व | ५४ |
| **एकाइ – ४** | **सामाजिक समस्या र समाधान** | ५६ |
| पाठ एक : | सामाजिक समस्याका रूपमा मानव बेचबिखन | ५६ |
| पाठ दुई : | घरेलु हिंसा र छुवाछुत | ६० |
| पाठ तिन : | केही गलत प्रथाहरू | ६२ |
| पाठ चार : | सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका | ६५ |
| पाठ पाँच : | अन्य केही अन्तर्राष्ट्रिय संस्थाहरू | ६७ |
| पाठ छ : | सामाजिक समस्याको पहिचान र समस्या समाधानको सिप | ७० |


Curriculum Development Centre

**एकाइ – ५** **नागरिक चेतना** ७२
पाठ एक : व्यवस्थापिका ७२
पाठ दुई : कार्य पालिका ७५
पाठ तिन : न्याय पालिका ७८
पाठ चार : संवैधानिक निकाय ८१
पाठ पाँच : अन्य संवैधानिक आयोगहरू ८४
पाठ छ : राजनीतिक दलहरू ८६
पाठ सात : निर्वाचन प्रक्रिया ८९
पाठ आठ : निर्वाचनमा नागरिकको भूमिका ९१
पाठ नौ : मानव अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू ९३
पाठ दस : महिला र आदिवासी तथा जनजाति सम्बन्धी अधिकार ९७
पाठ एघार : नागरिक पहिचान र नागरिकता १००

**एकाइ – ६** **हाम्रो पृथ्वी** **१०३**
पाठ एक : विश्वका हावापानीका प्रकार र यसमा प्रभाव पार्ने तत्वहरू १०३
पाठ दुई : उष्ण प्रदेश १०७
पाठ तिन : उष्ण प्रादेशिक जनजीवन ११०
पाठ चार : समशीतोष्ण प्रदेश ११२
पाठ पाँच : समशीतोष्ण प्रादेशिक जनजीवन ११४
पाठ छ : शीत प्रदेश ११६
पाठ सात : शीत प्रदेशका गतिविधिहरू ११८
पाठ आठ : विश्वमा वनस्पति र जीवजन्तुहरू १२०
पाठ नौ : हावापानी र धरातलीय विविधताबाट विश्वको जन जीवनमा पर्ने प्रभाव १२२
पाठ दस : उत्तर अमेरिका १२४
पाठ एघार : उत्तर अमेरिकाको सामाजिक र आर्थिक क्रियाकलाप १२७
पाठ बार : दक्षिण अमेरिका १२९
पाठ तेर : दक्षिण अमेरिका महादेशको सामाजिक तथा आर्थिक क्रियाकलाप १३१
पाठ चौध : अफ्रिका १३३
पाठ पन्ध : अफ्रिका महादेशको सामाजिक र आर्थिक क्रियाकलाप १३५
पाठ सोर : उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका र नेपाल १३७
पाठ सत्र : प्राकृतिक प्रकोप : भूकम्प र सुनामी १३९
पाठ अठार : नक्सा उतार्ने विभिन्न तरिका र आधुनिक व्यावहारिक नक्सा प्रविधिहरू १४२
पाठ उन्नाइस : नक्सा कार्य १४५

Curriculum Development Centre

| | | |
|---|---|---|
| **एकाइ – ७** | **हाम्रो विगत** | **१४७** |
| पाठ एक : | २००७ सालको क्रान्ति र दिल्ली सम्झौता | १४७ |
| पाठ दुई : | प्रजातान्त्रिक राजनीतिको एक दशक (२००७–२०१७) | १५१ |
| पाठ तिन : | प्रजातन्त्रको अपहरण र राजनीतिक दलहरूमाथि प्रतिबन्ध | १५४ |
| पाठ चार : | वि.सं. २०१७ देखि वि.सं. २०४६ सम्मका राजनीतिक घटनाहरू | १५७ |
| पाठ पाँच : | पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारणहरू | १६० |
| पाठ छ : | वि.सं. २०४६ देखि २०६२ सम्मको राजनीतिक घटना क्रम | १६३ |
| पाठ सात : | वि.सं. २०६२/०६३ देखि हालसम्मका राजनीतिक घटना क्रम | १६६ |
| पाठ आठ : | दोस्रो जन आन्दोलनपछि परेको आर्थिक तथा सामाजिक प्रभाव | १७१ |
| पाठ नौ : | प्रथम विश्वयुद्धका कारणहरू | १७३ |
| पाठ दस : | प्रथम विश्वयुद्धका परिणामहरू | १७८ |
| पाठ एघार : | दोस्रो विश्वयुद्ध र यसका कारणहरू | १८१ |
| पाठ बार : | द्वितीय विश्वयुद्धका परिणामहरू र नेपालको भूमिका | १८५ |
| पाठ तेर : | ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी, पहिचान, संरक्षण र संवर्धन | १८८ |
| **एकाइ – ८** | **आर्थिक क्रियाकलाप** | **१९१** |
| पाठ एक : | चालु योजना | १९१ |
| पाठ दुई : | पर्यटन उद्योग, महत्त्व र सम्भावना | १९५ |
| पाठ तिन : | ऊर्जाको महत्त्वपूर्ण स्रोत – जलस्रोत | १९९ |
| पाठ चार : | नेपालमा वैदशिक रोजगारी | २०२ |
| पाठ पाँच : | सहकारी र यसको आर्थिक महत्त्व | २०५ |
| पाठ छ : | वित्तीय शिक्षा | २०८ |
| पाठ सात : | वित्तीय उपकरणहरू | २१२ |
| पाठ आठ : | बिमा | २१५ |
| पाठ नौ : | राजस्व र कर असुली | २१८ |
| पाठ दस : | उपभोक्ता अधिकार | २२१ |
| **एकाइ – ९** | **हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | **२२४** |
| पाठ एक : | संयुक्त राष्ट्र सङ्घ र अङ्गहरू | २२४ |
| पाठ दुई : | संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू | २२८ |
| पाठ तिन : | संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका | २३२ |
| पाठ चार : | नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू | २३४ |
| पाठ पाँच : | समसामयिक घटना र तिनको प्रभाव | २३७ |
| पाठ छ : | विश्वव्यापीकरण र स्थानीयकरण | २४० |

Curriculum Development Centre

एकाइ
!

# हामी र हाम्रो समाज

## पाठ : एक

## मानव संसाधन विकास



मानव संसाधनले कुनै पनि कामका लागि आवश्यक पर्ने सामान्य तथा प्राविधिक मानव स्रोतलाई बुझाउँछ । यसले सामान्य कामदारदेखि उच्च तथा दक्ष प्राविधिकसम्मका मानव जनशक्तिलाई समेट्छ । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वैज्ञानिक उन्नतिका लागि मानव स्रोतको आवश्यकता पर्छ ।

कुनै काम राम्रोसँग गर्ने क्षमता र सिप भएका व्यक्ति वा समूहलाई जनशक्ति भनिन्छ । देश विकासका लागि जनशक्तिको खाँचो पर्छ । देशलाई आवश्यकताअनुसार किसान, व्यापारी, डाक्टर, इन्जिनियर, वकिल, पाइलट, शिक्षक, कर्मचारी, नर्स, प्रशासक, डकर्मी, सिकर्मीलगायतका जनशक्तिहरू चाहिन्छन् ।

जनशक्ति अदक्ष, अर्धदक्ष र दक्ष गरी तिन प्रकारका हुन्छन् । अदक्ष जनशक्तिले राम्रोसँग सिप हासिल गरेका हुँदैनन् तर देश विकासमा उनीहरूको पनि आवश्यकता पर्छ । त्यस्ता अदक्ष जनशक्तिमा सामान्य कामदारहरू पर्छन् । अर्धदक्षमा केही सिप हासिल गरेका तर पूर्ण रूपमा निपुण भइनसकेका कामदार पर्छन् । दक्षमा पूर्ण रूपमा ज्ञान र सिप हासिल गरी निपुणता प्राप्त गरिसकेका जनशक्ति पर्छन् ।

देशका लागि अल्पकालीन, दीर्घकालीन र स्थिर जनशक्तिको आवश्यकता पर्छ । खास कार्य र छोटो समयका लागि तयार पारिएका जनशक्ति अल्पकालीन जनशक्ति हुन् । बाली स्याहार्ने तथा कागज उद्योगमा कागज पट्ट्याउने कामदार अल्पकालीन जनशक्ति हुन् । दीर्घकालीन जनशक्तिले कुनै पदमा लामो समयसम्म काम गरेका हुन्छन्, जस्तै : सेवाक्षेत्रका कर्मचारी, सेना, प्रहरी आदि । स्थिर जनशक्ति भनेका एक पटक ज्ञान तथा सिप हासिल गरेपछि जीवनभर काम गर्न सक्ने पेसाका व्यक्ति हुन्, जस्तै : शिक्षक, डाक्टर आदि । उद्योग स्थापना, विज्ञान प्रविधिको विकास, ठुला आयोजना सञ्चालन आदि कार्य लामो अवधिसम्म गर्नुपर्ने भएकाले यसका लागि पर्याप्त तयारी चाहिन्छ । यसमा सरकारले धेरै लगानी पनि गर्नुपर्छ । राज्यले देशका लागि आवश्यक पर्ने दीर्घकालीन जनशक्ति उत्पादन गर्ने र रोजगारका अवसरहरू सिर्जना हुने उद्योग तथा आयोजना सञ्चालन गर्ने काम सँगसँगै गर्नुपर्छ । विश्व विद्यालयहरूले पनि देशलाई चाहिने स्थिर जनशक्ति नियमित रूपमा उत्पादन गर्छन् । प्राविधिक सिपयुक्त जनशक्ति उत्पादनमा

Curriculum Development Centre

विश्व विद्यालयका साथसाथै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने संस्थाहरू पनि संलग्न छन् । विविध जनशक्तिको व्यवस्थापनबाट देशको विकास गर्न, तत्काल र भविष्यको आवश्यकता पुरा गर्न तथा देशलाई समुन्नत राष्ट्र बनाउन सकिन्छ । देशभित्र मानव संसाधनको पर्याप्तता भएमा मात्र देश विकासले गति लिन सक्छ ।

मानव संसाधनभित्र मानव संसाधन विकास (Human Resource Development) र मानव संसाधन व्यवस्थापन (Human Resource Management) सम्बद्ध विषय क्षेत्र पर्छन् । औपचारिक शिक्षा र विभिन्न प्रकारका तालिमबाट मानव संसाधन तयार गर्न सकिन्छ । मानव संसाधन विकास जुनसुकै कामदार, प्राविधिक वा कर्मचारीका लागि तालिम र विकासका विविध पक्षको सम्बोधन गर्ने मानव स्रोत व्यवस्थापनको एउटा भाग हो । यस्ता तालिममा व्यक्तिलाई स्रोत उपलब्ध गराई काम र क्रियाकलापमार्फत नयाँ ज्ञान र सिप दिइन्छ ।

कामदार वा कर्मचारीको काम गर्ने दक्षता र उनीहरूको वैयक्तिक विकाससँग संस्थाको सक्षमता जोडिएको हुन्छ । कर्मचारी कर्मचारीबिचमा सहयोगको भावना विकास गर्न, समूहमा कार्य गर्न तथा सबै कामदार वा कर्मचारीका बिचमा सहयोगात्मक भावना विकास गर्न उचित मानव व्यवस्थापन हुन आवश्यक छ । मानव संसाधन विकास कुनै पनि संस्थाको सुधारसँग सम्बन्धित छ भने मानव संसाधन व्यवस्थापन जनशक्ति विकाससँग सम्बन्धित छ । मानव संसाधन विकासमा कामदारको वैयक्तिक विकास तथा सक्षमता अभिवृद्धिमा ध्यान दिइन्छ । मानव संसाधन व्यवस्थापनमा कामदार र सङ्गठनको समग्र विकासलाई जोड दिँदै कामका लागि कर्मचारीलाई उत्तरदायी बनाइन्छ । यो व्यक्तिलाई जिम्मेवारी दिई उसैलाई पुरस्कृत तथा दण्डित गरेर कामका लागि उत्प्रेरित गर्ने अवधारणा हो ।

**मानव संसाधन विकासको आवश्यकता** (Need ó Hm anR esn ce Dev lpm en )

मानव संसाधनको योजना काम र आवश्यकताका आधारमा बनाइन्छ । मानव संसाधन विकासको आवश्यकतालाई निम्नानुसार पुष्टि गर्न सकिन्छ :

(क) मानव संसाधन योजनाका आधारमा जनशक्ति माग तथा नियुक्ति गर्न
(ख) आवश्यकता परेका बेला जनशक्तिको अभाव पूर्ति गर्न तथा बढी भएका कामदारको व्यवस्थापन गर्न
(ग) श्रमको लागत विश्लेषण गरी सङ्गठनमा कामदार घटाउन वा बढाउन
(घ) देशमा कामका लागि आवश्यक पर्ने दक्ष र विज्ञ कामदारको प्राप्यता एवम् सम्भावना पत्ता लगाउन
(ङ) काममा विविधता ल्याउन तथा विभिन्न कामका लागि आवश्यक पर्ने र बजारमा पाइने जनशक्तिको अवस्था आँकलन गर्न
(च) उपलब्ध जनशक्तिको उचित व्यवस्थापन गरी सङ्गठनको उत्पादकत्व बढाउन ।

Curriculum Development Centre

**मानव संसाधन विकासको महत्त्व** (Imp tan e 6 Hm anR esn ce Dee lpm en )

कुनै पनि संस्थाका हरेक तह र प्रकारका जनशक्तिको व्यवस्थापन गर्न मानव संसाधन विकास योजना आवश्यक हुन्छ । यसबाट संस्थाको उद्देश्यअनुसारका सक्षम जनशक्ति प्राप्त हुन्छन् । संस्थामा जनशक्ति नियुक्ति र तिनको उपयोग, जनशक्तिको कार्य क्षमता, सिप एवम् प्रविधिको स्तरोन्नति तथा संस्थाको सुधार जस्ता पक्षले विशेष भूमिका खेल्छन् । यसले समग्र योजना, सङ्गठन, नीति निर्माण, आपसी सहयोग तथा बजेट व्यवस्था र नाफा घाटाको सम्पूर्ण अवस्थाको व्यवस्थापन गर्छ ।

मानव संसाधन विकासले जनशक्तिको प्रभावकारी उपयोगमा सहयोग पुऱ्याउँछ । यसबाट जनशक्तिका लागि सहुलियत योजना (In en ie Plan) तय गर्न र भविष्यका लागिसमेत जनशक्तिको खोज तथा सहभागिताको खाका कोर्न सहयोग पुग्छ । साथै जनशक्ति तथा सङ्गठन दुवैलाई उत्प्रेरणा प्राप्त हुन्छ । यसबाट सङ्गठनमा प्रभावकारी सञ्चार, सुपरीवेक्षण र नेतृत्व विकासमा सहयोग पुग्छ । यसले संस्थाभित्रका मानव स्रोत र संस्था बाहिरका सरोकारवालाबिच सम्बन्ध विस्तार गर्छ । मानव सम्बन्ध विस्तारले कामको गुणस्तर र आन्तरिक व्यवस्थापनमा पनि सकारात्मक प्रभाव पार्छ । यसबाट समयको सदुपयोग, पुँजी परिचालन, ऊर्जा व्यवस्थापन, अपेक्षित उपलब्धि हासिल, तालिम विकास तथा क्षति न्यूनीकरणमा महत्त्वपूर्ण सहयोग प्राप्त भई संस्थाबाट उच्च उत्पादकत्व प्राप्त हुन्छ ।

**मानव संसाधन विकासको प्रक्रिया** (Pro ed e 6 Hm anR esn ce Dee lpm en )

जनशक्ति योजना प्रारूप तयारी, वर्तमान जनशक्ति विश्लेषण, भविष्यका लागि आवश्यक जनशक्तिको आँकलन, रोजगारीका कार्यक्रम विकास, तालिम कार्यक्रम विकास जस्ता चरणहरू अपनाएर मानव संसाधन विकास गर्न सकिन्छ । मानव संसाधन विकास क्रमबद्ध र व्यवस्थित प्रक्रिया हो ।

मानव संसाधन विकासको प्रक्रियामा सर्वप्रथम संस्थाका उद्देश्यहरूको पुनरावलोकन गरी त्यसका लक्ष्य र उद्देश्य निर्धारण गरिन्छ । सो उद्देश्य सक्षम र प्रभावकारी रूपमा प्राप्त गर्न जनशक्ति तयारीको प्रक्रिया नै मानव संसाधन विकास प्रक्रिया हो । भविष्यका लागि सङ्गठनको संरचना र भर्ना योजनासहित मानव स्रोत विकास योजना तयार पारिन्छ । त्यस्तै संस्थाको कार्य प्रकृति, संस्थामा प्राप्त रोजगारीका प्रकार, रोजगारीको सङ्ख्या र तिनको गुणस्तर तथा संस्थामा तत्काल उपलब्ध जनशक्तिको विश्लेषण गर्नुपर्छ । यसमा संस्थाको आन्तरिक विकास तथा संस्थाको कार्य पद्धतिको मागलाई प्राथमिकतामा राखिन्छ । संस्थालाई गति प्रदान गर्न क्षमता विकास योजना बनाई कार्यान्वयन गर्नुपर्छ । संस्थाले गरेका असल कामहरूको सञ्चार गर्ने र संस्थाका लागि असल सोच राख्ने पक्षलाई पनि यसैमा समेट्नुपर्छ ।

भविष्यमा संस्थालाई कति र कस्तो जनशक्ति चाहिन्छ भन्ने निर्णय लिनुपर्छ । त्यसपछि जनशक्ति विकासको प्रवृत्ति, कामदार वा कर्मचारीको कार्यबोझ, संस्थाका अन्य आवश्यक पक्ष र बजेट जस्ता पक्षमा निर्णय गर्नु आवश्यक हुन्छ । आवश्यकताको परिवर्तनका आधारमा क्षमता विकास योजना पनि परिवर्तन हुन्छ । मानिसले नयाँ खालका रोजगारीको अवसर खोजिरहन्छ । आफूले काम गरिरहेको संस्थामा पनि नयाँ प्रकृतिको थप जिम्मेवारीको चाहना गर्छ । यसर्थ मानव संसाधन विकास योजनामा रोजगारीका पर्याप्त कार्यक्रम विकासलाई समेट्नुपर्छ । संस्थामा काम गर्ने कर्मचारीका लागि सिप र दक्षता विकास गर्ने खालका पुनर्ताजगी तथा क्षमता विकास तालिमको व्यवस्था गर्न आवश्यक छ ।

Curriculum Development Centre

यस्तै संस्थामा नवप्रवेशी कामदार तथा कर्मचारीका लागि सेवा प्रवेश तालिमको व्यवस्था गर्नुपर्छ । तालिमले जनशक्तिमा थप ऊर्जा प्रदान गर्छ र कामका लागि उत्प्रेरणा पनि बढाउँछ । संस्थाको सम्पूर्ण क्षमतालाई उपयोग गरी उच्च कार्य सम्पादन गर्न पनि मानव संसाधन विकास योजनामा आन्तरिक तथा बाह्य तालिमका प्रशस्त कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ ।

**नेपालमा मानव संसाधन विकासका चुनौती तथा भावीदिशा** (Challenges and Way Forward of Human Resource Development in Nepal)

देशमा रोजगारीका अवसर कम हुँदा बेरोजगारी बढ्छ । कामको खोजीमा धेरै व्यक्ति बिदेसिन्छन् । प्राविधिक एवम् व्यवस्थापकीय सिप र क्षमता भएका तथा अर्धदक्ष एवम् अदक्ष युवा जनशक्ति बिदेसिँदा विकास निर्माण कार्यमा आवश्यक जनशक्तिको अभाव हुन्छ । त्यसैगरी देशमा उत्पादित जनशक्ति र माग भएको जनशक्तिबिचमा तालमेल नहुँदा यसको व्यवस्थापन गर्न कठिनाइ हुन्छ । सरकारले मानव संसाधनको विकासका लागि शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता पूर्वाधारहरूको विकासका लागि प्रयास गरेको छ । तर त्यस्तो प्रयास पर्याप्त भएको छैन । विशेष गरी ग्रामीण क्षेत्र, महिला, दलित, अपाङ्गता तथा अन्य पिछडिएका क्षेत्र, वर्ग र समुदायमा विकासको प्रयास पुग्न नसक्दा मुलुकको मानव संसाधन विकासले अपेक्षित गति लिन सकेको छैन । विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने र देशको परिवर्तित आवश्यकताबमोजिम परिस्थिति सुहाउँदो जनशक्तिको सङ्ख्यात्मक र गुणात्मक क्षमता विकास गर्ने क्षेत्रमा मानवीय विकास केन्द्रित हुन आवश्यक रहेको छ । आर्थिक स्रोत भएर पनि परिचालन गर्न नसक्दा जनशक्ति विकासमा असर परेको छ ।

नेपालमा स्पष्ट मानव संसाधन नीतिको अभाव छ । त्यसैले देशभरि छरिएर रहेका उत्पादनशील जनशक्तिको उचित व्यवस्थापन गरी राष्ट्र निर्माणको अभियानमा लगाउन सकिएको छैन । यसका लागि देशमा विद्यमान सक्रिय जनसङ्ख्याको प्रचुरताबाट लाभ लिन आवश्यक छ । यसका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागबमोजिमको दक्ष जनशक्ति तयार गर्नुपर्छ । त्यसपछि स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमाथिको निर्भरता कम गर्नुपर्छ । देशमा उत्पादित जनशक्ति र मागबिच उचित तालमेल मिलाउने तथा देशमा सञ्चालित विद्यमान तालिम केन्द्रहरूबिच उचित समन्वय कायम राख्ने चुनौती छन् । साथै ग्रामीण क्षेत्र, महिला, दलित, अपाङ्गता, पिछडिएका क्षेत्र, वर्ग, समुदायमा पुग्ने गरी विकासका गतिविधिहरू सञ्चालन गर्नु पनि हाम्रो अर्को चुनौती हो । यी र यस्ता चुनौतीको सामना गर्न दीर्घकालीन कार्य योजनासहितको मानव संसाधन योजनाको खाँचो छ ।

मानव संसाधन विकासका लागि निम्नानुसारको दीर्घकालीन सोच राखी कार्य गर्नु आवश्यक देखिन्छ :

(क) राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम र दक्ष जनशक्तिको विकास गर्ने

(ख) जनशक्तिको माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने

(ग) रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने खालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिने

(घ) दक्ष मानव संसाधन विकासका लागि एकीकृत रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने

(ङ) मानव संसाधनसँग सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गर्ने

Curriculum Development Centre

(च) मानव संसाधन विकास सम्बन्धी नीति तयार गरी कार्यान्वयनमा ल्याउने

(छ) युवा जनशक्तिका लागि नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने

(ज) शैक्षिक संस्थाहरूबाट उत्पादित जनशक्ति र बजारमा उपलब्ध रोजगारीबिच सामञ्जस्य कायम गर्ने

(झ) लक्षित समूहको क्षमता विकास गर्ने

(ञ) विदेशी बजारमा प्रतिस्पर्धा गर्न सक्ने सिप तथा प्रविधि स्वदेशी जनशक्तिलाई हस्तान्तरण गरी मानव संसाधनको विकास गर्ने

(ट) कामलाई नयाँ ढङ्गले परिभाषित गर्ने र शिक्षालाई काममुखी बनाउने ।

## क्रियाकलाप

शिक्षकको सहयोगमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसँग छलफल गरेर तलका प्रश्नको उत्तर तयार पारी 'हाम्रो विद्यालयको मानव संसाधन विकास' शीर्षकमा एउटा छोटो लेख तयार पार्नुहोस् :

(क) विद्यालयमा मानव संसाधन विकास भनेको के हो ?

(ख) विद्यालयमा मानव संसाधनको विकास किन गर्नुपर्छ ?

(ग) विद्यालयमा मानव संसाधनको विकास गर्न कस्तो योजना बनाइएको छ ?

(घ) विद्यालयलाई वरिपरिका विद्यालयभन्दा राम्रो पार्न भविष्यमा कस्तो जनशक्ति योजना बनाउनुपर्ला ? किन ?

(ङ) मानव संसाधन विकास योजना बनाउँदा विद्यालयमा के कस्ता चुनौती आउन सक्छन् ? ती चुनौतीहरू सामना गर्ने उपायहरू के के हुन सक्छन् ?

## अभ्यास

(क) मानव संसाधन भनेको के हो ?

(ख) मानव संसाधन विकास र मानव संसाधन व्यवस्थापनमा के फरक छ ?

(ग) हाम्रो देशमा मानव संसाधनको विकास गर्न कस्तो योजना बनाइएको छ ?

(घ) हाम्रो देशलाई विकसित देशको तुलनामा पुऱ्याउन कस्तो जनशक्ति योजना बनाउनुपर्ला ?

(ङ) मानव संसाधन विकासमा आउन सक्ने चुनौतीलाई कसरी सामना गर्न सकिन्छ ?

## सामुदायिक कार्य

तपाईंको समुदायमा कुन कुन पेसामा संलग्न व्यक्तिहरू कति कति सङ्ख्यामा रहेका छन् ? समुदायको जनशक्ति र रोजगारीबिच कस्तो सम्बन्ध रहेको छ ? कुन क्षेत्रमा जनशक्तिको कमी छ ? अब के गर्नुपर्ला ? समुदायका जान्ने बुझ्ने व्यक्तिसँग सोधेर प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : दुई

# मानव विकास सूचकाङ्क र नेपाल

आज कक्षामा मानव विकास सूचकाङ्क र नेपाल भन्ने पाठ शिक्षण गर्ने क्रममा शिक्षक र विद्यार्थीबिच भएका वार्तालाप तल दिइएको छ :

धनकुमारी : मानव विकास सूचकाङ्क भनेको के हो, मिस ?

शिक्षक : मानव विकास सूचकाङ्क बुझ्नुअगाडि मानव विकासका सम्बन्धमा बुझ्न आवश्यक हुन्छ। मानिसको स्वास्थ्य, शिक्षा, खाना, आवास, सिपलगायतका पक्षको विकास हुनु नै मानव विकास हो । कुनै पनि देशको आर्थिक, सामाजिक, शैक्षिक विकास लगायतका प्रगतिको स्तर वा अवस्था देखाउने सूचक नै मानव विकास सूचकाङ्क हो । यसले व्यक्ति, समुदाय र देशमा उपलब्ध विकल्पहरूको चयन गर्न सक्ने दायरालाई फराकिलो बनाउँछ । मानव विकासका तिन महत्त्वपूर्ण आधार, जस्तै प्रतिव्यक्ति आय, शैक्षिक स्तर र औसत आयु हुन् । यिनैलाई आधार मानी कुनै पनि भौगोलिक एकाइ, जाति, समुदाय आदिको मानव विकास अवस्थाको सङ्ख्यात्मक प्रस्तुति नै मानव विकास सूचकाङ्क हो। यसमा प्राप्त तथ्यहरूलाई ० देखि १ सम्म राखी मापन गर्ने गरिन्छ ।

रामकृपाल : मानव विकास सूचकाङ्क किन आवश्यक पर्छ ?

शिक्षक : राम्रो प्रश्न सोध्नुभयो, रामकृपाल भाइले । यसको आवश्यकता धेरै छन् । तीमध्ये केही कुराहरू म भन्छु है त ।

(क) मानव विकासको अवस्था पहिचान गर्न,

(ख) मानव विकासका सुधार गर्नुपर्ने क्षेत्र निर्धारण गर्न,

(ग) मानव विकास अवस्थामा सुधार गर्न,

(घ) मानव विकास अवस्थामा सुधार गर्न देशले चाल्नुपर्ने रणनीति तयारीका आधार प्रस्तुत गर्न आदि ।

पोमनाथ : मानव विकास सूचकाङ्क निकाल्ने तरिका के के होलान् ?

शिक्षक : मानव विकास सूचकाङ्क निकाल्न औसत आयु सूचक, शैक्षिक सूचक र आय सूचक निकाल्नुपर्ने हुन्छ। यसका सूत्रहरू छन्। यी सूत्रहरू सन् २०१० पछि अद्यावधिक गरिएका हुन् । यसका लागि यी सूत्रहरू हेरौँ है त ।

### १. औसत आयु सूचक

$$\text{औसत आयु सूचक} = \frac{\text{सम्बन्धित देशको औसत आयु} - \text{विश्वको न्यूनतम औसत आयु}}{\text{विश्वको अधिकतम औसत आयु} - \text{विश्वको न्यूनतम औसत आयु}}$$

### २. शैक्षिक सूचक

$$\text{शैक्षिक सूचक} = \frac{\dfrac{\text{सम्बन्धित देशको औसत शैक्षिक संलग्नता वर्ष}}{१५} + \dfrac{\text{सम्बन्धित देशको अपेक्षित शैक्षिक संलग्नता वर्ष}}{१८}}{२}$$

Curriculum Development Centre

### ३. आय सूचक

$$\text{आय सूचक} = \frac{\text{सम्बन्धित मुलुकको प्रतिव्यक्ति कुल राष्ट्रिय आय} - \text{विश्वको सबैभन्दा कम प्रतिव्यक्ति कुल राष्ट्रिय आय}}{\text{विश्वको अधिकतम प्रतिव्यक्ति कुल राष्ट्रिय आय} - \text{विश्वको सबैभन्दा कम प्रतिव्यक्ति कुल राष्ट्रिय आय}}$$

### ४. मानव विकास सूचकाङ्क

$$\text{मानव विकास सूचकाङ्क} = \sqrt{\text{औसत आयु सूचकाङ्क} \times \text{शैक्षिक सूचकाङ्क} \times \text{आय सूचकाङ्क}}$$

दिलु वि.क. : मानव विकास सूचकाङ्कमा नेपालको स्थिति के छ ?

शिक्षक : मानव विकास सूचकाङ्क (HDI) मा नेपालको स्थिति सुधार उन्मुख छ । सन् २०१२ मा नेपाल १५७ औँ स्थान (HDI ०.४६३), सन् २०१३ मा १४६ औँ स्थान (HDI ०.५४३) र सन् २०१५ मा १४५ औँ स्थान (HDI ०.५४८) मा रहेको थियो ।

## क्रियाकलाप

१. तलको तालिका अध्ययन गर्नुहोस् र कक्षामा छलफल गरी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

**सार्क मुलुकको मानव विकास सूचकाङ्क, २०१५**

| क्रम | देश | अङ्क | क्रम | देश | अङ्क |
|---|---|---|---|---|---|
| ७३ | श्रीलङ्का | ०.७५७ | १४२ | बङ्गलादेश | ०.५७० |
| १०४ | माल्दिभ्स | ०.७०६ | १४५ | नेपाल | ०.५४८ |
| १३० | भारत | ०.६०९ | १४७ | पाकिस्तान | ०.५३८ |
| १३२ | भुटान | ०.६०५ | १७१ | अफगानिस्तान | ०.४६५ |

**संसारका उच्च र न्यून मानव विकास सूचकाङ्क भएका देश**

| उच्च मानव विकास भएका देशहरू | | | न्यून मानव विकास भएका देशहरू | | |
|---|---|---|---|---|---|
| **क्रम** | **देश** | **अङ्क** | **क्रम** | **देश** | **अङ्क** |
| १ | नर्वे | ०.९४४ | १८८ | नाइजर | ०.३४८ |
| २ | अस्ट्रेलिया | ०.९३५ | १८७ | केन्द्रीय अफ्रिकन गणतन्त्र | ०.३५० |
| ३ | स्विट्जरल्यान्ड | ०.९३० | १८६ | इरिट्रिया | ०.३९१ |
| ४ | डेनमार्क | ०.९२३ | १८५ | चाड | ०.३९२ |
| ५ | नेदरल्यान्ड्स | ०.९२२ | १८४ | बुरुन्डी | ०.४०० |

*स्रोत : मानव विकास प्रतिवेदन, २०१५*

Curriculum Development Centre

(क) उच्च मानव विकास भएका देश कुन कुन हुन् ? ती देशमा मानव विकास उच्च हुनाका कारणहरू के के हुन सक्छन् ?

(ख) सार्क देशहरूको मानव विकासको अवस्था विश्लेषण गर्नुहोस् ।

(ग) कमजोर मानव विकास स्थिति भएका देशका चुनौती के के हुन सक्छन् ?

(घ) मानव विकास स्थितिमा सुधार गर्न के के गर्नुपर्ला ?

२. कक्षाका सबै विद्यार्थीका निम्नानुसारको लगत तयार गर्नुहोस् । शिक्षकको सहयोगमा साथीहरूसँग छलफल गरेर तल दिइएका प्रत्येक आधारका लागि दिइने अङ्क तय गरी प्रत्येकको प्राप्त कुल अङ्क निकाल्नुहोस् र मानव विकास अवस्थाको क्रम पनि तयार पार्नुहोस् :

| विद्यार्थीको नाम | घरको खाद्यान्नले खान पुग्ने महिना | वर्षमा स्वास्थ्य जाँच गराएको पटक | यो वर्ष लत्ता कपडा किनेको जोर | प्रतिव्यक्ति आवासका लागि उपलब्ध कोठा | साक्षरता वा शिक्षित प्रतिशत | खानेपानीको अवस्था र सरसफाइ | औसत मासिक कमाइ | पाँच वर्षमुनिको बाल मृत्युदर | औसत आयु | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अभ्यास

(क) मानव विकास सूचकाङ्क भनेको के हो ?

(ख) मानव विकास सूचकाङ्कका रूपमा नेपाल कस्तो देश हो ?

(ग) कङ्गो र डेनमार्क देशहरूको मानव विकास सूचकाङ्कका आधारमा नेपालसँग तुलना गर्नुहोस् ।

(घ) नेपालको विकासका लागि के कस्ता काम गर्नुपर्ला ?

(ङ) मानव विकास सूचकाङ्कको आवश्यकता किन पर्छ ?

(च) विश्वमा मानिसको अधिकतम आयु भएको देश मोनाकोको ८९.५२ वर्ष, न्यूनतम आयु भएको देश चाडको ४९.८१ वर्ष, विश्वमा अधिकतम आय भएको देश लक्जेम्बर्गको प्रतिव्यक्ति आय १,०४,३६० अमेरिकी डलर र न्यूनतम आय भएको सेन्टर अफ अफ्रिकन रिपब्लिकको प्रतिव्यक्ति आय ६०० अमेरिकी डलर साथै नेपालको प्रतिव्यक्ति आय ९२९ र औसत आयु ७१ र नेपालको शैक्षिक संलग्नता वर्ष ३.२ र नेपालको अपेक्षित शैक्षिक संलग्नता वर्ष १२.४ भए नेपालको मानव विकास सूचकाङ्क गणना गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : तिन

# क्षेत्रीय विकासको अवधारणा र सङ्घीयता

समाजको कल्याण गर्ने सिलसिलामा वर्तमानको मात्र नभई अनन्तसम्मको बाटो पहिचान गर्ने योजना बद्ध वृद्धि विकास हो । यस्तो वृद्धि सकारात्मक परिवर्तनको दिशामा प्रवाहित हुन्छ । विकासबाट मानव जीवन सरल, सम्पन्न र आनन्ददायी हुन्छ । मानव जीवनको स्तर उकास्नु र उनीहरूलाई सन्तुष्ट पार्नु विकासको अन्तिम लक्ष्य हो । यसले मानिसमा आत्म निर्भरता र सक्षमता अभिवृद्धि गर्छ । मानिसले विकासलाई आफ्नो इच्छा र चाहनाअनुकूल निर्दिष्ट दिशातिर डोहोऱ्याउँछ । यसर्थ विकासका लागि मानव साधनको महत्त्वपूर्ण स्थान हुन्छ । विकास मानिसका लागि आवश्यक हुने भएकाले यसका लागि विभिन्न स्रोत र साधन आवश्यक पर्छन् । नदी, जमिन, जङ्गल, पहाड, खनिज पदार्थ आदि प्राकृतिक स्रोत र साधन हुन् । दक्ष जनशक्ति, तालिम, प्रविधि आदि चाहिँ मानवीय स्रोत र साधनअन्तर्गत पर्छन् । विकासका विभिन्न आयाम हुन्छन् । यसमा ग्रामीण, सामुदायिक, सहरी, मानव संसाधन एवम् आर्थिक विकास, वातावरण संरक्षण र जलवायु परिवर्तन, प्रशासन सुदृढीकरण जस्ता पक्ष समेटिन्छन् ।

विकासले जनसङ्ख्याको आर्थिक र सामाजिक उन्नयनको स्तरलाई सङ्केत गर्छ । देशको उन्नतिका लागि विकासका गतिविधि सञ्चालन गर्न आवश्यक हुन्छ । विकासले देशको भौतिक, मानवीय, सामाजिक र सांस्कृतिक स्थितिमा सकारात्मक एवम् संरचनागत सुधार ल्याउँछ । विकासका गतिविधि र क्रियाकलापले देशको विद्यमान स्थितिमा क्रमिक रूपमा परिवर्तन ल्याउँछ । विकासको अवधारणाभित्र सामाजिक, आर्थिक र सांस्कृतिक प्रगति समावेश हुने भएकाले यो मानिसका आवश्यकता पूर्तिसँग सम्बन्धित हुन्छ । विकासको लक्ष्य मानविय आवश्यकता पुरा गर्नु हो ।

विकासको अवधारणाभित्र निम्न लिखित पक्ष समेटिन्छन् :

(क) देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक उन्नति
(ख) वस्तु र सेवाको उत्पादकत्व वृद्धि
(ग) मागको प्रभावकारी र लक्ष्यमूलक सम्बोधन
(घ) वैयक्तिक समानता र स्वतन्त्रता
(ङ) परम्परागत सोचबाट आधुनिक सोचतर्फ अग्रसरता
(च) सामाजिक मान्यता र विश्वासको प्रभावकारी उपयोग
(छ) आर्थिक एवम् सामाजिक रूपान्तरण
(ज) गरिबी निवारण र आवश्यकता पूर्ति
(झ) न्यून आर्थिक अवस्थितिबाट मुक्ति र आत्म सम्मानको भावना अभिवृद्धि ।

विकास योजना बद्ध र वातावरण मैत्री हुन सक्यो भने यसले वातावरण संरक्षण र आवश्यकता पूर्ति दुवैलाई सहयोग पुऱ्याउँछ । मानव निर्मित विकासले मानिसलाई खाना, लुगा, आवास, शिक्षा, स्वास्थ्य

Curriculum Development Centre

र सुरक्षा जस्ता आधारभूत आवश्यकता पुरा गराउँछ । यसबाट नागरिक अधिकारको प्राप्ति र प्रयोग, सम्मानपूर्ण जीवन यापन, वैयक्तिक विकास र सामाजिक प्रगतिका पर्याप्त अवसर प्राप्त हुन्छन् ।

समानुपातिक विकास, सहज पहुँच, सहभागिता वृद्धि र स्रोत साधनको अधिकतम सदुपयोग गर्न क्षेत्रीय विकासको अवधारणा जरुरी हुन्छ । विकासको क्षेत्रीय अवधारणा देशको प्रशासन सुदृढीकरणसँग सम्बन्धित छ । छोटो, छरितो र जनताको नजिकमा रहेको सरकार यसको उद्देश्य हो । स्रोतको उचित प्रयोग, उपभोक्तामा दायित्व बोध, आधारभूत पक्षको विकास, विकासमा जनसहभागिता वृद्धि र दीर्घकालीन सोचसहित विकासको सीमा निर्धारण हुने भएकाले यस अवधारणालाई विश्वभर महत्त्वपूर्ण ठानिएको छ । यसबाट पारिस्थितिक प्रणाली र जैविक विविधताको संरक्षण, जनसङ्ख्या नियन्त्रण, मानवीय स्रोत विकास, जन सहभागिता वृद्धि, सांस्कृतिक सम्पदाको संरक्षण तथा पृथ्वीको वहन क्षमताको संरक्षण गर्न सहजता प्राप्त हुन्छ । यसर्थ समाजको दिगो विकासका लागि क्षेत्रीय अवधारणालाई आवश्यक ठानिन्छ ।

सामाजिक आवश्यकता र त्यहाँको विकासको घनिष्ट सम्बन्ध हुन्छ । क्षेत्रीय आवश्यकता पुरा गर्न राष्ट्रले विकासको क्रम अगाडि बढाउनुपर्छ । परिवर्तन खोज्ने स्वाभाविक प्रवृत्ति, सामाजिक सम्बन्ध, आविष्कार र सुविधाको प्रचार प्रसारका आधारमा मानिसका आवश्यकता चुलिँदै जान्छन् । क्षेत्रको विकासका लागि मानिसका नयाँ आवश्यकता, खोज, उत्पादनका शैली र कामका लागि संस्थाको वृद्धि तथा केन्द्रमा निहित अधिकार विस्तार गर्नु आवश्यक हुन्छ । विकासले यसरी क्षेत्रीय मानवीय समस्या समाधान गर्दै तोकिएको दिशामा परिवर्तन गराउँछ । धरातलीय स्वरूपका आधारमा नेपाल तिन मुख्य भौगोलिक प्रदेशमा विभाजित छ । हिमाली र पहाडी प्रदेशमा विकासका कामहरू गर्न कठिन छ भने तराईमा विकासका पूर्वाधार पुऱ्याउन केही सजिलो छ । प्रशासनिक रूपले सबै क्षेत्रको विकासका लागि विगतमा देशलाई पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको थियो ।

वि.सं. २०६५ जेठ १५ गतेदेखि नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनेको छ । स्रोतको उचित बाँडफाँड र परिचालन तथा आर्थिक सामाजिक र धार्मिक विभेद कम गरी सबै क्षेत्रहरूको समानुपातिक विकासका लागि देशलाई सङ्घीय संरचनामा रूपान्तरण गरिएको छ । सङ्घीयता विकेन्द्रीकरणको एक महत्त्वपूर्ण अवधारणा हो । केन्द्रमा रहेको अधिकार को स्थानीयकरण गर्नुलाई विकेन्द्रीकरण भनिन्छ । यसबाट जनताले आफ्नो क्षेत्रको स्रोत साधनको समुचित प्रयोग गर्न, आम्दानी प्राप्त गर्न, उपभोग गर्न र आफ्नो ठाउँको विकासमा सहभागी हुन र जिम्मेवार बन्न सक्छन् । हाल नेपालमा ७ ओटा प्रदेश रहेका छन् । नेपाल जस्तै पहाडी मुलुक स्विट्जरल्यान्ड १९ क्यान्टन र ६ अर्ध क्यान्टनमा विभाजित छ । त्यसैगरी संयुक्त राज्य अमेरिका ५० राज्य र भारत २९ प्रान्तमा विभाजित छन् । सङ्घीय संरचना विभाजनका आधारहरूमा इतिहास, जातीयता तथा भाषा, क्षेत्र, भूगोल, जनसङ्ख्या, स्रोत साधनको उपलब्धता आदि हुन सक्छन् ।

आआफ्नै देशको भौगोलिक स्वरूप सांस्कृतिक तथा सामाजिक ढाँचाअनुसार देशलाई सङ्घीय ढाँचामा विभाजन गरिएको हुन्छ । यसरी विभाजन गर्दा केन्द्रीय, प्रान्तीय र स्थानीय ढाँचामा विभाजन गरी सोअनुसारका सरकार गठन गरिन्छ । केन्द्रीय सरकारले सीमा सुरक्षा, राष्ट्रिय अर्थ नीति, परराष्ट्र नीति,

Curriculum Development Centre

मुद्रा आदिको नियन्त्रण र कार्यान्वयन गर्छ । प्रान्तीय र स्थानीय सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सञ्चारलगायतका विकासका पूर्वाधार निर्माणका कार्यहरू गर्छन् । सङ्घीय शासन प्रणालीले प्रान्तहरूबिच प्रतिस्पर्धा बढ्ने, स्थानीय स्रोत र साधनको अधिकतम परिचालन हुने, केन्द्रको मुख ताक्नु नपर्ने र आत्म निर्भरता तथा स्वावलम्बीपन बढ्ने हुनाले देशको समग्र विकास हुने अवस्था रहन्छ ।




## क्रियाकलाप

१. नेपालको सङ्घीय संरचना विभाजनको आधार के के होलान् ? स्थानीय वा केन्द्रीय नेतासँग भेट गरी उहाँसँग सोधेर विभाजनका आधारको सूची बनाउनुहोस् ।

२. 'सङ्घीयताबाट सरकार जनताको नजिक पुग्छ ।' यस शीर्षकमा कक्षामा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

३. कक्षालाई चार समूहमा बाँडी सङ्घीयताको सफल कार्यान्वयन गर्न केन्द्र, प्रदेश, स्थानीय निकाय र जनताले के के कार्य गर्नुपर्छ ? छलफल गरी कक्षामा प्रस्तुत गर्नहोस् ।

४. सङ्घीयताको अवधारणाअनुरूप देश सञ्चालन गर्दा के कस्ता असहजताहरू आउन सक्छन् ? जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) विकासको अवधारणाभित्र कुन कुन पक्ष पर्छन् ?

(ख) सङ्घीयता भनेको के हो ? सङ्घीय संरचना विभाजनको आधार के के हुन सक्छन् ?

(ग) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनेको के हो ?

(घ) विकासका आयामहरू के के हुन् ?

(ङ) नेपालमा सङ्घीय संरचना स्थापना गर्न के के कुरामा ध्यान दिइएको छ ?

(च) सङ्घीयताका फाइदाहरू उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

विश्वमा सङ्घीयता अवलम्बन गर्ने मुलुकहरूको खोजी गरी विश्वको नक्सामा त्यसको अवस्थितिसमेत देखाउनुहोस् ।

Curriculum Development Centre

## पाठ : चार

# नेपालका प्रदेशहरू

नेपालको संविधानले नेपाललाई ७ प्रदेशमा विभाजन गरेको छ ।

**(क) नेपालको प्रदेश न. १**




यस प्रदेशले पूर्वी नेपालको हिमाल, पहाड र तराई भूभागलाई समेटेको छ । यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथालगायत कन्जनजङ्घा, मकालु, चोयु आदि अग्ला शिखरहरू रहेका छन् । सगरमाथा तथा मकालु र वरुण राष्ट्रिय निकुञ्ज यसै प्रदेशमा पर्छन् । यसले नेपालको कुल भूभागको करिब १८ प्रतिशत (क्षेत्रफल २५,९०५ वर्ग कि.मि.) हिस्सा ओगटेको छ । जन गणना २०६८ अनुसार करिब ४५ लाख जनसङ्ख्या यस प्रदेशमा बसोबास गर्छन् । यस प्रदेशमा राई, लिम्बु, लेप्चा, राजवंशी, कोचे, मेचे, बाहुन, क्षेत्री, शेर्पा आदि बसोबास गर्दछन् । वराह क्षेत्र, पाथिभरा, हलेसी महादेव, छिन्ताङ देवी मन्दिर यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । यहाँ धान, मकै र गहुँ खाद्य बालीका रूपमा र जुट, चिया, उखु, सुर्ती आदि नगदे बालीका रूपमा लगाइन्छ । यहाँ जुट मिल, चिनी कारखाना, सुती कपडा उद्योग, चिया उद्योग स्थापना भई सञ्चालित छन् । धेरै कृषि क्षेत्र रहनु, कृषिबाट क्षेत्रगत कुल गार्हस्थ उत्पादनमा बढी योगदान हुनु, धेरै साक्षर जनसङ्ख्या हुनु आदि यस प्रदेशको मुख्य विशेषताहरू हुन् ।

**(ख) नेपालको प्रदेश न. २**




नेपालको मध्य तराईका आठ जिल्लाहरू यस प्रदेशमा पर्छन् । यस प्रदेशमा पर्सादेखि सप्तरीसम्मको समथर भूभाग रहेको छ । यस प्रदेशले कुल भूभागको करिब ७ प्रतिशत (९६६१ वर्ग कि.मि.) क्षेत्रफल ओगटेको छ । त्यसैगरी यस प्रदेशमा करिब ५४ लाख मानिसहरू बसोबास गर्छन्, जुन नेपालको कुल जनसङ्ख्याको २० प्रतिशत हो । यस प्रदेशमा मुख्य जातिका रूपमा यादव, थारु, दलित, मुस्लिम आदि समुदायका मानिसहरू छन् । यस प्रदेशका सबै जिल्लामा मधेसी समुदायका मानिसहरूको बाहुल्यता रहेको छ । पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग यस प्रदेश भएर जाने मुख्य सडकहरू हुन् । अधिकांश उद्योगधन्दा यस प्रदेशमा रहेकाले अन्य प्रदेशको तुलनामा यसलाई विकसित प्रदेशका रूपमा लिन सकिन्छ । वीरगन्ज, लाहान, राजविराज, हरिऔन, चन्द्रनिगाहापुर, सिमरा र जनकपुर यहाँका मुख्य व्यापारिक केन्द्र हुन् । यहाँ धेरै औद्योगिक क्षेत्रहरू छन् । रामजानकी मन्दिर,

Curriculum Development Centre

छिन्नमस्ता मन्दिर, गढीमाई मन्दिर आदि यहाँका प्रमुख धार्मिक स्थल हुन् । नेपालमा विदेशबाट हुने अधिकांश व्यापार यसै प्रदेशको वीरगञ्ज नाकाबाट हुने गर्छ । यस प्रदेशको उत्तरमा पर्ने चुरेक्षेत्रमा घना चारकोशे झाडी रहेको छ ।

यस प्रदेशमा अधिकांश भूभाग समथर छ । यहाँ धेरै जनसङ्ख्या र उच्च प्रतिव्यक्ति आय हुनाका साथै क्षेत्रफलको तुलनामा प्रशस्त खेतीयोग्य जमिन छ । यस प्रदेशमा देशको कुल ग्रार्हस्थ उत्पादनमा कृषि, मत्स्य पालन र उद्योगको क्षेत्रगत योगदान बढी छ । मैथिली, बज्जिका, भोजपुरी, नेपाली आदि भाषाहरू यहाँ बोलिने मुख्य भाषाहरू हुन् ।

**(ग) नेपालको प्रदेश न. ३**




नेपालको राजधानी काठमाडौँ रहेको यस प्रदेशको अधिकांश भूबनोट हिमाली र पहाडी छ । यस प्रदेशमा गणेश, लाङटाङ, जुगल र गौरीशङ्कर आदि हिमाल पर्छन् । क्षेत्रफलको हिसाबले यो प्रदेशले नेपालको १४ प्रतिशत (२०,३०० वर्ग किलोमिटर) भूभाग ओगटेको छ । जन गणना २०६८ अनुसार यहाँको जनसङ्ख्या करिब ५५ लाख छ, जुन नेपालको कुल जनसङ्ख्याको २१ प्रतिशत हुन आउँछ । यस प्रदेशको हिमाली क्षेत्रमा शेर्पा र भोटे जातका मानिसहरू बस्छन् । उपत्यकामा नेवारहरूको बाहुल्यता रहेको छ । यस प्रदेशका अन्य मुख्य जनजातिमा जिरेल, तामाङ, मगर, थारु आदि छन् । बाहुन, क्षेत्री, दशनामी, दलित आदि जाति प्रदेशभरि छरिएर रहेका छन् । काठमाडौँ, भक्तपुर, ललितपुर, बनेपा, हेटौँडा, चितवन र धुलिखेल यहाँका मुख्य सहरहरू हुन् । हेटौँडा, पाटन, बालाजु आदि औद्योगिक क्षेत्रहरू यस प्रदेशमा छन् । गोसाइँकुण्ड, पशुपतिनाथ, स्वयम्भू, बुढानीलकण्ठ, बौद्धनाथ स्तुपा, दोलखा भिमेश्वर, दक्षिणकाली, पलाञ्चोक भगवती आदि यहाँका प्रमुख धार्मिक स्थल हुन् ।

यस प्रदेशमा युवाको जनसङ्ख्या धेरै छ । यहाँ जल विद्युत्, खानेपानी, शिक्षा, सडकलगायत विकासका विविध संरचना तथा जल विद्युत् धेरै छन् । ३ न. प्रदेश शिक्षाको पूर्वाधारमा अग्रणी, खानी उत्खननलगायत कुल गार्हस्थ उत्पादनमा योगदान गर्ने क्षेत्रहरूमा अगाडि रहेको छ ।

**(घ) नेपालको प्रदेश न. ४**

धवलागिरी, अन्नपूर्ण, मनास्लु र हिउँचुली पर्वत शृङ्खला यस प्रदेशमा पर्छन् । वेगनास ताल, रूपा ताल, फेवाताल र तिलिचो ताल यस क्षेत्रका प्रमुख तालहरू हुन् । मनाङ र मुस्ताङ जस्ता हिमाली उपत्यकाले यस प्रदेश प्राकृतिक रूपमा समृद्ध मानिन्छ । सेती, कालीगण्डकी, मर्स्याङ्दी जस्ता नदीहरूले यस प्रदेशलाई समृद्ध बनाएका छन् । क्षेत्रफलको हिसाबले यो प्रदेशले नेपालको १४ प्रतिशत (२१,५०४ वर्ग किलोमिटर) भूभाग ओगटेको छ । जन गणना २०६८ अनुसार यहाँको जनसङ्ख्या करिब २४ लाख छ, जुन नेपालको कुल जनसङ्ख्याको ९ प्रतिशत हुन आउँछ । काली गण्डकी र मर्स्याङ्दी नदीमा ठुला विद्युत् केन्द्र रहेका छन् । पोखरा,



Curriculum Development Centre

बन्दीपुर, मुक्तिनाथ, गोरखा र मनकामना यस क्षेत्रका पर्यटकीय केन्द्र हुन् । पोखरा विश्व विद्यालय पनि यसै क्षेत्रमा पर्दछ । यहाँ मगर, गुरुङ, बाहुन, क्षेत्री, थकाली, दुरा आदि जातिका मानिसहरूको बसोबास रहेको छ । मनकामना, विन्द्यवासिनी, ऋषिकेश मन्दिर, मुक्तिनाथ, बाग्लुङ कालिका, गलेश्वर आदि यहाँका प्रमुख धार्मिक स्थल हुन् ।




यस प्रदेशमा भूमिको तुलनामा न्यून जनसङ्ख्या रहेको छ। यस प्रदेशमा उच्च साक्षरता, प्रचुर विद्युत् सम्भावना, सरसफाइ र खानेपानीमा उच्च पहुँच रहेको छ । यहाँका धेरै भाग हिउँले ढाकिएका, कम कृषि क्षेत्र र सडक, कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रहरूको योगदान कमजोर रहेकाले विकासमा कठिनाइ देखिएको छ ।

**(ङ) नेपालको प्रदेश न. ५**




यो धेरै भूभाग तराई र बाँकी पहाडी क्षेत्र रहेको प्रदेश हो । यस प्रदेशमा हिम शृङ्खला छैनन् । राप्ती, तिनाउ र बढीगाड नदी तथा सत्यवती, बारकुने, जगदीशपुर जस्ता ताल यस क्षेत्रमा पर्छन् । यहाँ दाङ, देउखुरी, रामपुर, माडी आदि ठुला उपत्यकाहरू छन् । क्षेत्रफलको हिसाबले यस प्रदेशले नेपालको १५ प्रतिशत (२२,२८८ वर्ग किलोमिटर) भूभाग ओगटेको छ । जन गणना २०६८ अनुसार यहाँको जनसङ्ख्या करिब ४९ लाख छ, जुन नेपालको कुल जनसङ्ख्याको १८ प्रतिशत हुन आउँछ । झिमरुक जल विद्युत् केन्द्र यसै प्रदेशमा रहेको छ । यस प्रदेशका मुख्य व्यापारिक केन्द्रहरूमा बुटवल, भैरहवा, कृष्णनगर, तानसेन, लमही, नेपालगन्ज, कोहलपुर, राजापुर र बिजुवार हुन् । लुम्बिनी, रिडी, रेसुङ्गा, भैरव स्थान, स्वर्गद्वारी, ठाकुरद्वारा, बागेश्वरी आदि यस क्षेत्रका धार्मिक तथा पर्यटकीय केन्द्र हुन् । यस प्रदेशमा सिक्टा, बबई, बाण गङ्गा, तिनाउलगायतका सिँचाइ आयोजनाले कृषि उत्पादनमा सघाउ पुऱ्याइरहेका छन् । नेपाल संस्कृत र लुम्बिनी बौद्ध विश्व विद्यालयहरू पनि यसै क्षेत्रमा पर्छन् । यस प्रदेशमा भैरहवा, बुटवल, नेपालगञ्ज र कोहलपुरमा थुप्रै उद्योगहरू रहेका छन् । यहाँ मगर, थारु, बाहुन, क्षेत्री आदि जातिका मानिसहरूको बाहुल्यता रहेको छ । दक्षिणी भेगमा मधेशी समुदायका मानिसहरूको सघन बस्ती छ। यस प्रदेशमा धेरै सडक सञ्जाल र प्रशस्त खेतीयोग्य जमिन रहेको छ ।

**(च) नेपालको प्रदेश न. ६**

देशको मध्य पश्चिमी भूभागमा पर्ने यो प्रदेश हिमाली र पहाडी क्षेत्रमा अवस्थित छ। यहाँको हावापानी ठन्डा र सुख्खा छ। यहाँ काञ्जीरोवा, पातारासी आदि हिमाल पर्छन्। रारा र फोक्सुन्डो दुई ठुला तथा सुन्दर तालहरू यस प्रदेशमा पर्छन् । क्षेत्रफलको हिसाबले यस प्रदेशले नेपालको करिब २० प्रतिशत

Curriculum Development Centre

(२९,९८४ वर्ग किलोमिटर) भूभाग ओगटेको छ। जन गणना २०६८ अनुसार यहाँको जनसङ्ख्या करिब ११.५ लाख छ, जुन नेपालको कुल जनसङ्ख्याको करिब ५ प्रतिशत हुन आउँछ । वीरेन्द्रनगर, छिन्चु, दैलेख, सल्ली बजार र जुम्ला यहाँका मुख्य व्यापारिक केन्द्रहरू हुन् । यहाँ यार्सागुम्बा, स्याउ, ओखर, जडीबुटी आदि पाइन्छ । रत्न राजमार्ग, कर्णाली राजमार्ग र छिन्चु जाजरकोट सडक यहाँका मुख्य सडक पूर्वाधार हुन्। यहाँ देउती बज्यै, चन्दननाथ, शे गुम्बा, काँक्रे विहारलगायतका धार्मिक स्थलहरू रहेका छन्। यस प्रदेशमा ठकुरी, क्षेत्री, बाहुन, दलितलगायतका जातिको बाहुल्यता रहेको छ। यहाँ पशु पालन र जडीबुटीका लागि उपयुक्त र ठुला घाँसे मैदान क्षेत्रहरू छन्। धेरै क्षेत्रफल र वनक्षेत्र रहनु यस प्रदेशका विशेषताहरू हुन्। यस प्रदेशमा तिला, भेरी, सानी भेरी, हुम्ला कर्णाली, मुगु कणाली आदि स्थायी प्रकृतिका नदीहरू रहेकाले जल विद्युत् उत्पादनको अधिक सम्भावना रहेको छ।




(छ) **नेपालको प्रदेश न. ७**

यो प्रदेश देशको सुदूर पश्चिममा अवस्थित छ । यसमा शुक्लाफाँट वन्यजन्तु आरक्षण, खप्तड राष्ट्रिय निकुञ्ज, अपि र सैपाल हिमाल पर्छन्। क्षेत्रफलको हिसाबले यस प्रदेशले नेपालको करिब १३ प्रतिशत (१९,५३९ वर्ग किलोमिटर) भूभाग ओगटेको छ । जन गणना २०६८ अनुसार यहाँको जनसङ्ख्या करिब २५ लाख छ, जुन नेपालको कुल जनसङ्ख्याको १० प्रतिशत हुन आउँछ । टनकपुर ब्यारेज, पञ्चेश्वर बहु उद्देश्यीय आयोजना, पश्चिम सेती जस्ता आयोजना यस प्रदेशको विकासका उच्च सम्भावना बोकेका विकास आयोजनाहरू हुन् । भीमदत्त नगर, धनगढी, सिलगढी, अत्तरिया, टिकापुर, साँफेबगर र डँडेल्धुरा आदि यस प्रदेशका मुख्य व्यापारिक केन्द्र हुन् । यहाँ धान, गहुँ, कोदो, जौ, मकै र तेलहन बाली मुख्य रूपमा उत्पादन गरिन्छ। यहाँ बाहुन, ठकुरी, क्षेत्री, थारु, दलितलगायतका विभिन्न जातजातिको बाहुल्यता रहेको छ। उग्रतारा, शैलेश्वरी, बढिमालिका आदि यहाँका मुख्य धार्मिक स्थल हुन्। यस प्रदेशका धेरै मानिसहरू रोजगारका लागि भारततिर जान्छन् । तराईका जिल्लामा सडकको सञ्जाल रहेको, भारतसँग सहज आवागमन रहेको भेग मिल्दो र पुग्दो खाद्यान्न उत्पादन हुने यस प्रदेशका प्रमुख विशेषता हुन् ।




**क्रियाकलाप**

१. तपाईं बसेको स्थान कुन प्रदेशमा पर्छ ? त्यस प्रदेशका विशेषताहरू के के छन् ? प्रस्तुत गर्नुहोस् ।

२. उद्योग कम भएको प्रदेश कुन हो ? यस प्रदेशको विकासको सम्भावना के छ ? साथीहरूसँग छलफल गरी सुझाव तयार पार्नुहोस् ।



Curriculum Development Centre

३. नेपालका प्रदेशहरूको भूगोल, जनसङ्ख्या, भूउपयोग, सडक मार्ग, जल विद्युत् आयोजना, देशको कुल गार्हस्थ उत्पादनमा योगदान गर्ने विभिन्न औद्योगिक क्षेत्रहरू, पर्यटकीय गन्तव्य, शैक्षिक संस्थाहरूको अवस्थिति र मानव स्वास्थ्यको अवस्थाहरूका आधारमा तुलनात्मक अध्ययन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. प्रदेश १ देखि ७ सम्म पर्ने जिल्लाहरूको नाम खोजी गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) कुन प्रदेशमा कृषिक्षेत्र बढी रहेको छ ? यसबाट विकासमा कस्तो प्रभाव पर्छ ?

(ख) कुन प्रदेशमा हिउँले ढाकेको क्षेत्र बढी छ ? विकासमा यसको प्रभाव कस्तो पर्छ ?

(ग) घाँसे मैदान वा चरन क्षेत्र कम भएको प्रदेश कुन हो ? यस्ता भूभागले विकासका कार्यहरूमा पार्ने प्रभाव लेख्नुहोस् ।

(घ) कुन प्रदेशमा वनक्षेत्र कम रहेको छ ? यसको विकल्प के हुन सक्छ ?

(ङ) नेपालको प्रदेश न. ६ मा विकासका समस्या तथा चुनौतीहरू के के छन् ? बुँदाहरूमा टिपोट गर्नुहोस् ।

(च) एउटा प्रदेश र अर्को प्रदेशबिच के के पक्षहरूमा तुलना उपयुक्त हुन्छ ? नेपालका प्रदेश न. २ र प्रदेश न. ७ मा रहेका विकासका सम्भावनाहरूको उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

१. तपाईंको प्रदेशको एक प्रमुख विकास आयोजना छनोट गर्नुहोस् । उक्त आयोजनाबाट प्रदेशका अधिकांश व्यक्तिलाई लाभ पुऱ्याउन के के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् ।

२. 'जनसङ्ख्या र भूगोल विकासका लागि वरदान हुन सक्छन्' प्रस्तुत शीर्षकमा आधारित भई तपाईंको प्रदेशको सन्दर्भसमेत समेटिने गरी वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

Curriculum Development Centre

एकाइ

@

# विकास र विकासका पूर्वाधारहरू

## पाठ : एक

## दिगो विकास



चित्र न. १ चित्र न. २

**दिइएका चित्रहरू अवलोकन गर्नुहोस् :**

१. दुई चित्रबिच के के भिन्नताहरू पाउनुहुन्छ ?

२. प्रस्तुत दुई चित्र जस्तै तपाईंको समुदाय वा छिमेकी समुदायमा कुन अवस्था रहेको पाउनुभएको छ ?

३. चित्रमा देखाइएका जस्तै अवस्था के कारणहरूले सिर्जना हुन्छन् ?

४. चित्र न. २ को जस्तो अवस्था तपाईंको समुदायमा किन होस् भन्ने चाहनुहुन्छ ?

५. चित्र न. १ बाट सिर्जित हुने दीर्घकालीन वातावरणीय असरहरू के के हुन सक्छन् ?

**दिगो विकास के हो ?**

संयुक्त राष्ट्र सङ्घले सन् १९७२ को जुन ५ देखि १६ सम्म स्विडेनको स्टकहोममा मानवीय वातावरण सम्बन्धी प्रथम विश्व सम्मेलन (UN Cfi eren e n th Hm an Eir rm en ) आयोजना गऱ्यो । यसले दिगो विकासको रणनीति तयार गर्ने प्रयत्न गरेको देखिन्छ । यसै क्रममा सन् १९८३ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले वातावरण र विकास सम्बन्धी आयोग गठन गर्ने प्रस्ताव पारित गऱ्यो । फलस्वरूप त्यही वर्ष डिसेम्बरमा ब्रुटल्यान्ड (Brtl lan) आयोग गठन भयो । यस आयोगले संयुक्त राष्ट्र सङ्घको ४२ औँ साधारण सभा (सन् १९८७) मा 'हाम्रो साझा भविष्य (On Cm mn Ft n e)' नामक प्रतिवेदन प्रस्तुत गऱ्यो । त्यस प्रतिवेदनले दिगो विकासको परिभाषा यसरी प्रस्तुत गऱ्यो : "Dee lpn en that meets th n ed f th p esen with cm p m isig th ab lity f th ft n e g n ratin to meet th ir w n n ed " अर्थात्

Curriculum Development Centre

भावी पुस्ताका आवश्यकतालाई मध्यनजर गर्दै वर्तमान मानवीय आवश्यकतालाई परिपूर्ति गर्ने विकास नै दिगो विकास हो ।

"दिगो विकासको सर्वोपरि लक्ष्य भनेको वर्तमानका नागरिक तथा भावी पुस्तालाई कम्तीमा पनि जीवन यापनका आधारभूत साधनहरू निरन्तर उपलब्ध गराई गरिबी न्यूनीकरण गर्नुका साथै तिनीहरूको जीवनका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा व्यापक अवसरहरू पनि उपलब्ध गराउने प्रक्रिया तीव्र बनाउनु हो ।"

*– नेपालका लागि दिगो विकासको एजेन्डा, २०६०*

दिगो विकास भन्नाले वातावरण र विकासमा प्रत्यक्ष रूपमा सन्तुलन खोज्ने, पृथ्वीले धान्न सक्ने र निरन्तर रूपमा लाभ प्राप्त भइरहने विकासलाई बुझ्नुपर्छ । साथै एक क्षेत्रको विकास गर्दा अर्को क्षेत्रको वातावरणीय पक्षमा समेत क्षय हुन नदिने गरी गरिने विकास दिगो विकास हो ।

**दिगो विकासका उद्देश्यहरू**

(क) गरिबी निवारणमा सहयोग पुऱ्याउने
(ख) मानवीय विकास र प्रगति गर्ने
(ग) वातावरणको प्रभावकारी संरक्षण गर्ने
(घ) स्रोत र साधनको सावधानीपूर्वक प्रयोग गर्ने
(ङ) उच्च, स्थिर र दिगो आर्थिक वृद्धि हासिल गर्ने
(च) अशक्त, अपाङ्गता, महिलालगायतका क्षेत्रमा सामाजिक न्याय कायम गर्ने ।

**दिगो विकासको विशेषताहरू**

(क) स्रोत र साधनको दिगो व्यवस्थापन गर्न मदत गर्छ ।
(ख) भावी पिँढीका लागि सुन्दर भविष्य हस्तान्तरणमा सहयोग पुऱ्याउँछ ।
(ग) वातावरण संरक्षणमा जोड दिन्छ ।
(घ) स्रोत साधन प्राप्ति, परिचालन एवम् संरक्षणमा सहयोग गर्छ ।
(ङ) स्रोत र साधनको न्यायपूर्ण वितरणमा ध्यान पुऱ्याउँछ ।
(च) उपयोगवादी संस्कृतिको नियन्त्रण गर्दछ ।
(छ) उच्च र फराकिलो आर्थिक वृद्धिमा सहयोग गर्छ ।
(ज) पुनः चक्रण, नवीकरण र पुनः प्रयोग हुने साधन प्रयोग र प्रवर्धनमा जोड दिन्छ ।

**दिगो विकासका आयामहरू**




दिगो विकासका धेरै आयामहरू छन् । यसले सामाजिक, सांस्कृतिक, आर्थिक एवम् मानवीय आयामहरूमा सरोकार राख्छ । युनेस्कोका अनुसार दिगो विकासका सामाजिक, आर्थिक, प्राकृतिक तथा राजनीतिक आयामहरू हुन्छन् । सामाजिक सांस्कृतिक आयामअन्तर्गत मानव समुदाय सम्बन्ध, सांस्कृतिक सम्पदाको संरक्षण, असल संस्कृतिको हस्तान्तरणलगायत पर्छन् । सँगैको चार्टले यसलाई अझै स्पष्ट पार्छ ।

Curriculum Development Centre

## क्रियाकलाप

१. दिगो विकासका लागि नेपालमा भएका प्रयासहरू खोजी गरी प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा सञ्चालित हुने कुनै एक विकास कार्यलाई दिगो विकासको अवधारणाअनुरूप सञ्चालन गर्न योजना प्रस्तुत गर्नुहोस् ।

३. 'अव्यवस्थित विकास विनाश हो ।' यस भनाइलाई समूहगत छलफल गरी उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

४. नेपालमा दिगो विकास कार्यान्वयनका समस्या तथा चुनौतीहरू के के छन् ? जोडी जोडीमा रही बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

५. 'दिगो विकासको आवश्यकता' सम्बन्धमा एक संवाद तयार पार्नुहोस् ।

६. तपाईंको समुदायमा दिगो विकासको अवधारणा विपरीत सञ्चालन भएका कुनै विकास आयोजना होलान्, त्यस्ता आयोजना अवलोकन गरी सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्नुहोस् ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) दिगो विकास भनेको के हो ?

(ख) दिगो विकास गर्न के के कुरामा ध्यान दिनुपर्छ ?

(ग) दिगो विकासका फाइदाहरू उल्लेख गर्नुहोस् ।

(घ) दिगो विकासको अवधारणाअनुरूप आयोजना सञ्चालन गर्दा के कस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्छ ?

(ङ) दिगो विकासका लागि नेपालले के के कार्य गर्नुपर्छ ?

## सामुदायिक कार्य

तपाईंको समुदायमा सञ्चालित कुनै एक सानो विकास आयोजना छनोट गर्नुहोस् । उक्त आयोजना दिगो विकासको अवधारणाअनुरूप सञ्चालन गर्न योजनाको एक खाका तयार पार्नुहोस् ।

आयोजनाको नाम : स्थान :

उद्देश्य : जनसहभागिताको अवस्था :

अनुमानित लागत : आयोजनाको अवधि :

लाभान्वित हुने मानिसको सङ्ख्या : वातावरण क्षति नगर्न गरिने सम्भावित विकल्पहरू :

Curriculum Development Centre

## पाठ : दुई

# नेपालमा सञ्चालित विकास आयोजनाहरू

निश्चित समयावधिमा सम्पन्न गरिसक्ने गरी विविध लक्ष्यका साथ साधन र स्रोतको प्रयोग गरेर सुव्यवस्थित तवरबाट सञ्चालित विकासका कार्यक्रमहरू नै विकास आयोजनाहरू हुन् । लक्ष्य, लगानी, अपेक्षित परिणाम, प्रभावित क्षेत्र आदिका दृष्टिले विकास आयोजनाहरू साना वा ठुला हुन्छन् । कुनै आयोजनाहरू स्थानीय स्तरमा त कुनै प्रदेश स्तरमा सञ्चालित हुन्छन् भने कुनै राष्ट्रिय तहबाट नै सञ्चालनमा रहेका हुन्छन् । समग्र राष्ट्रलाई पहिचान दिलाउने र देशका अधिकांश जनता लाभान्वित हुने आयोजनाहरू राष्ट्रिय तहबाट सञ्चालित हुन्छन् । राष्ट्रिय स्तरमा सञ्चालित आयोजनाका लागि प्रादेशिक तथा स्थानीय स्तरमा सञ्चालित आयोजनाको तुलनामा बढी स्रोत र साधन एवम् लगानी आवश्यक पर्छ । यिनीहरूलाई राष्ट्रिय गौरवका विकास आयोजनाहरू भनी नामकरण गरिएको छ । वि.स. २०७३ सम्म यस्ता राष्ट्रिय गौरवका आयोजनाहरू २१ ओटा रहेका छन् । यस्ता आयोजनाहरू समयअनुसार थपघट हुन सक्छन् ।

नेपालमा सञ्चालित राष्ट्रिय गौरवका केही विकास आयोजनाहरू यस प्रकार रहेका छन् :

**(क) राष्ट्रपति चुरे संरक्षण कार्यक्रम**

नेपालको बहुप्रतिष्ठित आयोजनामध्ये एक राष्ट्रपति चुरे संरक्षण कार्यक्रम हो । चुरेक्षेत्रमा देखिएको बहुपक्षीय समस्यालाई समाधान गर्ने यस कार्यक्रमको मुख्य लक्ष हो । साथै जैविक विविधता, भौगोलिक, सामाजिक र आर्थिक पक्षलाई ध्यानमा राखी वातावरण र जीवन स्तरमा सन्तुलन कायम राख्नु यसको उद्देश्य हो । आ.व. २०६७/०६८ देखि वन तथा भू संरक्षण मन्त्रालयअन्तर्गत यो कार्यक्रम सुरुआत गरिएको हो । यस कार्यक्रमलाई आ.व. ०७०/०७१ मा राष्ट्रिय गौरवको आयोजनामा परिणत गरिएको थियो । यस क्षेत्रले २००-२१०० मिटरसम्म उचाइमा रहेको र पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म २६ जिल्लामा सञ्चालित नेपालको कुल भूभागको १२.७८% क्षेत्रफल ओगटेको छ । यो क्षेत्र भू बनोटका दृष्टिले कमजोर र पत्रे चट्टान युक्त क्षेत्र हो । यस कार्यक्रमका लागि केन्द्रमा एक अधिकार सम्पन्न राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समिति स्थापना गरिएको छ ।

**(ख) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमान स्थल**

पोखराको छिनेडाँडामा ३६०० रोपनी क्षेत्रफलमा निर्माण हुने यो विमान स्थल निर्माणबाट पोखरालाई विश्वकै एक पर्यटकीय गन्तव्यका रूपमा स्थापना गर्ने उद्देश्य राखिएको छ । यस विमान स्थलको शिलान्यास २०७३ वैशाख १ गते गरिएको हो । २० अर्ब ३० करोड रुपियाँको लागतमा बन्ने लक्ष्य लिएको यस विमान स्थलमा २५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको कङ्क्रिटको पक्की धावन मार्ग रहने छ । ट्याक्सी पार्किङ, अन्तर्राष्ट्रिय र आन्तरिक छुट्टाछुट्टै टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोल टावर, ५० मिटर लम्बाइको एयर ब्रिज जस्ता संरचनाहरू निर्माण गर्ने लक्ष्य यस आयोजनाले राखेको छ । चिनियाँ कम्पनीले निर्माण जिम्मा पाएको यस विमान स्थलमा २०० सिट क्षमताको जेट जहाजले समेत पनि उडान र अवतरण गर्न सक्ने छन् ।

Curriculum Development Centre

### (ग) बुढी गण्डकी जल विद्युत् आयोजना

नेपाल सरकारले घोषणा गरेको राष्ट्रिय गौरवका आयोजनामध्ये बुढी गण्डकी जल विद्युत् आयोजना जलाशय युक्त आयोजना हो । यो आयोजना काठमाडौँबाट करिब ८० कि.मि. पश्चिम दुरीमा पर्ने गोरखा र धादिङ जिल्लाको सिमानामा अवस्थित छ । यस जलाशय युक्त आयोजनाको क्षमता १२०० मेगावाट छ । यस आयोजनाको अनुमानित लागत रु. २ खर्ब ५४ अर्ब ९५ करोड ५० लाख रहेको छ । यस आयोजनाको प्रस्तावक संस्था बुढी गण्डकी जल विद्युत् आयोजना विकास समिति हो । अन्तर्राष्ट्रिय रूपमा आर्थिक स्रोत उपलब्ध गराउने संस्थाहरू, जस्तै : विश्व बैङ्क, अन्तर्राष्ट्रिय वित्तीय संस्था, एसियाली विकास बैङ्क आदि रहेका छन् । यसको सञ्चालन, नियमन र रेखदेख पूर्णतः नेपाल सरकारले गर्ने गरी व्यवस्थित गरिएको छ । यस आयोजनाको निर्माण कार्य सुरु भएको करिब आठ वर्षमा कार्य सम्पन्न गर्ने अवधि तोकिएको छ । नेपालको ऊर्जा सङ्कट व्यवस्थापनको भरपर्दो विकल्प यस आयोजना हुने आम अपेक्षा छ ।

### (घ) मध्य पहाडी लोकमार्ग (पुष्पलाल मार्ग)

पूर्व पश्चिम राजमार्गको अवधारणाअनुरूप नेपालको पूर्वदेखि पश्चिमका पहाडी भूभागलाई समग्र सडक सञ्जालबाट जोड्ने र विकासका कार्यमा तीव्रता प्रदान गर्ने उद्देश्यले यस लोकमार्ग निर्माण कार्यको थालनी भएको हो । आर्थिक वर्ष २०६४/०६५ देखि सञ्चालित यस आयोजना नेपाल सरकारको आफ्नै स्रोत र साधनबाट सञ्चालन गर्ने गरी अघि बढेको छ । पूर्वी पहाडी जिल्ला पाँचथरको चियो भञ्ज्याङ, च्याङ्थापुदेखि सुरु भई बैतडी जिल्लाको झुलाघाटसम्म जोड्ने यो सडक १,७७६ कि.मि. लामो हुने छ । पहाडी प्रदेशका २३ जिल्ला, २१५ बस्ती र झन्डै ७० लाख जनता यस सडक सञ्जालबाट लाभान्वित हुने लक्ष्य राखिएको छ । व्यवस्थित सहरीकरणको नीतिअनुरूप यस सडक सञ्जालले विभिन्न १० ओटा ठाउँहरूलाई नयाँ सहरी विकास बस्ती बसाउने योजना पनि समेटेको छ । पहिले नै निर्माण भइसकेको सडकलाई अधिकतम रूपमा उपयोग गर्ने नीतिअनुरूप १,५१७ कि.मि. सडक निर्माण भई सञ्चालनमा आएको छ । अन्य ठाउँमा ट्र्याक खोल्ने काम धमाधम चलेको छ । यस आयोजनालाई २०७४/०७५ सम्म पुरा गर्ने लक्ष्य राखिएको छ ।

### (ङ) माथिल्लो तामाकोसी जल विद्युत् आयोजना

तामाकोसी नदीको वहावबाट विद्युत् उत्पादन गरिने यस माथिल्लो तामाकोसी जल विद्युत् आयोजना दोलखा जिल्लाको उत्तरी भागमा अवस्थित छ । लामाबगरमा मुख्य आयोजना स्थल रहने गरी सञ्चालित यस आयोजनाको उत्पादन क्षमता ४५६ मेगावाट रहेको छ । पूर्ण रूपमा स्वदेशी पुँजीबाट सञ्चालन हुने र राष्ट्रिय गौरवको मान्यता प्राप्त यस आयोजनाबाट उत्पादित विद्युत् सस्तो हुने छ । वि.सं. २०६३ मा अपर तामाकोसी जल विद्युत् लिमिटेड नामको संस्था स्थापना गरी कार्य सञ्चालन गरिएको छ । यस आयोजनामा नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नेपाल टेलिकम, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थानलगायत राष्ट्र सेवक कर्मचारी तथा सर्वसाधारणको वित्तीय लगानी रहेको छ ।

उल्लिखित आयोजनाबाहेक कोशी, कालीगण्डकी र कर्णाली कोरिडोर, हुलाकी सडक, काडमाडौँ-तराई द्रुत मार्ग, पूर्व पश्चिम विद्युतीय रेलमार्ग, मेलम्ची खानेपानी, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल,

Curriculum Development Centre

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (निजगढ), पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, पश्चिम सेती विद्युत आयोजना, सिक्टा सिँचाइ, रानीजमरा कुलरिया सिँचाइ, बबई सिँचाइ, रेलमार्ग तथा मेट्रो विकास परियोजना, भेरी बबई डाइभर्सन बहु उद्देश्यीय आयोजना देशका राष्ट्रिय गौरवका आयोजनाका रूपमा सञ्चालित छन् ।

## क्रियाकलाप

१. विभिन्न स्रोतहरूबाट निम्न लिखित आयोजना सम्बन्धमा सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) भेरी बबई डाइभर्सन बहु उद्देश्यीय आयोजना (ख) तराई हुलाकी राजमार्ग

(ग) दोस्रो अन्तर्राष्ट्रिय विमान स्थल, निजगढ, बारा (घ) पशुपति क्षेत्र विकास कोष

(ङ) मेलम्ची खानेपानी आयोजना

२. तपाईँ यदि राष्ट्रिय योजना आयोगको सदस्य भएको भए तपाईँ बसोबास गरेको प्रदेशमा कस्तो आयोजना सञ्चालन गर्नुहुन्थ्यो ? किन ? समूहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

३. देशका विकास आयोजनाको कार्य प्रगति सम्बन्धी विवरण Internet को सहायताबाट वा पत्र पत्रिकामा प्रकाशित समाचार सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

(क) आयोजना भनेको के हो ? देश विकासमा आयोजनाको महत्त्व र आवश्यकताबारे प्रस्ट पार्नुहोस् ।

(ख) नेपालमा सञ्चालित आयोजनाहरू तोकिएको अवधिमा कार्य सम्पन्न नहुनाका कारणहरू उल्लेख गरी समाधानका उपायहरू बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) आयोजनाका पूर्वाधारहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

(घ) स्वदेशी लगानीमा आयोजनाहरू निर्माण हुनुलाई तपाईँ के भन्नुहुन्छ ? तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ङ) मध्य पहाडी लोकमार्गले पुऱ्याउने फाइदाहरू के के हुन सक्छन् ? तर्कहरू प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

विभिन्न समूहमा विभाजित भई आफ्नो विद्यालय परिसर वा समुदायमा सञ्चालन गर्न सकिने केही साना आयोजनाहरू छनोट गर्नुहोस् । एउटा समूहलाई कुनै एउटा आयोजना छनोट गर्न दिनुहोस्, जस्तै : विद्यालय परिसर सरसफाइ तथा फोहोर मैला व्यवस्थापन आयोजना आदि ।

**निम्न लिखित बुँदाहरूका आधारमा आयोजना बनाई कार्यान्वयन गर्नुहोस् :**

(क) आयोजनाको नाम (ख) उद्देश्य

(ग) आवश्यक सामाग्री (घ) सञ्चालन गरिने मिति र सम्पन्न हुने मिति

(ङ) आवश्यक जनशक्ति (च) अनुमानित लागत

(छ) स्रोत पहिचान

Curriculum Development Centre

# पाठ : तिन विकासका पूर्वाधार : दक्ष जनशक्ति र रोजगार

देशको दैनिक कार्य सुचारु ढङ्गबाट सञ्चालनका निमित्त आवश्यक पर्ने स्रोत, साधन, प्रविधि र संरचनाहरू नै विकासका पूर्वाधारहरू हुन् । पूर्वाधारहरूलाई विकासका लागि अति आवश्यक आधारहरूका रूपमा लिन सकिन्छ । विकासका लागि आवश्यक स्रोत र साधनहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**स्रोत र साधन**

→ **प्राकृतिक स्रोत र साधन**

→ **मानव संसाधन**

देश विकासका लागि दुवै प्रकारका स्रोत र साधनको उपस्थिति वा उपलब्धता अनिवार्य हुन्छ । प्राकृतिक स्रोत र साधनको मात्रै उपलब्धताले विकासलाई तात्त्विक प्रभाव पार्दैन । ती स्रोत र साधनलाई परिचालन गर्न दक्ष जनशक्ति आवश्यक पर्छन् । यसर्थ दक्ष जनशक्ति विकासको महत्त्वपूर्ण पूर्वाधार हो । मानिसहरूमा अन्तरनिहित ज्ञान, सिप र क्षमतालाई मानवीय साधन भनिन्छ । वस्तु वा सेवाको उत्पादन गर्नका लागि मानिसमा अन्तरनिहित ज्ञान, सिप र शारीरिक तथा मानसिक क्षमतालाई मानव संसाधन (Hm anR eso ce) भनिन्छ ।

मानव साधन सक्रिय साधन हो । प्राकृतिक र पुँजीगत साधनको प्रयोग मानव साधनको सहयोगबाट हुन्छ । आर्थिक, सामाजिक र राजनीतिक सङ्गठनको निर्माण पनि मानव संसाधनबाट हुन्छ । मानव संसाधनले राष्ट्रको विकासलाई तीव्रता दिन्छ । त्यसैले आफ्ना नागरिकको सिप र ज्ञानको विकास एवम् उपयोग गर्न सक्ने राष्ट्र नै देश विकासमा अग्रणी हुन्छ ।



शिक्षाबाट ज्ञान, सिप र अभिवृत्ति तथा तालिमबाट कार्य कुशलता सम्बद्ध सिप प्राप्त गर्न सकिन्छ । यसर्थ शिक्षा र तालिमका साथ क्षमता, सकारात्मक सोच र कार्य तत्परता भएका व्यक्तिलाई दक्ष जनशक्ति भनिन्छ, जस्तै : इन्जिनियर, डाक्टर, शिक्षक, योजना विद्, नर्स आदि । राष्ट्र विकासको योजना निर्माणदेखि कार्यान्वयनसम्म दक्ष जनशक्तिको आवश्यकता पर्छ । विश्वका विकसित मुलुकहरू विकासमा अगाडि हुनुमा दक्ष जनशक्तिको पर्याप्त उपलब्धता हो । विकासशील मुलुकमा प्रायः स्रोत र साधन पर्याप्त हुने तर दक्ष जनशक्तिको अभावले परिचालनमा समस्या रहेको छ । तसर्थ ती मुलुकहरूले देश अनुकूलको शिक्षा र दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राख्नु आवश्यक हुन्छ ।

Curriculum Development Centre

**दक्ष जनशक्ति तयार गर्ने उपायहरू**

(क) समयानुकूल वैज्ञानिक शिक्षा नीतिको कार्यान्वयन गर्ने

(ख) देशको आवश्यकता अनुसारको प्राविधिक र व्यावहारिक शिक्षा प्रणाली विकास गर्ने

(ग) उचित तालिमको प्रबन्ध मिलाउने

(घ) विकसित सूचना प्रविधिसँग अद्यावधिक गर्ने गराउने

(ङ) अध्ययन, भ्रमण, अनुसन्धान र खोज गर्ने ।

**दक्ष जनशक्ति र रोजगारीका अवसरको सम्बन्ध**

राम्रो शिक्षा हासिल गरेका, सिपयुक्त र श्रमप्रति समर्पित व्यक्तिहरूले सजिलै रोजगारीको अवसर प्राप्त गर्दछन् । राज्यले नागरिकहरूलाई शिक्षित र दक्ष बनाउने तथा रोजगारका अवसरहरू प्रदान गर्ने लक्ष्य राखेको हुन्छ । देशका शैक्षिक संस्थाहरू तथा तालिम प्रदायक केन्द्रहरूले बजारको माग र देशको आवश्यकताबमोजिम दक्ष जनशक्ति उत्पादन गर्छन् । त्यस्ता जनशक्ति कामको खोजी गर्ने खालका मात्र नभई आफैँ रोजगारीको सिर्जना गर्ने उद्यमशील, स्वावलम्बी, स्वाभिमानी र सिपयुक्त हुनुपर्छ । राष्ट्रले त्यस्ता जनशक्तिलाई स्वदेशमा नै कामको अवसर सिर्जना गरिदिने वा स्वरोजगारको व्यवस्था गरिदिनुपर्छ । तब मात्र देशको विकास सम्भव हुन्छ । कामको खोजीमा विदेशतिर भौँतारिनुभन्दा स्वदेशमै आफ्नो सिप र श्रम खर्चिनु श्रेयष्कर हुन्छ ।

## क्रियाकलाप

१. देश विकासका निम्ति प्राकृतिक साधन र मानव संसाधनबिचको अन्तरसम्बन्धबारे एक निबन्ध लेख्नुहोस् ।

२. राष्ट्रिय योजना आयोगको प्रतिवेदन, २०१३ अनुसार नेपालको निरपेक्ष गरिबी २३.८ प्रतिशतमा झरेको देखिएको छ । यसका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

३. तपाईँ भविष्यमा कुन पेसा अवलम्बन गर्न चाहनुहुन्छ ? किन ? कारणहरू दिनुहोस् ।

४. 'एउटा दक्ष जनशक्तिले धेरै जनशक्ति उत्पादन गर्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि पार्नुहोस् ।

५. दक्ष जनशक्ति र रोजगारीको अवसरको सम्बन्धबारे कक्षामा छलफल गर्नुहोस् र एउटा दैनिक पत्रिकाका लागि लेख तयार पार्नुहोस् ।

६. 'दक्ष जनशक्तिको उत्पादनबिना देश विकास सम्भव छैन' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

७. तलको समाचार अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

**स्वरोजगार बन्दै महिला**

अपाङ्ग भए पनि खोटाङकी सरोजा राई दुई महिने सिलाइ कटाइ सम्बन्धी तालिम लिएकी हुन् । आर्थिक रूपमा आत्म निर्भर र स्वरोजगार बन्न उनले तालिम लिएकी हुन् । तालिम पुरा गरे लगत्तै गाउँमै कपडा सिलाइ व्यवसाय चलाउने उनको सपना पुरा हुँदैछ । गाउँमा नयाँ नयाँ डिजाइनका कपडा सिलाउने

Curriculum Development Centre

टेलरिङको राम्रो सम्भावना देखेर सिलाइ कटाइ व्यवसाय रोजेको सरोजा बताउँछिन् । उनले अहिले उक्त व्यवसायबाट घरखर्च चलाउनेदेखि बालबच्चाको शिक्षादीक्षामा खर्च गर्दै बचत गरिरहेकी छन् ।

सुमित्रा राई दालमोठ र भुजिया उद्योग चलाउने तरखरमा छिन् । उनले केही समयअघि दालमोठ र भुजिया तयार गर्ने तालिम लिएकी छन् । उत्पादित दालमोठ, भुजिया गाउँका पसलबाहेक छिमेकी बाक्सिला बजारसम्म पुऱ्याउने उनको सोच छ । नजिकका किराना पसलबाट हिजोआज दालमोठ, भुजियाको माग आउन थालेको सुमित्रा बताउँछिन् । उनका अनुसार गाउँमा हुने साकेला, गाईजात्रालगायत चाडपर्वमा हुने भेलामा समेत दालमोठ र भुजियाले राम्रो बजार पाएको छ । उनले आफ्नो व्यवसाय सञ्चालन गर्न गाउँका ५/६ जना युवाहरूलाई रोजगारसमेत दिएकी छिन् ।

विदेश जाने मोह त्यागेर स्वरोजगार बन्न दीपक तामाङ दिक्तेलमा सिकर्मी तालिम लिइरहेका छन् । गाउँमा केही न केही त गर्नै पऱ्यो नि ! तामाङले भने, “काम सिकेर आफैँ रोजगार बन्ने हो ।” खोटाङमा हाल चार जना दालमोठ उद्योग, तिन जना सिलाइ कटाइ, तिन जना अलैँची खेती, दुई जना अल्लो, एक जना सिकर्मी, एक जना ब्युटी पार्लर, एक जना फोटोग्राफर र एक जना तेल उत्पादन सम्बन्धी लघु उद्योग सञ्चालनमा लागिपरेका छन् । हिजोआज धन कमाउन विदेश जाने प्रवृत्ति मौलाउँदो छ । रोजगारीका लागि धेरै युवा युवतीले विदेशको विकल्प देखेका छैनन् । तर श्रम गरे गाउँमै धन कमाउन सकिन्छ भन्ने मान्यता स्थापित गर्न एकैसाथ जिल्लाका ९० जनाभन्दा बढी स्थानीय व्यक्तिहरू लघु उद्यममा हौसिएका छन् ।

खार्मी ३ का भानु राई र रूपमान विक वर्कसप तालिमका लागि उदयपुर सदरमुकाम गाईघाट पुगेका छन् । काशीराम गुरुङ र दिनेश राई मोबाइल मर्मतका लागि गाईघाटमा छन् । ब्युटी पार्लर चलाउने महिलाले दिक्तेलबाट तालिम पुरा गरी गाउँमा अन्य महिलालाई समेत तालिम दिएका छन् । गाउँमै आय आर्जनका लागि खार्मीका महिलाले बेमौसमी तरकारी खेती सुरु गरिसकेका छन् । उनीहरू अहिले जग्गा खनजोत, टनेल निर्माण, सिँचाइ व्यवस्थापनका काममा छन् । “आयस्रोत बढाउनका लागि तरकारी खेतीमा लागेका हौँ”, सिर्जना राईले भनिन्, “यसैबाट हाम्रो समृद्धिको सम्भावना देखेका छौँ ।”

खोटाङ जिल्लाका बासिन्दाले लघु उद्यम विकास कार्यक्रमबाट सहयोग पाएका हुन् । उनीहरूले घरेलु तथा साना उद्योग विकास समितिको आर्थिक सहयोग प्राप्त गरेका छन् । यस कार्यको बन्दोबस्त विकास सहजीकरण सञ्चालन महिला विकास कार्यालयले गरेको हो ।

**प्रश्नहरु**

(क) यस समाचारमा उल्लेख भएका स्वरोजगारका क्षेत्र उल्लेख गर्नुहोस् ।

(ख) स्वरोजगारले समाजमा ल्याएका सकारात्मक परिवर्तन के के हुन् ?

(ग) विदेशमा काम गर्न गएको दाजुलाई स्वदेशमा स्वरोजगार गर्न अनुरोध गर्दै पत्र लेख्नुहोस् ।

Curriculum Development Centre

(घ) माथिको अनुच्छेदमा उल्लेखित जनशक्ति र उनीहरूले प्राप्त गरेका तालिमको विवरण तालिकामा उल्लेख गर्नुहोस् ।

(ङ) भोलि तपाईं कुन क्षेत्रमा दक्ष जनशक्ति बन्न चाहनुहुन्छ, किन ?

## अभ्यास

(क) स्रोत र साधन भनेको के हो ?

(ख) दक्ष जनशक्तिको महत्त्वबारे प्रकाश पार्नुहोस् ।

(ग) दक्ष जनशक्तिलाई किन विकासको पूर्वाधार मानिन्छ ? कारण दिनुहोस् ।

(घ) दक्ष जनशक्ति कसरी उत्पादन गर्न सकिन्छ ?

(ङ) दक्ष जनशक्ति र रोजगारी बिचको सम्बन्ध स्पष्ट पार्नुहोस् ।

## सामुदायिक कार्य

आफ्नो समुदायमा रहेका दक्ष जनशक्ति सम्बन्धमा सर्वेक्षण गर्नुहोस् । उहाँहरू कुन कुन पेसामा संलग्न हुनुहुन्छ ? विकास कार्यमा उहाँहरूको के कस्तो योगदान छ ? उहाँहरूको रोजगारीको अवस्था के कस्तो छ ? अध्ययन तथा विश्लेषण गरी तल दिइएको ढाँचामा एक प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**शीर्षक :**

(क) अध्ययनको परिचय

(ख) अध्ययनको उद्देश्य

(ग) अध्ययनको विवरण :

| क्र.स. | पेसाको किसिम | विकासमा पुऱ्याउने योगदान | रोजगारीको अवस्था |
|---|---|---|---|
| | | | |

(घ) निष्कर्ष

Curriculum Development Centre

**पाठ : चार**

# समकालीन विकास लक्ष्य र नेपाल

संयुक्त राष्ट्र सङ्घको सन् १९९० मा बसेको महासभाको बैठकले विश्वबाट गरिबी घटाउने उद्देश्य लिई अन्तर्राष्ट्रिय विकासका लक्ष्यहरू किटान गरेको थियो । त्यसैगरी सन् २००० सेप्टेम्बरमा भएको संयुक्त राष्ट्र सङ्घीय सम्मेलनले सहस्राब्दी विकास लक्ष्यहरू (Millennium Development Goals) निर्धारण गर्‍यो । यसले विकासोन्मुख राष्ट्रहरूमा रहेको आर्थिक तथा मानवीय गरिबीलाई अन्त्य गर्ने प्रतिबद्धताका साथ घोषणा पत्र जारी गर्‍यो । आठ ओटा लक्ष्यसहित २१ ओटा परिसूचक रहेको उक्त लक्ष्य सन् १९९० लाई आधार मानी २०१५ सम्ममा हासिल गर्नुपर्ने समय सीमा तोकिएको थियो । यसमा नेपालसहित विश्वका १८९ राष्ट्रहरूले प्रतिबद्धताका साथ हस्ताक्षर गरेका थिए ।

सहस्राब्दी विकास लक्ष्य र नेपालले प्राप्त गरेको उपलब्धि

| क्र.स. | सहस्राब्दी लक्ष्यहरू | नेपालले निर्धारण गरेको लक्ष्य २०१५ (आधार वर्ष १९९० लाई मानिएको) | उपलब्धिको अवस्था | स्रोत |
|---|---|---|---|---|
| १. | गरिबी र भोकमरी अन्त्य गर्ने | गरिबीको रेखामुनिको जनसङ्ख्यालाई २१% मा झार्ने | २३.८% | रा.यो.आ., सन् २०१३ |
| २. | विश्वव्यापी प्राथमिक शिक्षा हासिल गराउने | सम्पूर्ण बाल बालिकालाई प्राथमिक शिक्षा प्रदान गर्ने | प्राथमिक तहमा खुद भर्नादर ९६.२% र साक्षरता ८८.६% (१५ देखि २४ वर्ष उमेर समूह) | रा.यो.आ., सन् २०१३ |
| ३. | लैङ्गिक समानता वृद्धि र महिला सशक्तीकरण गर्ने | बाल बालिका विद्यालय भर्नामा समानता/लैङ्गिक विभेद अन्त्य गर्ने | प्राथमिक शिक्षा छात्रछात्रा भर्ना अनुपात १.०३ र गैर कृषिक्षेत्रमा महिलाको हिस्सा ४४.८ प्रतिशत | शिक्षा मन्त्रालय सन् २०१५/ रा.त.वि. सन् २०११ |
| ४. | बाल मृत्युदर घटाउने | बाल मृत्युदर १/३ ले घटाउने (५४ प्रतिहजार) | ३८ प्रतिहजार (५ वर्षमुनिका) | रा.त.वि., सन् २०१४ |
| ५. | मातृ स्वास्थ्यमा सुधार गर्ने | मातृ मृत्युदर १/४ ले घटाउने २१३ प्रति एक लाख जीवित जन्म | २५८ (प्रतिलाख जीवित शिशु जन्मेकामा) | वि.स्वा.सं., सन् २०१४ |
| ६. | HIV/AIDS, मलेरिया र क्षयरोग जस्ता रोगहरू नियन्त्रण गर्ने | रोगको फैलावट नियन्त्रण, रोकथाम तथा उन्मूलन | (१५ देखि २४ वर्ष उमेर समूहका युवा युवतीमा HIV सङ्क्रमण ०.२०% | चौधौँ योजनाको आधार पत्र |
| ७. | वातावरणीय दिगोपनलाई सुरक्षित गर्ने | वन जङ्गलको क्षेत्रफल ४०% र खानेपानीको उपलब्धता ७३% पुर्‍याउने | ३९.६% वन जङ्गल क्षेत्रफल र ८३. ६% खानेपानी सेवा | वन मन्त्रालय सन् २०१५ |
| ८. | विकासका लागि विश्वव्यापी सहकार्यको विकास गर्ने | विकासका लागि विश्वव्यापी सहकार्यको विकास गर्ने | जम्मा वैदेशिक सहायता परिचालन ५५.३% | अर्थ मन्त्रालय सन् २०१५ |

Curriculum Development Centre

### दिगो विकासका लक्ष्यहरू (सन् २०१६– सन् २०३०)

दिगो विकास लक्ष्य दुई दशकभन्दा बढी समयदेखि विश्व स्तरीय छलफलको विषय बनेको छ । यसको औपचारिक सुरुआत सन् २०१२ जुनमा ब्राजिलको रियो दि जेनेरियो र सन् २०१४ सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घको महासभामा भयो । सहस्राब्दी विकास लक्ष्य सन् २०१५ मा अन्त्य भइसकेपछि सन् २०१६ देखि सन् २०३० सम्मको योजना बद्ध विकासको अर्को चरणका रूपमा दिगो विकासका लक्ष्यलाई कार्यान्वयनमा ल्याइएको हो । यसका लक्ष्य तथा गन्तव्यहरू सन् २०१५ सेप्टेम्बरको महासभाले स्वीकृत गरेको थियो । तर कतिपय सूचक र कार्यान्वयनका रणनीतिहरू बनाउन अझै बाँकी रहेको छ । हालसम्ममा जम्मा १७ ओटा लक्ष्य र १६९ ओटा गन्तव्यहरू निर्धारण गरिएका छन् ।

नेपालले यसै अवधिमा सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रको स्तरबाट माथिल्लो स्तरमा पुग्ने लक्ष्य लिएको छ । यी लक्ष्यहरू बृहत्, महत्त्वाकाङ्क्षी र चुनौतीपूर्ण छन् जसलाई पुरा गर्न धेरै स्रोत साधन आवश्यक पर्छ । यसमा सन् २०३० सम्ममा नेपाललाई समावेशी, समतामूलक एवम् मध्यम आययुक्त समृद्ध कल्याणकारी राज्यका रूपमा स्थापित गराउने लक्ष्य राखिएको छ ।

#### नेपालका दिगो विकासका लक्ष्यहरू

| दिगो विकासका लक्ष्यहरू | प्रमुख गन्तव्य |
|---|---|
| लक्ष्य १ : सबै ठाउँबाट सबै स्वरूपका गरिबीलाई अन्त्य गर्ने | सन् २०३० सम्ममा सबै ठाउँबाट सबै व्यक्तिहरूको चरम गरिबी आधाले घटाउने (हाल दिनको १.२५ डलरभन्दा कम आय आर्जन मापन गरिएकाहरू सहित) |
| लक्ष्य २ : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने | सन २०३० सम्ममा भोकमरीको अन्त्य र शिशुहरूसहित गरिब तथा जोखिमको अवस्थामा रहेका सबै व्यक्तिहरूको बर्सैंभरि सुरक्षित, पोषिलो र पर्याप्त खानामा पहुँच पुऱ्याउने |
| लक्ष्य ३ : स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेर समूहका व्यक्तिको कल्याणको प्रवर्धन गर्ने | सन् २०३० सम्ममा मातृ मृत्युदरको अनुपात प्रति १ लाख जन्ममा ७० भन्दा कमले घटाउने |
| लक्ष्य ४ : सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइको अवसरहरूलाई प्रवर्धन गर्ने | सन् २०३० सम्ममा अपाङ्गतालगायत सबै किशोर तथा किशोरीहरूको निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा सुनिश्चित गर्ने, यसबाट सान्दर्भिक तथा प्रभावकारी सिकाइ प्रतिफल प्राप्त गर्ने |
| लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने | महिला तथा किशोरीहरू विरुद्ध हुने सबै प्रकारका भेदभावको सबैतिर अन्त्य गर्ने । सबै तहका निर्णय प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने |
| लक्ष्य ६ : सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने | सन् २०३० सम्ममा सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीको सर्वसुलभ र समतामूलक पहुँच हासिल गर्ने । सबै समुदाय खुला दिसामुक्त क्षेत्र हुने |
| लक्ष्य ७ : सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने | सन् २०३० सम्ममा खर्चले धान्न सक्ने, भरपर्दो र आधुनिक ऊर्जाको सर्वसुलभ पहुँच सुनिश्चित गर्ने |

Curriculum Development Centre

| | |
|---|---|
| लक्ष्य ८ : सबैका लागि निरन्तर, समावेशी र दिगो आर्थिक वृद्धि तथा पूर्ण एवम् उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने | अति कम विकसित मुलुकहरूमा राष्ट्रिय परिस्थितिअनुसार कुल गार्हस्थ उत्पादन (जीडीपी) को कम्तीमा वार्षिक ७ प्रतिशत प्रतिव्यक्ति आर्थिक वृद्धि हासिल गर्ने । बालश्रम निर्मूल गर्ने |
| लक्ष्य ९ : बलियो (टिकाउ) पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्धन गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने | आर्थिक विकास र मानव कल्याणलाई सघाउ पुऱ्याउन सबैका लागि गुणस्तरीय, भरपर्दो, दिगो र बलियो (टिकाउ) पूर्वाधारको सुलभ र समान पहुँचको विकास गर्ने |
| लक्ष्य १० : देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्यून गर्ने | सन् २०३० सम्ममा गरिबीको रेखामुनि रहेका ४० प्रतिशत जनसङ्ख्याको आम्दानी राष्ट्रिय औसतभन्दा माथि रहने गरी वृद्धि गर्ने र त्यसलाई कायम गर्ने |
| लक्ष्य ११ : नगरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, सबल (टिकाउ) र दिगो बनाउने | सन् २०३० सम्ममा पर्याप्त, सुरक्षित तथा खर्चले धान्न सक्ने आवास र आधारभूत सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्ने र झुपडी बस्तीहरूको स्तरोन्नति गर्ने |
| लक्ष्य १२ : दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने | सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन तथा चुस्त प्रयोग हासिल गर्ने |
| लक्ष्य १३ : जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने | सबै मुलुकमा प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न सक्ने वा सो अनुकूलन क्षमता वृद्धि गर्ने |
| लक्ष्य १४ : दिगो विकासका लागि महासागर, समुद्र र सामुद्रिक स्रोत साधनहरूको संवर्धन/संरक्षण र दिगो प्रयोग गर्ने | नेपालका लागि सान्दर्भिक नभएको |
| लक्ष्य १५ : दिगो पर्यावरणीय प्रणालीको प्रयोगको संरक्षण, पुनःस्थापना र प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने, भूक्षयीकरणको रोकथाम गर्ने र त्यस्तो प्रक्रियालाई उल्ट्याउने एवम् जैविक विविधताको क्षतिलाई रोक्ने | अन्तर्राष्ट्रिय सम्झौताअनुरूप सन् २०२० सम्ममा स्थलीय तथा स्वच्छ जल पर्यावरण र तिनीहरूको सेवाहरू खासगरी वन जङ्गल, सिमसार, हिमाल, सुख्खा भूमि आदिको संरक्षण, संवर्धन तथा दीर्घकालीन उपयोग सुनिश्चत गर्ने |
| लक्ष्य १६ : दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैलाई न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, उत्तरदायी, समावेशी संस्थाहरूको विकास गर्ने | सबै किसिमका हिंसा र सोसँग सम्बन्धित मृत्युदर उल्लेख्य रूपमा घटाउने, भ्रष्टाचारमा कमी ल्याउने |
| लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयन प्रक्रिया मजबुत बनाउने र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने । | करसहित अन्य राजस्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्न विकासोन्मुख राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय सहयोगमार्फत आन्तरिक स्रोत परिचालनलाई बलियो बनाउने । |

Curriculum Development Centre

## क्रियाकलाप

१. संयुक्त राष्ट्र सङ्घको महासभाले किन सन् २०१५ सम्ममा प्राप्त गर्ने गरी सहस्राब्दी विकास लक्ष्य निर्धारण गरेको होला ? कक्षामा छलफल गर्नुहोस् र आएको निष्कर्षलाई बुँदागत रूपमा टिपोट गरी प्रस्तुत गर्नुहोस् ।

२. तपाईंले आफ्नो केही न केही व्यक्तिगत लक्ष्य लिनुभएको हुनुपर्छ । आगामी १० बर्से अवधिमा के के लक्ष्य प्राप्त गर्ने योजना छ ? योजनाका सूचकहरू र कार्यान्वयन प्रक्रियासमेत कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नेपालले विकाससँग सम्बन्धित लक्ष्यहरू निर्धारित समयमा प्राप्त गर्न के के गर्नुपर्ला ? समूहमा विभाजित भई छलफल गर्नुहोस् र समूहगत निष्कर्षलाई बुँदामा प्रस्तुत गर्नुहोस् ।

४. दिगो विकास लक्ष्यका सूचकहरू इन्टरनेट वा अन्य स्रोतबाट खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) सहस्राब्दी विकास लक्ष्य भनको के हो ?

(ख) दिगो विकास लक्ष्य (SDG) सन् २०१६–२०३० ले निर्धारण गरेका गन्तव्य सम्बन्धमा तपाईंलाई लागेका विचारहरू प्रस्तुत गर्नुहोस् ।

(ग) सहस्राब्दी विकास लक्ष्य प्राप्तिमा नेपाल सफल भयो कि असफल ? आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

(घ) दिगो विकासका लक्ष्यहरूमध्ये तपाईंलाई बढी महत्त्वपूर्ण लागेको लक्ष्य कुन हो ? किन ? अन्य लक्ष्यहरूसँग तुलना गरी लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका विकास सम्बन्धी जानकार कुनै तिन जना व्यक्तिहरूलाई भेटी नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकसित राष्ट्रको स्तरमा ल्याउन के कस्ता योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ला ? जनताको भूमिका के कस्तो हुनुपर्ला ? जस्ता विषयमा छलफल गर्नुहोस् र आफ्नो राय सुझावसमेत उल्लेख गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# स्थानीय तहमा विकास प्रस्ताव तर्जुमा

विकास योजनाबद्ध हुन्छ । प्रभावकारी योजना निर्माण गर्नु विकासको पहिलो सर्त हो । योजनाले स्थानीय र राष्ट्रिय तहको विकास कार्यलाई मार्ग निर्देश गरेको हुन्छ । यसर्थ विकास योजना तर्जुमा गर्नु एक सिप हो । उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्ने गरी निश्चित अवधिमा तोकिएका उद्देश्यहरू पुरा गर्न तयार पारिएको समग्र कार्यक्रमको खाका तयार पार्नुलाई योजना तर्जुमा भनिन्छ । यसमा के गर्ने ? किन गर्ने ? कसले गर्ने ? कसरी गर्ने ? कहाँ गर्ने ? कहिले गर्ने ? जस्ता पक्षहरूलाई स्पष्ट किटानका साथ प्रस्तुत गरिएको हुन्छ । योजना तर्जुमालाई विकासको अग्रिम निर्णय पनि भनिन्छ ।

सङ्घीय प्रणाली वा विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन गरेका राष्ट्रहरूमा स्थानीय तह वा निकायहरूलाई योजना तर्जुमा एवम् कार्यान्वयन गर्न स्वायत्तता प्रदान गरिएको हुन्छ । स्थानीय स्रोत र साधनको प्रयोग, विकास कार्यका निर्णयहरू गर्न र सञ्चालन गर्न यी निकायहरूलाई अधिकार प्रत्यायोजन गरिएको हुन्छ । गाउँपालिका र नगरपालिका हाम्रो देशका स्थानीय निकायहरू हुन् । आवश्यकताअनुसार स्थानीय समुदायका व्यक्तिहरू संलग्न रहेको उपभोक्ता समितिहरू निर्माण गरिएको हुन्छ । स्थानीय विकास निर्माणका कार्यहरू ती समितिहरूमार्फत सञ्चालन तथा कार्यान्वयन गरिएका हुन्छन् । विकास कार्य तथा आयोजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता पहिचान, छनोट, प्रस्ताव तयारी, लागत, जन सहभागिता, स्रोत र साधनको उपलब्धता आदिको लेखाजोखा गर्नुपर्छ । यी शीर्षकहरूका आधारमा सरोकारवाला उपभोक्ता समितिले विकास प्रस्ताव तर्जुमा तयार गरी सम्बन्धित निकाय गाउँपालिका वा नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्छ । मस्यौदा प्रस्तावको मूल्याङ्कनपश्चात् स्वीकृति दिइन्छ र विकास कार्यका लागि अनुमति प्रदान गरिन्छ ।

**स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचा**

१. आवश्यकता पहिचान (स्थानीय तहमा विविध आवश्यकताहरू हुन सक्छन्, जस्तै : विद्यालय भवन निर्माण, बाटो निर्माण, वन संरक्षण आदि)

२. विकल्पको छनोट (आवश्यकताको प्राथमिकताका आधारमा कुनै एक विकल्प छनोट गर्ने)

३. प्रस्ताव तयारी (परिचय, उद्देश्य, प्रभावित क्षेत्र र परिवार सङ्ख्या, लागत, जन श्रमदान, कार्य सञ्चालन स्थल, सुरु मिति र अवधि, स्रोत र सामाग्री, कार्यान्वयन, कार्यान्वयनपश्चात् फाइदा, उपभोक्ता समितिको नामावली, उपसंहार आदि पक्षहरू उल्लेख गरिएको प्रस्तावको मस्यौदा जसलाई नगर पालिका वा गाउँपालिका कार्यालयमा पेस गरिन्छ ।)

४. लगानीको स्रोतको लेखाजोखा : उपभोक्ताबाट उठ्ने रकम र स्थानीय निकायबाट प्राप्त हुने अनुमानित बजेट

५. समझदारी/सम्झौता : स्थानीय उपभोक्ता समिति र स्थानीय निकाय प्रतिनिधिबिचको सर्त सहितको सम्झौता हस्ताक्षर र कार्यका निमित्त स्वीकृति प्रदान

Curriculum Development Centre

६. कार्यान्वयन : निर्माण कार्य सञ्चालन

७. अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरोकारवालाले कामको निरीक्षण, प्रगति अवलोकन, सर्त पालना गरे नगरेको अनुगमन र समग्र कार्यक्रमको लेखाजोखा गर्ने, आवश्यक निर्देशन दिने लिने आदि ।



**स्थानीय योजना तर्जुमा प्रक्रिया**

१. **सम्बन्ध स्थापना :** योजना निर्माणसँग सम्बन्धित व्यक्ति, स्थानीय उपभोक्ता समूह वा सरोकारवाला समूहबिच छलफल अन्तर्क्रियाबाट अनौपचारिक सम्बन्ध स्थापना गरिन्छ ।

२. **अवस्था अध्ययन :** योजनाबाट प्रभावित हुने क्षेत्र वा समूहको जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापनलगायतका अवस्थाको अध्ययन गरिन्छ ।

३. **समस्याको प्राथमिकीकरण :** उपयुक्त लागत, प्रतिफल, स्रोत साधन, सरोकारवालाहरूको चासो र अभिमत तथा समाधानको उपाय आदिलाई ध्यान दिई समस्याको प्राथमिकता निर्धारण गरिन्छ ।

४. **सम्झौता र करार :** योजनाको समुदायसँगको स्वामित्व, योगदान, साझेदारी, उत्तरदायित्व, कार्य योजनालगायत उल्लेख गरी सम्झौता र करार गरिन्छ ।

५. **अभिलेखीकरण र प्रस्तुति :** योजना तर्जुमा प्रक्रिया, उपलब्धिको अनुमान, अनुगमन संयन्त्रको विकास आदि उल्लेख गरी कार्यक्रमको अन्तिम स्वीकृतिसमेतलाई समावेश गरी योजनाको अभिलेखीकरण गरिन्छ ।

**योजना कार्यान्वयनका चरणहरू**

(क) नागरिक भेला

(ख) सामूहिक (टोल, वडागत) रूपमा आवश्यकताको प्रस्तुतिसहित योजना सङ्कलन

(ग) बजेट

(घ) नगरपालिका वा गाउँपालिकामा अनुमोदनका लागि सिफारिस

(ङ) उपभोक्ता समितिको गठन

(च) योजना कार्यान्वयनका लागि सम्झौता

Curriculum Development Centre

(छ) योजना सम्पन्न भएपश्चात् आर्थिक व्यवस्थापन र अभिलेख

(ज) उपभोक्ता समितिलाई धन्यवादसहित कार्य सम्पन्नको प्रमाण पत्र प्रदान ।

## क्रियाकलाप

१. विद्यालय भवन पुन:निर्माण सम्बन्धी योजना तर्जुमा ढाँचा निर्माण गर्नुहोस् र कार्यान्वयनसम्मको विस्तृत विवरण लेखी विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।

२. के विकास प्रस्ताव निर्माणबिना विकास कार्य सम्भव छ ? यस सम्बन्धमा कक्षामा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

३. स्थानीय विकास कार्यमा जनताको सहभागिता हुँदा र नहुँदाको फाइदा एवम् बेफाइदाहरूको सूची बनाउनुहोस् ।

४. कक्षाकोठामा नगर वा वडा भेलाको अभिनय प्रस्तुत गर्नुहोस् र उक्त भेलाबाट विकास कार्य सञ्चालनका निम्ति उपभोक्ता समिति चयन गर्नुहोस् । कुनै एक विकास आयोजना छनोट गरी विकास प्रस्ताव निर्माण पनि गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) विकास प्रस्ताव तर्जुमा भन्नाले तपाइँ के बुझ्नुहुन्छ ?

(ख) 'राम्रो र प्रभावकारी विकास प्रस्ताव तर्जुमा आयोजनाको आधा कार्य सम्पन्न हुनु हो ।' भन्ने भनाइमा तपाइँको सहमतिका तर्कहरू पेस गर्नुहोस् ।

(ग) स्थानीय तहमा विकास योजना निर्माण गर्दा प्रभावित क्षेत्रका व्यक्तिहरूको सहभागिता किन आवश्यक छ ? उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाइँको समुदायमा सञ्चालित कुनै एक आयोजनाको अवलोकन अध्ययन गर्नुहोस् । उक्त आयोजनाको योजना प्रस्ताव अध्ययन गर्नुहोस् । सोअनुरूप कार्य भएको छ वा छैन मूल्याङ्कन गरी एक समाचारको नमुना तयार पार्नुहोस् ।

Curriculum Development Centre

एकाइ
#

# हाम्रा सामाजिक मूल्य मान्यता

## पाठ : एक हाम्रा राष्ट्रिय सम्पदा

हाम्रा पूर्वजबाट प्राप्त महत्त्वपूर्ण तथा संरक्षण योग्य स्थान, वस्तु, कला, संस्कृति र प्राकृतिक परिवेश हाम्रा राष्ट्रिय सम्पदा हुन् । यी सम्पदा हाम्रा गहना र चिनारी पनि हुन् । यिनले देशको पहिचान र गौरव दिलाउने काम गर्छन् । राष्ट्रको पहिचान दिने राज्यका सबै नागरिकको मूल्यवान् सम्पत्तिका रूपमा राष्ट्रिय सम्पदालाई लिन सकिन्छ । यस्ता सम्पदाप्रति सबै नागरिकको समान अधिकार र कर्तव्य रहेको हुन्छ । यी हाम्रा पुर्खाका आदर्श, धरोहर, उच्च कालिगढी नमुना, सभ्यता र परम्पराका द्योतक हुन् । यिनीहरूको आफ्नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचानसमेत रहेको छ । हाम्रा महत्त्वपूर्ण सम्पदामध्ये केही सम्पदाहरू युनेस्कोको विश्व सम्पदा सूचीमा समेत सूचीकृत भएका छन् । त्यसैले हाम्रा सम्पदाहरूको संरक्षण, संवर्धन र प्रचार प्रसार गरिनुपर्छ ।




**विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरू**

१. **स्वयम्भूनाथ स्तूप** : काठमाडौँमा रहेको स्वयम्भूनाथ स्तूप बुद्धमार्गीहरूको एक धार्मिक स्थलका रूपमा परिचित छ । यस स्तूपको परिसरमा हिन्दु मठ मन्दिरहरू पनि रहेका छन् । धार्मिक सहिष्णुताको उच्चतम नमुना यहाँ देख्न पाइन्छ । यस स्तूप परिसरमा बुद्ध र मञ्जुश्री (सरस्वती) का ठुला मूर्तिहरू पनि देख्न पाइन्छ । स्वयम्भूनाथ क्षेत्रलाई सन् १९७९ देखि विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ।

Curriculum Development Centre

२. **हनुमान् ढोका दरबार क्षेत्र** : यो क्षेत्रमा सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका मन्दिर एवम् भवनहरू रहेका छन् । यहाँ प्रताप मल्लले स्थापना गरेको हनुमान्को ठुलो मूर्ति रहेको छ । दरबार क्षेत्रको ढोकैमा यही मूर्ति स्थापना गरिएका कारण यस परिसरको नाम हनुमान् ढोका रहन गएको हो । नेपाली वास्तुकलाको उत्कृष्ट नमुना रहेको यस क्षेत्रमा हनुमान्को मूर्ति, वसन्तपुर दरबार, तलेजु मन्दिर, सङ्ग्रहालय, कुमारी घर, काष्ठमण्डप, ठुलो घण्टा र नगरा, कालभैरवको मूर्तिहरू रहेका छन् । वि.सं. २०७२ सालमा आएको भूकम्पबाट यहाँका अधिकांश सम्पदाहरूमा क्षति पुगेको थियो । यसलाई सन् १९९७ देखि विश्व सम्पदा सूचीमा समावेश गरिएको हो ।

३. **लुम्बिनी** : एसियाका तारा उपनामले चिनिने शान्तिका अग्रदूत गौतम बुद्धको जन्मथलो लुम्बिनी नेपालको रूपन्देहीमा पर्दछ । यो विश्वभरका बुद्धमार्गीहरूको पवित्र तीर्थस्थल हो । यहाँ सम्राट् अशोकद्वारा स्थापित अशोक स्तम्भ, पुष्करिणी पोखरी, मायादेवी मन्दिर तथा विभिन्न बुद्ध विहारहरू छन् । यहाँ भारत, चिन, म्यान्मार, जापान, भियतनाम, दक्षिण कोरिया, थाइल्यान्ड, फ्रान्स, जर्मनी आदि धेरै देशहरूले बुद्ध विहार निर्माण गरेका छन् । यहाँ बुद्ध सम्बन्धी पुस्तकालय, म्युजियम, अन्वेषण केन्द्र आदि पनि रहेका छन् । यसलाई सन् १९९७ मा विश्व सम्पदा सूचीमा समावेश गरिएको हो ।

४. **पशुपति क्षेत्र** : हिन्दुहरूका आराध्य देवता पशुपतिनाथको नामबाट परिचित यस क्षेत्रमा पशुपतिनाथको मन्दिरलगायत गुह्येश्वरी मन्दिर, देउपाटन, जयवागेश्वरी, गौरीघाट, गौशाला, कुटुम्बहाल, पिङ्गलास्थान, श्लेषमान्तक वन आदि छन् । यस्तै यहाँ बागमती नदी, आर्यघाट, राजराजेश्वरी घाट, विद्युतीय शवदाह गृह र वृद्धाश्रमसमेत रहेका छन् । यहाँ करिब ४९२ ओटा विभिन्न शैलीमा निर्माण भएका मन्दिर, सत्तल, चैत्य, देवालय छन् भने लगभग एक हजार शिवलिङ्ग रहेका छन् । सन् १९७९ मा यस क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ।

५. **चितवन राष्ट्रिय निकुञ्ज** : ९३२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको नेपालकै पहिलो यस राष्ट्रिय निकुञ्जमा विश्वमा दुर्लभ मानिएको एक सिङ्गे गैंडा पाइन्छ । महत्त्वपूर्ण पर्यटकीय स्थलका रूपमा परिचित यस निकुञ्जमा हात्ती, गोही, पाटेबाघ, सालक, धनेस, मयूरलगायतका जीवजन्तु पाइन्छन् । यस निकुञ्जको वरपर थारु जातिको बस्ती रहेको छ । सन् १९८४ मा यो निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो ।

६. **सगरमाथा राष्ट्रिय निकुञ्ज** : यस क्षेत्रमा विश्वको सर्वोच्च शिखर सगरमाथालगायत चोयु, ल्होत्से, नुप्त्से, पुमोरी, आमादब्लम आदि हिम शिखरहरू छन् । सोलुखुम्बु जिल्लामा पर्ने यस निकुञ्जले ११४८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यहाँ गुराँस, धुपी, भोजपत्र आदि वनस्पतिहरू र कस्तुरी, भालु, न्याउरी मुसा, हिउँ चितुवा, डाँफे आदि जीवजन्तुहरू पाइन्छन् । सन् १९७९ मा यो निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो ।

७. **बौद्धनाथ महाचैत्य** : काठमाडौँमा रहेको बुद्धमार्गीहरूको पवित्र तीर्थस्थलका रूपमा बौद्धनाथ महाचैत्यलाई लिइन्छ । यस महाचैत्यको निर्माण पाँचौं शताब्दीमा भएको मानिन्छ । यस क्षेत्रमा

Curriculum Development Centre

प्रशस्त बौद्ध विहारहरू रहेका छन् । यो सम्पदा धार्मिक र सांस्कृतिक पर्यटनका लागि निकै प्रसिद्ध छ । सन् १९७९ मा यो महाचैत्य विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो ।

८. **पाटन दरबार क्षेत्र** : मल्लकालमा निर्माण भएको यो दरबार क्षेत्रमा विभिन्न दरबार, मठ मन्दिर र सत्तलहरू रहेका छन् । ललितपुर जिल्लामा पर्ने यस क्षेत्रमा कृष्ण मन्दिर, भीमसेन मन्दिर, विश्वनाथ मन्दिर, जगत्नारायण मन्दिर, योगनरेन्द्र मल्लको मूर्ति, महाबौद्ध, कुम्भेश्वर महादेव, रातो मच्छिन्द्रनाथ मन्दिरलगायत रहेका छन् । वि.सं २०७२ सालको भूकम्पले यस क्षेत्रका धेरै सम्पदाहरूमा क्षति पुगेको थियो । सन् १९७९ मा यो दरबार क्षेत्र विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो ।

९. **भक्तपुर दरबार क्षेत्र** : भक्तपुरको मल्लकालीन वास्तुकलाको उत्कृष्ट नमुनाका रूपमा रहेका पचपन्न झ्याले दरबार, न्यातपोल मन्दिर, दत्तात्रयको मन्दिर, राष्ट्रिय कला सङ्ग्रहालय, सिद्ध पोखरी, स्वर्णद्वार आदि सम्पदाहरू यस दरबार क्षेत्रभित्र रहेका छन् । सन् १९७९ मा यो दरबार क्षेत्र विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो ।

१०. **चाँगुनारायण मन्दिर** : लिच्छवीकालीन राजा मानदेवका पालामा निर्माण भएको यस मन्दिर प्यागोडा शैलीमा छ । यस मन्दिर परिसरमा मानदेवले तात्कालीन समयमा स्थापना गरेका शिलालेख, ढुङ्गा, काष्ठ र धातुकलाका उत्कृष्ट नमुनाहरू पाइन्छन् । यस मन्दिर विश्व सम्पदा सूचीमा सन् १९७९ मा सूचीकृत भएको हो ।

यीबाहेक पनि विश्व सम्पदा सूचीमा सूचीकृत हुन योग्य विविध सम्पदाहरू हाम्रो देशमा छन् । यस्ता सम्पदाहरूमा मुस्ताङको लोमान्थाङ र मुक्तिनाथ, बर्दिया राष्ट्रिय निकुञ्ज, प्युठानको स्वर्गद्वारी, रसुवाको गोसाइँकुण्ड र ताप्लेजुङको पाथीभरा मन्दिर पर्छन् । साथै जनकपुरको रामजानकी मन्दिर, गोरखा दरबार, पोखराको विद्यवासिनी र ताल वाराही, नवलपरासीको रामग्राम, कपिलवस्तुको तिलौराकोट र ललितपुरको खोकना बस्ती पनि प्रसिद्ध सम्पदाहरू हुन् । साँखुको बज्रयोगिनी मन्दिर र बस्ती, कीर्तिपुरको प्राचीन बस्ती, नुवाकोट दरबार क्षेत्र, जुम्लाको सिँजा उपत्यका, दैलेखको भूर्ति मन्दिर, गुल्मीको रेसुङ्गा क्षेत्र, तानसेन, पनौती पनि त्यस्तै सम्पदाकै नमुना हुन् । यी सम्पदाहरूको पहिचान, संरक्षण र संवर्धनमा हामी सबैको चासो र सरोकार रहनुपर्छ ।

## क्रियाकलाप

१. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको चित्र सङ्कलन गर्नुहोस् र त्यसका एक एक ओटा महत्त्व उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको सम्बन्धमा कुनै अखबार वा पत्रिकामा छापिएका लेख वा समाचार सङ्कलन गरी विद्यालयको बुलेटिन बोर्ड वा सूचना पाटीमा टाँस्नुहोस् ।

३. विश्व सम्पदा सूचीमा परेका स्थानहरूमध्ये कुनैमा भ्रमण गरेको वा देखेका आधारमा वा सुनेको आधारमा वा पुस्तक पत्र पत्रिका पढेका आधारमा एउटा लेख तयार पार्नुहोस् ।

Curriculum Development Centre

४. विश्व सम्पदा सूचीमा सूचीकृत हुन योग्य कुनै सम्पदाहरू तपाईंको समुदायमा छन् कि छैनन् ? छन् भने सो सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्नाका कारणहरू उल्लेख गर्दै युनेस्कोका नेपाल प्रमुखलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

५. विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरू निर्धारित मापदण्डबाट खस्कँदो अवस्थामा छन् । भूकम्पले कतिपय सम्पदाहरूको अस्तित्व नै सङ्कटमा पर्न सक्ने खतराहरू पनि छन् । यस्तो अवस्थाबाट यी सम्पदाहरूलाई संरक्षण र पुनःस्थापना गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिएला ? समूहमा छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

(क) सम्पदा भनेको के हो ?

(ख) राष्ट्रिय सम्पदाको संरक्षणमा विद्यार्थी र समुदायको कुन कुन भूमिका हुन सक्छ ? सूची तयार पार्नुहोस् ।

(ग) भक्तपुर दरबार क्षेत्रका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(घ) लुम्बिनी क्षेत्रमा विभिन्न देशले विहार निर्माण किन गरेका होलान् ? तर्क प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

आफ्नै समुदायमा अवस्थित कुनै एक सांस्कृतिक, धार्मिक वा ऐतिहासिक सम्पदा रहेको स्थानको भ्रमण गर्नुहोस् । त्यसका बारेमा निम्नानुसारका बुँदाहरूमा आधारित रही प्रतिवेदन तयार पार्नुहोस् :

(क) सम्पदाको नाम र स्थान

(ख) सम्पदा क्षेत्रमा रहेका वस्तुहरू

(ग) बनेको मिति

(घ) सम्पदाको अवस्था

(ङ) सम्पदाको महत्त्व

(च) संरक्षणका उपायहरू

Curriculum Development Centre

**पाठ : दुई**

# नेपालका लोकगीत

नेपाल सांस्कृतिक सम्पदामा धनी मुलुक हो । यहाँ विभिन्न स्थान र सन्दर्भमा प्रस्तुत हुने लोकगीतहरूले नेपाली पहिचान र स्वाभिमानलाई उँचो बनाएका छन् । हाम्रा भिरपाखा, पहरा, भन्ज्याङ, चौतारी, मैदानी गरा एवम् आलीमा मेलापर्व तथा उत्सवमा गाइने लोकगीतको आफ्नै महत्त्व र सान्दर्भिकता छ । हाम्रा यी जीवन्त सम्पदाहरूको संरक्षण, संवर्धन र प्रचार प्रसार गर्न सके हाम्रो पहिचान दरिलो बन्न सक्छ । हाम्रा आस्थाका धरोहरहरू उँचा बन्न सक्छन् । तिहारमा खेलिने देउसी भैलो, दसैँको मालश्री धुन, रोपाइमा गाइने असारे भाका वा उँधौली उँभौलीमा गाइने साकेला सिली आदि लोकगीतमा हाम्रा मौलिकपन र नेपाली विशिष्टता झल्कन्छन् । लिम्बुहरूको पालम होस् वा शेर्पाहरूको स्याब्रु वा तामाङहरूको सेलो, मगरको कौरा र पूर्वतिर गाइने हाक्पारे नै किन नहोस् हामी लोकगीतमा धनी छौँ । सुदूर पश्चिमको देउडा, तराईको होरी वा मैथिली गीत, थारुको सकियापैया, काठमाडौँको नेवारी गीत, तीज गीत आदिलाई हाम्रो उत्तिकै आदर र सम्मान छ । नेपाली हुनुको गौरव र आत्म सन्तुष्टि हामीले यिनै गीतहरूमा पाउँछौँ । हिजोआज यिनै लोक गितहरूले व्यावसायिक रूप पनि लिन थालेका छन् । यहाँ केही नेपाली लोक गीतका नमुनाहरू प्रस्तुत गरिएका छन् :

(क) **तामाङ सेलो : यो** नेपालको मध्य महाडी क्षेत्र खासगरी बागमती अञ्चलका विभिन्न जिल्लामा फैलिएर बसोबास गर्ने तामाङ जातिले गाउने लोक गीत हो ।

घोर्की स्याउरी ग्यालमरी
गेङ्ला टुक्रा साप्री
गेङ् टुक्राता स्याउरी से ढुइके लाजी च्यागो

(ख) **पुर्बेली लोक गीत : यो** नेपालको पूर्वी भेगमा मेलापात घाँस, दाउरा गर्दा गाइने लोक गीत हो ।

हिमचुलीको हिउँको पानी
गोगनपातले पिउँला हजुर
यति राम्रो ढल्के जोवन
तिमीलाई नै दिउँला हजुर



(ग) **होरी गीत** : यो नेपालको पूर्वी तराइको मिथिला क्षेत्रमा भगवान राम र सीताको चरित्रलाई आधार बनाई होलीका अवसरमा गाइने गीत हो ।

मिथिलामे राम खेलत होरी मिथिलामे ।
किनका के हाथ कनक पिचकारी
किनका के हाथ अबीर झोरी
मिथिलामे..................
रामजीके हाथ कनक पिचकारी

Curriculum Development Centre

सीयाजीके हाथ अबीर झोरी
मिथिलामे
मिथिलामे राम............

(घ) **तीज गीत** : यो नेपालमा हिन्दु नारीहरूले तिज पर्वका अवसरमा गाउने गीत हो ।
तीजको बेलामा सबै जान्छन् माइत
आफ्नो माइती मुग्लान पारी छैन साइत
यो रमाइलो बेलामा जान पर्‍यो मेलामा
मै छोरीको आँसु खस्यो दैला ठेलामा



(ङ) **देउडा गीत** : यो नेपालको सुदूर पश्चिम क्षेत्रमा विभिन्न चाडवाड तथा पर्वका बेलामा गाइने लोक गीत हो ।
राई झुमा झुमा क्या मस्क्या कि छन् हो, राई झुमा
(चौबन्दी ढाकाको चोलो, छिट्को फरियाकी)२
पातली घर कहाँ हो तम्रो बैस भरियाकी
म त राई झुमा, झुमा क्या मस्क्या कि छ हो, राई झुमा

(च) **पालम गीत** : यो नेपालको पूर्वी पहाडका लिम्बु जातिले गाउने लोक गीत हो ।
सिङघाओ थुङ्वे कक्मा फाग
मिन्छाङ्गेन आनी याम्मी साग
इक्सागेन खाम्बेक आधोखेल्ले
थिक्नाम्दात सारक आबोखेल्ले

## क्रियाकलाप

१. तपाइँको समुदायमा विभिन्न समय र अवसरमा गाइने गीतहरू सङ्कलन गर्नुहोस् । ती गीत कुन ठाउँमा कुन अवसरमा गाइन्छन् ? कुन जाति, धर्म वा पर्व विशेषसँग सम्बन्धित छन् ? सोसमेत पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
२. तपाइँलाई मन पर्ने कुनै एक लोकगीत कक्षामा प्रस्तुत गर्नुहोस् ।
३. 'लोकगीत हाम्रो मौलिक पहिचान हो' भन्ने शीर्षकमा संवाद तयार पार्नुहोस् ।

## अभ्यास

(क) तामाङ सेलो गीत कस्तो गीत हो ?
(ख) देउडा गीतको छोटो परिचय दिनुहोस् ।
(ग) तपाइँले जानेको वा सोधखोज गरी सङ्कलन गरेको होरी गीतका चार हरफको एक अनुच्छेद लेख्नुहोस् ।

Curriculum Development Centre

# नेपाली लोकबाजा




लोकबाजा हाम्रा पहिचान हुन् । विभिन्न लोकगीत गाउने क्रममा लोकबाजा पनि सँगसँगै बजाउने प्रचलन छ । विभिन्न समय, सन्दर्भ र गीतको लय एवम् भाकाअनुसार बजाइने बाजाहरूमा विविधता रहन्छ । केही प्रचलित लोकबाजाहरूको छोटो परिचय यहाँ प्रस्तुत गरिएको छ :

**मादल** : मादल नेपाली समाजमा प्रचलित र लोकप्रिय लोकबाजा हो । यो बाजा मगर जातिबाट प्रचलनमा ल्याइएको थियो । तर अहिले नेपालका धेरै जातिहरूमा यो लोकप्रिय बाजाका रूपमा प्रचलनमा छ । यो बाजा काठको ढुङ्ग्रामा दुईपट्टि छालाले मोरेर बनाइएको हुन्छ । यो बाजा कम्मरमा भिरेर दुवै हातले बजाइने गरिन्छ । मादलमा खरी लगाएको भागलाई मैदान भनिन्छ । मादलको तना कस्ने घेरालाई मथरा र मादल भिर्ने तनालाई जुइने भनिन्छ । मादल बनाउन खमारीको काठ प्रयोग गरिन्छ ।

**सारङ्गी** : यो गन्धर्व जातिको परम्परागत बाजा हो । खिर्राको काठबाट बनाइने यस बाजामा चार ओटा तारहरू हुन्छन् । सारङ्गीको तल्लो भागमा गज वा धनुले रेटेर र माथिल्लो भागमा औँलाले स्पर्श गरेर विभिन्न स्वर वा धुनहरू निकालिन्छ ।

**बाँसुरी/मुरली** : मुखले फुकेर बजाइने बाँसुरी र ओठले च्यापेर बजाइने मुरली बाजा मुरली बाँसमा ससाना प्वाल पारेर बनाइन्छ । यी बाजा देशका विभिन्न भागहरूमा प्रचलित छन् । यी बाजालाई मध्य सप्तकको स्वरमा बजाइन्छ ।

Curriculum Development Centre

**अन्य लोकबाजा र तिनका विशेषता**

**नरसिङ्गा :** यो पन्चैबाजा मध्येको एक बाजा हो । यो तामाबाट तयार पारिएको लामो, ठुलो र घुमेको हुन्छ । यसलाई बजाउन मुखमा राखेर जोडले फुक्नुपर्छ ।

**सहनाई :** यो पित्तलले बनेको एकातिर सुकेको र अर्कोतिर फुकेको पन्चैबाजा मध्येको एक बाजा हो । यसलाई मुखले फुकेर औँलाका सहायताले बजाइन्छ ।

**झ्याली/झ्याम्टा/झुर्मा :** काँसबाट बनाइने पन्चैबाजामध्येको यस बाजालाई हातले ठोकेर बजाइन्छ । यो बाजामा दुई ओटा प्लेट आकारका भागलाई डोरीले बाँधेर जुधाएर बजाइन्छ ।

**ढोलक :** यो बाजा मादल जस्तै काठका ठुलो ढुङ्ग्रोलाई छालाले मोरेर बनाइएको हुन्छ । मादलभन्दा यसको आवाज धोत्रो हुन्छ । यसलाई तालबाजाका रूपमा चिनिन्छ ।

**काहाल बाजा :** यो बाजा दुई हात जति लामो तामाको पातलो पाताबाट बनाइएको हुन्छ । यसलाई फुकेर बजाउँदा ठुलो आवाज आउँछ । गोरखाको गोरखकाली मन्दिर र नुवाकोटको भैरवी मन्दिरमा यो बाजा बजाइन्छ ।

**दमाहा/नगरा :** तामा वा पित्तलको पाताबाट अर्ध गोलाकार आकृति बनाई माथिल्लो भागमा छालाले मोरेर बनाइएको यो बाजा पन्चैबाजा मध्येको एक बाजा हो । एकातर्फबाट काठको लौरो प्रयोग गरी बजाइने यसको आवाज धोत्रो हुन्छ ।

**ट्याम्को :** यो दमाहाभन्दा सानो आकारको पन्चैबाजा मध्येको एक बाजा हो । यो बाजा एकातर्फबाट दुई ओटा गजाले हानेर बजाइन्छ । यसको आवाज दमाहाभन्दा मधुरो हुन्छ ।

**खैँजडी :** धार्मिक अवसरमा प्रयोग गरिने यो बाजा भजन गाउँदा ताल दिन प्रयोग गरिन्छ । यो बाजा दार (गेठी) को काठलाई ठेकीको मुख जस्तो बनाई सुन गोहोरो वा रतुवा मृगको छालाले मोरेर बनाइएको हुन्छ । यसलाई एक हातले समाई अर्को हातका औँला वा पञ्जाले हिर्काएर बजाइन्छ ।

**पुँगी :** नरिवलको गट्टामा बाँस जोडेर बनाइएको यो बाजा तराई क्षेत्रमा सर्प नचाउनेले बजाउँछन् । मुरली जस्तै मुखले फुकेर औँला चाल्दै बजाइने यस बाजाबाट निकै ठुलो आवाज निस्कन्छ ।

**टुङ्ना :** गुराँसको काठमा सारङ्गी जस्तै चार ओटा तार जोडेर बनाइएको यो बाजा हिमाली क्षेत्रको लोकप्रिय बाजा हो । यसलाई भेडाको छाला मोरेर तयार पारिन्छ ।

**यलम्बर :** भालुबाँसमा दुई ओटा तारजस्तै बाँसका सिन्का जोडेर बनाइएको यो बाजा किरातीहरूमा प्रचलित छ । प्रथम किराती राजा यलम्बरका नामबाट यसको नामकरण भएको हो ।

**एकतारे :** डाडु आकारको काठमा छालाले मोरेर एउटा मात्र तार कसेर बनाइएको हुन्छ । यो बाजा सन्त र जोगीहरूले प्रयोग गर्छन् । यसलाई नङ र औँलाको चालले बजाइन्छ ।

**उर्नी :** यो बाजा नरिवलको गट्टामा छालाले मोरी तार जोडेर बनाइन्छ । पूर्वी तराईका धिमाल जातिमा यो बाजा प्रख्यात छ । कुल देवताको पूजा तथा धार्मिक अनुष्ठानमा यो बाजा बजाइन्छ ।

**द्याङ्ग्रो :** यो धामी झाँक्रीहरूले बिरामीको झारफुक गर्दा वा उपचार गर्दा प्रयोग गर्ने तान्त्रिक बाजा हो । गोलो काठमा छालाले मोरेर बनाइएको यो बाजा तामाङ र शेर्पा जातिले आफ्ना सांस्कृतिक संस्कारमा प्रयोग गर्छन् ।

Curriculum Development Centre

**हुड्को** : डमरु जस्तो देखिने तर डमरुभन्दा ठुलो आकारको यो बाजा नेपालको सुदूर पश्चिमी क्षेत्रमा बजाइन्छ । हुड्को बजाउनेलाई हुड्के भनिन्छ । खप्तड मेलामा यसको विशेष प्रयोग हुन्छ ।

**बिनायो** : रातो निगालो वा मालिङ्गो बाँसबाट बनाइने यस बाजा किरात समुदायमा बढी प्रचलित छ । यसलाई औँलाले च्यापेर मुखले फुकेर बजाइन्छ ।

**मुर्चुङ्गा** : फलामको सानो तार वा टुक्राबाट बनाइएको मुखमा राखेर बजाइने यो बाजाको स्वर बिनायोको जस्तै हुन्छ ।

**डम्फु** : खैँजडी जस्तै देखिने यो बाजा एकातर्फ छालाले मोरेको र अर्कोतर्फ खाली हुन्छ । यो बाजा तामाङ जातिको बहु प्रचलित परम्परागत बाजा हो । यसलाई एक हातले समाई अर्को हातका औँला वा पञ्जाले हिर्काएर बजाइन्छ ।

**मसक** : सारङ्गी जस्तै देखिने यो बाजा सुदूर पश्चिमी क्षेत्रको बझाङमा प्रचलित बाजा हो ।

**डफली** : यो एकातर्फ छालाले मोरेर कटहरको काठमा बनाइएको बाजा हो । यो बाजा पश्चिम र मध्य पश्चिमको तराईमा प्रचलित बाजा हो ।

**फास्मुक** : लिम्बु जातिमा प्रचलित यस बाजामा तिन ओटा बाँसको टुक्रा मिलाएर बनाइएको हुन्छ ।

**डाङ्मेन** : यो शेर्पा समुदायमा प्रचलित बाजा हो । यो काठ र आठ ओटा तारबाट बनेको हुन्छ ।

**काकुवयन** : हेर्दा बाँसुरी जस्तै देखिने यो बाजा नेवारी ज्यापु समुदायमा बढी प्रचलित छ । यो बाँसबाट बनाइएको हुन्छ ।

**आरबाजो** : यो गन्धर्व जातिको परम्परागत बाजा हो । आरबाजोको शिरमा मानव आकृति हुन्छ जसलाई उनीहरू आदिगुरुका रूपमा सम्मान गर्छन् । यो धार्मिक तथा गुरु बाजा पनि हो । आरबाजोलाई भाले बाजा मानिन्छ भने सारङ्गीलाई पोथी बाजा मानिन्छ ।

**पुङ** : यो बाजा गोरु वा भैँसीको सिङ्गबाट बनाइएको हुन्छ । यसको चुच्चोपट्टिको सानो प्वालबाट फुकेर आवाज निकालिन्छ । यो बाजा राई जातिमा बढी लोकप्रिय छ ।

**डक्कारी** : काठमा छ ओटा तार जोडेर बनाइएका यो बाजा मिथिला क्षेत्रमा प्रचलित छ ।

**इर्लुङ पिपरी** : फुकेर बजाइने यो बाजा कुसुन्डा जातिमा प्रचलित छ ।

**शृङ्गीनाद** : कृष्णसारको सिङ्गबाट बनेको यो बाजा सन्यासीहरूले कार्तिक मङ्सिरतिर घरघरमा फेरी लगाउन प्रयोग गर्छन् ।

## क्रियाकलाप

१. तपाइँको समुदायमा बजाइने लोकबाजाहरूको सूची तयार गर्नुहोस् । ती बाजा कहिले र कुन जातिले बजाउँछन् ? पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पाठमा उल्लिखित बाजाहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गर्नुहोस् :

Curriculum Development Centre

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हातका औंलाले स्पर्श गरेर बजाइने बाजा | धनुले रेटेर बजाइने तार बाजाहरू | औंला चाली फुकेर बजाइने बाजाहरू | औंला नचाली फुकेर बजाइने बाजाहरू | ठोकेर/ हिर्काएर बजाइने बाजाहरू | छालाले मोरीकाखरी लगाइएका बाजाहरू | छालाले मोरी खरी नलगाइएका बाजाहरू |
| | | | | | | |

३. नेपाली पन्चैबाजाको नाम लेखी प्रत्येकको चित्रसमेत सङ्कलन गरी तिनलाई चार्ट पेपरमा टाँसेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. हाम्रा कतिपय लोकबाजाहरू लोप भइरहेका छन् भने कतिपय लोकबाजाहरू लोप हुने अवस्थामा छन् । लोपोन्मुख बाजाको संरक्षणका लागि के गर्नुपर्ला ? समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. तपाईंको समुदायमा एकातिर ड्रमसेटसहितको पपगीत र अर्कोतर्फ लोकबाजासहित लोकगीतको सांस्कृतिक कार्यक्रम सञ्चालन भइरहेको छ । यस्तो अवस्थामा तपाईं कुन सांस्कृतिक कार्यक्रममा सहभागी हुनुहुन्छ र किन ?

६. सहरी क्षेत्रमा कमै मात्र प्रयोग हुने पन्चैबाजाले बिस्तारै सहरी क्षेत्रमासमेत स्थान पाउँदै जानुलाई तपाईं के भन्नुहुन्छ ? आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस् ।

७. 'हाम्रा लोकबाजा, हाम्रा पहिचान' भन्ने शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।

## अभ्यास

(क) लोकबाजा भनेको के हो ? उदाहरणसहित परिचय दिनुहोस् ।

(ख) मादलको छोटो परिचय दिनुहोस् ।

(ग) डम्फु कुन जातिले प्रयोग गर्ने लोकबाजा हो ?

(घ) आरबाजो कस्तो बाजा हो ?

(ङ) तपाईंलाई मनपर्ने लोकबाजाको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा लोकबाजाको प्रयोगको अवस्था के छ ? संरक्षण कार्य कसरी भइरहेको छ ? यसको अवस्था पहिचानका लागि सोध्न सकिने प्रश्नावली तयार गर्नुहोस् । स्थानीय समुदायमा लोकबाजाको प्रयोगमा जानकार व्यक्तिलाई सोधी प्राप्त जवाफ र आफ्नो अनुभवलाईसमेत समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : चार**

# हाम्रा लोक तथा शास्त्रीय नृत्य

सुखदुःख, मायाप्रीति र यथार्थ कुराहरूलाई समेटेर तयार पारिएको लोकभाकामा आधारित भई प्रस्तुत गरिने नृत्यलाई लोकनृत्य भनिन्छ, जस्तै : मारुनी नृत्य, झ्याउरे नृत्य आदि ।

धर्मशास्त्र र देवी देवताको चरित्र वर्णन गर्दै नाचिने नृत्य शास्त्रीय नृत्य हो । चर्या नृत्य, पञ्चबुद्ध नृत्य आदि यसका उदाहरण हुन् । आँखा, मुख, औँलालगायत शरीरका विभिन्न अङ्गहरूद्वारा गीत सङ्गीतको भावनालाई शास्त्रीय नृत्यद्वारा प्रस्तुत गरिन्छ । यी नृत्यहरू नियम बद्ध र रागात्मक हुन्छन् ।

**लोक तथा शास्त्रीय नृत्यको महत्त्व**

(क) देशको मौलिक संस्कृतिको संरक्षण र संवर्धनमा टेवा पुग्छ ।
(ख) व्यक्तिमा कला र सिपको विकास हुन्छ ।
(ग) शारीरिक र मानसिक सक्षमता विकास हुन्छ ।
(घ) सामाजिकीकरण र असल सामाजिक सम्बन्ध विकास गर्न मदत पुग्छ ।
(ङ) आन्तरिक एवम् बाह्य भ्रमणका अवसरहरू प्राप्त हुन्छन् ।
(च) मनोरञ्जनमा सहयोग पुग्छ ।

**केही लोक तथा शास्त्रीय नृत्यहरू**

१. **धान नाच** : धान नाच लिम्बु जातिमा प्रचलित छ । यो नाच हाट बजार, मेला, पर्वमा युवा युवतीबिच नाच्ने गरिन्छ ।

२. **घाटु नाच** : यो गुरुङ, मगर र दुरा समुदायमा प्रचलित लोकनृत्य हो । यो नृत्य प्रत्येक वर्ष वसन्त पञ्चमीका दिन सुरु भई वैशाख पूर्णिमाको दिन समाप्त हुन्छ । यो नाच राजा परशुराम र रानी यम्मावतीको कथामा आधारित छ । यस नाचमा रजस्वला नभएकी कन्यालाई नचाउने चलन छ ।

३. **चौलो नाच** : सुदूर पश्चिमी क्षेत्रको पहाडी भेगमा कार्तिक महिनाको शुक्लपक्षमा आयोजना गरिने यस नाचलाई चौलो वा चलो नाच पनि भनिन्छ ।

४. **चण्डी नाच** : विशेष गरेर ढोलक र झ्याम्टासहित चण्डी गीत गाउँदा यो नाच नाचिन्छ । विशेषतः राईहरूले उधौली र उभौली पर्वमा यो नाच नाच्छन् ।

५. **जट जटिन नृत्य** : मिथिला क्षेत्रमा प्रचलित लोकगाथामा आधारित यो नृत्य श्रावण पूर्णिमादेखि भाद्र पूर्णिमासम्म आयोजना गरिन्छ । नायक जट र नायिका जटिनको प्रेम कथामा आधारित यस लोकनृत्यमा सुखदुःखका बयान गरिएको हुन्छ । खडेरी परेको बेला इन्द्र देवतालाई खुसी पार्न यो नृत्य गरिने लोक मान्यता छ ।

६. **पुलकिसी नाच** : इन्द्रजात्राको समयमा किलागल काठमाडौँमा हुने यो नाच नेवार जातिका ज्यापु समुदायमा प्रचलित छ । यो सेतो हात्तीको साङ्केतिक नाच हो ।

Curriculum Development Centre

७. **झर्रा नाच** : बाँसका कप्टेरालाई परस्परमा बजाई त्यसैको आवाजको तालमा नाचिने नाचलाई झर्रा नाच भनिन्छ ।

८. **बालन नृत्य** : विभिन्न पर्व वा महोत्सवमा कृष्ण चरित्र, राम चरित्र आदि धार्मिक आख्यानलाई आधारित मानी त्यसैको हाउभाउसहित प्रस्तुत गरिने नृत्यलाई बालन नृत्य भनिन्छ ।

९. **सराय नाच** : यो नाच खुँडा, खुकुरी, तरबार आदि हतियार वा लठ्ठी हातमा लिई समूहमा लाम लागेर देवी देवताका मठ मन्दिरमा दसैँको अवसरमा नाचिन्छ । यो विशेष गरी गुल्मी, अर्घाखाँची, स्याङ्जा, बाग्लुङ, पाल्पालगायतका क्षेत्रमा नाचिन्छ ।

१०. **झिझिया नृत्य** : यो पूर्व र मध्य तराई क्षेत्रका मैथिली समुदायमा प्रचलित नृत्य हो । यस नृत्यमा महिलाहरूले प्वाल परेको माटाको घैँटामा आगो बालेर त्यसलाई शिरमा राखी समूहमा नाच्ने काम गर्छन् ।

११. **कौरा नाच** : कौरा गीतको तालमा नाचिने यो नृत्य नेपालको पश्चिमी क्षेत्रमा नाचिन्छ । विशेषतः यो नृत्य मगर समुदायमा प्रचलित छ ।

१२. **कार्तिक नाच** : प्रत्येक वर्ष कार्तिक महिनामा प्रदर्शन गरिने हुनाले यसको नाम कार्तिक नाच रहन गएको हो । यो नाच सिद्धि नरसिंह मल्लले सुरुआत गरेका हुन् ।

१३. **मारुनी नाच** : नेपालको मध्य पहाडी भागमा बसोबास गर्ने मगर समुदायमा बारै महिना आयोजना गरिने यो नाचमा पुरुष पात्रहरूले नारीको भेषमा सामूहिक रूपमा नृत्य गर्ने गर्छन् ।

१४. **माडीखोले नाच** : यो नाच विशेष गरेर मध्य पश्चिम क्षेत्रमा नाचिन्छ ।

१५. **होप्चा नाच** : यो धनकुटाका आठपहरिया राईहरूमा प्रचलित लोकनृत्य हो ।

१६. **देउडा नाच** : यो नाच मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रमा नाचिन्छ । यो नाच गोलो घेरामा एकअर्काका कुम जोडेर नाच्ने गरिन्छ ।

१७. **सलहेस नाच** : पूर्वी तराईमा बसोबास गर्ने दुसाध र मुसहर समुदायले आफ्ना इष्ट देवता सलहेसको पूजाको बेलामा यो नाच नाच्ने गर्छन् ।

१८. **रुद्रायणी नाच** : यो नाच ललितपुरको खोकनामा रुद्रायणी पूजाका अवसरमा नाचिन्छ ।

१९. **मुन्धुम नाच** : किरातहरूको मुन्धुममा आधारित यो नृत्य नेपालको पूर्वी पहाडी क्षेत्रमा प्रचलित छ । यसमा फेदाङ्वाले साङ्गीतिक भावमा मुन्धुम भन्दै नाच्ने गर्छन् ।

२०. **चर्या नृत्य** : मुख्यतया नेवार बस्तीमा प्रचलित यो नृत्य देवी देवताको अभिनय गर्दै नाचिन्छ ।

२१. **भैरव नृत्य** : भैरव देवताको रूप धारण गरेर नाचिने यो नृत्य देशभर प्रचलित छ ।

२२. **सोरठी नृत्य** : यो नृत्य गुरुङ जातिको परम्परागत नृत्य हो ।

२३. **हनुमान् नृत्य** : भगवान् श्रीरामका सेना हनुमान्को रूप धारण गरी नाचिने यो नृत्य बाग्लुङ, स्याङ्जा आदि क्षेत्रमा प्रचलित छ ।

२४. **चरित्र नृत्य** : पौराणिक कथाहरूमा रहेका विभिन्न पात्रहरूको अभिनय गरी नाचिने यो नृत्य तराई क्षेत्रमा बढी प्रचलित छ ।

Curriculum Development Centre

२५. **ख्याली नाच** : ख्याली गीतमा आधारित भई नाचिने यो नाचलाई पाङ्दुरे नाच पनि भनिन्छ ।

२६. **तर्बारे नाच** : यो नाच गन्धर्व जातिहरूको परम्परागत लोकनृत्य हो ।

२७. **सिङ्गारु नृत्य** : यो नृत्य नेपालको मध्य पश्चिमी क्षेत्रमा प्रचलित छ ।

२८. **पञ्चबुद्ध नृत्य** : यो बुद्ध धर्म र परम्परामा आधारित नृत्य हो ।

## क्रियाकलाप

१. शास्त्रीय र लोकनृत्यमा रहेका भिन्नतालाई तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षामा लोकनृत्य प्रतियोगिता आयोजना गर्नुहोस् । आयोजना गर्दा मूल्याङ्कन समिति पनि आफैँमध्येबाट गठन गरी प्रतियोगिताको मूल्याङ्कन गर्नुहोस् र राम्रो प्रस्तुति गर्ने व्यक्ति वा समूहलाई पुरस्कृत पनि गर्नुहोस् ।

३. हाम्रा शास्त्रीय तथा लोकनृत्य लोप हुने खतराबाट जोगाई तिनीहरूको संरक्षण र प्रवर्धन गर्न विद्यार्थी, स्थानीय समुदाय तथा संस्कृति सम्बन्धी केन्द्रीय निकायले के कस्ता भूमिका निर्वाह गर्नुपर्छ ? साथीहरूसँग छलफल गरी बुँदामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) 'लोकबाजा, लोकगीत र लोकनृत्य एकअर्काका परिपूरक हुन् ।' यस भनाइलाई उदाहरण दिई पुष्टि गर्नुहोस् ।

(ख) कार्तिक नाच कस्तो नाच हो ? यसको सुरुआत कसले गरेका हुन् ?

(ग) चरित्र नृत्यका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(घ) लोक तथा शास्त्रीय नृत्यको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) पाठमा दिइएका नृत्यहरूमध्ये शास्त्रीय र लोकनृत्य पहिचान गर्नुहोस् ।

## सामुदायिक कार्य

पाठमा उल्लेख भएका नृत्यहरूमध्ये तपाईंको समुदायमा प्रचलनमा रहेका नाचहरूको अवस्था सङ्कलन गर्नुहोस् । ती नाचहरू नाचिने समय, पर्व, सन्दर्भ, समुदाय, जातजातिलगायत आदि तथ्यहरू समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# हाम्रा राष्ट्रिय दिवसहरू

राष्ट्रिय दिवस राष्ट्रका महत्त्वपूर्ण घटनाका दिनहरू हुन् । यी दिवसहरू हाम्रा चिनारी र गौरव गर्ने आधार हुन् । यी दिवसहरू राष्ट्रिय चाड हुन् । यी दिवसलाई दिवसको दिनमात्र नमनाई त्यसका मर्मलाई सदैव आत्मसात् गर्न सके मात्र दिवस मनाउनुको सार्थकता रहन्छ । नेपालमा विभिन्न दिवसहरूलाई राष्ट्रिय दिवसका रूपमा मनाइन्छ । तीमध्ये केही दिवसहरूलाई तल प्रस्तुत गरिएको छ :

**सहिद दिवस** : प्रजातन्त्र र नागरिक अधिकार प्राप्तिका लागि गरिएको आन्दोलनमा साहदत प्राप्त गर्ने व्यक्तिलाई सहिद भनिन्छ । राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि भएका प्रयासका अगुवाहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई मृत्युदण्ड दिइएको माघ १० गतेदेखि १६ गतेसम्मको अवधिलाई सहिद सप्ताहका रूपमा मनाइन्छ । विभिन्न समयमा देशको भलाइको खातिर ज्यान उत्सर्ग गर्ने सहिदहरूको सम्मानमा काठमाडौँको सहिद गेट, हेटौँडाको सहिद पार्कलगायत विभिन्न स्थानमा सालिक राखिएको छ ।

पुष्पगुच्छा अर्पण गर्ने, प्रभात फेरी निकाल्ने, प्रवचन तथा रक्तदान कार्यक्रमहरू आयोजना गरी सहिदहरूको स्मरण गर्दै हरेक वर्ष माघ १६ का दिन यो दिवस मनाइन्छ । वि.सं. २०४६ र सोभन्दा अगाडिको समयमा पञ्चायती व्यवस्था विरुद्ध सङ्घर्ष गर्नेहरू, २०६२/०६३ को जन आन्दोलन एवम् गणतन्त्र र अधिकार प्राप्तिको लडाइँमा सहादत प्राप्त गर्नेहरूलाई पनि त्यसै दिन सम्झने गरिन्छ । सहिद परिवारका सदस्यलाई सम्मान गर्ने, सहिदले देखाएको बाटामा हिँड्न प्रेरणा लिने र सहिदको सपना पुरा गर्नाले सहिदप्रति सच्चा सम्मान हुन्छ ।

**प्रजातन्त्र दिवस** : २००७ साल फाल्गुन ७ गते राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना भएको दिनको स्मरण गर्दै प्रजातन्त्र दिवस मनाइन्छ ।

**गणतन्त्र दिवस** : प्रत्येक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसका रूपमा मनाइन्छ । २०६५ साल जेठ १५ गते तत्कालीन संविधान सभाको पहिलो बैठकले राजतन्त्रको विधिवत् अन्त्य भएको र गणतन्त्र स्थापनाको घोषणा गरेको थियो । सोही दिनलाई हरेक वर्ष गणतन्त्र दिवसका रूपमा मनाइन्छ ।

**बाल दिवस** : नेपालले संयुक्त राष्ट्र सङ्घको बाल अधिकार महासन्धिमा हस्ताक्षर गरेको दिन अर्थात् सन् १९९० सेप्टेम्बर १४ लाई आधार मानेर भाद्र २९ गते बाल दिवस मनाइन्छ । विद्यालय तथा समुदायमा बाल अधिकार सम्बन्धी चेतना जागरण, बाल ऱ्याली, प्रवचन, खेलकुद आदि कार्यक्रम गरेर यो दिवस मनाउने प्रचलन छ ।

**संविधान दिवस** : २०७२ असोज ३ गते नेपालको संविधान जारी भएको दिनलाई आधार मानेर हरेक वर्ष असोज ३ गते संविधान दिवस मनाइन्छ ।

**मजदुर दिवस** : मजदुर दिवसलाई अन्तर्राष्ट्रिय श्रमिक दिवस वा मई दिवस भन्ने गरिन्छ । लोकतन्त्र स्थापनापश्चात् यस दिवसले व्यापकता पाउन थालेको हो । यस दिन सार्वजनिक बिदासमेत हुने हुँदा श्रममा संलग्न हरेक व्यक्ति वा संस्थाहरूले मजदुरको हकहित र समृद्धिका लागि मजदुर दिवस मनाउने गर्छन् । यो दिवस मे १ तारिकमा मनाइन्छ ।

Curriculum Development Centre

**शिक्षा दिवस :** प्रत्येक वर्ष अन्तर्राष्ट्रिय साक्षरता दिवसको दिन अर्थात् सेप्टेम्बर ८ का दिन नेपालमा पनि शिक्षा दिवस मनाउने गरिन्छ । यस दिन शिक्षा क्षेत्रमा संलग्न विभिन्न व्यक्ति, संस्था वा निकायलाई पुरस्कृत गर्ने प्रचलन छ । शिक्षा मन्त्रालय, विभिन्न विश्व विद्यालय र शिक्षण संस्थामा यस दिन विशेष रूपमा कार्यक्रम सञ्चालन गरिन्छन् ।

**अन्तर्राष्ट्रिय नारी दिवस :** महिलाहरूको सङ्घर्षबाट अधिकार स्थापित भएको दिनको सम्झना गर्दै प्रत्येक वर्ष मार्च ८ लाई अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा मनाउने गरिन्छ । उक्त दिन सरकारी कार्यालयमा महिला कर्मचारीहरूलाई बिदा दिने प्रचलन छ । विभिन्न सङ्घ संस्थाले उक्त दिन विशेष कार्यक्रम गरेर मनाउने गर्छन् ।

## क्रियाकलाप

१. हाम्रा राष्ट्रिय दिवससँग सम्बन्धित समाचारहरू सङ्कलन गर्नुहोस् र कक्षाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

२. राष्ट्रिय दिवसको दिन तपाईंको विद्यालयमा के कस्ता कार्यक्रमहरू गरिन्छन् ? कक्षा शिक्षक वा प्र.अ.को सहयोगमा विवरण सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. राष्ट्रिय दिवस केवल दिवस मनाउनका लागि मात्र होइन, दिवसको मर्म वा सारलाई आत्मसात् गरी प्रभावकारी रूपमा मनाउन के के गर्न सकिन्छ ? साथीसँग जोडीमा बसी छलफल गर्नुहोस् र छलफलको निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. बाल दिवसमा बाल अधिकार सम्बन्धमा आफ्ना विचार राख्ने अवसर पाएमा तपाईंले के कस्ता तर्कहरू प्रस्तुत गर्नुहुन्छ ? समूहगत छलफलबाट निष्कर्ष निकाल्नुहोस् ।

५. महिला दिवसका लागि उपयुक्त हुने नाराहरू के के हुन सक्छन् ? कुनै पाँच ओटा नाराहरू समूहमा छलफल गरी तयार पार्नुहोस् र सो नारा भएको प्लेकार्डसमेत तयार पारी कक्षामा नारासमेत लगाउनुहोस् ।

६. 'उचित कामका लागि उचित ज्याला पाउनु हरेक मजदुरको अधिकार हो' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## अभ्यास

(क) प्रजातन्त्र दिवसको महत्त्व लेख्नुहोस् ।

(ख) नेपालमा मनाइने प्रमुख राष्ट्रिय दिवसको तालिका बनाउनुहोस् ।

(ग) प्रत्येक वर्ष मार्च ८ लाई अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा किन मनाउने गरिन्छ ?

### सामुदायिक कार्य

तपाईं सहभागी भएको प्रजातन्त्र दिवस कार्यक्रम वा अन्य कुनै राष्ट्रिय दिवसमा भएका गतिविधिलाई समेटी एक संवाद तयार पार्नुहोस् ।

Curriculum Development Centre

| पाठ : छ |
|---|

# अन्तर्राष्ट्रिय व्यक्तित्व

संसारमा एक व्यक्तिको योगदानले जहाँसुकै रहेका अन्य व्यक्तिका लागि लाभ मिल्छ । एक व्यक्तिका काम र अनुभवबाट संसारका अरू व्यक्तिलाई प्रेरणा र हौसला मिल्छ । यस पाठमा विश्वका केही अनुकरणीय व्यक्तित्वका बारेमा जानकारी दिइएको छ :

## (क) कैलाश सत्यार्थी



नाम : कैलाश सत्यार्थी
जन्म : ११ जनवरी १९५४ विदिशा, मध्य प्रदेश, भारत
राष्ट्रियता : भारतीय
शिक्षा : विद्युत् इन्जिनियरिङ (सम्राट् अशोक प्राद्यौगिक संस्थानबाट)
पहिचान : बाल अधिकार र शिक्षाका लागि सक्रियता
धर्म : हिन्दु

कैलाश सत्यार्थी बाल बालिकाका लागि मायालु समाज सेवीको नाम हो । ११ जनवरी १९५४ मा जन्मनु भएका कैलाश सत्यार्थी बाल बालिकाको अधिकार दिलाउन कटिबद्ध एक भारतीय मूलका नागरिक हुनुहुन्छ । उहाँ संसारकै लागि बाल अधिकारकर्मी एवम् बाल श्रम विरुद्ध लागिरहेका कार्यकर्ता हुनुहुन्छ । उहाँले 'बचपन बचाओ' बाल्यकाल बचाऔँ आन्दोलन मार्फत १९८० बाट १४४ देशका ८३,००० भन्दा बढी बाल बालिकाको अधिकार रक्षाका लागि काम गर्नुभएको छ । सत्यार्थीको यो काम र सक्रियताले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको कन्भेसन नं १८२ को बालश्रम निषेधको नारालाई चरित्रार्थ गरी संसारभरिका सरकारका लागि दिशा निर्देश पनि गरेको छ ।

### काम

सुरुमा उहाँले सन् १९८० मा भोपालको एक कलेजमा केही वर्षको शिक्षण अनुभव प्राप्त गर्नुभयो । त्यसपछि उहाँले बंधुआ श्रम लिबरेसन फ्रन्ट स्थापना गरी सो संस्थाको महासचिव भई बाल्यकाल बचाऔँ आन्दोलन थाल्नुभयो । बाल श्रम विरुद्धको 'ग्लोबल मार्च' अन्तर्राष्ट्रिय वकालत सम्बन्धी निकाय, अन्तर्राष्ट्रिय केन्द्र बाल श्रम र शिक्षा (ICCLE) भन्ने संस्था, शिक्षकका विश्वव्यापी ट्रेड युनियन आदि संस्थामा उहाँको संलग्नता रहेको थियो । उहाँ शिक्षाका लागि विश्व अभियानमा सुरुआतदेखि नै संलग्न भई यसका चार संस्थापकमध्ये एक्सन एड, अक्सफाम र विश्व शिक्षामा समेत काम गर्नुभयो ।

Curriculum Development Centre

### पहिचान र सम्मान

सत्यार्थीले दक्षिण एसियामा बालश्रमको प्रयोगबिना निर्मित गलैँचाहरूको पहिलो स्वेच्छिक लेबल गुड विभ (GdW eave) स्थापना गर्नुभयो। साथै त्यसको अनुगमन र प्रमाणीकरण प्रणालीको सुरुआत पनि गर्नुभयो। उपभोक्ता जागरुकता प्रवर्धन गर्न र सङ्गठनको उद्देश्य तथा अन्तर्राष्ट्रिय अभियानको प्रचार गर्न युरोप र संयुक्त राज्य अमेरिकाको भ्रमण गर्नुभयो। यसबाट सत्यार्थी मानव अधिकार, बालश्रम, बाल कल्याण र परोपकार आदि मुद्दामा झन् दरिलो बन्नुभयो। यसबाहेक उहाँले गरिबी, बेरोजगारी, निरक्षरता, जनसङ्ख्या वृद्धि र अन्य सामाजिक समस्या उजागर गर्दै यी विरुद्ध लड्न आह्वान गर्नुभयो। बालश्रम विरुद्धको आन्दोलनलाई सबैका लागि शिक्षाको पहुँच पुऱ्याउनका लागि उहाँले युनेस्को, फास्ट ट्र्याक पहल, अन्तर्राष्ट्रिय श्रम अधिकार कोष र अन्तर्राष्ट्रिय कोको फाउन्डेसन आदि संस्थाका बोर्ड र समितिमा रही काम गर्नुभयो। उहाँले अहिले बाल श्रम र दासत्वको अन्त्यका लागि काम गरिरहनुभएको छ।

सत्यार्थीलाई पाकिस्तानी बाल कार्यकर्ता मलाला युसफजईसँग सन् २०१४ को नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिएको हो। उहाँहरूलाई 'बाल बालिका र युवाहरूको दमन विरुद्ध सङ्घर्ष तथा बाल अधिकार र शिक्षाका लागि सेवा' गरेबापत नोबेल शान्ति पुरस्कार प्रदान गरिएको हो। यसबाहेक उहाँ हावर्ड विश्व विद्यालयको वर्ष व्यक्तित्व (२०१५), लोकतन्त्र रक्षक पुरस्कार २००९ (अमेरिका) सुनको झन्डा पुरस्कार १९९८ (नेदरल्यान्ड), द आचेनर अन्तर्राष्ट्रिय शान्ति पुरस्कार १९९४ (जर्मनी) आदि समेतबाट सम्मानित हुनुहुन्छ।

### (ख) डा. मार्टिन लुथर किङ्ग



मार्टिन नागरिक अधिकार कर्मी नेता हुन्। उनले अमेरिकाको स्वतन्त्रता, समानता र सम्मानका लागि सङ्घर्ष गरे।

नागरिक आन्दोलनको पुरानो केन्द्र एटलान्टामा जन्मे हुर्केका मार्टिन आफ्नो किशोर अवस्थादेखि नै सङ्घर्षमा होमिएका थिए। सन् १९२९ जनवरी १५ मा एटलान्टामा जन्मेका उनले मोर हाउस कलेज र कोजर थियोलोजिकल सेमिनरी एवम् बोस्टन विश्व विद्यालयबाट पी.एच.डी को औपचारिक डिग्री लिएका थिए। अध्ययनकै क्रममा उनी वर्णभेद विरोधी सङ्घर्षमा पनि सहभागी हुन थालेका थिए। कालो र गोरो रङका आधारमा सबै कुरामा भेदभाव गरिने अमेरिकामा त्यतिखेर रङका आधारमा शिक्षामा पनि भेदभाव गरिन्थ्यो। वर्णभेद विरोधी सङ्घर्षको कारणले पछि त्यहाँको सर्वोच्च अदालतले सार्वजनिक शिक्षामा यो वर्णभेदको अन्त्य गर्ने फैसला सुनायो। फैसलापछि सन् १९५५ मा देशभरि वर्णभेद विरोधी लहर उठ्यो। यसै क्रममा मोन्ट गोमेरीमा सार्वजनिक यातायातमा गरिने वर्णभेदको विरोधमा ३ सय ८१ दिने बस बहिष्कार सङ्घर्षसमेत भएको थियो। यसको नेतृत्व मार्टिन लुथरले नै गरेका थिए। उनले अमेरिकाको बर्मिघम, अलास्कालगायत अन्य थुप्रै सहरहरूमा नागरिक अधिकार आन्दोलन सञ्चालन गरे र ती आन्दोलनलाई



Curriculum Development Centre

नेतृत्व प्रदान गरे । अमेरिकी सरकारले गरेको पटक पटकको गिरफ्तारी, जेलनेल र यातनालाई झेल्दै उनले अगस्ट २८, १९६३ मा वासिङ्टनमा एउटा ऐतिहासिक विरोध प्रदर्शनको आयोजना गरे । उक्त विरोध प्रदर्शनमा लाखौँलाख नागरिक अधिकारवादी अमेरिकी जनताले उनको 'I have a dream' नामक चर्चित भाषण सुनेका थिए ।

सन् १९६४ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेपछि उनी विश्वभर नै चर्चित भए । यसै क्रममा उनले अमेरिकी सरकारले प्रयोग गरिरहेका हरेक खालका हिंसाहरूको विरोध गर्न थाले । उनले अमेरिकी सरकारको त्यतिखेर भियतनामी जनतामाथि थोपरेको एक दशकभन्दा लामो युद्धको विरोधमा सन् १९६७ देखि आवाज उठाउन थाले । साथसाथै गरिब र मजदुरहरूको पक्षमा उनले आवाज बुलन्द पार्दै गए । उनले सम्पूर्ण गरिब जनतालाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य र जिउनका लागि आवश्यक काम र कामको उचित रकम पाउने नैतिक अधिकार छ भनी उद्घोषसमेत गरे । उनको यो व्यवहार देखेर अमेरिकी सरकारमात्र नभई कुक्लस क्लान नामक समूह र धनी कालाहरूसमेत रिसाउन थाले । यी समूह तानाशाह हिटलरलाई पूजा गर्ने गोराहरूको समूह थियो । अन्ततः उनीदेखि रिसाएका हिटलर समर्थक गोराहरूले सन् १९६८ अप्रिल ३ का दिन सफाइ मजदुरहरूको हडतालमा सहभागी भएर फर्किरहेको बेला उनको हत्या गरे । अमेरिकामा मार्टिन लुथर किङ्गको सहादतपछि पनि उनको सपनाको मृत्यु भएको छैन भन्ने ठानिन्छ ।

डा. मार्टिन लुथर किङ्गले सामाजिक क्रान्तिको सपना देखेका थिए । उनले जातीय विभाजन र भेदभावको अन्त, उत्पीडित कालाहरूले पनि गोराहरूले जतिकै समानता, स्वतन्त्रता र सम्मान पाउने व्यवस्थाको सिर्जना र हिंस्रक युद्धबाट मुक्तिका लागि आवाज उठाए । उनले अहिंसात्मक ढङ्गले एउटा नयाँ सामाजिक क्रान्तिको बिगुल फुके । सारा विश्वले अहिले पनि उनको कामको प्रशंसा गरिरहेको छ ।

**क्रियाकलाप**

१. विभिन्न राष्ट्रमा सामाजिक क्षेत्रमा योगदान गरेका महान् व्यक्तित्व हुनुहुन्छ । उहाँहरूका बारेमा सोधखोज गरी कुनै एक व्यक्तित्वका बारेमा एउटा लेख तयार गर्नुहोस् ।

२. मार्टिन लुथर किङ र महात्मा गान्धीबिच के के समानता पाइन्छ ? तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) 'कैलाश सत्यार्थी भारतका नागरिक भए पनि उनको योगदान विश्वकै लागि अनुपम छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) कैलाश सत्यार्थीसँगै नोबल शान्ति पुरस्कार विजेता मलाला युसुफजईको जीवनी विभिन्न सन्दर्भ सामग्रीबाट खोजी गरी तयार पार्नुहोस् ।

(ग) तपाईँलाई मनपर्ने नोबल पुरस्कार प्राप्त अन्तर्राष्ट्रिय व्यक्तित्वका बारेमा सोधखोज गरी छोटो विवरण दिनुहोस् ।

(घ) मार्टिन लुथर किङको जीवनीबाट तपाईँले के शिक्षा पाउनुभयो ? लेख्नुहोस् ।

Curriculum Development Centre

## पाठ : सात

# विश्वबन्धुत्व

श्री राष्ट्रिय मा.वि., कक्षा १० मा अध्ययनरत छात्र सोनेलाल यादवले सामाजिक अध्ययन विषयको सहकार्यकलापअन्तर्गत भएको निबन्ध प्रतियोगितामा प्रस्तुत गर्नुभएको विश्वबन्धुत्व शीर्षकको निबन्ध अध्ययन गरौँ :



यो संसार सबैको आश्रय स्थल हो । यो हाम्रो साझा घर हो । जुन देशमा बसे पनि हामी पृथ्वीका बासिन्दा हौँ । यो संसार एउटा परिवार हो । त्यसैले पृथ्वीमा रहेका सबै मानिस एउटै परिवारका सदस्य हौँ । यो धारणा नै विश्वबन्धुत्व हो । जसरी परिवारमा एक जनाले दुःख दिएमा वा नोक्सान पुऱ्याएमा परिवारका सबै व्यक्तिले दुःख वा नोक्सान बेहोर्नुपर्छ । त्यसै गरी कुनै एक ठाउँका मानिसले पृथ्वीको नोक्सान पुऱ्याए भने सबै ठाउँका मानिसले त्यो नोक्सान व्यहोर्नुपर्छ ।

जैविक दृष्टिले त झन् मानिस मात्र होइन, पृथ्वीका सबै जीव परस्परमा अन्तरसम्बन्धित भएको मानिन्छ । त्यसैले विश्वको सर्वश्रेष्ठ प्राणी मानिसले आफ्ना गतिविधि सञ्चालन गर्दा अन्य जीवहरूको जीवन पद्धतिलाई असर पुऱ्याउनु हुँदैन । आफ्ना आवश्यकता र चाहना पुरा गर्दा अरूको अस्तित्वलाई बिर्सनु हुँदैन । यसमा आध्यात्मिक मूल्य पनि छ । हाम्रो वैदिक परम्परामा 'वसुधैव कुटुम्बकम्' को सूक्ति छ । यसले सारा मानिसहरू एक अर्काका नातेदार हुन् र एकअर्कामा सम्बन्धित छन् भन्ने तथ्य उजागर गर्छ । त्यसैले सबै मिलेर बस्नुपर्छ, दुःखसुख बाँड्नुपर्छ र मिलेर बाँच्नुपर्छ ।

बसाइँ सराइ, रोजगारी, पर्यटन, वैदेशिक व्यापार, परस्पर सहयोग आदि कारणले बिदेसिनु मानिसको बाध्यता हो । मानिसहरू एउटै स्थानमा खुम्चिएर बस्न चाहँदैनन् । त्यसैले उनीहरू दुःख र कठिनाइ छल्न पुरानो ठाउँ छोडेर नयाँ ठाउँमा पुगेका छन् । एउटै सहरमा पनि विभिन्न देशका नागरिक रहेका छन् । त्यसैले विश्वबन्धुत्व भावनाको महत्त्व बढेको छ । विश्वको एक कुनाबाट केही घण्टाको यात्रामा अर्को कुनामा पुग्न सकिन्छ । हिजोआज ठुला सहरहरूमा पारिवारिक वातावरण दिने गेस्ट हाउस, होमस्टे र मनोरञ्जन स्थलको चल्ती छ । यी गतिविधिले धार्मिक तथा जातीय कट्टरता हट्दै गएको छ । यसबाट परस्पर सहयोग, सद्भाव र मानवीय एकता पनि बढ्दै गएको छ । अरू समुदाय वा व्यक्तिको पोसाक वा पहिरन लगाउन र चाडवाड वा मेला आदि अवसरमा समावेश हुन मानिसहरू रमाउँछन् ।  यसरी घुलमिल भई सबैलाई आफ्नो ठान्ने भावना नै विश्वबन्धुत्वको भावना हो ।

विश्वबन्धुत्वले मात्र शान्ति स्थापित गर्न सक्छ । सबै धर्म, जात, क्षेत्र, आस्था आदिलाई उच्च सम्मान प्रदर्शन गर्नु विश्ववन्धुत्वको सार हो । हामी सबै युद्ध र घृणाको दुनियाँबाट मुक्त हुन चाहन्छौँ भने

Curriculum Development Centre

एकले अर्कालाई बन्धु वा मित्र वा नातेदार सम्झनुपर्छ । हरेक व्यक्तिले जाति, धर्म, भाषा र राष्ट्रको सीमाभन्दा माथि उठ्नुपर्छ । सबै धर्मले शान्तिको आदर गर्न सिकाउँछन् र शिक्षाको उद्देश्य पनि त्यही हो । असंलग्न राष्ट्रहरूको सङ्गठन (Non Aligned Movement -NAM) ले पनि विश्वबन्धुत्वलाई आफ्नो निर्देशक सिद्धान्त बनाएको छ । सार्क, आसियन, युरोपियन युनियन, कमनवेल्थ राष्ट्रहरू आदिको निर्माण पनि विश्वबन्धुत्व अभिवृद्धि गर्न भएका प्रयासहरू हुन् । त्यसैले हामी सबैले सार्वभौम विश्व परिवारको कल्पना गर्नुपर्छ ।

संवादको थालनी, विविधताको स्वीकारोक्ति, आध्यात्मिकताको जागृति र आत्माको स्वच्छताबाट नै सारा संसार एउटा परिवार हुन सक्छ । एक देशले अर्को देशप्रति तथा एक व्यक्तिले अर्को व्यक्तिप्रति प्रेम, सद्भाव र सहयोग गरे मात्रै विश्वबन्धुत्व बढ्छ । आफू सम्पन्न भए पनि अरूको गरिबीले व्यक्तिमा खिन्नता पैदा हुन्छ । यो मानवीय स्वभाव हो । मानव जातिमा पर्ने पीडा, भय, महामारी, गरिबी आदिबाट उन्मुक्ति पाउन संसारका मानिसमा समानुभूति र सहयोग हुनुपर्छ । यही समानुभूति र सहयोगबाट विश्वबन्धुत्व बढ्छ । मानव जीवन आनन्दमय हुन सक्छ । जातीय विभेद, सङ्कुचित राष्ट्रवादका आधारमा गरिने असहिष्णुताले विश्वबन्धुत्वको भावना कमजोर हुन्छ । त्यसैले व्यक्तिले अहम्वादलाई त्यागी मावन जातिको समृद्धि र सुखी जीवनका लागि काम गर्नुपर्छ । यसैबाट शान्ति छाउँछ । अतः विश्वमा शान्ति कायम गर्न विश्वबन्धुत्व अपरिहार्य छ । यसबाट नै विश्व एकता बलियो हुन्छ । जब सबै मानिसमा विश्वबन्धुत्वको भावना हुन्छ, त्यहाँ द्वन्द्व हुँदैन, शान्ति हुन्छ ।

## क्रियाकलाप

१. विश्वबन्धुत्वको महत्त्व दर्साउँदै विदेशमा रहेको साथीलाई चिठ्ठी लेख्नुहोस् ।

२. तपाईंको समुदायमा अन्य देश वा स्थानका मानिसलाई कस्तो व्यवहार गरिन्छ ? त्यस्ता कुनै घटनाहरू भए कक्षामा छलफल गर्नुहोस् ।

३. विश्वबन्धुत्व झल्कने नाराहरू तयार गरी कक्षाकोठामा टाँस्नुहोस्, जस्तै : 'वसुधैव कुटुम्बकम्', पृथ्वीमा रहेका सबै मानिस एक हौँ ।

## अभ्यास

(क) विश्वबन्धुत्व भनेको के हो ? विश्वबन्धुत्व कायम गर्न हामीले के गर्नुपर्छ ?

(ख) 'विश्वमा शान्ति कायम गर्न विश्वबन्धुत्व अपरिहार्य छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) तलको तालिका पुरा गर्नुहोस् :

| विश्वबन्धुत्वका फाइदा | सङ्कीर्णताका बेफाइदा |
|---|---|
| | |
| | |
| | |

Curriculum Development Centre

# पाठ : आठ

# ज्येष्ठ नागरिकप्रतिको दायित्व

प्यारो भाइ मञ्जिल, २०७३/०६/१०
शुभाशीर्वाद क्युबेक, क्यानडा

हामी यहाँ सन्चै छौँ, त्यहाँ पनि तिमीलगायत आमाबुबा सन्चै हुनुहुन्छ होला । हिजो स्काइपमा कुरा गर्दा बुबाको स्वर धेरै मधुरो रहेको जस्तो पाएँ । आमा पनि धेरै गलेँ भन्दै हुनुहुन्थ्यो । म टाढा भए पनि तिमी त्यहाँ भएकाले म ढुक्क छु । आमाबुबाको स्याहार र हेरविचारमा ख्याल गर्नु । अब उहाँहरू जेष्ठ नागरिक भइसक्नुभयो । जेष्ठ नागरिकहरू हाम्रो समाज निर्माण कर्ता मात्र नभई सामाजिक तथा सांस्कृतिक ज्ञान, मूल्य मान्यता र परम्पराका धरोहर हुनुहुन्छ । उहाँहरूले आफ्नो जीवनमा प्रशस्त उतार चढाव भोगिसक्नुभएको छ । उहाँहरूसँग अथाह अनुभव र ज्ञानको भण्डार छ । हामीले ज्येष्ठ नागरिकमा रहेका ज्ञान र अनुभवको भण्डारलाई सदुपयोग गर्न सक्नुपर्छ । केही ज्येष्ठले आफ्ना अनुभव र क्षमताअनुसार काममा सक्रिय रहेर परिवार, समाज र राष्ट्रलाई योगदान दिइरहेका छन् । तिमीले पनि आमाबुबाका अनुभव र समाजप्रतिको योगदानबाट धेरै कुरा सिक्नुपर्ने हुन्छ ।

ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्नु राज्यको कर्तव्य हो । यस्तो कार्य राज्यको सामाजिक र नैतिक जिम्मेवारीभित्र पर्छ । समाजले पनि आफ्ना ज्येष्ठ नागरिकहरूलाई सहानुभूति र आदरपूर्वक सेवा दिनुपर्छ । नेपालमा ज्येष्ठ नागरिकको सेवाका लागि सामाजिक संस्थाहरूको सञ्जाल कार्यरत छ । राष्ट्रिय विकासमा सहायक भूमिका खेल्ने र सार्वजनिक चासोका क्षेत्रको संरक्षण एवम् सार्वजनिक हित सुरक्षित राख्ने यस्ता संस्थाहरूले ज्येष्ठ नागरिकका चासोका क्षेत्रमा सहयोगको हात बढाउन सक्छन् । यस्ता सामाजिक सङ्गठनहरूले प्रशस्त सुविधा भएका सहरी क्षेत्रहरूमा बढी ध्यान दिएका छन्, तर सामाजिक सहायताको सबैभन्दा बढी जरुरत ग्रामीण क्षेत्रमा बस्नेहरूलाई छ । राजधानी र ठुला सहरमा अस्तित्वमा रहेका धेरै संस्थाहरूको सेवा ग्रामीण क्षेत्रको पहुँचभन्दा बाहिर छन् । यसलाई राज्यले प्राथमिकताका आधारमा व्यवस्थापन गर्नुपर्छ । तिमीले पनि यस्ता संस्थाहरूको भूमिका र योगदानलाई बुझेर सामाजिक कार्यमा लाग्न सक्छौ ।

शरीरमा बल कम हुने, अल्छी लाग्ने, सरसफाइमा कम चासो वा जाँगर हुने, असन्तुष्टि व्यक्त गर्ने स्वभाव हुने आदि कारणले बृद्ध मानिसहरूलाई कसैकसैले हेला गर्छन् । पश्चिमा जीवन शैलीको प्रभाव, व्यस्तता, आर्थिक अभाव, पुस्तेनी दुरी, एकल परिवारको चाहना आदि कारणले कतिपय ज्येष्ठ नागरिक घर परिवारबाटै अपहेलित भइरहेका छन् । परिणामतः कतिपयले राज्यले उपलब्ध गराएको सेवा सुविधा पनि लिन सकिरहेका छैनन् । हेर त कस्तो बिडम्बना !

हुन त सरकारले ज्येष्ठ नागरिकको हकहितका लागि संविधान र ऐन कानुनमा विशेष व्यवस्था गरेको छ । संविधानमा पनि रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकमा वृद्ध, अपाङ्ग, अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने भनिएको छ । त्यस्तै राज्यका नीतिहरूमा राज्यले असहाय, वृद्ध, अपाङ्ग, अशक्तको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ । वृद्ध तथा अशक्तलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्ने भनिएको छ ।

Curriculum Development Centre

ज्येष्ठ नागरिक सम्बन्धी ऐनले आफ्नो आर्थिक हैसियत तथा इज्जतअनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने व्यवस्था गरेको छ । त्यसमा आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालन पोषण गर्नुपर्ने छ भनिएको छ । कसैले ज्येष्ठ नागरिकको इच्छा विपरीत परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन । ज्येष्ठ नागरिकलाई पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले आफूसँगै नराखेको भएता पनि पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालन पोषण तथा हेरचाह गर्नुपर्ने नियम पनि छ । कति राम्रा र सुन्दर छन् नियम कानुनका कुराहरू ! नियम कानुनमा भएका सबै कुरा कार्यान्वयन भए कति जाति हुने थियो ।

सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हो । यस्ता पक्षमा राज्यले गरेका वचन बद्धतालाई सबैले पालना गरे वृद्धहरूले दुःखी हुनु पर्दैन थियो । ज्येष्ठ नागरिकका लागि सार्वजनिक सवारी साधनमा कम्तीमा दुई ओटा सिट सुरक्षित राख्नुपर्ने, भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने, स्वास्थ्य सेवामा छुट र निःशुल्क उपचारको व्यवस्था आदि राज्यका तर्फबाट गरिएको छ । ल त, मैले लेखेका कुरालाई ध्यानमा राखी बहस चलाउनू । ज्येष्ठ नागरिकप्रतिको जिम्मेवारी, कर्तव्य र दायित्वमाथि प्रकाश पारिदिनू । बाँकी अर्को इमेलमा लेखौँला ।

तिमीलाई सधैँ माया गर्ने दिदी

शान्ति विक

## क्रियाकलाप

तपाईंको परिवारमा वा छिमेकका रहेका ज्येष्ठ नागरिकलाई छोराछोरी, युवा र बाल बालिकाका एवम् समाजबाट के कस्तो सहयोग प्राप्त भएको छ ? उहाँलाई सोधी एउटा तालिका तयार गर्नुहोस् ।

## अभ्यास

(क) ज्येष्ठ नागरिकलाई के कस्ता छुट र सुविधाको व्यवस्था गरिएको छ ?

(ख) 'ज्येष्ठ नागरिकमा ज्ञान र अनुभवको भण्डार रहेको हुन्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) ज्येष्ठ नागरिकहरूलाई स्याहार, संरक्षण र हित सुरक्षित राख्न देशमा के कस्ता संस्थाहरू स्थापना भएका छन् ?

(घ) सरकारले ज्येष्ठ नागरिकको हक हितका लागि संविधान र ऐन कानुनमा के के व्यवस्था गरेको छ ?

(ङ) विगत केही वर्षयता ज्येष्ठ नागरिक परिवारबाटै अपहेलित भइरहेका घटनाहरू सुन्न र पढ्न पाइन्छ ? यसका कारणहरू के के होलान् ? यसका समाधानका उपायसमेत उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका एक जना ज्येष्ठ नागरिकलाई भेटी उहाँका अनुभव र योगदान सुन्नुहोस् । आफूलाई मन परेका अनुभव एवम् योगदान टिपोट गरी कक्षामा सुनाउनुहोस् ।

Curriculum Development Centre

एकाइ
$

# सामाजिक समस्या र समाधान

## पाठ : एक   सामाजिक समस्याका रूपमा मानव बेचबिखन

मानव समुदायले मूल्य, मान्यता, परम्परा, अन्ध विश्वास र आधुनिकताका आधारमा व्यवहार गर्छन् । मानव समाजमा प्रचलनमा रहेका विकृत व्यवहारहरू नै सामाजिक समस्या हुन् । सामाजिक समस्याले गर्दा मानव समाजमा नकारात्मक असर पर्न गई समाजको बृहत्तर विकासमा अवरोध पुग्छ । परिणामतः मानव सभ्यतामाथि नै प्रश्न वाचक चिह्न खडा हुन्छ ।

नेपाली समाजमा प्रचलनमा रहेका दाइजो, घुम्टो, छाउपडी, देउकी र झुमा प्रथाहरू सामाजिक समस्याका रूपमा चिनिन्छन् । चेलीबेटी र बाल बालिकाका साथै मानव अङ्ग बेचबिखन, छुवाछुत, दुर्व्यवहार, लैङ्गिक र अपाङ्गताका आधारमा विभेद, बालश्रम, भ्रष्टाचार र जातीय विभेद पनि सामाजिक समस्या नै हुन् । साथै अन्ध विश्वास, रुढिवादी परम्परा, बाल विवाह र महिला हिंसा पनि सामाजिक समस्याका उदाहरणहरू हुन् । यस्ता समस्याहरू समय र स्थानअनुसार फरक फरक प्रकृतिका हुन्छन् ।

**मानव बेचबिखन**

कुनै पनि उद्देश्यले मानिस किनबेच गर्ने, श्रम शोषण गर्ने, वेश्यावृत्तिमा लगाउने र कानुनी प्रावधान विपरीत मानिसको अङ्ग झिक्ने काम मानव बेचबिखन हो । यसलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले परिभाषित गरेको छ । रोजगारी र घुमफिर तथा आर्थिक प्रलोभन देखाई मानव बेचबिखन हुने गरेको छ । यस क्रममा सोझा तथा आर्थिक समस्यामा परेकाहरू बेचबिखनमा पर्ने गरेका छन् । विशेष गरी श्रम शोषण, यौन शोषण, बँधुवा मजदुर, बाल मजदुर र धर्म सन्तानका लागि मानव बेचबिखन हुने गरेको छ । भेदभाव र दबाबबाट प्रभावित महिला एवम् बाल बालिका, घरेलु तथा सामाजिक हिंसाबाट पीडित व्यक्ति बेचबिखनको मार एवम् जोखिममा पर्ने गरेका छन् । साथै वैदेशिक रोजगारीमा जाने मानिसहरू, बाल विवाह, बहु विवाह, बलात्कार आदिबाट पीडित व्यक्तिहरू मानव बेचबिखनको सिकार भएका छन् ।

विगतमा यौन गतिविधि र श्रम शोषणका लागि महिलाहरूको बेचबिखन गरिन्थ्यो । हाल यो समस्याबाट बाल बालिका पनि पीडित हुन थालेका छन् । न्यून पारिश्रमिक दिई घरेलु कामदार बनाउने, सर्कसमा कार्य गराउने, यौन गतिविधिमा लगाउने, माग्ने कार्यमा महिला तथा बाल बालिका प्रयोग भइआएका छन् ।

**(क) चेलीबेटी बेचबिखन**

यौनकार्यमा लगाउने, श्रम शोषण गर्ने जस्ता गलत मनसायले चेलीबेटीहरू बेचबिखनमा पर्छन् । मानव तस्करहरू जागीर लगाइदिने, सहर घुमाउने, वैदेशिक रोजगारीमा पठाउने, मिठो

Curriculum Development Centre

खाने, राम्रो लगाउने जस्ता विभिन्न प्रलोभन देखाई चेलीबेटीलाई फकाउने गर्छन । विकट क्षेत्रका कारण  चेतनाको कमी, अभिभावक विहीनता, पारिवारिक हिंसा र अति गरिबीका कारण महिलाहरू बेचबिखनमा पर्ने गरेका छन् । विगतमा नेपालबाट चेलीबेटी बेचबिखन भारतमा मात्र हुने गर्थ्यो तर हिजोआज चीन, कोरिया, खाडी मुलुक तथा दक्षिण पूर्वी एसियाली मुलुकहरूमा समेत यसको जालो फैलिएको छ। साथै अफ्रिका, युरोप र अमेरिकामा समेत दलालमार्फत रोजगारीका लागि भन्दै महिलाहरू बेचिएको अवस्था छ ।

नेपाल प्रहरी, महिला तथा बाल बालिका मन्त्रालय, राष्ट्रिय महिला आयोग, जिल्ला विकास समिति र गुप्तचर निकाय जस्ता सरकारी निकाय यस विकृति विरुद्ध लडिरहेका छन् । माइती नेपाल, दिदी बहिनी जस्ता सङ्घसंस्थाहरू चेलिबेटी बेचबिखन विरुद्ध सक्रिय छन् । ती निकाय र सङ्घसंस्थाको प्रयासले भारततर्फ हुने चेलीबेटी बेचबिखन कार्यमा कमी आएको छ। तर वैदेशिक रोजगारीका नाममा तेस्रो मुलुकहरूमा पुऱ्याई बेच्ने कार्य बढ्न थालेको छ। यसबाट बच्न व्यक्ति स्वयम् नै सचेत हुनुपर्छ। साथै अभिभावकको रेखदेख तथा शिक्षा र सञ्चार क्षेत्रको सकारात्मक भूमिका उत्तिकै जरुरी हुन्छ ।

चेलीबेटी बेचबिखन गर्नु गैर कानुनी कार्य हो। यसलाई रोकथाम गर्न र यस्ता अपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई कानुनी कारबाही गर्नु जरुरी छ । बेचबिखन नियन्त्रण कार्यमा सरकारी प्रयासको साथै विभिन्न सामुदायिक तथा गैर सरकारी संस्थाहरूको समन्वय र सहकार्य महत्त्वपूर्ण हुन्छ । साथै यी संस्थाहरूले शिक्षाको पहुँच वृद्धिमा सहयोग गरी सर्वसाधारणको चेतना स्तर विकास गर्न थप सक्रियता बढाउनुपर्छ । सुरक्षा निकायहरू पनि चनाखो भई अपराधीलाई कडा कानुनी कारबाही गर्ने अग्रसर हुनुपर्छ ।

### (ख) बाल बालिका बेचबिखन



विभिन्न स्वार्थ पूर्ति गर्न परिवारको सहमति वा विमतिमा बाल बालिकालाई बिक्री वितरण गर्नु अपराधजन्य कार्य हो । यसरी बाल बालिकालाई परिवारबाट टाढा पुऱ्याई जोखिम युक्त, घरेलु, निकृष्ट तथा सर्कसमा काम गर्न लगाउने, अङ्ग भिक्ने, माग्न लगाउने जस्ता कार्यमा लगाइन्छ । यसैले बाल बालिकाको सुरक्षार्थ समुदाय, अभिभावक, परिवार र बाल बालिका स्वयम् पनि चनाखो रहनुपर्छ । विशेष गरी सहरी क्षेत्र र तराईका जिल्लाहरूबाट बाल बालिकाहरू हराउने गरेका छन् । गरिबी, अभिभावकको बेवास्ता, तस्करका गतिविधि, घरको तनाव, महत्वाकाङ्क्षी स्वभाव आदि कारणहरूले बाल बालिकाहरू बहकिन्छन् र हराउन पुग्छन् ।

बाल बालिकालाई बेचबिखन हुनबाट बचाउन उनीहरूको सुरक्षामा विशेष विचार पुऱ्याउनुपर्छ। शिक्षाको अवसर, अभिभावकलाई सचेतना वृद्धि, होटल तथा उद्योगहरूमा निगरानी, सरकारी तथा गैर सरकारी

Curriculum Development Centre

निकायको सक्रियता, समस्यामा परेका बाल बालिकालाई उद्धार तथा पुनःस्थापनाले यस्ता समस्याको न्यूनीकरण गर्न सकिन्छ । यसका लागि बाल बालिका आफैँ पनि सचेत हुन जरुरी छ ।

### (ग) मानव अङ्ग बेचबिखन

हिजोआज मानव शरीरका कतिपय अङ्गले काम नगर्ने अवस्थामा ती अङ्ग प्रतिस्थापन गर्न सकिन्छ । यस्ता बिरामीका लागि परिवारका सदस्य वा अन्य व्यक्तिलाई दाता बनाई मानव अङ्ग प्रतिस्थापन गर्न सघाउ पुऱ्याइन्छ । तर परिवारका सदस्य नभएमा वा उनीहरूले जोखिम मोल्न तयार नभएमा अन्य व्यक्तिबाट अङ्ग किनबेच हुने गरेको छ । यस कार्यका लागि दलालमार्फत किनबेचको कार्य हुने गरेको छ । प्रतिस्थापित मानव अङ्गमध्ये करिब ४२ प्रतिशत अवैधानिक मानव अङ्ग व्यापारबाट हुने गरेको अनुमान गरिएको छ ।




वातावरणीय र खानपान शैलीले हाल विश्वभरमा मिर्गौला फेल हुने समस्या तीव्र गतिमा बढिरहेको छ । यो क्रम नेपाल र भारतमा उल्लेख्य रूपमा रहेको छ । यसर्थ हाल नेपाल र भारतमा मिर्गौला प्रत्यारोपण गर्ने कार्य अत्याधिक मात्रामा हुने गरेको छ । यसका साथै कलेजो, आँखाको कर्निया, फोक्सो जस्ता मानव अङ्गको बेचबिखनले तीव्रता पाउन थालेको छ । यसमा पनि गरिबी, अशिक्षा, महत्त्वाकाङ्क्षा लगायतका पक्षले भूमिका खेलिरहेका छन् । यस्तो समस्याको समाधानका लागि गरिबी निवारण कार्यलाई प्रभावकारी बनाउने, स्वास्थ्य सचेतता अपनाउने र उपचारका नाममा अङ्ग निकाल्न सक्ने गलत आशयप्रति सचेत हुने कार्य गर्नुपर्छ । साथै बिरामी कुरुवाको व्यवस्था गर्ने, जोखिममा पर्ने र पार्नेलाई निगरानी गर्ने आदि कार्यबाट मानव अङ्गको बेचबिखनलाई कम गर्न सकिन्छ । धनको लोभमा मानवता बिर्सिएर गरिने यस्ता कार्यहरूबाट जोखिममा परेकालाई जोगाउनु हामी सबैको दायित्व हो ।

**क्रियाकलाप**

१. तपाईंको समाजमा कुनै न कुनै सामाजिक समस्याले दुःख दिइरहेका होलान् । त्यो कस्तो खाले समस्या हो ? समस्याबाट सिर्जित असरहरू के के छन् ? अभिभावकसँग छलफल गरी निष्कर्ष निकाल्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

२. हिजोआज विभिन्न स्वार्थ पुरा गर्न विभिन्न तरिकाबाट नेपाली समाजमा मानव बेचबिखन भइरहेको छ । मानव बेचबिखनका कारणबाट देखापर्न सक्ने मुख्य सामाजिक असरहरू के के हुन सक्छन् ? जोडी जोडीमा रही छलफल गर्नुहोस् र निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

३. 'समस्याले नै मानिसलाई परिपक्व बनाउँछ' भन्ने भनाइसँग तपाईं सहमत हुनुहुन्छ ? यस्तो घटनाको उदाहरण कतै तपाईं आफैं पो हुनुहन्छ कि ? वा समाजमा त्यस्ता व्यक्ति पहिचान गरी यसबाट के कस्ता पाठ सिक्न सकिन्छ ? चर्चा गर्नुहोस् ।

४. सञ्चारका साधनहरूमा दैनिक धेरै बाल बालिकाहरू हराएका सूचनाहरू आइरहेता पनि भेटिएको समाचार भने बिरलै मात्र आउँछन् । कहाँ जान्छन् त ती बाल बालिकाहरू ? किन फर्कँदैनन् त ती बाल बालिकाहरू ? कक्षामा छलफल गरी सम्भाव्य उत्तरहरू टिपोट गर्नुहोस् ।

५. हिजोआज मानव तस्करहरूले अङ्ग बेचबिखनका लागि मानव ओसार पसार तीव्र बनाएका घटनाहरू धेरै सुन्नमा आएका छन् । तपाईंको क्षेत्रमा पनि त्यस्तो गतिविधिहरू त भइरहेका छैनन् ? क्षेत्र भ्रमण गरी प्रतिवेदन तयार पार्नुहोस् ।

६. मानव बेचबिखन नियन्त्रणमा भएका कानुनी व्यवस्थाका बारेमा नजिकको सुरक्षा निकायमा गई छलफल गरी कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) सामाजिक समस्या भन्नाले के बुझिन्छ ? सङ्क्षिप्त रूपमा उल्लेख गर्नुहोस् ।

(ख) 'मानव बेचबिखन एक सामाजिक समस्या हो' विवेचना गर्नुहोस् ।

(ग) हाम्रो समाजमा मानव बेचबिखन गर्ने कार्य किन बढेको होला ? विश्लेषण गर्नुहोस् ।

(घ) चेलीबेटीहरू बेचिनुका कारणहरू उल्लेख गर्नुहोस् ।

(ङ) मानव अङ्ग बेचबिखन रोक्न अपनाउनुपर्ने उपायहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायका सबैभन्दा जेष्ठ नागरिकलाई भेट्नुहोस् । विगतका सामाजिक समस्याहरू र हाल प्रचलनमा रहेका सामाजिक समस्याहरूका सम्बन्धमा छलफल गरी विगत र वर्तमानका सामाजिक समस्याहरूको प्रवृति, प्रकार तथा तिनीहरूमा देखापरेको भिन्नताहरू छुट्याउनुहोस् ।

Curriculum Development Centre

पाठ : दुई

# घरेलु हिंसा र छुवाछुत

अहिलेको समाज आधुनिकतातर्फ अग्रसर छ । तर पनि पुरातन सोच र व्यवहार अझै पनि प्रचलनमा छन् । त्यस्ता व्यवहारले व्यक्ति, परिवार, समाज र राष्ट्रमा नकारात्मक असर पारिरहेका छन् । आदर्श मानव समाज निर्माणका लागि पुरातन सोच र सङ्कीर्ण व्यवहारमा सुधार हुन जरुरी छ । त्यस्ता व्यवहारमध्ये घरेलु हिंसा र छुवाछुतलाई सामाजिक समस्याका रूपमा लिई समाधानका प्रयास थाल्नुपर्छ ।

## (क) घरेलु हिंसा

आनीबानी, बोली वचन, मर्यादा, अधिकार, हक र पहुँचलगायतका विषयमा लिएर घर परिवारभित्र परिवारका सदस्यमाथि हुने नकारात्मक व्यवहार, दबाब, कुटपिट आदिलाई घरेलु हिंसा भनिन्छ । हिजोआज दाइजो, चल अचल सम्पत्ति लेनदेन, अवैध सम्बन्ध, दुर्व्यसन, गरिबी र अशिक्षा जस्ता कारण घरेलु हिंसा बढिरहेको छ ।

### घरेल हिंसाका असरहरू

१. व्यक्ति तनावमा हुने, मानसिक विचलन हुने, डराउने र निराश हुने,
२. काम गर्ने उत्साह, जोश र जाँगरमा कमी आउने,
३. लागु पदार्थ सेवन, आत्महत्या जस्ता गलत निर्णय लिन सक्ने,
४. पारिवारिक बेमल हुने तथा पारिवारिक सम्बन्ध टुट्ने,
५. सामाजिक कलह सिर्जना हुने, समाजमा मान, मर्यादा र इज्जतमा कमी आउने,
६. परिवारका जेष्ठ नागरिक तथा बाल बालिकामा नकारात्मक असर पर्छ ।

### घरेलु हिंसा नियन्त्रणका उपायहरू

१. चेतना जागरण र सचेतना वृद्धि गर्ने,
२. समान व्यवहार गर्ने,
३. सम्पत्तिमा समान स्वामित्व स्थापित गर्ने,
४. परिवारका हरेक व्यक्तिका विचारहरूलाई सम्मान गर्ने,
५. सामूहिक निर्णयबाट काम अघि बढाउने,
६. सभ्य बन्ने र अनुशासनमा रहने,
७. हिंसा भएमा तुरुन्तै प्रहरी चौकी वा सम्बन्धित निकायमा खबर गर्ने,
८. हिंसा विरुद्ध एकतावद्ध प्रतकार गर्ने ।

## (ख) छुवाछुत

जात, धर्म, पेसा, क्षेत्र, लिङ्ग, अपाङ्गता, शारीरिक प्रणाली आदिका आधारमा गरिने भेदभावलाई छुवाछुत भनिन्छ । नेपालको सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा छुवाछुत प्रथा अझै व्यापकरूपमा चलिरहेको भेटिन्छ । कतिपय स्थानहरूमा दलितहरूमाथि छोइछिटो गर्ने, मन्दिर प्रवेशमा रोक लगाउने

Curriculum Development Centre

जस्ता व्यवहार भइरहेका छन् । यस्ता व्यवहार हाम्रा समाजका समस्या हुन् । परम्परागत सोचमा आधारित यस्ता समस्या समाधान गर्न शिक्षा र सचेतना बढाउनु जरुरी छ ।

**छुवाछुतले पार्ने असरहरू**

१. व्यक्तिमा हिनता बोध र आत्मग्लानि हुने
२. सुविधा र अवसरमा विभेद रहने
३. सामाजिक सम्मान न्यून हुने
४. सामाजिक विभेद र विग्रहको स्थिति रहने
५. सामाजिक द्वन्द्व बढ्ने
६. सामाजिक सहयोग र सद्भावको पक्ष कमजोर रहने ।

**छुवाछुत समाधानका उपायहरू**

१. चेतना जागरण
२. शिक्षाको प्रचार प्रसार
३. कडा कानुनी प्रबन्ध
४. सहकार्य, सहयोग र सद्भाव वृद्धिका कार्यक्रम सञ्चालन
५. सामाजिक समावेशिता कायम
६. सकारात्मक विभेदको व्यवस्था ।

## क्रियाकलाप

१. तपाईंको क्षेत्रमा कुनै न कुनै खालको घरेलु हिंसा भएको वा भइरहेको होला । त्यस्ता समस्याहरूको समाधान गर्नका लागि अपनाउन सकिने उपायको सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् ।
२. एक्काइसौँ शताब्दीमा पनि नेपाली समाजबाट छुवाछुत हट्न सकेको छैन । यस समस्याबाट नेपाली समाजलाई मुक्त गराउन के कस्ता उपायहरू अपनाउँदा प्रभावकारी होला ? आफ्नो सुझावहरू बुँदागत रूपमा लेख्नुहोस् ।

## अभ्यास

(क) घरेलु हिंसा हुनाका कारणहरू लेख्नुहोस् ।
(ख) छुवाछुत समाजको कलङ्क हो भन्ने भनाइमा आधारित संवाद तयार गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायको प्रबुद्ध व्यक्तिहरूलाई भेट गरी घरेलु हिंसा र छुवाछुत जस्ता सामाजमा हुने र भइरहेका कुप्रथा हटाउन के कस्ता कार्यहरू गर्नु आवश्यक हुन्छ ? समूहमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# केही गलत प्रथाहरू

## (क) घुम्टो प्रथा



विवाहित महिलाहरूले मान्यजन र पुरुषहरूको अगाडि जाँदा सधैँ घुम्टाले अनुहार छोप्नुपर्ने प्रचलनलाई घुम्टो प्रथा भनिन्छ । यस्तो प्रथा नेपालको पूर्वी र मध्य तराईमा प्रचलनमा छ । यस अवस्थामा पहिलो बच्चा नभएसम्म उज्यालोमा सौच गर्नसमेत प्रतिबन्ध गरिएको हुन्छ । यस्तो अन्धविश्वासी रुढिवादी प्रथाका कारण घुम्टोभित्र लुक्नुपर्दा महिलाहरूको व्यक्तित्व विकासमा बाधा भइरहेको छ । घुम्टाका कारण विवाहपश्चात् प्रायः सबै महिलाहरू अगाडि बढ्नबाट वञ्चित छन् । शिक्षा र अवसरबाट वञ्चित हुनु परेको छ । शिक्षा, सामाजिक जागरण, राजनीतिक र सामाजिक दबाबमार्फत यस्ता कार्यहरूमा सुधार ल्याउन सकिन्छ ।

## (ख) देउकी र झुमा प्रथा

महारोग लागेमा, छोरा नभएमा वा आफ्नो मनोकाङ्क्षा पुरा गर्न आफ्नै वा गरिब परिवारका छोरी किनेर मन्दिरमा चढाउने प्रचलनलाई देउकी प्रथा भनिन्छ । मन्दिरमा चढाइने कन्यालाई देउकी भनिन्छ । विशेष गरी सुदूर पश्चिम क्षेत्रमा प्रचलनमा रहेको यस प्रथाका कन्याहरूले मन्दिरमा चढाइएको दानभेटीबाट गुजारा गर्थे । त्यसैगरी नेपालको उत्तरी भेगमा बसोबास गर्ने शेर्पा समुदायका माइली छोरीलाई बौद्ध गुम्बाहरूमा सेवा गर्न चढाउने प्रचलन छ । यस प्रचलनलाई झुमा प्रथा भनिन्छ । तिन ओटी छोरी भएमा माइली छोरी झुमा र तिन ओटा छोरा भएमा माइला छोरालाई ढावा (लामा) का रूपमा गुम्बाको हेरचाह गर्ने काममा लगाइन्छ । मानव अधिकारका विरुद्ध रहेका यी दुवै प्रथाहरू सामाजिक कलङ्क भएकाले जरैदेखि हटाउनुपर्छ । चेतना वृद्धि, कडा कानुनी प्रबन्ध, शिक्षा र अवसरको वृद्धि आदि मार्फत यस्ता अनुचित सामाजिक व्यवहारलाई निरुत्साहित गर्न सकिन्छ ।

## (ग) छाउपडी



महिलाहरूले महिनावारी हुँदा घरभन्दा एकान्त स्थानको छाउ (गोठ) मा बसी कष्टपूर्ण रूपले समय बिताउनुपर्ने सामाजिक नियम भएको प्रथा छाउपडी हो । यो प्रथा नेपालका सुदूर र मध्य पश्चिमाञ्चल क्षेत्रका केही ग्रामीण क्षेत्रमा प्रचलनमा छ । महिलाहरूको मासिक धर्मको प्रक्रियालाई गलत ढङ्गबाट ब्याख्या गरी असुरक्षा र जोखिमको अवस्थाबाट

Curriculum Development Centre

महिलाहरूलाई गुज्रन बाध्य यसलाई गलत सामाजिक प्रयोगका रूपमा लिइएको हो । नियमित शारीरिक प्रक्रियालाई गलत व्याख्या गरी अन्ध विश्वासमा चल्नु यसको अर्को ठुलो कमजोरी हो । यस्तो प्रथाबाट ग्रसित महिलाहरू शारीरिक पीडा, सर्पको डसाइ, अपराधीको सिकार र जङ्गली जीवजन्तुको आक्रमणबाट प्रभावित भइरहेका छन् । सामाजिक सचेतना वृद्धि, समान सामाजिक व्यवहार र लैङ्गिक समता कायम गर्न सकेमा यस प्रथामा सुधार ल्याउन सकिन्छ ।

### (घ) दाइजो

विवाहको क्रममा दुलही पक्षले दुलाहा पक्षलाई राजीखुसी, सहमति, दबाब वा अनुरोधमा प्रदान गर्ने नगद, जिन्सी धन सम्पत्ति र सामग्रीलाई दाइजो भनिन्छ । दाइजो लिनेदिने चलन कुनै न कुनै रूपमा विगतदेखि नै चलिआएको छ । हिजोआज यस्तो व्यवहारलाई इज्जत वा प्रतिष्ठासँग जोडी प्रतिस्पर्धा गर्नाले समस्या बिकराल बन्दै गएको छ । यसबाट सामाजिक सन्तुलन र सद्भाव कायम गर्न बाधा पुगेको छ । फलस्वरूप दाइजोको विषयलाई आधार बनाई महिला हिंसा, घरेलु हिंसा, पारिवारिक विखण्डन, आत्महत्या जस्ता घटनाहरू घटिरहेका छन् ।

दाइजो लिनेदिने चलनले तराई र सहरीकरण भएका क्षेत्रहरू धेरै प्रभावित छन् । दाइजो दिन नसक्ने परिवारमा छोरीको विवाह हुन कठिन हुने तथा दाइजो नल्याउने बुहारीमाथि पारिवारिक हिंसा हुने क्रम बढ्दो स्थितिमा रहेको भेटिन्छ । दाइजोले समाजमा हिंसा, बेमेल र अस्थिरता बढेको छ । यसले गर्दा व्यक्ति, परिवार र समाजको भविष्य अन्योलमा पर्छ । यसर्थ हरेक नागरिकले सुसभ्य समाज बनाउन सङ्गठित भई दाइजो लिनेदिने विरुद्ध लाग्नुपर्छ । शिक्षा र चेतना जागरण सङ्गठित सोच र कार्यक्रम सञ्चालन, कडा कानुनी प्रबन्ध जस्ता कार्यबाट यस विरुद्धको अभियानलाई सशक्त बनाउन जरुरी छ ।

### क्रियाकलाप

१. तपाईंको समाजमा छाउपडी, घुम्टो प्रथा वा यस्तै कुनै समस्याहरू प्रचलित छन् ? छन् भने ती समस्याहरूको सूची बनाउनुहोस् । तीमध्ये कुन चाहिँ समस्याले समाजमा सबैभन्दा बढी असर गरिरहेको छ ? त्यसको समाधानका उपाय के के हुन सक्छन् ? कक्षाका साथीहरूसँग छलफल गरी समाधानका लागि उपायहरू प्रस्तुत गर्नुहोस् ।

२. नेपाली समाजमा प्रचलित सामाजिक समस्याहरूले पुरुषलाई भन्दा महिलाहरूलाई बढी कष्ट र असहजतामा पारिरहेको भेटिन्छ । किन त्यस्तो भएको होला ? ती समस्याहरूको समाधानार्थ के कस्ता कार्यहरू गर्नुपर्ला ? उपायहरू सुझाउनुहोस् ।

३. दाइजो दिने, लिने चलन विकृतिका रूपमा बढ्नाले नेपाली समाजमा ठुलो समस्या भइरहेको देखिन्छ । तपाईंको समाजमा दाइजोका कारण कुनै नराम्रो घटना भएको छ ? छ भने समस्या उल्लेख गरी अब आइन्दा त्यसो हुन नदिन के कसो गर्नुपर्ला ? जोडीमा छलफल गरी समाधानका उपायहरू सुझाउनुहोस् ।

Curriculum Development Centre

४. छाऊपडी प्रथाबाट नेपालका मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रका निरक्षरहरू मात्र नभई दक्ष र शिक्षित महिलाहरूसमेत प्रभावित भइरहेका समाचारहरू बेलाबखत सञ्चार माध्यमहरूबाट जानकारीमा आइरहन्छ । २१ औँ शताब्दीमा पनि यस क्षेत्रबाट छाउपडी प्रथा किन हट्न नसकेको होला ? यो प्रथामा के कसरी सुधार ल्याउन सकिन्छ ? भन्ने सन्दर्भमा आधारित भई दुई छात्राहरू बिचको संवाद तयार पार्नुहोस् ।

५. हिजोआज पुरुषहरू पनि घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा कता कता सुनिन थालेका छन् । यस किसिमका हिंसा किन हुन्छन् र कसरी समाधान गर्न सकिएला समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) 'दाइजो लिनु र दिनु सामाजिक अपराध हो' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) 'छाऊपडी अन्ध विश्वासको परिणाम हो' । उदाहरणसहित यस भनाइलाई प्रस्ट गर्नुहोस् ।

(ग) 'घुम्टो प्रथाले महिलाको व्यक्तित्व विकासमा बाधा पुऱ्याउँछ' भन्ने शीर्षकमा एउटा निबन्ध तयार पार्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा कुनै पनि अन्ध विश्वासमा आधारित व्यवहारहरू भइरहेका होलान् । यदि छन् भने ती अन्ध विश्वासी व्यवहारहरूका बारेमा १६ वर्षदेखि ४५ वर्षसम्मका कम्तीमा ५ महिला र ५ पुरुषहरूको मत लिनुहोस् । प्राप्त विचारहरूका आधारमा सो परम्पराको असर र त्यसमा देखापर्न सक्ने परिवर्तनको अनुमान गरी प्रतिवेदन लेख्नुहोस् ।

Curriculum Development Centre

# पाठ : चार

# सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका

## (क) रेडक्रस




स्विस नागरिक हेनरी ड्युनाको पहलमा मानव सेवाका लागि सन् १८६३ मा स्विट्जरल्यान्डमा स्थापित यो संस्था विश्वव्यापी रूपमा क्रियाशील छ । सेतो पृष्ठभूमिमा रातो जोड (क्रस) चिह्न युक्त झन्डाले विश्वभर रेडक्रसको गतिविधिलाई प्रतिबिम्बित गर्छ । संसारभर रेडक्रसको नामले प्रचार भए पनि इस्लाम बाहुल्य मुलुकहरूमा यसलाई रातो अर्धचन्द्र र इजरायलमा रेडस्टार नामबाट चिनिन्छ । रेडक्रसका गतिविधिहरूमा युद्धको समयमा घाइतेको उद्धार, उपचार र युद्धरत पक्षहरूबिच मध्यस्थता एवम् युद्ध विरामको अनुगमन, प्राकृतिक प्रकोप वा विपत्तिमा स्वास्थ्य सेवा, आपत्कालीन वासस्थान, भाँडाकुँडा र खाद्य सहयोग, रक्त सञ्चार सेवा, आधारभूत स्वास्थ सेवा र स्वच्छ खानेपानी सेवा आदि उल्लेख्य छन् ।

## (ख) स्काउट




बेलायती नागरिक वेडेन पावेलले स्वयंसेवी सैनिक दस्ताका रूपमा स्काउट गठन गरेका हुन् । मानव हितमा खट्न पहिलो विश्वमा सन् १९०७ मा बेलायतमा स्काउट गठन गरिएको हो । युद्ध मोर्चामा खटाइबाट परिपक्व वेडेन पावेलले बेरोजगार युवा जमातलाई बिग्रिनबाट बचाई सत्मार्गमा लगाउन यस प्रकारको सोच बनाएका थिए । उक्त सोचअनुसार समाज सेवामा योगदान  पुऱ्याउन उनले २० जना युवाहरूलाई सङ्गठित गरी स्काउटको स्थापना गरेका थिए । स्काउटका गतिविधिमा प्रकोप वा विपत्तिका अवस्थामा उद्धार गर्ने, भिड व्यवस्थापनमा खट्ने, युवाहरूमा अनुशासन, कला, सिप र दक्षता कायम गराउने,  वृक्षा रोपण तथा सरसफाइ गर्ने, खानेपानी योजना जस्ता वातावरणीय गतिविधिहरू सञ्चालन सञ्चालन गर्ने आदि प्रमुख छन् ।

## (ग) एस.ओ.एस.



अस्ट्रियाका नागरिक हर्मन माइनरले यस संस्थाको स्थापना गरेका हुन् । यसले समाजमा अलपत्र परेका तथा अभिभावक विहीन बाल बालिकाहरूलाई संरक्षण प्रदान गर्छ । यस संस्थाले पारिवारिक वातावरणमा स्याहार पुऱ्याउँदै आएको छ । यस संस्थाले हाल विश्वका १३३ भन्दा बढी मुलुकहरूमा आफ्नो परोपकारी कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । नेपालको सानोठिमी भक्तपुर, इटहरी, पोखरा, चितवन, बनेपा, नेपालगञ्ज, सुर्खेतलगायतका स्थानहरूमा एस.ओ.एस.ले स्तरीय सुविधासहितका बालग्राम

Curriculum Development Centre

र विद्यालयहरू सञ्चालन गरिरहेको छ । टुहुरा र पारिवारिक ममता नपाएका नेपाली बाल बालिकाहरूको संरक्षण र विकास गर्नुका साथै उनीहरूको सुनौलो भविष्य निर्माणमा निरन्तर क्रियाशील छ ।

नेपालमा एसियाली विकास बैङ्क, विश्व बैङ्क, युरोपियन युनियन, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, डेनिडा, फिनिडा, जेसिज, लियो र लायन्स क्लब जस्ता संस्थाहरू पनि क्रियाशील छन् । नेपालको भौतिक, आर्थिक, शैक्षिक, सामाजिक र वातावरणीय संरक्षण तथा विकासमा विभिन्न ढङ्गबाट सहयोग पुऱ्याउँदै आइरहेका छन ।

## क्रियाकलाप

१. नेपालमा सामाजिक समस्याहरूको समाधानार्थ कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरूमध्ये तपाईं बसेको क्षेत्रमा पनि कुनै एक संस्था कार्यरत होलान् । उक्त संस्थाले तपाईंको क्षेत्रमा गर्दै आएका कामहरू र तिनका उद्देश्यहरू के के छन् ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउटले नेपालमा २०७२ वैशाख १२ गतेको भूकम्प पीडितहरूलाई के कसरी सहयोग पुऱ्याएको थियो ? तपाईंको अनुभव र त्यस बेलाका पत्र पत्रिका, रेडियो, टेलिभिजनलगायतका विभिन्न सञ्चार माध्यमहरूबाट प्रसारित खबरहरू समेतका आधारमा तलको तालिका भर्नुहोस् :

| क्र.स. | नेपाल रेडक्रस सोसाइटीका कार्यहरू | नेपाल स्काउटका कार्यहरू |
|---|---|---|
| | | |

३. जोडी जोडीमा रही तल प्रस्तुत शब्दहरूको प्रयोग गरी स्काउटको सम्बन्धमा पाँच वाक्यहरू तयार पार्नुहोस् :
चारदेखि पच्चिस वर्ष, प्रतिज्ञा, हाँकयुक्त, उच्चस्तर, देशवासी र राष्ट्र, सहयोग, आनन्द, विश्व व्यापकता, शान्ति ।

४. एस.ओ.एस.को गतिविधिबाट नेपाली समाजलाई प्राप्त सहयोग सम्बन्धमा आफ्ना जानकारी र मूल्याङ्कनलाई बुँदागत रूपमा टिपोट गरी कक्षामा साथीहरूबिच छलफल गर्नुहोस् र छलफलबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा चार्टमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) रेडक्रसका स्थापना गर्नाका कारण उल्लेख गर्नुहोस् ।
(ख) 'स्काउट जुझारु युवाहरूको दस्ता हो ।' तर्कसहित यस भनाइलाई स्पष्ट पार्नुहोस् ।
(ग) एस.ओ.एस. को पुरा रूप लेख्नुहोस् ।
(घ) एस.ओ.एस. का योगदानमाथि समीक्षा गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको विद्यालय वा क्षेत्रमा, रेडक्रस वा स्काउटको समूह क्रियाशील रहेको हुनुपर्छ। ती टोलीका प्रमुखसँग सम्पर्क गरी ती संस्थासँग काम गर्ने प्रेरणाका स्रोत, गरेका कार्य विवरण र कामका चुनौतीका सम्बन्धमा छलफल गर्नुहोस् । छलफलमा आधारित भई भित्ते पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# अन्य केही अन्तर्राष्ट्रिय संस्थाहरू

ASIAN DEVELOPMENT BANK
THE WORLD BANK
UNFPA
United Nations Population Fund

अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू नेपाली समाजमा रहेका सामाजिक समस्या समाधान गर्न सक्रिय छन् । यिनीहरूले आर्थिक र प्राविधिक रूपमा सहयोग पुऱ्याउँदै आएका छन् । गरिबी, अशिक्षा, कुरीति र अन्ध विश्वासमा यस्ता सामाजिक समस्याहरू नेपालमा क्रियाशील संस्थाहरूको सकारात्मक भूमिका महत्त्वपूर्ण छ । परम्परागत रूपमा प्रचलित अन्ध विश्वास र कुसंस्कार विरुद्ध शिक्षा, चेतना र सामाजिक जागरणमा यी संस्थाहरूको भूमिका सकारात्मक रहनु जरुरी हुन्छ ।

## नेपालमा कार्यरत विभिन्न मुलुकका सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरू

### इन्टरनेसनल नेपाल फेलोसिप

INTERNATIONAL NEPAL FELLOWSHIP

यस संस्थाले लागु पदार्थका दुर्व्यसनी युवाहरूलाई दुर्व्यसनबाट मुक्त गराई सहज र सम्मानका साथ नैतिकवान् भई जीवन जिउन सहयोग गर्छ । यस संस्थाले विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । साथै यस संस्थाले उपचारात्मक सेवाका लागि पोखरा र सुर्खेतमा अस्पतालसमेत सञ्चालन गरिरहेको छ ।

### प्लान नेपाल

गरिबीले ग्रस्त नेपाली बाल बालिकाहरूको सुनौलो भविष्य बनाउने ध्येयले यो संस्था लामो समयदेखि क्रियाशील छ । यस संस्थाले नेपालमा खास गरी विद्यालय भवनको निर्माण, पाठ्य पुस्तक र शैक्षिक सामाग्रीहरूको वितरण, पुस्तकालयको स्थापना र सञ्चालन, स्वास्थ्य र प्रतिभा प्रर्वधनका लागि सहयोग गरिरहेको छ । बाल बालिकाहरूलाई समूहमा सहभागी गराई उनीहरूको चेतना, अधिकार र शिक्षाको प्रवर्धनमा यो संस्था कार्यरत छ । बाल बालिकाहरूबिच सहकार्य र सम्पर्क विकास गरी अवसरमा पहुँच विकास गराउन यो संस्था क्रियाशील छ ।

Plan
gibt Kindern eine Chance

Curriculum Development Centre

### अन्तर्राष्ट्रिय श्रम सङ्गठन

यो संस्था संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत निकाय हो । यो संस्था सबैखाले बालश्रमको उन्मूलन, श्रम कानुन र श्रमनीतिको निर्माण एवम् कार्यान्वयनका साथै श्रमिक हकहितको गतिविधिमा कार्यरत छ । मूलतः नेपालबाट बालश्रमको अन्त्य गर्नका लागि यो संस्था विभिन्न कार्यक्रमहरू सञ्चालनमा केन्द्रित छ । नेपालका सहरी र सहरोन्मुख क्षेत्रमा देखा परिरहेको बाल श्रम निराकरण गर्नमा यो संस्था सक्रिय छ ।

### रोटरी इन्टरनेसनल

अशक्त र विपन्नहरूको सेवामा कार्यरत यस संस्थामा विभिन्न मुलुकका वरिष्ठ पेसाकर्मीहरूको संलग्नता र सहयोग छ । सामाजिक विकासका लागि विभिन्न क्षेत्र र संस्थाहरूसँग सहकार्य गर्दै यो संस्थाले स्वास्थ्य शिविर, स्वच्छ पिउने पानी, विद्यालय भवन निर्माण, पुस्तकालयहरूको स्थापना र सञ्चालन, सिप विकास तथा नेतृत्व विकासका तालिमहरूसमेत सञ्चालन गर्छ ।

### अन्तर्राष्ट्रिय विकासका लागि नर्वेजियन संस्था

यो संस्था वि.सं २०२८ देखि नेपालमा कार्यरत छ । नयाँ शिक्षा पद्धतिको विकास र प्रवर्धनमा सक्रिय यो संस्था हाल नेपालमा महिलाहरूको हक अधिकारका क्षेत्रमा सक्रिय छ । मुख्य रूपमा नेपाली विपन्न महिलाहरूका लागि आवश्यक कानुनी सेवा र उपचारमा यस संस्थाले निःशुल्क कानुनी सेवा उपलब्ध गराउँदै आएको छ ।

### अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ

स्विट्जरल्यान्डको जेनेभामा केन्द्रीय कार्यालय रहेको यो संस्थाले नेपाल र नेपालीमा व्याप्त गरिबी र अशिक्षाका कारण प्राकृतिक वातावरणमाथि परेको विनाशको दबाब र बढ्दो अवैध कारोबारलाई रोक्न सक्रिय छ । जैविक विविधताको संरक्षण र संवर्धनमा यसले आफ्ना कार्यक्रमलाई केन्द्रित गरेको छ। नेपालमा वन्यजन्तु र वनस्पतिको प्रजाति संरक्षण गर्ने कार्यमा यसले आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ ।

### डेनिस अन्तर्राष्ट्रिय विकास नियोग

डेनमार्क सरकारको आर्थिक र प्राविधिक लगानीमा अन्तर्राष्ट्रिय विकास कार्यमा योगदान गर्दै आएको यस संस्थाले नेपालका अपाङ्गहरूको क्षमता विकास र आत्म निर्भरताका लागि सहयोग पुऱ्याउँदै आइरहेको छ ।

Curriculum Development Centre

## क्रियाकलाप

१. तपाईँको समुदायमा के कस्ता सामाजिक समस्याहरू छन् ? ती समस्याहरूको समाधानार्थ समुदायका सदस्यहरूले के कस्ता गतिविधिहरू सञ्चालन गर्दै आउनुभएको छ ? सबै कुराहरू समेटी एक अनुच्छेद तयार पार्नुहोस् ।

२. वर्तमान समयमा शिक्षा र चेतनाको स्तर विगतको तुलनामा निकै बढी भएता पनि युवाहरूमा लागु पदार्थको दुर्व्यसनको कुलत जस्ता सामाजिक समस्याहरू किन बढ्दै गएका होलान् ? यस्ता समस्याहरूबाट राष्ट्रको भविष्यको आधार मानिएको युवापुस्तालाई जोगाउन के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नु उपयुक्त होला ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

३. नेपालको सामाजिक समस्याको समाधानार्थ क्रियाशील कुनै एक अन्तर्राष्ट्रिय सहयोगी संस्थाको सम्बन्धमा तथ्यहरू खोजी गरी विवरण तयार पार्नुहोस् ।

४. अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ वातावरणीय समस्याको समाधान र विकासका लागि काम गर्ने संस्था हो । नेपालमा यो संस्थाबाट कुन खालको वातावरणीय समस्या समाधानका लागि बढिभन्दा बढी सहयोग लिनुपर्ला ? सुझाव दिनुहोस् ।

## अभ्यास

(क) अन्तर्राष्ट्रिय नेपाल फेलोसिफले नेपालमा गरिरहेका कार्यहरू लेख्नुहोस् ।

(ख) प्लान नेपालले नेपाली बाल बालिकाहरूको विकासमा पुऱ्याउँदै आएको सहयोगका सम्बन्धमा आफ्नो विचार लेख्नुहोस् ।

(ग) अन्तर्राष्ट्रिय विकासका लागि नर्वेजियन संस्थाले 'नेपालको बहुक्षेत्रीय विकासमा सहयोग गर्दै आएको छ' भन्ने कुरालाई उदाहरण दिई प्रस्ट पार्नुहोस् ।

(घ) अन्तराष्ट्रिय श्रम सङ्गठनले नेपालमा पुऱ्याएका योगदानहरूको सूची तयार पार्नुहोस् ।

## सामुदायिक कार्य

कक्षाका सबै विद्यार्थीहरू चार समूहमा विभक्त हुनुहोस् । प्रत्येक समूहले नेपालको सामाजिक समस्याको समाधानमा सहयोग गरिरहेका चार/चार संस्थाहरूका सम्बन्धमा नदोहोरिने गरी तलका बुँदाहरूमा आधारित भई विवरण तयार पार्नुहोस् र समूहगत रूपमा पालैपालो कक्षामा प्रस्तुत गर्नुहोस् :

संस्थाको नाम र स्थापना वर्ष :

स्थापना भएको मुलुक :

संस्थाको लक्ष्य र उद्देश्य :

संस्थाको कार्यक्षेत्र :

संस्थाले सञ्चालन गरेका मुख्य गतिविधिहरू :

Curriculum Development Centre

## पाठ : छ सामाजिक समस्याको पहिचान र समस्या समाधानको सिप

नेपाली समाजमा सजिलै देख्न र भेटन सकिने केही सामाजिक परिवेशका चित्रहरू हेरौँ :



(क) राम र भरत अन्यन्त मिल्ने साथीहरू हुन् । रामले साथीहरूको सङ्गतबाट चुरोट पिउन सिकेको हुनाले भरतलाई पनि बेला बेलामा चुरोट पिउन कर गर्छ । तर भरतलाई रामको कुरा पटक्कै मन परेको छैन ।

१. माथिका घटनासँग सम्बन्धित समस्याहरू के के होलान् ?

२. यस घटनामा प्रस्तुत समस्याहरू समाधानका सम्भाव्य विकल्पहरू तयार पार्नुहोस् ।

३. प्रत्येक विकल्पको फाइदा बेफाइदाको सूची बनाउनुहोस् ।

४. तयार पारिएका विकल्पमध्ये कुन विकल्प उपयुक्त होला र किन ?

५. उपयुक्त विकल्पको कार्यान्वयन कसरी गर्नुपर्ला ?

गरिमाको समूहले माथिको घटनासँग सम्बन्धित रही तयार पारेको समूह निष्कर्षको खाका तल प्रस्तुत गरिएको छ ।

१. घटनासँग सम्बन्धित समस्या : धूमपान

२. समस्या समाधानका सम्भाव्य विकल्पहरू : इन्कार गर्ने, प्रस्ताव स्वीकार गर्ने, टार्ने

३. (क) इन्कार गर्दा हुने फाइदा : कुलतबाट बचिने, विद्यालयमा अपमानित हुनु नपर्ने, परिवारमा राम्रो सम्बन्ध हुने, पैसा जोगिने, स्वास्थ्यमा समस्या नआउने

बेफाइदा : साथी रिसाउने, सम्बन्ध टुट्न सक्ने

(ख) प्रस्ताव स्वीकार गर्दा हुने फाइदा : साथी खुसी हुने, सम्बन्ध प्रगाढ हुने

बेफाइदा : स्वास्थ्य बिग्रने, कुलतमा फसिने खतरा रहने, विद्यालयमा थाहा भएमा अपमानित हुनुपर्ने, परिवारमा थाहा भएमा गाली खाइने, पैसा खर्च हुने, गलत साथीहरूको सङ्गत बढ्दै जाने

(ग) टार्नेका फाइदा : तत्काललाई ठिकै हुने, अरू विकल्प खोज्न समय मिल्ने

Curriculum Development Centre

बेफाइदा : साथीले फेरि कर गर्न सक्ने, आक्रामक हुने खतरा रहने

४. इन्कार गर्ने विकल्प नै उपयुक्त हुन्छ, किनभने यसका धेरै फाइदाहरू छन् र थोरै मात्र बेफाइदा छन् । यो विकल्पमा नै भरत बढी खुसी रहन सक्छ ।

५. चुरोटबाट हुने बेफाइदा बताउने, यसको सेवन नगर्न सल्लाह दिने, आफू कहिल्यै प्रयोग नगर्ने कुरा साथीलाई निर्धक्कका साथ भन्ने र रामले इन्कार गर्दा नै यसको सफल कार्यान्वयन हुन्छ ।

## क्रियाकलाप

१. पाठको सुरुमा भएका तिन ओटा तस्बिरहरूले प्रस्तुत गरिरहेको अवस्था तपाईंको समुदायमा पनि होला । त्यस सम्बन्धमा परिवारमा अभिभावकसँग छलफल गरी तिनका समाधानको उपायहरू कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा बाल बालिकाको अवस्था झल्कने चित्र बनाई विद्यालयमा सबैले देख्ने स्थानमा टाँस गर्नुहोस् ।

३. सक्षम युवापुस्ताले देशबाट बाहिरिनुलाई आनन्दको अवसर मान्छन्। विदेशको बसोबासका लागि प्राप्त अनुमति ठुलो मौका मान्छन् । यी सन्दर्भका बारेमा तपाईंको प्रतिक्रिया/सोचाइ के कस्तो रहेको छ ? कक्षामा वक्तृत्व प्रतियोगिता कार्यक्रम सञ्चालन गरी तपाईंका आशय प्रस्तुत गर्नुहोस् ।

४. सामाजिक समस्याको पहिचान र समस्या समाधानको सिप शीर्षकमा कक्षामा छलफल कार्यक्रम गर्नुहोस् ।

५. तल दिइएको घटनाको पनि पाठमा दिएजस्तै समस्या समाधान गर्नुहोस् ।

सीता भर्खर १४ वर्षकी भइन् । पल्लो गाउँको राम्रो परिवारबाट उनको विवाहको प्रस्ताव आएकाले उनको परिवार छलफलमा जुट्न थालेको छ । तर सीता भने आफ्नो पढाइलाई निरन्तरता दिन चाहिरहेकी छन् । भविष्यमा सक्षम योग्य नागरिक भई देशको सेवा गर्ने आफ्नो धोकोलाई विवाहको कुराले अप्ठ्यारामा पार्न सक्ने कुराले सीताको चिन्ता बढेको छ ।

## अभ्यास

(क) बाल विवाहका नकारात्मक पक्षहरू के के हुन् ? लेख्नुहोस् ।

(ख) 'वर्तमान अवस्थामा पनि नेपाली बाल बालिकाहरू श्रम गर्न बाध्य छन् ।' यस सन्दर्भका कारणहरू लेख्नुहोस् ।

(ग) मानिसहरूमा राम्रो के हो ? खराब के हो ? भन्नेतर्फ सोच्ने बनाउन के कस्ता उपायहरू अपनाउनुपर्ला ? उपायहरू लेख्नुहोस् ।

## सामुदायिक कार्य

समुदायमा सर्वेक्षण गरी समुदायमा रहेका सामाजिक समस्याहरू पहिचान गर्नुहोस् । समुदायका अगुवाहरूसँग छलफल गरी सर्वेक्षणबाट पत्ता लागेका समस्याहरूको समाधान गर्ने उपाय खोज्नुहोस् ।

Curriculum Development Centre

एकाइ
%

# नागरिक चेतना

## पाठ : एक　व्यवस्थापिका



राज्यका तिन प्रमुख अङ्गमध्ये व्यवस्थापिका एक महत्त्वपूर्ण अङ्ग हो । यसले राज्य सञ्चालनका लागि आवश्यक पर्ने कानुन बनाउँछ । नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको सङ्घीय व्यवस्थापिका रहने प्रावधान छ । नेपालमा सङ्घीय व्यवस्थापिकालाई सङ्घीय संसद् पनि भनिन्छ ।

प्रतिनिधि सभामा पहिलो हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित ११० गरी कुल २७५ सदस्य रहन्छन् । प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।

राष्ट्रिय सभा ५९ सदस्य रहेको स्थायी सदन हो । प्रत्येक प्रदेशबाट आठ जनाको दरले सात प्रदेशको ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मनोनित तिन जना सदस्य रहने व्यवस्था छ । यसमा महिला सहभागिता एक तिहाइभन्दा बढी रहने प्रावधान छ । राष्ट्रिय सभाको सदस्यहरूको पदावधि छ वर्षको हुन्छ र एक तिहाइ सदस्यहरूको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ ।

**सङ्घीय संसद्को सदस्य हुन निम्न लिखित योग्यता हुनुपर्छ :**

(क) नेपालको नागरिक

(ख) प्रतिनिधि सभाका लागि पच्चिस वर्ष र राष्ट्रिय सभाका लागि पैँतिस वर्ष उमेर पुरा भएको

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको

(घ) कुनै सङ्घीय कानुनले अयोग्य नभएको

(ङ) कुनै लाभको पद धारण नगरेको ।

Curriculum Development Centre

प्रतिनिधि सभामा सभामुख र उपसभामुख तथा राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्ष रहने व्यवस्था छ । दुवै निकायका दुवै पदमा फरक लिङ्ग र राजनीतिक दलको प्रतिनिधित्व हुनुपर्ने प्रावधान छ ।

सङ्घीय संसद्मा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने र प्रमाणित गर्ने निश्चित कार्यविधि हुन्छ । सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ तर अर्थ विधेयक भने प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिन्छ । सङ्घीय संसद्को एउटा सदनले विधेयक पारित गरेपछि त्यसलाई यथाशीघ्र अर्को सदनमा पठाउनुपर्छ । सो सदनले पनि पारित गरेपछि विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गरिन्छ । पेस गर्नुअगाडि सो विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गर्नुपर्छ । यसरी प्राप्त भएको विधेयक राष्ट्रपतिबाट पन्ध्र दिनभित्र प्रमाणीकरण गरी दुवै सदनलाई जानकारी दिनुपर्छ ।

नेपालको संविधानले प्रदेश व्यवस्थापिकाको प्रावधानसमेत राखेको छ । प्रत्येक प्रदेश व्यवस्थापिकामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीबाट ४० प्रतिशत सदस्यहरू निर्वाचित हुने व्यवस्था छ । व्यवस्थापिकाले आफ्नो प्रदेशका लागि आवश्यक कानुनको निर्माण गर्छ ।

**व्यवस्थापिकाका कार्यहरू**

**१. कानुन निर्माण सम्बन्धी कार्य**

जननिर्वाचित प्रतिनिधिमार्फत जनभावनाअनुरूप कानुन निर्माण कार्यमा व्यवस्थापिकाको भूमिका महत्त्वपूर्ण रहन्छ । व्यवस्थापिकामा प्रस्तुत विधेयकहरू छलफल, बहस र आवश्यकताअनुसार परिमार्जन भई राष्ट्रपतिबाट पारित हुन्छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कानुन बन्छ । मुलुकको आवश्यकताबमोजिम प्रचलित कानुनमा संशोधन तथा नयाँ कानुनको निर्माण गर्नु व्यवस्थापिकाको कार्य हो ।

**२. प्रशासनिक कार्य**

सरकार प्रमुखको चयन व्यवस्थापिकाका सदस्यबाट हुन्छ । व्यवस्थापिकाका बहुमत सदस्यहरूको विश्वास रहेसम्म मन्त्री मण्डल कायम रहन्छ । व्यवस्थापिकाका सदस्यले प्रश्न सोधेर, ध्यानाकर्षण प्रस्ताव राखेर र आलोचना गरेर कार्य पालिकामाथि नियन्त्रण गर्छन् । मन्त्री मण्डल विरुद्ध अविश्वासको प्रस्ताव ल्याउने अधिकार व्यवस्थापिकालाई हुन्छ ।

**३. आर्थिक नियन्त्रण सम्बन्धी कार्य**

आर्थिक नियन्त्रण व्यवस्थापिकाको अर्को महत्त्वपूर्ण कार्य हो । देशको वार्षिक बजेट पारित गर्न यसको विशेष भूमिका रहन्छ । व्यवस्थापिकाको स्वीकृति बिना कर लगाउन र सरकारी रकम खर्च गर्न पाइँदैन । यसरी व्यवस्थापिकालाई आर्थिक मामिलामा धेरै अधिकार प्रदान गर्नाले राज्यको राजस्वमा जनताको अधिकार स्थापित भएको मानिन्छ । तसर्थ जनताको प्रतिनिधिका रूपमा व्यवस्थापिकाले आर्थिक नियन्त्रण कायम राख्छ ।

Curriculum Development Centre

### ४. संविधान संशोधन सम्बन्धी कार्य

विश्वका धेरैजसो देशहरूमा संविधान संशोधन गर्न पाउने अधिकार संविधानमा नै व्यवस्था गरिएको हुन्छ । नेपालको संविधानमा व्यवस्थापिकाको दुई तिहाइ सदस्यको बहुमतले संविधान संशोधन गर्न सकिने प्रावधान छ ।

## क्रियाकलाप

१. नेपालको संविधानमा प्रतिनिधि सभा सञ्चालन विधि खोजी सभामुख र सदस्यको भूमिका अभिनय गर्नुहोस् ।

२. व्यवस्थापिकाको सदस्य हुनका लागि चाहिने योग्यतालाई चार्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. चार समूहमा विभक्त प्रत्येक समूहले व्यवस्थापिकाको एउटा कार्य लिई सो सम्बन्धमा समूहगत छलफल गरी कक्षामा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

४. विधेयकबाट कानुन बन्ने प्रक्रिया उल्लेख गरी एक संवाद तयार गर्नुहोस् ।

## अभ्यास

(क) व्यवस्थापिका भनेको के हो ? हाम्रो देशको व्यवस्थापिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ख) सङ्घीय संसद्को सदस्य हुन चाहिने योग्यताको समीक्षा गर्नुहोस् ।

(ग) व्यवस्थापिकाका कार्यहरूको सूची बनाउनुहोस् ।

(घ) राष्ट्रिय सभामा महिला सहभागिताको व्यवस्थामाथि टिप्पणी गर्नुहोस् ।

(ङ) वर्तमान प्रतिनिधि सभाका सभामुख र उपसभामुखको नाम लेख्नुहोस् ।

Curriculum Development Centre

**पाठ : दुई**

# कार्य पालिका



कानुन कार्यान्वयन गर्ने निकाय कार्य पालिका हो । कार्य पालिकालाई सरकार वा मन्त्रिपरिषद्का रूपमा पनि बुझ्ने गरिन्छ । नेपालको कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित हुन्छ । नेपालमा केन्द्रमा सङ्घीय कार्य पालिका, प्रदेशमा प्रदेश कार्य पालिका र स्थानीय निकायमा स्थानीय निकाय कार्य पालिकाको व्यवस्था गरिएको छ ।

सङ्घीय कार्य पालिकामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री हुने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संसद्का सदस्यहरू मध्येबाट समावेशी सिद्धान्तबमोजिम बढीमा २५ जनासम्म सदस्य रहेको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ ।

**कार्य पालिकाका कार्यहरू**

(क) **प्रशासनिक कार्य :** व्यवस्थापिकाबाट स्वीकृत कानुनको कार्यान्वयन गर्नु कार्य पालिकाको मुख्य कार्य हो । मुलुकमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम राख्नु कार्य पालिकाको सफलता मानिन्छ । यसबाहेक राज्य सम्बन्धी नीति तयार पार्नु, प्रशासन सञ्चालन, नियन्त्रण र निर्देशन गर्नु पनि कार्य पालिकाका कार्यहरू हुन् । सरकारका गतिविधिलाई प्रशासनिक संयन्त्रमार्फत तल्लो निकायसम्म पुऱ्याउनु, सुशासन कायम राख्नु आदि कार्य पालिकाका प्रशासनिक कार्य हुन् ।

(ख) **कुटनीतिक कार्य :** कुटनीतिक सम्बन्ध र सहयोगसँग सम्बन्धित सरकारको कार्यलाई कुटनीतिक कार्य भनिन्छ । कार्य पालिकाले विदेश नीतिको निर्धारण, वैदेशिक सम्बन्ध विस्तार, कुटनीतिक पदमा नियुक्ति, सन्धि सम्झौता अन्य देशको लागि राजदुतहरूको नियुक्ति जस्ता कुटनीतिक कार्यहरू सम्पादन गर्छ ।

Curriculum Development Centre

(ग) **आर्थिक परिचालन र व्यवस्थापन सम्बन्धी कार्य** : प्रत्येक वर्ष आयव्ययको अनुमानित बजेट अर्थमन्त्रीबाट सङ्घीय संसद् समक्ष पेस हुन्छ । कार्य पालिकाले कर निर्धारण, कर असुली, राजस्व परिचालन, ऋण लिने आदि कार्य गर्छ । अर्थको परिचालनबाट नै देशका अन्य गतिविधि सञ्चालन हुन्छन् । त्यसैले आर्थिक परिचालन र व्यवस्थापन सम्बन्धी कार्यलाई कार्य पालिकाको महत्त्वपूर्ण कार्यका रूपमा लिने गरिन्छ ।

(घ) **सैन्य कार्य** : नेपालको संविधानले समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्ने अधिकार नेपाल सरकारलाई दिएको छ । नेपाली सेनाको परिचालन र नियन्त्रण गर्नका लागि नेपाल सरकारलाई सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था छ । बाह्य आक्रमणको बेला देशको रक्षा गर्नु कार्य पालिकाको कार्य हो । धेरैजसो मुलुकमा युद्धको घोषणा र शान्तिको प्रस्ताव पनि कार्य पालिकाले नै गर्छ । त्यस्तै गरी नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनलगायत अन्य कार्यमा समेत परिचालन गर्न सक्छ । राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा प्रधान सेनापतिको नियुक्ति र पदमुक्ति गर्न सक्छन् । सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकारको निर्णयबमोजिम राष्ट्रपतिले नेपाली सेना परिचालनको घोषणा गर्छन् ।

नेपालको प्रत्येक प्रदेशमा प्रादेशिक सरकार रहने व्यवस्था छ । प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा यसलाई हुन्छ । हरेक प्रदेशमा कार्य पालिका प्रमुखका रूपमा मुख्यमन्त्री हुन्छन् । प्रदेश सभाको कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन हुन्छ ।

स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्य पालिका वा नगर कार्य पालिकामा हुने व्यवस्था छ । यसलाई गाउँ पालिका र नगर पालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारासमेत तोकिएको छ ।

## क्रियाकलाप

१. सङ्घीय कार्य पालिका र प्रदेश कार्य पालिकाका भिन्नताहरू लेख्नुहोस् ।

२. वर्तमान सरकारको स्वरूप र मन्त्रिपरिषद्का सदस्यहरूको नाम एवम् जिम्मेवारी खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. कक्षामा मन्त्रिपरिषद् बैठक बसेको नमुना प्रदर्शन गर्नुहोस् । शिक्षामन्त्री, महिला तथा बाल बालिका मन्त्री, गृहमन्त्रीको भूमिकालाई सो बैठकमा प्रस्तुत गर्नुहोस् ।

४. प्रदेश कार्य पालिका एवम् स्थानीय कार्य पालिकाको सम्बन्धमा थप जानकारी प्राप्त गर्न नेपालको संविधान अध्ययन गर्नुहोस् र प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

५. दोस्रो जन आन्दोलन २०६२/२०६३ देखि हालसम्मका प्रधानमन्त्रीहरूको नाम खोजी गरी लेख्नुहोस् ।

| क्र.सं. | प्रधानमन्त्रीको नाम | प्रधानमन्त्री भएको अवधि (मिति र वर्ष) |
|---|---|---|
| | | |

**अभ्यास**

(क) कार्य पालिकाका कार्यहरू उल्लेख गर्नुहोस् ।

(ख) तपाईँ व्यक्तिगत रूपमा सरकारलाई कसरी सहयोग गर्नुहुन्छ ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ग) तपाईँ नेपाल सरकारको मन्त्री हुनुभयो भने आफ्नो जिम्मेवारी कसरी निर्वाह गर्नुहुन्छ ?

Curriculum Development Centre

**पाठ : तिन**

# न्यायपालिका

न्यायपालिका राज्यका तिन अङ्गहरूमध्ये न्यायपालिका एक महत्त्वपूर्ण अङ्ग हो । न्यायपालिकाले कानुनको व्याख्या गर्ने, न्यायिक पुनरवलोकन गर्ने, मानव अधिकारको संरक्षण गर्ने लगायतका कार्य गर्छ । कानुन उल्लङ्घन गर्नेलाई कानुनी सजाय दिने र कानुनको संरक्षकका रूपमा समेत न्यायपालिकाले कार्य गरेको हुन्छ । लोकतन्त्रमा व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको सच्चा पहरेदार न्यायपालिका हो । सभ्य समाजको न्यायको सुनिश्चितता र सभ्यताको कसी स्वतन्त्र न्यायपालिका हो ।

नेपालको संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ । नेपालको न्याय सम्बन्धी अधिकार अदालत वा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ । नेपालमा तिन तहका अदालत रहने व्यवस्था छ :

(क) सर्वोच्च अदालत (केन्द्रमा/सङ्घीय राजधानीमा)

(ख) उच्च अदालत (प्रदेशमा)

(ग) जिल्ला अदालत (जिल्लामा)

(क) **सर्वोच्च अदालत** : यो न्यायपालिकाको सबैभन्दा माथिल्लो तह हो । यो अभिलेख अदालत पनि हो । नेपालको संविधानमा अन्यथा व्यवस्था भएकामा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहन्छन् । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई छ । यस अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने प्रावधान छ । संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुन्छ । सर्वोच्च अदालतको न्यायधीश पदमा कम्तीमा तिन वर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीश पदमा नियुक्ति हुन सक्छन् । प्रधान न्यायाधीशको पदावधि नियुक्तिको मितिले बढीमा छ वर्षको हुन्छ ।

(ख) **उच्च अदालत** : प्रत्येक प्रदेशमा एक उच्च अदालत हुन्छ । प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त अन्य न्यायाधीशहरू रहन्छन् । उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले गर्छन् । उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश हुन निम्न लिखित योग्यता पुगेको हुनुपर्छ :

(अ) कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा पाँच वर्ष काम गरेको वा

कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताका रूपमा कम्तीमा दस वर्ष निरन्तर वकालत गरेको वा

कम्तीमा दस वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा

Curriculum Development Centre

न्याय सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको

(आ) नेपाली नागरिक ।

(ग) **जिल्ला अदालत** : प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहन्छ । स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा हुन्छन् । जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्छन् । जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था छ ।

## न्यायपालिकाका कार्यहरू

न्यायपालिका राज्यको उच्च मर्यादित अङ्ग हो । यसले देशमा कानुनको मर्यादा कायम राख्छ । सक्षम, सुदृढ र निष्पक्ष न्यायपालिका लोकतन्त्रको दरिलो खम्बा हो । न्यायपालिकाको कार्यलाई निम्नानुसार चार्टमा प्रस्तुत गर्न सकिन्छ :




Curriculum Development Centre

## क्रियाकलाप

१. तपाईँको समुदायमा अदालतको फैसलाले न्याय पाएका कुनै व्यक्तिलाई भेटी अदालतको न्याय सम्पादनको उहाँका अनुभूतिलाई समेट्दै एक मनोवाद तयार गर्नुहोस् ।

२. 'स्वतन्त्र र निष्पक्ष न्यायपालिका लोकतन्त्रको आधार' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् र आफूहरूमध्येबाट एउटा टोली गठन गरी मूल्याङ्कन पनि गर्नुहोस् ।

## अभ्यास

(क) न्यायपालिका भनेको के हो ?

(ख) सर्वोच्च अदालतका कार्यहरू उल्लेख गर्नुहोस् ।

(ग) न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष राख्न के गर्नुपर्ला ? सुझावहरू प्रस्तुत गर्नुहोस् ।

(घ) उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश हुन के कस्ता योग्यता आवश्यक हुन्छन् ? चर्चा गर्नुहोस् ।

(ङ) न्यायपालिकाका कार्यहरूको विवेचना गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : चार**

# संवैधानिक निकाय

नेपालको संविधानको भाग २१ देखि भाग २६ सम्म संवैधानिक निकायको व्यवस्था रहेको छ ।

(क) **अख्तियार दुरुपयोग अनुसन्धान आयोग :** नेपालको संविधानको भाग २१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने निकाय उल्लिखित आयोग हो । यसमा एक जना प्रमुख आयुक्त र चार जना आयुक्त रहन्छन् । प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुन्छ ।

(ख) **महालेखा परीक्षक :** नेपालको संविधानको भाग २२ मा महालेखा परीक्षकको व्यवस्था गरिएको छ। महालेखा परीक्षकको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने छ। राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद्, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह र संवैधानिक निकायको लेखा परीक्षण महालेखा परीक्षकबाट हुन्छ। साथै महान्यायाधिवक्ताको कार्यालय तथा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा परीक्षण गर्ने काम महालेखा परीक्षकबाट हुन्छ । यसरी लेखा परीक्षण गर्दा नियमितता, मितव्ययिता, कार्य दक्षता, प्रभावकारिता र औचित्य समेतलाई विचार गरिन्छ ।

पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखा परीक्षणका लागि लेखा परीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श लिनुपर्ने संवैधानिक प्रावधान छ । त्यस्तो सङ्गठित संस्थाको लेखा परीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले निर्देशन दिन सक्ने व्यवस्था छ ।

(ग) **लोकसेवा आयोग :** नेपालको संविधानको भाग २३ मा लोकसेवा आयोग सम्बन्धी व्यवस्था छ । निजामती सेवामा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने र छनोट भएका उमेदवारलाई नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने काम लोकसेवा आयोगले गर्छ । नेपाल सरकारबाट निवृत्ति भरण पाउने पदमा लोकसेवा आयोगको परामर्श लिएर मात्र स्थायी नियुक्ति गर्न पाइने संवैधानिक व्यवस्था छ । उक्त आयोगले सङ्घीय निजामती सेवाको सर्त सम्बन्धी कानुन तथा सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तका विषयमा परामर्श दिन्छ । लोकसेवा आयोगमा एक जना अध्यक्ष र चार जना सदस्यहरू रहने व्यवस्था छ ।

लोकसेवा आयोगको सदस्य नियुक्ति गर्दा कम्तीमा ५० प्रतिशत सदस्यहरू २० वर्ष वा सोभन्दा बढी अवधिसम्म सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट छनोट गरिन्छ । बाँकी सदस्यहरू

Curriculum Development Centre

विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जन प्रशासन, समाज शास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा सोध, अनुसन्धान, अध्यापन वा अन्य महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुन्छन् ।

(घ) **निर्वाचन आयोग** : नेपालको संविधानको भाग २४ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्था छ । राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम निर्वाचन आयोगको हो । निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार पार्ने र राष्ट्रिय महत्त्वको विषयमा जनमत सङ्ग्रहसमेत गराउने अख्तियारी निर्वाचन आयोगलाई छ ।

(ङ) **राष्ट्रिय मानव अधिकार आयोग** : नेपालको संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था छ । मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो ।

मानव अधिकार उल्लङ्घन भएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही, विभागीय कारबाही र अदालतमा मुद्दा दायरका लागि सिफारिस गर्ने काम यस आयोगको कार्य क्षेत्रभित्र पर्छ । मानव अधिकारको चेतना अभिवृद्धि गर्ने र नागरिक समाजसँग समन्वय तथा सहकार्य गर्ने जिम्मेवारी पनि यस आयोगले पाएको छ । यस आयोगमा एक जना अध्यक्ष र अन्य चार जना सदस्य हुन्छन् ।

(च) **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग** : नेपालको संविधानको भाग २६ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ । यस आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्य रहने व्यवस्था छ ।

यस आयोगले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई दिइने अनुदानको सिफारिस एवम् सशर्त अनुदानको अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने तथा राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरू सुझाउँछ । त्यसैगरी प्राकृतिक स्रोत साधनको बाँडफाँडमा विभिन्न तहमा उठेका वा उठ्न सक्ने विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारणका लागि समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने कामसमेत यस आयोगले गर्छ ।

यी संवैधानिक नियाका पदाधिकारीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । ४५ वर्ष उमेर पुरा भएका, कुनै राजनीतिक दलको सदस्य नरहेका, उच्च नैतिक चरित्रवान व्यक्ति मात्र यी नियकाहरूका पदाधिकारीमा नियुक्ति हुन सक्छन् । यिनीहरूको पदावधि नियुक्तिको मितिले छ वर्षसम्म कायम हुन्छ । पदबाट राजिनामा दिएमा, उमेर ६५ वर्ष पुरा भएमा, संसदमा महाअभियोग प्रस्ताव पारित भएमा, शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा, राष्ट्रपतिले पदमुक्त गरेमा वा मृत्यु भएमा यी पदाधिकारीहरूको पद रिक्त हुन्छ ।

Curriculum Development Centre

## क्रियाकलाप

१. नेपालको संविधान, २०७२ मा उल्लेख गरिएका संवैधानिक अङ्गहरूको चार्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको संविधान, २०७२ र नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था भएका संवैधानिक अङ्गहरूका बिचमा तुलना गर्नुहोस् ।

## अभ्यास

(क) लोकसेवा आयोगका प्रमुख कार्यहरू चर्चा गर्नुहोस् ।

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन विधि तथा अध्यक्ष र सदस्यका योग्यता उल्लेख गर्नुहोस् ।

(ग) राष्ट्रिय मानव अधिकार आयोगका कार्यहरू समावेश गरी चिठीको नमुना तयार पार्नुहोस् ।

(घ) पाठमा दिइएका संवैधानिक अङ्गहरूको नियुक्ति प्रक्रिया, गठन विधि, योग्यता तथा पदावधि तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# अन्य संवैधानिक आयोगहरू

नेपालको संविधानको भाग २७ मा सात ओटा आयोगहरूको व्यवस्था गरिएको छ । यसमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग रहेका छन् । यी आयोगका पदाधिकारीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । ती आयोगहरूका सम्बन्धमा तल चर्चा गरिएको छ :

(क) **राष्ट्रिय महिला आयोग :** नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ । यस आयोगले महिलाको हकहितसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमा, अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको अवस्था अनुगमन र प्रभावकारी कार्यान्वयनका उपायहरू सिफारिस गर्छ । यसले लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी कानुनमा सुधार गर्नुपर्ने पक्षमा सम्बन्धित निकायलाई सिफारिस गर्छ । सिफारिस गरेअनुसार कार्य प्रक्रिया सुधार भए नभएको अनुगमन गर्ने कार्यसमेत यस आयोगको हो । यस आयोगले महिला हिंसा र सामाजिक कुरीतिबाट पीडित व्यक्तिको कानुनी उपचारका पक्षमा वकालत पनि गर्छ । राष्ट्रिय महिला आयोगमा अध्यक्ष र चार जना सदस्य रहने व्यवस्था छ ।

(ख) **राष्ट्रिय दलित आयोग :** नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था छ । यसले दलित समुदायको हित अभिवृद्धि गर्न जातीय छुवाछुत, उत्पीडन एवम् विभेदको अन्त्य गर्न पहल गर्छ । साथै दलितसँग सम्बन्धित उपयुक्त राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने काम यस आयोगको हो । राष्ट्रिय दलित आयोगले दलित समुदायलाई मूल प्रवाहमा समाहित गर्ने सवालमा विद्यमान नीति र कार्यक्रमको समीक्षा गरी सोको प्रभावकारी कार्यान्वयनमा चासो र सरोकार राख्छ । यस आयोगमा एक जना अध्यक्ष र अन्य चार जना सदस्य रहने प्रावधान छ ।

(ग) **राष्ट्रिय समावेशी आयोग :** नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था छ । खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत तथा विपन्न वर्गलगायतका समुदायको हकहित संरक्षणका लागि यस आयोगको व्यवस्था गरिएको हो । उल्लिखित समुदायसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने, समावेशीकरण सम्बन्धी नीति तर्जुमा गर्ने, कार्यान्वयनको अवस्था अध्ययन गर्ने र सुझाव दिने काम यस आयोगको हो । राष्ट्रिय समावेशी आयोगले लक्षित क्षेत्र, वर्ग र समुदायको विकास र समृद्धिमा नेपाल सरकारलाई नीतिगत सुझावसमेत प्रदान गर्दछ । संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट यस आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति हुन्छ । यस आयोगमा एक जना अध्यक्ष र अन्य चार जना सदस्य रहने प्रावधान छ ।

(घ) **आदिवासी जनजाति आयोग :** नेपालको संविधानको धारा २६१ मा आदिवासी आयोगको व्यवस्था छ । आदिवासी जनजातिसँग सम्बन्धित नीतिगत कार्य गर्ने, उनीहरूको सशक्तीकरण र

Curriculum Development Centre

हकहित संवर्धन गर्नेतर्फ आदिवासी जनजाति आयोगको चासो र सरोकार रहन्छ । यस आयोगमा अध्यक्ष र चार जना सदस्य रहन्छन् ।

(ङ) **मधेसी आयोग** : नेपालको संविधानको धारा २६२ मा मधेसी आयोगको व्यवस्था छ । यस आयोगमा अध्यक्ष र चार जना सदस्यहरू रहने व्यवस्था छ । यस आयोगको अध्यक्ष र सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । यिनीहरूको पदावधि छ वर्षको हुन्छ ।

(च) **थारु आयोग** : नेपालको संविधानको धारा २६३ मा थारु आयोगको व्यवस्था छ । थारु सम्बद्ध विविध पक्ष, मुद्दा, नीति, अधिकार र सशक्तीकरणसँग सम्बन्धित रही यस आयोगले कार्य सम्पादन गर्ने छ । यस आयोगमा अध्यक्ष र चार जना सदस्य रहन्छन् ।

(छ) **मुस्लिम आयोग** : नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था छ । यस आयोगमा अध्यक्ष र चार सदस्यहरू रहने प्रावधान छ । मुस्लिमका अधिकार, हकहित र सशक्तीकरणलाई बढावा दिन यस आयोगले नीति र कार्यक्रमहरूको अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिन सक्छ ।

## क्रियाकलाप

नेपालको संविधान, २०७२ मा समावेश भएका अन्य आयोगहरूको गठन विधि, योग्यता र पदावधिलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) नेपालको सन्दर्भमा राष्ट्रिय महिला आयोगको अपरिहार्यताको चर्चा गर्नुहोस् ।

(ख) राष्ट्रिय दलित आयोगले कसरी दलितका मुद्दाहरूलाई स्थापित गर्न सक्छ ? चर्चा गर्नुहोस् ।

(ग) नेपालको सन्दर्भमा राष्ट्रिय समावेशी आयोगको महत्त्व उल्लेख गर्नुहोस् ।

(घ) जनजाति, मधेसी, थारु तथा मुस्लिम आयोगले ती समुदायको हकहितमा कसरी काम गर्न सक्छन् ? उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : छ**

# राजनीतिक दलहरू

देशको शासन प्रक्रिया सञ्चालनमा राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। राजनीतिक दलहरू विभिन्न राजनीतिक विचार धारा, दर्शन र कार्यक्रममा आधारित रही खोलिएका हुन्छन्। प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थामा दलहरूले आफ्ना विचार, कार्यक्रम र व्यवहारले जनताको मन जितेर राज्य सत्ता सञ्चालन गर्ने अधिकार प्राप्त गर्छन् । नेपालको संविधानले पनि राजनीतिक दल सम्बन्धी व्यवस्था गरेको छ । संविधानमा राजनीतिक दल दर्ता गराउँदा विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने तथा कम्तीमा पाँच वर्षमा एक पटक सो दलको सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको हुनुपर्ने व्यवस्था गरेको छ । साथै संविधानमा दलका विभिन्न तहका समितिमा समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने प्रावधान पनि छ। तर कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिह्न वा झन्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेमा उक्त दलले दर्ता हुन पाउँदैन ।

निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगबाट राजनीतिक दलले मान्यता प्राप्त गर्नुपर्छ । त्यस्तो मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले निर्वाचन आयोगबाट निर्धारण गरिएको कार्यविधि पुरा गरी निर्वाचन आयोगमा निवेदन दर्ता गराउनुपर्छ। निवेदन दर्ता गराउँदा राजनीतिक दलको विधान, घोषणा पत्रका साथै निम्न लिखित विवरण पनि खुलाउनुपर्छ :

(क) राजनीतिक दलको नाम र त्यसको केन्द्रीय कार्यालयको ठेगाना

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना

(ग) राजनीतिक दलको आय स्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।




### लोकतन्त्र स्थापना गर्न राजनीतिक दलहरूको भूमिका

नेपालमा प्रजातन्त्र स्थापना गर्न राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना गर्न प्रजा परिषद्, नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी जस्ता राजनीतिक दलको भूमिका महत्त्वपूर्ण रह्यो। वि.सं. २०१५ मा प्रजातन्त्रलाई संस्थागत गर्ने उद्देश्यले

Curriculum Development Centre

राजनीतिक दलहरूले पहिलो संसदीय चुनावमा भाग लिएका थिए । तर वि.सं. २०१७ साल पुस २२ मा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको थियो । यस अप्रजातान्त्रिक कदमलाई राजनीतिक दलहरूले विरोध गर्दै दसकौँसम्म गोप्य रूपमा नागरिक स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिका लागि लडिरहे । वि.सं.२०४६ सालमा संयुक्त जन आन्दोलनको परिणामस्वरूप बहुदलीय शासन पद्धति पुनःस्थापित भयो । सो आन्दोलनमा नेपाली काङ्ग्रेस, संयुक्त वाममोर्चा र संयुक्त जन आन्दोलन समन्वय समितिको महत्त्वपूर्ण भूमिका रहेको थियो ।

वि.सं २०४८, २०५१ र २०५६ सालमा भएका संसदीय चुनावमा राजनीतिक दलहरूले भाग लिएका थिए । यसले देशमा प्रजातन्त्रको सुदृढीकरणका लागि थप योगदान पुऱ्याएको थियो ।

सात राजनीतिक दल र तात्कालीन ने.क.पा. (माओवादी) को संयुक्त प्रयासबाट वि.सं. २०६२/०६३ मा भएको दोस्रो जन आन्दोलन सफल भएको हो । दोस्रो जन आन्दोलनले जनताको गुमेका अधिकारहरू पुनःस्थापना गरी नेपाली जनतालाई सार्वभौम सत्ता र राजकीय सत्ताको मालिक बन्ने अवसर प्रदान गऱ्यो । आन्दोलनमा सहभागी दल र तत्कालीन विद्रोही दल ने.क.पा. (माओवादी) बिचको सहमतिमा देशमा शान्ति स्थापना सम्भव भयो । वि.सं. २०६४ चैत्र २८ मा पहिलो र वि.सं. २०७० मङ्सिर ४ मा दोस्रो पटक संविधान सभाको निर्वाचन भयो । उक्त निर्वाचनपश्चात् लामो छलफलपछि २०७२ साल असोज ३ गते राजनीतिक दलहरू नेपालको संविधान जारी गर्न सफल भए । यसरी गणतन्त्र स्थापना, प्रजातन्त्रको सुदृढीकरण, शान्ति स्थापना र संविधान सभामार्फत संविधान जारी गर्ने कार्यमा राजनीतिक दलहरूले खेलेको भूमिका सकारात्मक र प्रशंसनीय छ ।

## क्रियाकलाप

१. तपाइँको समुदायमा पनि विभिन्न राजनीतिक दलका पदाधिकारी हुन सक्छन् । फरक फरक राजनीतिक दलका प्रतिनिधिलाई भेटी उनीहरूका दलले समाजमा गरेका राम्रा कामहरूका बारेमा छलफल गरी सूची बनाउनुहोस् ।

२. विभिन्न राजनीतिक दलका घोषणा पत्र वा प्रतिबद्धता पत्र सङ्कलन गरी तिनमा उल्लेख भएका मुख्य मुख्य पक्षहरूका बारेमा कक्षामा छलफल गरी समूहगत निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

३. 'राजनीतिक दलहरू लोकतन्त्रका खम्बा हुन्' भन्ने शीर्षकमा लेख तयार गरी कक्षाको सूचना पाटीमा टाँस्नुहोस् ।

४. लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका कस्तो हुनुपर्दछ ? सो उल्लेख गरी स्थानीय पत्रिकाका लागि सम्पादकीयको नमुना तयार गर्नुहोस् ।

५. निर्वाचन आयोगले दल दर्ता सम्बन्धी कस्तो व्यवस्था गरेको छ ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

## अभ्यास

(क) राजनीतिक दल भनेको के हो ? नेपालका मुख्य राजनीतिक दलको सूची तयार पार्नुहोस् ।

(ख) वि.सं. २०४६ सालको बहुदलीय व्यवस्था प्राप्तिमा राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण थियो । किन ?

(ग) वि.सं. २०६२/०६३ को ऐतिहासिक जन आन्दोलन राजनीतिक दलहरूको एकता बद्ध प्रयासबाट मात्र सम्भव भएको हो, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(घ) बहुदलीय शासन व्यवस्था भनेको के हो ? चर्चा गर्नुहोस् ।

(ङ) के कस्ता आधार पुरा भएमा मात्र राजनीतिक दल खोल्न पाइन्छ ? आधारहरू प्रस्तुत गर्नुहोस् ।

(च) देशमा विखण्डन ल्याउने र धार्मिक एवम् सामाजिक सद्भाव भड्काउने राजनीतिक दल खोल्न किन प्रतिबन्ध लगाइएको होला ? कारणहरू उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा राजनीतिक चेतनाको विस्तारमा राजनीतिक दलहरूले के कस्ता क्रियाकलापहरू गर्दै आएका छन् ? स्थानीय राजनीतिक नेता वा अगुवा कार्यकर्तासँग छलफल गरी विवरणहरू टिपोट गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : सात

# निर्वाचन प्रक्रिया

सङ्घ, प्रदेश र स्थानीय स्तरमा जनप्रतिनिधि चुन्नका लागि निर्वाचन आवश्यक हुन्छ । नेपालमा निर्वाचन आयोगले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य र स्थानीय निकायका पदाधिकारीको निर्वाचन गराउँछ । निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने कार्य यस आयोगले गर्छ । निर्वाचन क्षेत्रमा निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी निर्वाचन अधिकृतलाई हुन्छ । यसैगरी मतदान केन्द्रमा मतदान सम्पन्न गराउन दायित्व मतदान अधिकृतलाई जिम्मेवारी दिइएको हुन्छ । मतदानको दिन मतदान केन्द्रको व्यवस्था गर्ने, सुरक्षा व्यवस्था मिलाउने, नियमानुसार मतदानको सुरु र अन्त्य गर्ने आदि काम मतदान अधिकृतको हो । त्यस्तै मतदान रोक्नुपर्ने अवस्था भएमा स्थगित गर्ने, मतदान प्रक्रियासँग सम्बन्धित उजुरी र गुनासाहरू सुनी सोको कारबाही गर्ने, मत पेटिका सम्बन्धित ठाउँमा बुझाउने, आवश्यक परे स्थानीय तहको निर्वाचनको मत गणना कार्यसमेत सम्पन्न गर्ने दायित्व मतदान अधिकृतमा हुन्छ ।

**मतदाता नामावली :** अठार वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक गराउने काम गर्छ । प्रत्येक वर्ष यसले नाम लेखाउन छुटेका मतदाताको नाम मतदाता नामावलीमा समावेश गराउने व्यवस्था गर्छ । यसले मृत्यु भएका, विवाह गरेर वा बसाइँ सरेर गएका व्यक्तिहरूको नाम नामावलीबाट हटाउँछ । विवाह भएर वा बसाइँ सरेर आएका व्यक्तिहरूको नाम नामावलीमा थपिन्छ । मतदाता नामावलीमा नाम नभएको व्यक्ति कुनै पनि निर्वाचनमा उम्मेदवार हुन पाउँदैन ।

**मतदाता परिचय पत्र :** कुनै पनि मतदानमा सहभागी हुन मतदाता परिचय पत्र आवश्यक हुन्छ । यसमा मतदाताको नाम, ठेगाना र परिचय पत्र नम्बर एवम् मतदाताको फोटोसमेत राखिएको हुन्छ ।



**मतदान केन्द्र :** मतदातालाई पायक पर्ने गरी मतदान केन्द्रको व्यवस्था गरिएको हुन्छ । एउटै स्थानमा पनि मतदाता सङ्ख्याका आधारमा एक वा एकभन्दा बढी मतदान केन्द्र रहन सक्छन् । मतदान केन्द्र सामान्यतमा विद्यालय वा सार्वजनिक स्थलमा रहने व्यवस्था गरिएको हुन्छ ।

**उम्मेदवार र निजको योग्यता :** कुनै पनि निर्वाचनमा उम्मेदवार हुन कानुनले उमेरको न्यूनतम हद तोकेको हुन्छ । तोकिएको उमेर र योग्यता पुगेका व्यक्तिहरूले मात्र निर्वाचनमा उम्मेदवार हुन पाउने अवस्था हुन्छ । निम्न लिखित पदमा उम्मेदवार हुन निम्नानुसार उमेर पुगेको हुनुपर्छ :

Curriculum Development Centre

(क) राष्ट्रपति/ उपराष्ट्रपति = ४५ वर्ष उमेर पुरा भएको

(ख) सङ्घीय संसद्को सदस्य = प्रतिनिधि सभाका लागि २५ वर्ष उमेर पुरा भएको र राष्ट्रिय सभाका लागि ३५ वर्ष उमेर पुरा भएको

(ग) प्रदेश सभाको सदस्य = २५ वर्ष उमेर पुरा भएको

(घ) गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष वा सदस्य तथा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख वा सदस्य = २१ वर्ष उमेर पुरा भएको

(ङ) गाउँ/नगर सभा सदस्य = २१ वर्ष उमेर पुरा भएको ।

**सङ्घीय संसद्को सदस्य हुन चाहिने योग्यता**

(क) नेपालको नागरिक (ख) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको

(ग) कानुनले अयोग्य नभएको (घ) कुनै लाभको पदमा वहाल नरहेको ।

## क्रियाकलाप

१. सङ्घीय संसद्को सदस्य हुन चाहिने योग्यताजस्तै प्रदेश सभा र गाउँ/नगर सभाको सदस्य हुन चाहिने योग्यताहरूको खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. अहिले नेपालमा पनि मतपत्रमा स्वस्तिक छाप लगाएर मतदान गर्ने प्रक्रियाको सट्टा विद्युतीय मेसिनको प्रयोग गर्ने प्रचलन सुरु भइसकेको छ । यस मेसिनको प्रयोग गरी मतदान गर्दा के कस्ता सहजता र जटिलता आउन सक्छन् । कक्षामा छलफल गर्नुहोस् र निष्कर्षसहितको प्रतिवेदन तयार पार्नुहोस् ।

३. अहिले विश्वका कतिपय देशमा मतपत्रमा भएका कुनै पनि चिह्नमा मतदान नगरी भोट अस्वीकार (rejection of vote) गर्ने प्रावधान पनि छ । यसलाई None of the above (NOTA) पनि भन्ने गरिन्छ । यो प्रावधान हाम्रो सन्दर्भमा उपयुक्त छ वा छैन ? कारण बताउनुहोस् ।

४. हाम्रो देशमा मतपत्र धेरै बदर हुने गरेको पाइन्छ । यसलाई रोक्ने उपायहरू के के हुन सक्छन् ? समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. मतपत्रका नमुना सङ्कलन गरी त्यस्तै नमुना बनाउनुहोस् । आलु वा मुला काटी स्वस्तिक छापको नमुना बनाई नमुना मतपत्रमा छाप लगाउने अभ्यास गर्नुहोस् । यसमा वास्तविक स्वस्तिक छापको पनि प्रयोग गर्न सक्नुहुन्छ ।

## अभ्यास

(क) मतदाता नामावली तयार पार्ने काम कुन निकायको हो ?

(ख) सङ्घीय संसद्को सदस्य हुन कुन कुन योग्यता चाहिन्छ ?

(ग) मतदान अधिकृतका कामहरू उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

स्थानीय स्तरमा हुने निर्वाचनका लागि मतदाता नामावली अद्यावधिक सम्बन्धी भएका गतिविधि सम्बन्धमा गाउँ पालिका/नगर पालिका कार्यालयमा गई सूचना सङ्कलन गर्नुहोस् र सोका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : आठ**

# निर्वाचनमा नागरिकको भूमिका

निर्वाचन कार्यलाई सफल, मर्यादित, अनुशासित बनाउनमा नागरिकको महत्त्वपूर्ण भूमिका रहन्छ । मतदान कार्यमा सहभागी हुन निश्चित उमेर पुगेका व्यक्तिहरूले मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउनेदेखि मत बदर नहुने गरी मतदान गर्नुपर्ने कुरामा सचेत हुनुपर्छ। यस पाठमा निर्वाचनमा नागरिकको भूमिका विषयमा चेतनामूलक कविता दिइएको छ। यसलाई अध्ययन गरी छलफल गरौँ।

मतदाता नामावलीमा नाम समावेश गर्ने
गल्ती हुँदा नाम सच्च्याउने, हटाउन नि पर्ने ।
परिवारका सदस्यको नाम पो छुट्या छ कि ?
ख्याल गर्नुस्, उमेर पनि पुगिसक्या छ कि ?

गल्ती हुँदा नामथर उमेर सच्याउने काम
निवेदन दिन साथी हिँड्नुस् आजै जाम ।
परिवारमा मात्र होइन, छिमेकमा पनि
सम्झाउनुपर्छ हाम्रो नाम छुट्ला है भनी ।

आर्थिक लोभमा नपरौँ है, डर धम्कीमा पनि
सम्झाउनुहोस् मतदातालाई जिम्मेवार बनी ।
आफ्नो मतको सदुपयोग गर्ने काम हाम्रो
पालो पर्खी मतदान गर्नु अनुशासन राम्रो ॥

मतदान गर्ने तरिका नि सिकाउनुपर्छ
गल्ती मतदान गरिएमा मत बदरमा पर्छ ।
सबै दलका घोषणा पत्र अध्ययन पनि गरौँ
सबल दुर्बल सबै पक्ष बहस छलफल गरौँ ॥

मतपत्रमा उम्मेदवारको चिह्न चिनाउनलाई
सचेत गर्नुस् नागरिकलाई जागरणमा ल्याई ॥
घरमा पनि सिकाउनुहोस्, छिमेकमा पनि
प्रक्रिया त यही नै हो मतदानको भनी

मतदाता परिचय पत्र बोक्न भुल्नु हुन्न
झैँझगडा, हुलदङ्गा हुन दिनु हुन्न ।
यति कुरा सम्झाउनु है परिवारमा साथी
सचेत नागरिक बन्ने कुरा सधैँ मनमा राखी ॥

Curriculum Development Centre

## क्रियाकलाप

१. पाठमा उल्लिखित प्रक्रिया अनुसरण गर्दै तापाईंको कक्षाको मनिटर चयन गर्ने गरी चुनाव गर्नुहोस् ।

२. निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकाको अभिनय गर्दै एउटा सडक नाटक प्रस्तुत गर्नुहोस् ।

३. निर्वाचनमा एउटा जिम्मेवार नागरिकले खेल्ने भूमिकालाई समेटी दुई साथीहरूबिच हुने संवादको नमुना तयार गर्नुहोस् ।

## अभ्यास

(क) तपाइँ सचेत नागरिकको हैसियतले स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन कस्तो भूमिका खेल्न सक्नुहुन्छ ?

(ख) मतदान गर्न अभिभावक र छिमेकमा के सल्लाह दिनुहुन्छ ?

(ग) कसलाई भोट हालेर के हुन्छ र ? भनी भोट हाल्न नजाने विचार व्यक्त गर्ने तपाइँका परिवारका सदस्यहरूलाई कसरी सम्झाउनुहुन्छ ?

## सामुहिक कार्य

तपाइँको नजिकको स्थानीय निकायको निर्वाचन गतिविधिमा संलग्न दाजु, दिदी वा अन्य व्यक्तिलाई भेटी निर्वाचनको सिलसिलामा उहाँहरूले अपनाउनुभएका गतिविधिहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : नौ   मानव अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू

आज शिक्षक सविताले कक्षामा नयाँ तरिकाबाट सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गरी विद्यार्थीहरूलाई सिकाइ अवसर प्रदान गर्नुभयो । सर्व प्रथम उहाँले कक्षालाई तिन समूहमा विभाजन गर्नुभयो । त्यसपछि हरेक समूहलाई मानव अधिकारसँग सम्बन्धित विविध विषय वस्तुमा आधारित रही छलफल र अन्तरक्रिया गर्न लगाई त्यसको निष्कर्ष पनि प्रस्तुत गर्न लगाउनुभयो । स्वअध्ययन र छलफललाई व्यवस्थित गर्न विभिन्न पत्र पत्रिका, सन्दर्भ सामग्री र मानव अधिकारसँग सम्बन्धित स्रोत सामग्रीसमेत उपलब्ध गराउनुभयो । त्यहाँ गरिएको समूहगत प्रस्तुति यस प्रकार रहेको छ :

**समूह क**

**शीर्षक : मानव अधिकारको अवधारणा र विकास क्रम**


इलेनोर रुजबेल्ट

सम्पूर्ण मानव समुदायको हरेक सदस्यमा निहित अधिकारलाई मानव अधिकार भनिन्छ । यस परिभाषालाई अन्तर्राष्ट्रिय कानुनले प्रस्तुत गरेको हो । प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, अपाङ्गता, राष्ट्रियता तथा सामाजिक र आर्थिक अवस्था, राष्ट्रिय सिमाना आदिको भेदभाव बिनाको व्यवहार लगायतका पक्ष मानव अधिकारभित्र पर्छन् ।

मानव अधिकार सम्बन्धी विचार सबैभन्दा पहिला इलेनोर रुजबेल्टले अगाडि बढाएकी हुन्। उनी तात्कालीन अमेरिकी राष्ट्रपति फ्याङ्कलिन डी रुजबेल्टकी पत्नी थिइन् । उनले संयुक्त राष्ट्र सङ्घको साधारण सभाबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गर्न विशेष पहल कदमी गरेकी थिइन् । उक्त सभाले सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र अनुमोदन गरी जारी गरेको थियो ।

**समूह ख**

**मानव अधिकार र मौलिक अधिकार बिचमा भिन्नता**

मानव अधिकार एउटा व्यापक अभिव्यक्ति हो भने मौलिक अधिकार अपेक्षाकृत त्योभन्दा सूक्ष्म अभिव्यक्ति हो । मौलिक अधिकारमा सीमित अधिकार रहन्छन् । मानव अधिकार अन्तराष्ट्रिय कानुनअन्तर्गत पर्छ भने मौलिक अधिकार राष्ट्रिय कानुनअन्तर्गत पर्छ । मौलिक अधिकारलाई नागरिक अधिकार, संवैधानिक अधिकार र मूलभूत अधिकार भन्ने प्रचलन छ । मानव अधिकार सबै राष्ट्रमा समान रहन्छन् तर मौलिक अधिकार राष्ट्रअनुसार फरक फरक हुन सक्छन् ।

Curriculum Development Centre

**समूह ग**

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रमा उल्लिखित मुख्य मुख्य धाराहरू**

सन् १८४८ डिसेम्बर १० मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र अनुमोदन गरेको थियो । यस घोषणा पत्रमा निम्नानुसारका अधिकारहरू रहने उल्लेख गरिएको थियो :

धारा १ : सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्छन्, ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ । उनीहरू विवेक, शक्ति र अन्तःस्करणले युक्त भएकाले प्रत्येकले परस्परमा भ्रातृत्वको भावना लिएर व्यवहार गर्नुपर्छ ।

धारा २ : जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य मत, राष्ट्रियता, सामाजिक अवस्था, उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाका आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुने छ । यसका अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासन रहित वा सीमित सम्प्रभुसत्ता भएको होस, त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिका आधारमा भेदभाव गरिने छैन ।

धारा ३ : प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुने छ ।

धारा ४ : बँधुवा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापार पूर्ण रूपमा निषेध गरिएको छ ।

धारा १५ : प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुने छ । कसैलाई पनि मनोमानी ढङ्गले उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन न त राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट निषेध गरिने छ ।

धारा १६ : जाति, राष्ट्रियता वा धर्मको भेदभावबिना उमेर पुगेका महिला र पुरुषलाई आपसमा विवाह गर्ने तथा परिवार बसाउने अधिकार छ । विवाहको विषयमा वैवाहिक जीवन तथा विवाह विच्छेदमा तिनीहरूलाई समान अधिकार हुने छ ।

धारा २६ : शिक्षा कम्तीमा प्रारम्भिक वा आधारभूत अवस्थामा निःशुल्क र अनिवार्य हुने छ । प्राविधिक र व्यावसायिक शिक्षा सर्व सुलभ हुने छ । उच्चस्तरको शिक्षा योग्यताका आधारमा सबैलाई समान रूपले उपलब्ध हुने छ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने अधिकार आमाबाबुलाई हुने छ ।

धारा २९ : आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्नुपर्ने छ ।

सबै समूहको प्रस्तुतिपछि सविता मिसले मानव अधिकार सम्बन्धी घोषणा पत्रमा मानव अधिकार सम्बन्धी निम्न लिखित सार रहेको बताउनुभयो :

(क) सबै व्यक्तिको स्वतन्त्र अस्तित्व हुन्छ र अधिकार पनि हुन्छ ।

(ख) जातजाति, धर्म, भाषा आदिका नाममा कसैमाथि भेदभाव गरिने छैन ।

(ग) हरेक व्यक्तिको स्वतन्त्रतापूर्वक जिउने, सुरक्षित रहने र बाँच्ने अधिकार हुन्छ ।

(घ) कुनै पनि व्यक्तिलाई अनावश्यक दण्ड, सजाय र अमानवीय व्यवहार गर्न पाइने छैन ।

Curriculum Development Centre

(ङ) हरेक व्यक्तिले समान कानुनको प्रयोग गर्ने र कानुनको प्रयोगमा भेदभाव गर्न हुँदैन ।

(च) हरेक व्यक्तिलाई सम्मान गर्नुपर्छ ।

(छ) कसैलाई पनि बिनाकारण थुनामा राख्ने, देश निकाला गर्ने वा नजरबन्दमा राख्न पाइने छैन ।

(ज) वाक् स्वतन्त्रता, स्वतन्त्र रूपमा आवातजावत र हिँड्डुल गर्ने अधिकार सबै नागरिकलाई हुने छ ।

(झ) महिला र पुरुषलाई आफूखुसी वैवाहिक जीवन बिताउने अधिकार छ ।

(ञ) हरेक नागरिकलाई आफ्नो सम्पतिको प्रयोग गर्ने अधिकार छ ।

(ट) प्रत्येक व्यक्तिलाई आफ्नो सांस्कृतिक तथा धार्मिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार छ ।

(ठ) प्रत्येक व्यक्तिलाई राज्यका सेवा सुविधाको उपयोग गर्न पाउने अधिकार छ ।

(ड) प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक भेला हुने तथा विचारहरू राख्ने स्वतन्त्रता रहने छ ।

(ढ) प्रत्येक व्यक्तिलाई सामाजिक सेवा उपयोग गर्ने स्वतन्त्रता हुने छ ।

**मानव अधिकारको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको भूमिका**

नेपालमा मानव अधिकारसँग सम्बद्ध विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूका गतिविधि प्रभावकारी रहेको छ । यी निकायहरू मानव अधिकारका उल्लङ्घनका घटनामा खबरदारी, सचेतना अभिवृद्धि र मानव अधिकार मूल्य मान्यताको प्रचार प्रसार गर्ने कार्यमा संलग्न छन् । मानव अधिकार संरक्षणमा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको भूमिका यस प्रकार प्रस्तुत गरिएको छ :

१. **राष्ट्रिय मानव अधिकार आयोग** : राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक संवैधानिक निकाय हो । यस आयोगको स्थापना वि.सं. २०५७ मा भएको हो । यस निकायले मानव अधिकार सम्बन्धमा कार्य गर्दै आइरहेको छ । सबैका लागि गौरव (Dig ty), समानता (Eq lity) र न्याय (Js tice) यस संस्थाको मूल नारा हो ।

२. **अनौपचारिक क्षेत्र सेवा केन्द्र** (**इन्सेक**–INSEC) : नेपालको मानव अधिकार र मौलिक हकको सवालमा लामो समयदेखि क्रियाशील यस संस्थाको स्थापना सन् १९८८ मा भएको हो । अनौपचारिक क्षेत्रमा संलग्न मानिसहरूको मानव अधिकारको रक्षा गर्ने उद्देश्य राखी स्थापना भएको यस संस्थाले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आइरहेको छ ।

३. **एम्नेस्टी इन्टरनेसनल** : मानव अधिकारका क्षेत्रमा संलग्न यो एक अन्तर ाष्ट्रिय संस्था हो । यो संस्थाको स्थापना सन् १९६१ मा बेलायतको लन्डनमा भएको हो । मानव अधिकार उल्लङ्घनका घटनालाई रोक्न र मानव अधिकारबाट विमुख भएकाहरूलाई न्याय प्रदान गर्न यस संस्थाले अनवरत रूपमा कार्य गर्दै आएको छ । यस संस्थाले यातना

Curriculum Development Centre

विरुद्धको अभियान सञ्चालन गरेबापत सन् १९७७ मा नोबेल शान्ति पुरस्कार र सन् १९७८ मा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार पुरस्कार प्राप्त गरेको थियो ।

## क्रियाकलाप

१. मानव अधिकार र मौलिक अधिकारबिचको भिन्नतालाई चार्टमा प्रस्तुत गर्नुहोस् ।

२. 'प्रत्येक व्यक्तिलाई व्यक्तिगत स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार, मानव अधिकारको आधार' भन्ने तर्कका पक्षमा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

३. इलेनोर रुजवेल्टका बारेमा विभिन्न स्रोतबाट जानकारी सङ्कलन गरी जीवनी तयार गर्नुहोस् ।

४. मानव अधिकारको मुख्य मुख्य सार विषय वस्तुको सूची तयार गरी कुनै एक सारको जोडी जोडीमा बसी व्याख्या गर्नुहोस् ।

५. मानव अधिकार संरक्षणसँग सम्बन्धित पत्र पत्रिकामा प्रकाशित समाचार र सम्पादकीयको कटिङ सङ्कलन गरी कक्षाकोठाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

६. एम्नेस्टी इन्टरनेसनलको लोगो बनाउनुहोस् र यसको अन्तरनिहित अर्थ स्पष्ट पार्नुहोस् ।

७. राष्ट्रिय मानव अधिकार आयोगको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

८. तपाईंको समुदायमा मानव अधिकारको क्षेत्रमा संलग्न संस्थाहरूको सूची तयार गर्नुहोस् र उनीहरूले गरेका उत्कृष्ट कार्यहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १ मा के कुरा उल्लेख गरिएको छ ?

(ख) मौलिक अधिकार राज्यले आफ्ना नागरिकलाई प्रत्याभूत गरेका मानव अधिकार हुन् भन्ने सन्दर्भमा आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

(ग) इलेनोर रुजबेल्टको योगदान उल्लेख गर्नुहोस् ।

(घ) मानव अधिकारको संरक्षण र प्रवर्धन कार्यमा संलग्न व्यक्ति वा निकायलाई कसरी सम्मान गर्नुहुन्छ ?

(ङ) शान्तिपूर्वक भेला हुने स्वतन्त्रताले मानव अधिकारको प्राप्तिको अवस्थालाई कसरी प्रत्याभूत गर्छ ? आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

(च) एम्नेस्टी इन्टरनेसनलको स्थापना कहिले भएको हो ?

(छ) इन्सेकले मानव अधिकारको रक्षामा खेलेको भूमिका उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा मानव अधिकारको प्रवर्धनका लागि गरिएका कार्यहरू सङ्कलन गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : दस  महिला र आदिवासी तथा जनजाति सम्बन्धी अधिकार

## महिला अधिकार

हाम्रो जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाको जनसङ्ख्याले ओगटेको छ । महिलाहरूको हक स्थापित नगरी महिला सशक्तीकरण सम्भव हुँदैन । तसर्थ महिलाहरूको हकलाई स्थापित गर्न नेपालको संविधान, कानुन तथा अन्य नीति निर्माणका तहमा निम्नअनुसार व्यवस्था गरिएको छ :

(क) समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने

(ख) लैङ्गिक विभेद अन्त्य गर्ने

(ग) आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने

(घ) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, अपाङ्गता वा अन्य कुनै आधारमा भेदभाव नगरिने

(ङ) सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, अपाङ्गता भएका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने

(च) महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने व्यवस्था गर्ने

(छ) महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक हुने व्यवस्था गरिएको

(ज) महिला विरुद्ध धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्परा वा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने

(झ) राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता रहने

(ञ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने

(ट) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने

(ठ) राष्ट्रिय महिला आयोगको गठन भएको

(ड) सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हकको प्रत्याभूति गर्ने

(ढ) आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला समेतलाई सामाजिक सुरक्षाको हक हुने

(ण) मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता एवम् लैङ्गिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य रहने ।

© Curriculum Development Centre

### आदिवासी तथा जनजाति सम्बन्धी अधिकार

नेपाल बहुजातीय एवम् बहुभाषिक देश हो । यहाँ १२५ जातजातिहरू बसोबास गर्छन् । तीमध्ये ५९ ओटा जातजातिलाई आदिवासी जनजातिभित्र राखिएको छ । आदिवासी जनजातिहरू विकास र मानव विकासका दृष्टिले पछाडि परेका कारण उनीहरूका उत्थान र विकासमा शिक्षा, सञ्चार, स्वास्थ तथा स्रोतप्रतिको पहुँच स्थापित गर्ने यसको मुख्य ध्येय हो । आधारभूत तहसम्मको शिक्षा मातृभाषामा पाउनुपर्ने अधिकार आदिवासी जनजातिसँग सम्बन्धित मुख्य मुद्दा हो । आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा, छुट्टै परम्परागत रीति रिवाज, सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनुपर्छ । यस तथ्यलाई आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को परिच्छेद १ धारा २ मा उल्लेख गरिएको छ ।

### आदिवासी जनजातिको शैक्षिकलगायत अन्य अधिकार

(क) आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रूपमा पाउनुपर्ने अधिकार

(ख) विद्यालयमा बालमैत्री वातावरणमा शिक्षा पाउनुपर्ने अधिकार

(ग) आफ्ना भाषा, लिपि र सभ्यताको संरक्षण एवम् संवर्धन गर्न पाउनुपर्ने अधिकार

(घ) आफ्ना क्षेत्रका प्राकृतिक स्रोत र साधनप्रतिको सहज पहुँचको अधिकार

(ङ) आफ्ना मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार

(च) उच्च शिक्षासम्म अध्ययन गर्ने विशेष सहुलियत प्राप्त गर्ने अधिकार

(छ) राज्यबाट प्रदान गर्ने सेवा सुविधा, आवास तथा रोजगारीमा विशेष सुविधा पाउने अधिकार

(ज) राज्यका विभिन्न निकायमा सशक्त उपस्थिति र समावेशी प्रतिनिधित्वको अधिकार ।

### आदिवासी जनजाति सम्बन्धी अधिकार स्थापित गर्न राज्यले गरेका प्रयासहरू

(क) आदिवासी तथा जनजाति आयोगको स्थापना

(ख) आधारभूत तहसम्मको शिक्षा मातृभाषामा उपलब्ध हुने प्रावधान

(ग) राज्यका विभिन्न निकायमा समान पहुँच र अवसरका लागि सहभागिताको सिद्धान्त अवलम्बन

(घ) मातृभाषामा शिक्षा दिन पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्री र शिक्षक व्यवस्थापन

(ङ) छात्रवृत्तिको व्यवस्था ।

Curriculum Development Centre

### क्रियाकलाप

१. महिला सशक्तीकरणका उपायहरू समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको संविधानमा उल्लिखित महिला अधिकारका प्रावधानलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

३. पाठमा उल्लेख भएअनुसारका अधिकारहरू तपाईंको समुदायमा रहेका आदिवासी जनजातिहरूले उपयोग गर्न पाएका छन् कि छैनन् समुदायमा गई सोधपुछ गरी पत्ता लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको समुदायमा रहेका आदिवासी जनजातिको सूची बनाउनुहोस् र तिनीहरूले आफ्नो मातृभाषाको प्रयोग गरे नगरेको स्थिति पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) महिला अधिकार भनेको के हो ?

(ख) के गर्न सकियो भने महिला अधिकार प्रवर्धनमा टेवा पुग्छ ?

(ग) महिला अधिकार प्रवर्धनका लागि भएका संवैधानिक व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

(घ) सामाजिक रूपमा महिलाहरूको अवस्था प्रवर्धन नगरी महिलाको हकहित स्थापित गर्न सकिँदैन भन्ने भनाइप्रति आफ्नो दृष्टिकोण बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ङ) आदिवासी जनजाति भनेर कसलाई जनाउँछ ?

(च) आदिवासी जनजातिको अधिकार भनेको के हो ? यसअन्तर्गत के कस्ता अधिकारहरू पर्छन् ?

(छ) मातृभाषामा आधारभूत शिक्षा पाउनु सबै आदिवासी जनजातिको अधिकार हो भन्ने पक्षमा आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा बसोबास गर्ने आदिवासी जनजाति सम्बन्धमा सूचना सङ्कलन गर्नुहोस् । उनीहरूको भाषा, चालचलन र संस्कृति समेटी एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : एघार**

# नागरिक पहिचान र नागरिकता

राज्यले आफ्नो नागरिकलाई पहिचान दिने प्रमाण नागरिकता हो । यो पहिचानको वैधानिक आधार पनि हो । राष्ट्रियता र नागरिकता अलग अलग कुरा हुन् । नागरिकताको सम्बन्ध टुट्न सक्छ तर राष्ट्रियताको सम्बन्ध टुट्दैन । नागरिकता पाउने दुई प्रकारका तरिका छन् । पहिलो तरिका वंशजका आधारमा नागरिकताको प्राप्ति हो । यसलाई रगतको सम्बन्धका आधारमा नागरिकता प्राप्तिको तरिका पनि भनिन्छ । दोस्रो तरिका जन्मको आधारमा नागरिकताको प्राप्ति हो । यसलाई माटो वा जमिनसँगको सम्बन्धका आधारमा नागरिकता प्राप्ति पनि भनिन्छ ।

## राष्ट्रियता र नागरिकतामा फरक

(क) नागरिकताको प्राप्ति राज्यमा बसोबास गरेबापत हुन्छ भने राष्ट्रियता विदेशमा बसोबास गर्दा पनि रहन्छ ।

(ख) नागरिकता त्याग गर्न सकिने अस्थायी प्रकृतिको हुन्छ भने राष्ट्रियता त्याग गर्न नसकिने स्थायी प्रकृतिको हुन्छ ।

(ग) नागरिकता सीमित अवधारणा हो भने राष्ट्रियता बृहत् अवधारणा हो ।

(घ) नागरिकता राज्य र कानुनबिचको सम्बन्ध हो भने राष्ट्रियता भावनात्मक सम्बन्धको द्योतक पनि हो ।

(ङ) नागरिकताले व्यक्तिगत धारणालाई ग्रहण गरेको हुन्छ भने राष्ट्रियताले समूहगत धारणालाई अँगालेको हुन्छ ।

## नागरिकता सम्बन्धी मान्यता

नागरिकताका सम्बन्धमा विभिन्न मान्यताहरू छन् । जन्मका आधारमा नागरिकता प्राप्तिको मान्यताले जन्मेको भूगोलसँग सम्बन्धित रहेर नागरिकता प्राप्तिको अवस्थालाई जनाउँछ । त्यस्तै वंशज आधारमा नागरिकता प्राप्तिले आमाबाबुको वंशसँग सम्बन्धित रहेर नागरिकता प्राप्तिको अवस्थालाई जनाउँछ । कुनै कुनै देशमा दोहोरो नागरिकताको प्रावधान पनि राखिएको हुन्छ । नागरिकता विहीनताको अवस्था रहनु पनि नागरिकतासँग सम्बन्धित अर्को मान्यता हो । त्यस्तै कुनै मुलुकले ख्याती प्राप्त अन्य देशका नागरिकलाई सम्मानार्थ नागरिकता प्रदान गर्छन् । कतै कतै दोस्रो दर्जाको नागरिकको हैसियतमा पनि नागरिक पहिचान दिने काम गरिन्छ । त्यस्तो अवस्थामा राज्यले प्रदान गर्ने अधिकार र सेवा सुविधाबाट व्यक्ति विमुख रहन सक्छ ।

## नेपालको संविधानमा राखिएका नागरिकता सम्बन्धी प्रावधानहरू

नेपालमा प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको प्रावधान छ । प्रत्येक नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हक छ । वर्तमान संविधानमा निम्न लिखित आधारहरूमा नागरिकता प्राप्त गर्न सकिने उल्लेख गरिएको छ :

Curriculum Development Centre

### (क) वंशजका आधारमा नागरिकता

नेपालको संविधानबमोजिम निम्न लिखित आधारमा वंशजका आधारमा नागरिकता प्राप्त गर्न सकिन्छ :

(अ) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्तिले वंशजका आधारमा नेपालको नागरिकता पाउने व्यवस्था छ ।

(आ) नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्छ ।

(इ) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजका आधारमा नेपालको नागरिक ठहर्छ ।

(ई) नेपालको नागरिक भएकी आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजका आधारमा नेपालको नागरिकता प्रदान गरिन्छ ।

### (ख) अङ्गीकृत नागरिकता

नेपालको संविधानको आधारमा अङ्गीकृत नागरिकता प्राप्तिका आधारहरू निम्नानुसार छन् :

(अ) नेपालको नागरिक भएकी आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको नागरिकता विदेशी ठहरेको अवस्थामा त्यस्तो सन्तानको नागरिकता अङ्गीकृत नागरिकतामा परिणत हुन्छ ।

(आ) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा निजले कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छन् ।

(इ) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।

### (ग) सम्मानार्थ नागरिकता

नेपालको संविधान, २०७२ अनुसार सरकारले चाहेमा नेपालको हित, गौरव, प्रतिष्ठा वृद्धिका लागि योगदान गर्ने कुनै पनि विदेशी नागरिकलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सकिन्छ । डा. टोनी हेगन, सर एडमन्ड हिलारीलगायतलाई नेपालको सम्मानार्थ नागरिकता प्रदान गरिएको छ ।

### (घ) गैर आवासीय नेपाली नागरिकता

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका विदेशी मुलुकको नागरिकता प्राप्त गरेका र त्यही बसोबास गरेको तथा साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा



Curriculum Development Centre

आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई गैर आवासीय नागरिकता प्रदान गर्न सकिने प्रावधान छ । यस्तो नागरिकता प्राप्त व्यक्तिलाई अरू नागरिक सरह सबै खालका अधिकार प्राप्त नभए पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने अधिकार रहन्छ ।

## क्रियाकलाप

१. तपाईंका अभिभावकको नागरिकता हेरी त्यसमा के के कुरा उल्लेख गरिएको छ ? सोको विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नागरिकको पहिचान दिने आधार नागरिकता हो भन्ने पक्षमा कक्षामा वक्तृत्व कला प्रतियोगिताको आयोजना गर्नुहोस् ।

३. नागरिकता प्राप्ति सम्बन्धमा तपाईंको समुदायमा कुनै समस्याहरू रहेका छन् ? छन् भने के कस्ता समस्या रहेछन्, सम्बन्धित गाउँपालिका प्रमुख/सचिव वा नगरपालिकाको वडा प्रमुखलाई सोधेर विवरण तयार पार्नुहोस् ।

४. गैर आवासीय नेपालीलाई प्रदान गरिने नागरिकताले उनीहरूलाई सबै अधिकारको प्रयोग गर्न नसक्ने प्रावधान राखेको सन्दर्भमा निजलाई दिइने अधिकारमा सीमितता हुन जरुरी छ वा छैन ? आफ्ना तर्क समूहमा राख्नुहोस् र समूहगत निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) नागरिकता भनेको के हो ?

(ख) राष्ट्रियता र नागरिकतामा के फरक छ ?

(ग) वंशजका आधारमा प्राप्त हुने नागरिकता र अङ्गीकृत नागरिकतामा के फरक छ ?

(घ) कस्ता कस्ता व्यक्तित्वहरूलाई सम्मानार्थ नागरिकता दिन उपयुक्त हुन्छ ? आफ्ना विचार प्रकट गर्नुहोस् ।

## सामुदायिक कार्य

नागरिकता र नागरिकका सम्बन्धमा पत्र पत्रिकामा छापिएका समाचार सङ्कलन गर्नुहोस् । सो सम्बन्धमा तपाईंका समुदायमा मानिसहरूको धारणा पनि सङ्कलन गर्दै आफ्नो निष्कर्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

एकाइ
^

# हाम्रो पृथ्वी

## पाठ : एक   विश्वका हावापानीका प्रकार र यसमा प्रभाव पार्ने तत्वहरू

भूमध्य रेखाबाट जति ध्रुवीय क्षेत्रतर्फ गयो उति नै हावापानीको प्रकृतिमा भिन्नता पाइन्छ । त्यसै गरी पर्वतीय क्षेत्रमा पनि पर्वतको फेदीबाट शिखरतर्फ चढ्दा त्यस्तै भिन्नता महसुस गर्न सकिन्छ । भू सतहका उचाइ बढेमा तापक्रम घट्ने र उचाइ घटेमा तापक्रम बढ्ने हुन्छ । प्रत्येक १६५ मि. को उचाइगत भिन्नता हुँदा १ डिग्री सेल्सियसका दरले तापक्रमको फरक पर्छ । नाम्चे बजार र सगरमाथा शिखरमा तापक्रमको भिन्नता हुनाका कारण उचाइको भिन्नताले गर्दा हो ।

पर्वतीय क्षेत्रमा उचाइको भिन्नतालाई विभिन्न प्रकारका वनस्पतिको उपस्थितिले दर्साउँछ । पहाडको फेदीमा चौडापाते सदावहार वन, अलिक उचाइमा पतझड वन, त्योभन्दा उचाइमा कोणधारी वन र अझै उचाइमा टुन्ड्रा वनस्पति पाइनु हावापानीको भिन्नताले गर्दा नै हो ।

पृथ्वीको सतहमा अक्षांशीय फैलावटको आधारमा बार प्रकार र उचाइका आधारमा एक गरी कुल तेर प्रकारका हावापानीहरू पाइन्छन् । पृथ्वीको उत्तरी गोलार्धको काल्पनिक महादेशमा पाइने हावापानीका स्थिति देखाउने तालिका तल  प्रस्तुत गरिएको छ । यस तालिकाबाट हावापानीहरूको फैलावट, क्षेत्र र दिशाबारे बुझ्न सकिन्छ :

<table>
<tr><td rowspan="2">शीत मण्डल</td><td colspan="3">टुन्ड्रा प्रदेशीय हावापानी वा ध्रुवीय हावापानी (Tundra or  Polar Climate)</td><td>९०° उत्तर</td></tr>
<tr><td colspan="3">ठण्डा समशीतोष्ण समुद्री हावापानी (Cool Temperate Oceanic Climate)</td><td>७०° उत्तर</td></tr>
<tr><td rowspan="2">समशीतोष्ण मण्डल</td><td>ठण्डा समशीतोष्ण समुद्री हावापानी (Cool Temperate Oceanic Climate)</td><td>समशीतोष्ण तृणभूमिको हावापानी (Temperate Grassland)</td><td>सेन्ट लरेन्स वा मन्चुरियाको हावापानी (St. Lawrence or Manchurian Climate)</td><td>६०° उत्तर</td></tr>
<tr><td>भूमध्यसागरीय हावापानी (Mediterranean Climate)</td><td>समशीतोष्ण मरुस्थलीय हावापानी (Temperate Descrt Climate)</td><td>चीनीयाँ प्रकारको हावापानी (China Type of Climate)</td><td>४५° उत्तर</td></tr>
<tr><td rowspan="3">उष्ण मण्डल</td><td colspan="2">उष्ण मरुस्थलीय हावापानी (Tropical Desert Climate)</td><td rowspan="2">उष्ण मौसमी हावापानी (Tropical Monsoon Climate)</td><td>३०° उत्तर</td></tr>
<tr><td colspan="2">उष्ण तृणभूमीय वा सुडानको हावापानी (Tropical Grass-land Climate)</td><td>२०° उत्तर</td></tr>
<tr><td colspan="3">भूमध्यरेखीय हावापानी (Equatorial Climate)</td><td>५° उत्तर<br>०° उत्तर</td></tr>
</table>

Curriculum Development Centre

पृथ्वीका दुवै गोलार्धमा अक्षांशीय फैलावट, सूर्यको ताप र हावाको चापका आधारमा हावापानीका तिन प्रदेश (मण्डल) हुन्छन् । यसरी एक गोलार्धमा हावापानीका तिन प्रदेश (मण्डल) भएता पनि दुवै गोलार्धमा गरी जम्मा पाँच प्रदेश मात्र हुन्छन् । संसारमा हावापानीका प्रत्येक प्रदेशअन्तर्गत चार प्रकारसम्मका स्थानीय हावापानीका क्षेत्रहरू तय गरिएका छन् ।

### हावापानीमा प्रभाव पार्ने तत्त्वहरू

हावापानीमा धेरै तत्त्वहरूले प्रभाव पार्छन्। पहाडको टुप्पो र फेदमा फरक किसिमको हावापानी पाइन्छ। पहाडको ढालको अवस्थितिले पनि हावापानीमा प्रभाव पर्छ । हावापानीमा प्रभाव पार्ने विभिन्न तत्त्वहरूको चर्चा तल गरिएको छ :

**अक्षांशीय फैलावट :** भूमध्य रेखाबाट उतर वा दक्षिणतर्फ जति जति ध्रुवीय क्षेत्रतर्फ गयो उति नै सूर्यको किरण छड्के पर्दै जान्छ। यसर्थ त्यहाँ तापक्रम घट्दै जान्छ र हावापानीमा फरक पर्छ। छड्के परेको सूर्यको किरणले बाक्लो वायु मण्डलको सतह पार गर्नुपर्ने र यो ठुलो क्षेत्रमा फैलने हुँदा तापक्रम कम हुन गएको हो। यसर्थ भूमध्य रेखीय क्षेत्रमा बढी गर्मी र ध्रुवीय क्षेत्रमा बढी जाडो हुन्छ ।

**उचाइ र ढाल :** भू सतहको जति उचाइ बढ्छ त्यति नै वायु मण्डलीय खँदिलोपना कमजोर हुँदै जानाले वायु मण्डलमा तापको स्थिरीकरण घट्छ । यसैले प्रत्येक १६५ मि. को उचाइ बढ्दै जाँदा १ डिग्री सेल्सियसको दरले तापक्रम घट्दै जान्छ। यसर्थ होचो स्थानमा न्यानो र अग्लो स्थानमा जाडो हुन्छ । नेपालको तराई र हिमाली खण्डमा हावापानी फरक परेको उचाइले गर्दा नै हो ।




यस्तै वायु सम्मुख ढालमा बढी पानी पर्छ भने विमुख ढालमा कम पानी पर्छ । यसले तापक्रममा पनि फरक पार्छ । नेपालको दक्षिणी ढालभन्दा उत्तरी ढाल शीतल हुनाको कारण पनि यही हो । वायु सम्मुख पर्वतीय ढालको हावापानी ओसिलो हुन्छ भने वायु विमुख ढालको हावापानी शुष्क हुन्छ । हिमालयको दक्षिणी ढाल वायु सम्मुख हुनाले नेपालको हावापानी ओसिलो र वायु विमुख ढालमा रहेको हुनाले तिब्बतको हावापानी शुष्क छ ।

**सामुद्रिक दुरी :** जमिन तथा पानीको तात्ने र सेलाउने स्वभाव बिल्कुल फरक छ । जमिन छिटो तात्छ र छिट्टै सेलाउँछ तर पानी ढिला तात्छ र ढिलै सेलाउँछ । यसैले जमिन र पानीको क्षेत्रमा हावापानी अवस्था फरक हुन्छ। यसर्थ सामुद्रिक क्षेत्रको प्रभावले समुद्र वरपरको भागमा सुरम्य अवस्था भइरहन्छ। जमिनको भित्री भागमा सामुद्रिक प्रभाव नपर्ने हुनाले हावापानी शुष्क रहन्छ। पूर्वी चीनको सामुद्रिक किनारी क्षेत्रको हावापानी सुरम्य हुनु र मङ्गोलियाको हावापानी विषम हुनु उक्त अवस्थाका उदाहरण हुन् ।

**पर्वतको उपस्थिति :** बाफिलो वायु वहने मार्गमा पर्वतको अवरोध भएमा पर्वत पछाडिको क्षेत्र शुष्क रहन्छ भने वायु सम्मुख हुने पर्वतको भागमा हावापानीको अवस्था फरक हुन्छ । हिमालय पर्वतका

Curriculum Development Centre

कारण बङ्गालको खाडीबाट बहने बाफिलो वायु तिब्बती क्षेत्रमा पुग्न नसकेकाले सो क्षेत्र शुष्क छ भने नेपालको भूमि मनसुनी वर्षाले सिञ्चित छ ।

**वायुको स्वभाव** : सुक्खा वायु बहनाले हावापानी प्रभावित भई शुष्क हुन्छ भने बाफिलो वायु बहने क्षेत्रको हावापानी नियमित वर्षा भई ओसिलो भइरहन्छ । नेपाललगायत मनसुनी वायु बहने क्षेत्रमा ग्रीष्ममा बाफिलो वायु समुद्रबाट जमिनतर्फ बहनाले ओसिलो र उष्ण हावापानी पाइन्छ । हिउँदमा सुक्खा मनसुन जमिनबाट समुद्रतर्फ बहनाले यहाँ हावापानी सुक्खा रहन्छ ।

**वनस्पति** : वन जङ्गल र वनस्पति युक्त क्षेत्रको हावापानी ओसिलो हुन्छ भने वनस्पति विहिन क्षेत्रको हावापानी शुष्क हुन्छ । वनस्पति स्थानीय हावापानीमा प्रभाव पार्ने तत्त्व हो ।

**सामुद्रिक धार** : तातो सामुद्रिक धार बहने सामुद्रिक किनारी भागको हावापानी न्यानो हुन्छ । तर चिसो धार बहने यस्तो क्षेत्रको हावापानी चिसो र शुष्क हुन्छ । अमेरिकाको पूर्वी किनारामा तातो धार बहने हुनाले हावापानी न्यानो र ओसिलो छ भने पश्चिम किनारामा चिसो धार बहने हुनाले चिसो र शुष्क छ ।




**माटो** : माटाको रङले पनि स्थानीय क्षेत्रको हावापानीको अवस्थामा प्रभाव पार्छ । कालो माटो भएको क्षेत्रको हावापानी न्यानो हुनु र सेतो माटोयुक्त क्षेत्रको हावापानी चिसो हुनाका कारण माटाको रङको प्रभावले गर्दा भएको हो ।

## क्रियाकलाप

१. पृथ्वीको सतहमा हावापानीको अक्षांशीय फैलावटको रेखाचित्रलाई चार्ट पेपरमा सबैले देख्न सक्ने आकारमा तयार पारी कक्षाकोठाको भित्तामा झुन्ड्याउनुहोस् ।

२. तपाईंको क्षेत्रमा पाइने हावापानीको विशेषताहरू टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस् र साथीको टिपोट पनि सुन्नुहोस् ।

३. दिइएको चित्रलाई चार्ट पेपरमा ठुलो आकारमा उतारी कक्षाकोठामा टाँस्नुहोस् :




Curriculum Development Centre

४.	अक्षांशअनुसार हावापानीका प्रदेशहरू निर्धारण गरिएका छन् । तलको चित्रमा देखाइएका हावापानीका प्रदेशहरूको नाम लेख्नुहोस् :




## अभ्यास

१.	सामुद्रिक दुरीले हावापानीमा कसरी प्रभाव पारेको हुन्छ ? कारण र उदाहरण दिनुहोस् ।

२.	'वायु सम्मुख पर्वतीय ढालको हावापानी ओसिलो हुन्छ ।' यस भनाइलाई उदाहरणसहित लेख्नुहोस् ।

३.	माटाले हावापानीलाई प्रभावित गरिरहेको हुन्छ भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ होला, किन ? तर्कहरू दिई पुष्टि गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंले कुनै पर्वतीय उचाइ चढ्नु भएको छ ? छैन भने कक्षाका सबै साथीहरू र शिक्षकसमेत भई वास्तविक पर्वत वा खोला खोल्सीको ढिक चढ्ने कार्यक्रम बनाउनुहोस् । यसबाट तपाईंलाई पर्वतीय अवस्था र वातावरणका साथै पर्वतको उपस्थितिले हावापानीमा पार्ने असरबारे अनुभव मिल्छ । साथै पर्वतीय उचाइ चढ्नुभएका अनुभवी मानिसलाई भेटी पर्वतको फेदी र शिखरमा भेटिएका हावापानीका फरकबारे अन्तरक्रिया गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : दुई**

# उष्ण प्रदेश

भूमध्य रेखाबाट दुवै गोलार्धको ३०° अक्षांशसम्मको क्षेत्रलाई उष्ण प्रदेश भनिन्छ । यस प्रदेशमा बर्सैभरि सूर्यको किरण सीधा रूपमा पर्नाले निकै गर्मी हुन्छ भने वर्षाको अवस्था भने स्थान र समयानुसार फरक फरक हुन्छ। यस प्रदेशमा ताप, चाप र वर्षाका आधारमा निम्न लिखित चार प्रकारका हावापानीका क्षेत्रहरू रहेका छन् :

### (क) भूमध्य रेखीय क्षेत्र

भूमध्य रेखीय क्षेत्र भूमध्य रेखाबाट दुवै गोलार्धको ५° उत्तर र दक्षिण अक्षांशसम्म फैलिएको छ । यस क्षेत्रमा दक्षिण अमेरिकाको अमेजन बेँसी, अफ्रिकाको कङ्गो बेँसी र एसियाको पूर्वी द्विप समूह अन्तर्गतका भूभागहरू रहेका छन् । यस क्षेत्रमा बर्सैभरि सूर्यको किरण सीधा रूपमा पर्नाले प्रचण्ड गर्मी र दैनिक जसो संवाहन क्रियाद्वारा वर्षा हुनाले हावापानीको अवस्था ओसिलो रहन्छ । दिनरातको समय बराबर रहनु र ऋतु परिवर्तन नहुनु यो हावापानीको विशेषता हो ।

प्रशस्त वर्षा र ओसिलो हावापानीले गर्दा बाली एवम् वनस्पतिका लागि यो क्षेत्र निकै उपयुक्त छ । यहाँ विभिन्न जातका ठुला छत्राकार अग्ला बोट बिरुवा र लहराहरू प्रशस्त मात्रामा पाइन्छन् । घना रूपमा वनक्षेत्र रहेकाले यहाँ विभिन्न प्रजातिका पशुपक्षीहरू पनि प्रशस्त मात्रामा पाइन्छन् । संसारमा पाइने प्राणीहरूमध्ये करिब ९० प्रतिशत यही क्षेत्रमा पाइन्छन् ।

### (ख) उष्ण तृणभूमि क्षेत्र

उष्ण तृणभूमि क्षेत्र ५° देखि २०° उत्तर दक्षिण अक्षांशीय भूभागसम्म महादेशको भित्री भागमा फैलिएको छ । यो हावापानी क्षेत्रमा अफ्रिकाको सुडान, दक्षिण अफ्रिकाको उच्च समस्थली, ब्राजिलको उच्च समस्थली, ओरिनको बेँसी, उत्तर अस्ट्रेलियाको भित्री भाग, डेक्कन र सान उच्च समस्थलीहरू अन्तर्गतका भूभागहरू पर्छन् ।

ग्रीष्ममा अति गर्मी र हिउँदमा हल्का न्यानो सुक्खा हुने यस क्षेत्रमा स्थान र अवस्थानुसार ५० से.मि. देखि १५० से.मि.सम्म वर्षा हुन्छ । ग्रीष्म र हिउँद ऋतु हुनु यो हावापानीको विशेषता हो । यो हावापानी क्षेत्रमा वर्षाको अवस्थानुसार वनस्पति पाइएता पनि मुख्य रूपमा लामा र बाक्ला घाँसे वनस्पतिहरू नै प्रशस्त मात्रामा पाइन्छन् । ग्रीष्ममा वर्षा थोरै समय मात्र हुने हुनाले घाँसका लागि निकै राम्रो र अनुकूल हुन्छ । यहाँ ठुला बिरुवाहरू भने फाट्टफुट्ट मात्र पाइन्छन् । घाँसेभूमिका बिचमा पाइने रुखहरू प्रायः छत्राकार हुन्छन् । घाँसेभूमि हुनाले यो क्षेत्रमा शाकाहारी, मांसाहारी र सर्वहारी जीवजन्तुहरू ठुलो सङ्ख्यामा पाइन्छ । यो हावापानी क्षेत्रको घाँसेभूमिलाई ओरिनको बेँसीमा ‘लानोस’, ब्राजिलको उच्च भूमिमा ‘क्याम्पोस’, दक्षिण अफ्रिकामा ‘भेल्ड’ र मध्य अफ्रिकी क्षेत्रमा ‘सभाना’ भनिन्छ । यस क्षेत्रमा हजारौँ प्रकारका जीव जनावरहरू पाइने हुनाले यस प्रदेशलाई “संसारको चिडियाखाना” पनि भनिन्छ ।

Curriculum Development Centre

यो हावापानी मुख्य रूपमा अफ्रिकाको सुडान क्षेत्रमा फैलिएकाले यसलाई "सुडानको हावापानी" पनि भनेर चिनिन्छ ।

### (ग) उष्ण मरुस्थलीय हावापानी क्षेत्र

उष्ण मरुस्थलीय हावापानी क्षेत्र पृथ्वीको दुवै गोलार्धमा २०° देखि ३०° अक्षांशसम्म महादेशको पश्चिमी भागमा फैलिएको छ । यो हावापानी अफ्रिकाको साहारा, एसियाको अरेबिया, पर्सिया र थारका साथै उत्तर अमेरिकाको कोलोराडोलगायतका क्षेत्रमा पाइन्छ । साथै दक्षिणी गोलार्धका एटकामा, कालाहारी र पश्चिमी अस्ट्रेलियालगायतका क्षेत्रमा पनि उक्त हावापानी पाइन्छ । यहाँ कयौँ भूभागहरू बालुवा र नाङ्गा चट्टानले ढाकेका छन् । साहारा मरुस्थलीय क्षेत्रमा विस्तृत रूपमा फैलिएकाले यो हावापानीलाई साहारा प्रकारको हावापानी पनि भनिन्छ ।



दिनमा अति गर्मी र रातमा अति चिसो हुनु, सुक्खा हुनु, तापक्रममा विषमता रहनु र थोरै वर्षा हुनु यो हावापानीको विशेषता हो । यहाँ काँडादार बिरुवा र खस्रा पातयुक्त क्याक्टस जातका वनस्पतिहरू मात्र पाइन्छन् । कम वर्षा र विषमताले गर्दा ठुला जातका वनस्पतिहरू खासै पाइँदैनन् । दिन र रातको तापान्तर बढी भई हावापानीमा विषमता भएका कारण यहाँ वनस्पति र मानव जीवन नराम्ररी प्रभावित छ ।

### (घ) उष्ण मौसमी हावापानी क्षेत्र

दुवै गोलार्धमा ५° देखि ३०° अक्षांशसम्म महादेशको दक्षिण पूर्वी भागमा रहेका दक्षिण एसिया र दक्षिण पूर्वी एसियामा यो हावापानी विस्तृत रूपमा फैलिएको छ । यसका साथै उत्तरी अस्ट्रेलिया, दक्षिण पूर्वी अफ्रिका, दक्षिण पश्चिम अफ्रिका, दक्षिण पूर्वी ब्राजिल, क्यारेबियन क्षेत्र र पूर्वी द्विप क्षेत्रमा समेत यो हावापानी पाइन्छ ।

ग्रीष्ममा गर्मी र हिउँदमा ठन्डा एवम् मनोरम हुने, स्थानअनुसार ५० से.मि. देखि २०० से.मि.सम्म ग्रीष्मकालीन मनसुनी वर्षा हुन्छ । यो हावापानी क्षेत्रमा ग्रीष्म, वर्षा र हिउँद गरी तिन ऋतुहरू हुन्छन् । ग्रीष्ममा गर्मी, वर्षामा ओसिलो र हिउँदमा ठन्डा हुनाले यहाँ प्रायः पतझड वनस्पति पाइन्छन् । कतै कतै पर्याप्त वर्षाका कारण सदावाहार वन पनि पाइन्छन् । यो हावापानी मानव स्वास्थ्य र कृषि कार्यका लागि उपयुक्त छ ।

Curriculum Development Centre

## क्रियाकलाप

१. एटलसमा पृथ्वीको प्राकृतिक नक्सा हेरी उष्ण प्रादेशिक क्षेत्र पहिचान गर्नुहोस् ।

२. उष्ण मौसमी हावापानीको क्षेत्र 'मानव स्वास्थ्य र कृषि कार्यका लागि उपयुक्त छ ।' भन्ने तथ्यलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् । यो कार्य समूहमा सम्पन्न गर्नुहोस् ।

३. तपाइँको समुदायबाट कुनै दाइ वा दिदीहरू खाडी मुलुकहरूमा बसेर फर्केका हुन सक्छन् । ती व्यक्तिहरूसँग भेटेर उँटसँग सम्बन्धित तथ्यका बारेमा छलफल गरी बुँदा टिपोट गर्नुहोस् र कक्षाका साथीहरूलाई सुनाउनुहोस् ।

४. कक्षामा शिक्षक र साथीहरूसँग सभाना घाँसेभूमिमा रहेका पक्षीहरू उड्नभन्दा दौडन सिपालु हुनाका कारणहरूबिच छलफल गरी पहिचान गर्नुहोस् ।

५. मरुस्थलीय क्षेत्रमा काँडादार बिरुवा र खस्रा पातयुक्त क्याक्टस जातका वनस्पतिहरू मात्र पाइनाका कारण के के होलान् ? ती वनस्पतिका विशेषताहरू र तपाइँको क्षेत्रमा पाइने वनस्पतिका विशेषताहरूबिच तुलना गर्नुहोस् ।

६. विश्वको खाली नक्सामा तलका उष्ण मरुस्थलीय क्षेत्रहरू अङ्कित गर्नुहोस् :

साहारा (उत्तर अफ्रिका), कालाहारी (दक्षिण अफ्रिका), थार (भारत) र पश्चिम अस्ट्रेलिया (अस्ट्रेलिया)

७. उष्ण मौसमी क्षेत्रका वनस्पतिको सन्दर्भमा हावापानी र वनस्पतिको सम्बन्ध उल्लेख गर्नुहोस् । नेपाल पनि उष्ण मौसमी हावापानी क्षेत्रको देश भएता पनि हिमाली, पहाडी र तराई क्षेत्रको वनस्पति बिचमा ठुलो अन्तर हुनाको कारण के होला ? उल्लेख गर्नुहोस् ।

८. तल दिइए जस्तै तालिका बनाई उष्ण प्रदेशीय हावापानीका विशेषताहरूलाई लेख्नुहोस् :

| क्रम सङ्ख्या | हावापानीको नाम | हावापानीको विशेषताहरू |
|---|---|---|
| | | |
| | | |
| | | |

Curriculum Development Centre

## अभ्यास

(क) उष्ण प्रदेशीय हावापानीको क्षेत्रको अक्षांशीय अवस्थिति बताउनुहोस् ।

(ख) भूमध्ये रेखीय र उष्ण मरुस्थलीय हावापानीका क्षेत्रहरूबिच चार/चार बुँदामा फरक देखाउनुहोस् ।

(ग) नेपालका कुन हावापानीको क्षेत्रमा पर्छ ? त्यस हावापानी क्षेत्रका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(घ) 'उष्ण तृण भूमिको क्षेत्रलाई संसारको चिडियाखाना भनिन्छ ।' किन ? कारण उल्लेख गर्नुहोस् ।

पाठ : तिन

# उष्ण प्रादेशिक जनजीवन

## (क) भूमध्य रेखीय क्षेत्र

तातो विषम हावापानीका कारण अमेजन बेँसीका आदिबासी रेड इन्डियन र गिनी क्षेत्रका पिग्मिजहरूको जनजीवन निकै असहज र प्रारम्भिक प्रकारको छ । यिनीहरूले कन्दमूल सङ्कलन, सिकार, पशु पालन र अस्थायी रूपले खेतीपाती गर्थे । यिनीहरूको फिरन्ते स्वभाव थियो । अमेजन र जायर बेँसीमा यस्ता मानिसहरू पाइन्छन् । यहाँको हावापानी खेतीपातीका लागि अनुकूल भएता पनि मानव क्रियाकलापका लागि प्रतिकूल हुनाले यो क्षेत्र विकासमा निकै पिछडिएको छ । एसियाली पूर्वी द्विप समूहका मानिसहरू भने युरोपियन सम्पर्क र सभ्यताबाट प्रभावित हुनाले विकसित छन् । इन्डोनेसिया, मलेसिया र सिङ्गापुर यसका उदाहरण हुन् । उद्योग धन्दा, व्यापार र पर्यटन यहाँका प्रमुख आर्थिक गतिविधिहरू हुन् ।



## (ख) उष्ण तृणभूमि क्षेत्र (सभाना)

यहाँ गर्मी र सुक्खा प्रकृतिको हावापानी पाइने हुँदा यो हावापानी मानव गतिविधिका लागि अनुकूल हुँदैन । त्यसैले यहाँ मानिसको जीवन स्तर खासै विकसित छैन । यहाँ कतिपय मानिसहरू अझै पुरानै रीति रिवाजमा रमाउने र पशुहरू चराउँदै घाँसपानीको खोजीमा फिरन्ते जीवन जिउन बाध्य छन् । मध्य अफ्रिकी क्षेत्रका मसाई र हाउसा जातिका मानिसहरू यसका उदाहरण हुन् । हिजोआज बढ्दो अन्तर्राष्ट्रिय पर्यटन र सम्पर्क, प्रचार प्रसार, शिक्षाको प्रभाव र वातावरणवादीहरूको गतिविधिले गर्दा यस क्षेत्रमा आधुनिकता भित्रन थालेको छ । व्यावसायिक खेती, पशु पालन, पर्यटन उद्योगको प्रभावकारिता बढ्दो छ । यहाँ विभिन्न राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रको स्थापना हुन थालेकाले पर्यटन र फिल्म सुटिङको गन्तव्य बन्न थालेको छ ।

## (ग) उष्ण मरुस्थलीय क्षेत्र

यस क्षेत्रमा विषम हावापानीका कारण मानव जीवन सहज छैन । पानी नपर्ने हुनाले घरहरू प्रायः मुन्डा छन् । यहाँ अझै केही फिरन्ते जातिहरू पनि बसोबास गर्छन् । यहाँ पेट्रोल र सुन लगायतका खनिजहरूको उत्खनन् भइरहेकाले आर्थिक गतिविधि बढ्दो छ । यहाँ आधुनिक प्रविधिको प्रयोग गरी व्यावसायिक खेती र पशु पालन गर्न थालिएको छ । पूर्वाधारहरूको निर्माण र व्यापार व्यवसाय बढ्दो छ । उँट यो क्षेत्रको मुख्य जनावर हो । बालुवामा सजिलै हिँड्न सक्ने, धेरै दिनसम्म पानी नपिई हिँड्न सक्ने हुनाले प्रायः सबैले भारी बोकाउन, दुध र मासुका लागि उँट पाल्छन् । मरुभूमिको क्षेत्रमा विशेष उपयोगी जनावर भएकाले उँटलाई 'मरुभूमिको जहाज' पनि भन्ने गरिन्छ ।

Curriculum Development Centre

मरुस्थल भएता पनि कतै कतै पानी पाइने स्थानमा र आधुनिक प्रविधिको सहायताले ठाउँ ठाउँमा खेतीपाती गरिएको भेटिन्छ । यस्तो खेतीपाती गरिएको र हरियालीयुक्त क्षेत्रलाई 'मरुद्यान' भन्ने गरिन्छ ।

### (घ) उष्ण मौसमी क्षेत्र

यो क्षेत्र कृषि, उद्योग र व्यापारलगायत सबैका लागि अनुकूल छ । अनुकूल हावापानी, माटो र वर्षाले गर्दा यस क्षेत्रका अधिकांश मुलुकहरू कृषिमा आधारित छन् । मानव सभ्यता र संस्कृतिका लागि यो क्षेत्र सम्पन्न मानिन्छ । सिन्धु, ह्वाङ्हो, ईरावदी, गङ्गा, ब्रह्मपुत्र जस्ता नदीहरू सभ्यता र संस्कृतिका थलोहरू हुन् । यहाँ जन आवादि घना छ । विश्वको एक तिहाइ जनसङ्ख्या यसै क्षेत्रमा बसोबास गर्छ । कृषि, उद्योग र पर्यटन यहाँका मुख्य आर्थिक गतिविधिहरू हुन् । धान यो क्षेत्रको मुख्य बाली हो । यस क्षेत्रमा खनिज जन्य उद्योगहरू धेरै छन् ।

## क्रियाकलाप

१. भूमध्य रेखीय क्षेत्रमा बसोबास गर्ने आदिवासीहरूको जनजीवन प्रारम्भिक प्रकारको भएता पनि युरोपियनहरूको सम्पर्कले गर्दा पूर्वी द्विप समूहमा बसोबास गर्नेहरू निकै विकसित छन् । उपनिवेश कालमा युरोपियनहरूले दक्षिण अमेरिका र अफ्रिकामा पनि उपनिवेश कायम गरेको तथ्यहरू इतिहासमा पाइन्छ । पूर्वी द्विप समूहमा जस्तै युरोपियनहरूसँगको सम्पर्क दक्षिण अमेरिका र अफ्रिकामा भएता पनि ती क्षेत्रको जीवन स्तर किन अगाडि बढ्न नसकेको होला ? कक्षामा छलफल गरी कारणहरू बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

२. उष्ण मरुस्थलीय क्षेत्र उर्वर नभएता पनि कतै कतै पानी पाइने स्थानमा र आधुनिक प्रविधिको सहायताले खेतीपाती गरिएको छ भन्ने कुराबाट शिक्षा लिँदै तपाईंको आफ्नो क्षेत्रमा पनि कृषिको विकास गर्न आधुनिक प्रविधि र उपलब्ध परिवेशको सदुपयोग गर्दै अघि बढ्न सुझाव समावेश गरी स्थानीय कृषक समूहलाई पत्र लेख्नुहोस् ।

३. वर्तमान समयमा उष्ण तृणभूमिअन्तर्गतको सभाना क्षेत्रमा पर्यटनबाट प्रशस्त लाभ लिन सकिने अवस्था हुँदाहुदै पनि यहाँका कतिपय मानिसहरू अझै पुरानै रीति रिवाजमा रमाउनाका कारणहरू पत्ता लगाउनुहोस् ? ती क्षेत्रका मानिसहरूको जीवन स्तर उकास्न के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक होला ? एक अनुच्छेद लेख्नुहोस् ।

४. मौसमी क्षेत्रमा जन आवादि निकै घना छ । यस्तै मानव सभ्यता र संस्कृतिका लागि पनि यो क्षेत्र सम्पन्न मानिन्छ । किन र कसरी ? कारणहरू खोजी गर्नुहोस् ।

## अभ्यास

१. मसाई र हाउसा को हुन् ? उनीहरू कसरी जीविकोपार्जन गर्छन् ।

२. उँटलाई किन मरुभूमिको जहाज भनिएको होला ? कारणहरू लेख्नुहोस् ।

३. उष्ण मौसमी क्षेत्रमा उत्पत्ति र विकास भएको सभ्यताहरूको नाम लेख्नुहोस् ।

४. उष्ण तृणभूमिमा पर्यटन व्यवसाय फस्टाउँदै जानाका कारणहरू के के हुन् ?

Curriculum Development Centre

**पाठ : चार**

# समशीतोष्ण प्रदेश

दुवै गोलार्धमा ३०° देखि ६०° अक्षांशसम्मको भूभागलाई समशीतोष्ण प्रदेश भनिन्छ । वर्षैभरि तातो र चिसोको समान अवस्था भई मानव जीवनका लागि अनुकूल रहेको यस क्षेत्रमा पर्याप्त मात्रामा वर्षासमेत हुन्छ । त्यसैले यहाँ आवादि घना छ भने विभिन्न प्रकारका बालीनालीसमेत राम्रो उत्पादन हुन्छन् । विश्वको अधिकांश जनसङ्ख्या यसै क्षेत्रमा रहेको छ । त्यसैले ठुला सहरहरू पनि यसै क्षेत्रमा रहेका छन् । यो प्रदेश हावापानी, वनस्पति, मानव जाति र संस्कृतिलगायतका विविधताको क्षेत्र पनि हो । यस प्रदेशमा निम्न लिखित चार प्रकारका हावापानीका क्षेत्रहरू रहेका छन् :

### (क) भूमध्य सागरीय क्षेत्र

उत्तरी गोलार्धमा ३०° देखि ४५° अक्षांश र दक्षिणी गोलार्धमा ३०° देखि ४०° अक्षांशबिचको महादेशको पश्चिमी भागमा यो हावापानी पाइन्छ । यहाँ ग्रीष्ममा गर्मी र शुष्क हुन्छ भने हिउँद ठन्डा र वर्षायुक्त हुन्छ । हिउँदमा समुद्री सतह भई आऊने बाफिलो वायुले वर्षा गराउँछ । यहाँ ग्रीष्म र हिउँद गरी दुई ऋतु हुन्छन् । भूमध्य सागर वरिपरिका युरोपका क्षेत्रहरू, दक्षिण र दक्षिण पश्चिम अस्ट्रेलिया, अमेरिकाको क्यालिफोर्निया, दक्षिण अमेरिकाको मध्य चिली यो हावापानी पाइने क्षेत्रहरू हुन् । यहाँ सुक्खाबाट बच्न वनस्पतिहरूका जराहरू लामा, चिल्लो सानापात र बाक्लो बोक्रायुक्त हुन्छन् । यहाँ अर्ध सदावहार र झाडीयुक्त वनस्पतिहरू पाइन्छन् । हिउँदमा पानी पर्ने हुँदा यो क्षेत्र रसिलो जातका फलफुलहरूका लागि उपयुक्त छ । प्रशस्त मात्रामा फलफुलको खेती र उत्पादन हुने हुनाले यस क्षेत्रलाई विश्वको फलफुलको बगैँचाको नामले पनि चिनिन्छ ।

### (ख) समशीतोष्ण तृणभूमि क्षेत्र

उत्तरी गोलार्धमा ४५° देखि ६०° अक्षांश र दक्षिणी गोलार्धमा ३०° देखि ४०° अक्षांशबिचको महादेशको मध्यभागतिर यो हावापानी पाइन्छ । दक्षिणी रुस, पूर्वी युरोप, दक्षिण अफ्रिकाको उच्च समस्थली क्षेत्र, दक्षिण पूर्वी अस्ट्रेलिया, उत्तर अमेरिकाको मध्यभाग, दक्षिण अमेरिकाको दक्षिण पूर्वी भाग यो हावापानी पाइने मुख्य क्षेत्रहरू हुन् । ग्रीष्ममा गर्मी र हिउँद जाडो हुनु, महाद्विपको मध्यभाग तर्फको क्षेत्रमा फैलिएकाले सामुद्रिक प्रभाव कम पर्नाले थोरै वर्षा हुनु र हिउँदमा हिउँ पर्नु यो हावापानीका विशेषताहरू हुन् । विषम स्वभावको, कम वर्षायुक्त हावापानीको क्षेत्र भएकाले यहाँ ठुला जातका वनस्पतिहरू पाइँदैनन् । यस क्षेत्रमा प्रशस्त मात्रामा घाँसका ठुला ठुला मैदानहरू पाइन्छन् ।  यहाँ अति उर्वर माटो हुनाले गहुँ खेती राम्रो हुन्छ । समशीतोष्ण तृणभूमि क्षेत्रका घाँसे भूमिहरूलाई एसिया र युरोपमा 'स्टेप्स', उत्तर अमेरिकामा 'प्रेरिज' अर्जेन्टीनामा 'पम्पास' र अस्ट्रेलियामा 'डाउन्स' भनिन्छ ।

### (ग) समशीतोष्ण सामुद्रिक क्षेत्र

उत्तरी गोलार्धमा ४५° देखि ६०° अक्षांशसम्म र दक्षिणी गोलार्धमा ४०° देखि ५०° अक्षांश बिचको महादेशको पश्चिम क्षेत्रमा यो हावापानी पाइन्छ । मानव स्वास्थ्यका लागि सारै उपयोगी यो हावापानी

Curriculum Development Centre

पश्चिम युरोप, पश्चिम क्यानडा, चिली, तस्मानिया टापु र दक्षिण न्युजिल्यान्डमा पाइन्छ । ग्रीष्ममा खासै गर्मी नहुने र हिउँद खासै जाडो नहुने यो हावापानी सारै मनोरम र स्वस्थकर छ । यस क्षेत्रमा सामुद्रिक प्रभावले बर्सैभरि पानी परिरहन्छ । समशीतोष्ण सामुद्रिक चक्रवात र पश्चिमी वायु यो क्षेत्रमा वर्षा गराउने कारकहरू हुन् । मिश्रित वनस्पति रहने यस क्षेत्रको पहाडी भागमा कोणधारी वन र मैदानी भागमा पतझड वन पाइन्छन् ।

### (घ) **समशीतोष्ण मौसमी क्षेत्र**

उत्तरी गोलार्धमा ३०° देखि ४५° अक्षांश र दक्षिणी गोलार्धमा ३०° देखि ४०° अक्षांशबिचको महादेशको पूर्वी भागमा यो हावापानी पाइन्छ । एसियाको पूर्वी खण्ड, अमेरिकाको दक्षिण पूर्वी खण्ड र अस्ट्रेलियाको दक्षिण पूर्वी क्षेत्रमा यो हावापानी फैलिएको छ । चीनको पूर्वी क्षेत्रमा विस्तृत रूपमा फैलिएकाले यो हावापानीलाई 'चिनियाँ हावापानी' पनि भनिन्छ । यस क्षेत्रमा ग्रीष्ममा गर्मी र हिउँदमा जाडो हुने, ग्रीष्ममा सामुद्रिक मनसुनद्वारा वर्षा हुने र हिउँदमा सुक्खा रहने गर्छ । वर्षा धेरै हुने क्षेत्रमा पतझड वन र कम वर्षा हुने क्षेत्रमा झाडी एवम् घाँसहरू पाइन्छन् । यस क्षेत्रमा रेसम उत्पादनका लागि उपयोगी वनस्पतिहरू प्रशस्त मात्रामा पाइन्छन् ।

## क्रियाकलाप

१. समशीतोष्ण प्रादेशिक क्षेत्रका हावापानीहरूको विशेषता सम्बन्धमा जोडीमा छलफल गरी विवरण तयार गर्नुहोस् ।

२. समशीतोष्ण मौसमी क्षेत्र रेसम खेतीका लागि अनुकूल छ भन्ने आधारहरू के के होलान् ? समूहमा खोजी गर्नुहोस् ।

३. समशीतोष्ण तृणभूमि क्षेत्रका घाँसे मैदानहरूको सूची बनाई विश्वको नक्सामा ती क्षेत्रहरू देखाउनुहोस् ।

४. भूमध्य सागरीय क्षेत्रमा हिउँदे वर्षा हुनाको कारण पुष्टि गर्नुहोस् ।

५. विश्वको खाली नक्सामा समशीतोष्ण हावापानीका क्षेत्रहरू औँल्याउनुहोस् ।

## अभ्यास

(क) भूमध्य सागरीय हावापानीको क्षेत्र समशीतोष्ण तृणभूमिको क्षेत्रबाट कसरी फरक छ ? लेख्नुहोस् ।

(ख) समशीतोष्ण सामुद्रिक हावापानीको क्षेत्रमा बर्सैभरि पानी परिरहनाका कारण के हो ?

(ग) समशीतोष्ण मौसमी क्षेत्रको हावापानीको कुनै दुई विशेषताहरू उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# समशीतोष्ण प्रादेशिक जनजीवन



पृथ्वीमा सबैभन्दा बढी मानव बसोबास भएको यो क्षेत्र हावापानीको दृष्टिकोणले समेत विश्वकै उत्कृष्ट प्रदेश हो । उत्तर अमेरिका, एसिया र युरोपकै सबैभन्दा विकसित क्षेत्रहरू यही प्रदेशभित्र पर्छन् । मानव बस्तीका लागि पूर्वाधारहरूको पर्याप्तता रहेको छ । विश्वका ठुला औद्योगिक सहरहरू चीनको सङ्घाई, जापानको टोकियो, कोरियाको सोल, बेलायतको लन्डन र अमेरिकाको सिकागो यही रहेका छन् । यस्तै न्युयोर्क, बेइजिङ, हङकङ, वासिङ्टन, पेरिस जस्ता घना आवादी युक्त सहरहरू यही प्रदेशभित्र नै रहेका छन् । मानवीय सुविधाका लागि विशाल भवन, पुलहरू, मनोरञ्जन स्थलहरू, यातायात सेवालगायतका कुराहरूले यो प्रदेशलाई संसारैको समृद्ध तुल्याएको छ ।

यस प्रदेशमा हरेक कुराले व्यावसायिकताको चरम स्थिति प्राप्त गर्न सकेको छ । 'संसारको अन्न भण्डार'का रूपमा चिनिने उत्तर अमेरिकाको प्रेरिज र युरेसियाको स्टेप्समा प्रशस्त मात्रामा गहुँ खेती गर्न आधुनिक ज्ञान सिप र प्रविधिको भरपुर उपयोग गरिएको छ । ऐतिहासिक कालदेखि नै चीन र कोरियाका पूर्वी क्षेत्रमा ठुलो मात्रामा रेसमको उत्पादन र व्यापार हुँदै आएको छ ।

समशीतोष्ण प्रादेशिक क्षेत्रमा व्यावसायिक स्तरमा ठुलो लगानी गरी पशु पालन गरिएको छ । स्विट्जरल्यान्ड, नेदरल्यान्ड, फिनल्यान्ड, डेनमार्क र अमेरिकाको कतिपय राज्यहरूको अर्थतन्त्र नै पशु पालनमा आधारित छ । यहाँ मासु, छाला र दुधका लागि पशु पालन गरिएको छ । यस क्षेत्रबाट धुलो र लेदो दुध, नौनी, घिउ, चिज, पनिर तथा तयारी सुख्खा मासुहरूको उत्पादन, प्रशोधन र निर्यात गरिन्छ । प्रेरिज र स्टेप्स क्षेत्रमा मुख्य रूपमा गाई पालन गरिने हुनाले यो क्षेत्रलाई दुग्धपेटिका रूपमा पनि चिनिन्छ । यस्तै अस्ट्रेलियाको 'डाउन्स' र अर्जेन्टिनाको 'पम्पास' क्षेत्रमा प्रशस्त मात्रामा भेडा पालिन्छ । अस्ट्रेलियाको भेडा उनका लागि र अर्जेन्टिनाको भेडा मासुका लागि निकै राम्रो मानिन्छ । भूमध्य सागर वरिपरि मुख्यतः युरोपमा रसिलो जातका अङ्गुर, कागती, सुन्तला, अञ्जीर जस्ता फलफुलहरू प्रशस्त

Curriculum Development Centre

मात्रामा उत्पादन गरिन्छन् । त्यहाँ तिनै फलफुलबाट प्रशस्त मात्रामा वाइन उत्पादन गरी धेरैआर्थिक लाभ प्राप्त भएको छ । फ्रान्स, पोर्चुगललगायतका मुलुकहरूमा फलफुल सम्बन्धी उद्योग र व्यापारको राम्रो विकास भएको छ ।

समशीतोष्ण प्रादेशिक क्षेत्रअन्तर्गतका मरुस्थलीय भागमा आवादि पातलो जीवन व्यवहार कठिन र निकै पिछडिएको स्थितिमा छ । यहाँका बासिन्दाहरू फिरन्ते स्वभावका छन् । पशु पालन गर्ने र तिनका लागि घाँसको खोजीमा फरक फरक स्थानमा चहार्नु उनीहरूको दिनचर्या हो । यहाँ कला कौशल र सभ्यताको खासै विकास हुन सकेको छैन ।

समशीतोष्ण प्रादेशिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, कला र सङ्गीतसमेत निकै राम्रोसँग विकास भएको पाइन्छ । शिक्षा र स्वास्थ्यका सम्बद्ध विश्व प्रसिद्ध ऐतिहासिकदेखि आधुनिक विश्व विद्यालयहरू र सुविधा युक्त राम्रा अस्पतालहरूसमेत यही प्रदेशभित्र रहेका छन् । अमेरिकाको क्यालिफोर्निया क्षेत्रमा संसारैको सबैभन्दा विशाल चलचित्र निर्माण उद्योग रहेको छ ।

## क्रियाकलाप

१. उत्तर अमेरिकाको प्रेरिज र युरेसियाको स्टेप्समा प्रशस्त मात्रामा गहुँ खेती र पशु पालन विकास हुनाका आधारहरू के के होलान् ? समूहमा छलफल गरी बुँदागत रूपमा लेख्नुहोस् ।

२. समशीतोष्ण प्रादेशिक क्षेत्रअन्तर्गतका मरुस्थलीय भागमा आवादी पातलो, जीवन व्यवहार कठिन र निकै पिछडिएको स्थितिमा रहनाका कारण कक्षामा छलफल गरी लेख्नुहोस् ।

३. समशीतोष्ण प्रादेशिक क्षेत्रको आर्थिक क्रियाकलापहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । साथै चार्ट पेपरमा स्पष्ट देखिने गरी रङ्गीन कलमले लेखी कक्षाकोठामा टाँस्नुहोस् ।

## अभ्यास

(क) प्रेरिजलाई किन संसारको अन्न भण्डार भनिएको होला ? छलफल गरी कारणहरू लेख्नुहोस् ।

(ख) 'अस्ट्रेलियाले उन र अर्जेन्टिनाले मासु निर्यात गर्छन्' किन ?

(ग) भूमध्य सागरीय क्षेत्रमा प्रशस्त वाइन उद्योगहरू स्थापना हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

(घ) भूमध्य सागर वरिपरिका मुलुकले फलफुलबाट प्रशस्त मात्रामा वाइन उत्पादन गरी धेरै आर्थिक लाभ लिइरहेका छन् । यो किन र कसरी सम्भव भयो होला ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको क्षेत्रमा पनि आजभन्दा १५ वर्ष अगाडि र हिजोआज हुने गरेका आर्थिक क्रियाकलापबिच के कस्तो समानता र असमानताहरू थिए ? कुन कुन कुराहरूमा कस्ता परिवर्तन आएका छन् ? समाजका दुई जना अगुवाहरूसँग सोधपुछ गरी प्राप्त निचोड कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : छ**

# शीत प्रदेश

पृथ्वीको दुवै गोलार्धमा ६०° देखि ९०° अक्षांशसम्मको ध्रुवीय प्रभाव क्षेत्रलाई शीत प्रदेश भनिन्छ । प्रायः बर्सैभरि सूर्यको किरण छड्के पर्ने हुनाले यी क्षेत्रमा सधैँ अत्यधिक जाडो हुन्छ । यहाँ बर्सैभरि तापक्रम माइनसभन्दा तल रहने हुनाले अत्यधिक जाडो हुन्छ । चिसो र सुक्खा वायु बहनाले खासै वर्षा हुँदैन । यस क्षेत्रका सबै स्थानमा बरफले ढाकिरहन्छ । उत्तरी ध्रुवीय सागरीय भाग, दक्षिणी ध्रुवीय क्षेत्रको अन्टार्कटिका, ग्रिनल्यान्ड, आइसल्यान्ड लगायतका स्थानमा ४ कि.मि. गहिराइसम्म बरफ जम्छ । यस क्षेत्रमा सूर्यको उत्तरायण र दक्षिणायनका कारण दिन र रातको लम्बाइमा धेरै अन्तर हुन्छ । सुर्य उत्तरायण भएको बेला दक्षिणी ध्रुवीय क्षेत्र प्रायः अन्धकार रहन्छ । यस्तै सूर्य दक्षिणायन भएको बेला उत्तर ध्रुवीय क्षेत्र प्रायः अन्धकार रहन्छ ।



अत्यधिक जाडाले गर्दा माटोसमेत जमिरहने हुनाले यो क्षेत्रलाई हिँऊको मरुभूमि पनि भनिन्छ । यहाँ ठुला आकारका बोट बिरुवाहरू पाइँदैनन् । तर कतै कतै भने काइ र लेऊ भनिने जराविहीन वनस्पति भेटिन्छन् ।

शीत (जाडो) प्रदेशलाई क्षेत्रको अवस्थिति र हावापानीलाई आधारमानी मुख्यतः ३ प्रादेशिक क्षेत्रमा बाँड्न सकिन्छ ।

(क) **साइबेरियन हावापानीको क्षेत्र** : पृथ्वीको उत्तरी गोलार्धको ६० डिग्रीदेखि ७० डिग्री अक्षांशीय क्षेत्रमा पाइने यो क्षेत्र 'टाइगा' वनका लागि प्रख्यात छ । मुख्यतः साइबेरियन, अलास्का र क्यानडाको दक्षिणी भाग यस प्रकारको हावापानी पाइने क्षेत्र हो । ग्रीष्म ४ महिना जति र हिउँद ८ महिना जति रहने यो प्रदेश लम्बरिङ (Lumbering) का लागि प्रख्यात छ ।

(ख) **टुन्ड्रा हापापानीको क्षेत्र** : साइबेरियन जस्तै पृथ्वीको उत्तरी गोलार्धमा ७० डिग्रीदेखि ९० डिग्री अक्षांशमा पाइने यस प्रदेशको हावापानी ज्यादै चिसो छ । ग्रीष्ममा माइनस २ देखि माइनस ५ डिग्री सेल्सियस र हिउँदमा माइनस ३५ डिग्रीदेखि माइनस ४५ डिग्री सेल्सियससम्म तापक्रम

Curriculum Development Centre

रहन्छ । यस क्षेत्रमा क्यानडा र साइबेरियाको उत्तरी भेग, ग्रिनल्यान्ड, आइसल्यान्ड जस्ता स्केन्डेभियन राष्ट्रहरूको उत्तर पश्चिमी भेगमा मुख्य रूपमा पाइन्छ । 'इन्युट' यस हावापानी प्रदेशका प्रमुख आदिवासी हुन् ।

(ग) **अन्टार्टिका हावापानीको क्षेत्र :** पृथ्वीको ६६ डिग्रीदेखि ९० डिग्री अक्षांशीय क्षेत्रसम्मको दक्षिणी गोलार्धमा मात्र यो हावापानी पाइन्छ । यहाँ वर्षैभरि अत्यन्त चिसो रहन्छ । अन्टार्टिका महादेश यसको प्रमुख क्षेत्र हो जहाँ तापक्रम माइनस ४५ डिग्री सेल्सियसभन्दा पनि तल झर्छ । यो क्षेत्र मानव बसोबासका लागि उपयुक्त मानिँदैन । वैज्ञानिक खोज र अनुसन्धान गर्न मात्र अस्थायी रूपमा मानिसहरू यहाँ आउने गर्छन् ।

## क्रियाकलाप

१. पृथ्वीको प्राकृतिक नक्सामा शीत प्रदेश पत्ता लगाई त्यसअन्तर्गत पर्ने देशहरूको नामहरू लेख्नुहोस् ।

२. शीत प्रदेशमा बर्सैभरि अत्यधिक चिसो रहन्छ । किन ? कारणसहित बयान गर्नुहोस् ।

३. ध्रुवीय क्षेत्रमा दिन र रातको लम्बाइमा धेरै अन्तर रहनाका कारण विश्लेषण गर्नुहोस् ।

४. बारै महिना हिउँले ढाक्ने नेपालको उच्च हिमाली क्षेत्र र शीत प्रदेशबिचको समानता र असमानतालाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) टुन्ड्रा हावापानीको प्रदेशलाई अन्टार्टिका प्रदेशमा तुलना गर्नुहोस् ।

(ख) इन्युट को हुन् ? उनीहरू कहाँ बसोबास गर्छन्, लेख्नुहोस् ।

(ग) शीत प्रदेशमा दिन र रातको लम्बाइ किन धेरै फरक परेको होला ? बताउनुहोस् ।

(घ) अन्टार्टिका क्षेत्र किन वैज्ञानिक र अन्वेषकहरूको आकर्षणको केन्द्र बनेको होला ? तार्किक उत्तर दिनुहोस् ।

## सामुदायिक कार्य

तपाईंले आफ्नो जीवन कालभित्र कहीँकतै घुमफिर गर्दा शीत हावापानीको विशेषतासँग मिल्दो परिवेशको अनुभव गर्नुभएको हुनुपर्छ । तपाईंको त्यो अनुभवका आधारमा कक्षामा साथीहरूसमेत भई ग्रीष्मकालीन उष्ण हावापानी र शीतकालीन हावापानीका समानता र भिन्नताहरूलाई सूचीकृत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : सात**

# शीत प्रदेशका गतिविधिहरू

शीत प्रदेशमा अत्यधिक जाडो र विषम हावापानी हुनाले खासै मानव बसोबास छैन । उत्तरी गोलार्धको ध्रुवीय क्षेत्र आसपास पर्ने क्यानडा र रसियाको उत्तरी भागमा एस्किमो एवम् इन्युट जातिका फिरन्ते स्वभाव भएका मानिसहरू बसोबास गर्छन् । यहाँ बासिन्दा फिरन्ते र पिछडिएका छन् । उनीहरूको हिउँको ढिक्काबाट इग्लु भनिने अस्थायी घर बनाई बस्छन् । परम्परागत हतियार, भाला, चक्कु र डोरीहरूको सहायताबाट सिकार गर्नु, कन्दमूल खोज्नु यहाँका मानिसहरूको दिनचर्या हो । हिउँभालु र सील माछाहरूको सिकार गरी तिनका छाला तथा चराका प्वाँखबाट लुगा एवम् पाल बनाई उपयोग गर्छन् ।

दुवै गोलार्धमा चिसोका कारण कुनै खेतीपाती हुँदैन । उत्तरी ध्रुवीय क्षेत्रमा ग्रीष्मयाममा विभिन्न रङका भुइँफुलहरू फुल्छन् । आधुनिक विकासको प्रभाव राम्ररी पुग्न सकेको छैन । क्यानडा, रुस र युरोपेली मुलुकहरूले आफ्नो भूभागमा पर्ने क्षेत्रहरूलाई आधुनिकीकरण गर्ने प्रयासहरू गरिरहेका छन् । यस क्षेत्रको तल्लो भूभागमा क्यानडादेखि रसियासम्म नै फैलिएको विशाल कोणधारी वन छ । यसलाई टाइगा नामले चिनिन्छ । आर्थिक हिसाबमा यसको महत्त्व निकै ठुलो छ । यसबाट कागज र कागज बनाउन चाहिने अर्ध तरल पदार्थ 'पल्प' बनाउने गरिन्छ ।





दक्षिण ध्रुवीय क्षेत्रमा मानव बसोबास छैन । तर विभिन्न मुलुकहरूले ठुला ठुला लगानीमा अनुसन्धान शालाहरू सञ्चालन गरिरहेका छन् । अनुसन्धनात्मक कार्यक्रमबाहेक मानव गतिविधि शून्य छ । यहाँको पुरै भूभाग बर्सैभरि बरफले ढाकिरहने हुनाले मानव बसोबास र अन्य गतिविधिहरूको सम्भावना छैन । सधैँजसो अँध्यारो र अत्यधिक चिसो भएता पनि 'पेन्गुइन' भनिने विशेष खालको चराहरू यहाँ मात्र पाइन्छन् । सामुद्रिक माछा खाएर बाँच्ने यी चराहरू बथानमा बस्छन् ।

**क्रियाकलाप**

१. उत्तरी शीत क्षेत्रमा बसोबास गर्ने इन्युट जातिका मानिसहरूको मौलिक जीवन पद्धतिमा दिनानुदिन परिवर्तन आइरहेको छ । यसका कारणहरू विश्लेषण गर्नुहोस् ।

Curriculum Development Centre

२. 'टाइगा' को आर्थिक महत्त्व बुँदागत रूपमा लेख्नुहोस् ।

३. उत्तरी ध्रुवीय क्षेत्रमा बस्ने मानिसहरू विकसित र धनी मुलुकका नागरिक हुन् । तर पनि तिनीहरूलाई आधुनिकताले छुन किन नसकेको होला ? तर्क गर्नुहोस् ।

४. तपाइँको स्थानीय क्षेत्रमा पिछडिएर रहेको जाति र उत्तरी ध्रुवीय क्षेत्रमा बस्ने मानिसहरूबिच तुलना गर्नुहोस् र ती बिचको समानता एवम् भिन्नतालाई सूचीकृत गर्नुहोस् ।

५. कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तरक्रिया आयोजना गरी टाइगामा के कस्ता जातका बोट बिरुवाहरू पाइन्छन् ? छलफल गर्नुहोस् ।

६. संसारैमा पेन्गुइन जातको चरा अन्टार्कटिकामा मात्र पाइनाको कारणहरू के होला ? शिक्षक र विद्यार्थीबिच छलफल गर्नुहोस् ।

## अभ्यास

(क) शीत प्रदेशका मानिसहरूको प्रमुख आर्थिक गतिविधिहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(ख) इग्लु भन्नाले के बुझिन्छ ? यो प्रयोग कसले गर्छ ?

(ग) तल दिइएका जीवहरूको चित्र हेरी तिनीहरू अत्यन्त्यै चिसोमा पनि बाँच्न सक्नाका कारणहरू शिक्षकसँग छलफल गरी लेख्नुहोस् :



## परियोजना कार्य

१. कक्षाका साथीहरूको दुई समूह बनाई एक समूहले टाइगा वन र नेपालको उच्च पहाडी क्षेत्रको वनबिचको समानता एवम् अर्को समूहले तिनीहरूबिचको भिन्नताहरू पहिचान गर्नुहोस् ।

२. नेपालको हिमाली क्षेत्रको वातावरण र पृथ्वीको ध्रुवीय क्षेत्रको वातावरणबिचका समानता र भिन्नताहरू पहिचान गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : आठ विश्वमा वनस्पति र जीवजन्तुहरू

### हावापानी, वनस्पती एवम् जीवजन्तुबिचको अन्तरसम्बन्ध



हावापानीको फरकपनले वनस्पतिको अवस्थामा प्रभाव पार्छ । कुनै पनि क्षेत्रमा रहेको हावापानीअनुसार नै वनस्पतिहरू पाइन्छन् । गर्मी र ओसिलो क्षेत्रमा उष्ण सदावहार वन पाइनु र ठन्डा हावापानी भएको क्षेत्रमा कोणधारी नरम वनस्पति पाइनुलाई यसको उदाहरणका रूपमा लिइन्छ। यस्तै ग्रीष्ममा गरम र हिउँदमा ठन्डा हुने क्षेत्रमा पतझड वन पाइन्छ । वन र त्यहाँ पाइने रहने जीवजन्तुका प्रजाति, प्रकार, सङ्ख्या र अवस्था त्यहाँ पाइने हावापानीले निर्धारण गर्छ ।

**विश्वभर मुख्यतया तिन प्रकारका वन पाइन्छन् :**



(क) **सदावहार वन** : उष्ण, ओसिलो, बर्सैभरि गर्मी र वार्षिक २०० से.मि.भन्दा बढी वर्षा हुने यस क्षेत्रमा सदावहार, कडा काठ भएका, थोरै हाँगायुक्त, छत्राकार र ठुला वनस्पतिहरू पाइन्छन् । यहाँ पाइने वनस्पतिहरूमा रबर, टिक, साल, महोजेनी, रोज वुड र एबोनी हुन् । यस्तै यहाँ ठुला शरीर भएका हात्ती, बाघ, भालु, गैँडा, अजिङ्गर, गोही, विभिन्न जातका सर्पहरू, मयूर र सारस पाइन्छन् ।



(ख) **पतझड वन** : ग्रीष्ममा गर्मी र हिउँदमा चिसो हुने, औसतमा १०० से.मि. वर्षा हुने क्षेत्रमा ग्रीष्ममा पालुवा पलाउने र हिउँदमा पात झर्ने ओक, बिच, म्यापल जस्ता वनस्पतिहरू पाइन्छन् । ग्रीष्म न्यानो र ओसिलो हुनाले पालुवा पलाउँछ भने हिउँद ठन्डा सुक्खा हुनाले चिसो खप्न नसकी बिरुवाका पात झर्छन् । यहाँ चितुवा, बाँदर, स्याल, काग, बकुल्ला, सारौ, भँगेरा, सालकलगायतका पशुपक्षीहरू पाइन्छन् ।

(ग) **कोणधारी वन** : औसतमा ५० से.मि. वार्षिक वर्षा हुने चिसो क्षेत्रमा सदावहार एवम् कोणाकार वन पाइन्छ। पृथ्वीको उत्तरी गोलार्धको उत्तर तर्फका क्यानडा, नर्वे, रुसलगायतका देशमा फैलिएका

Curriculum Development Centre

नरम सल्लो जातका वनलाई टाइगा नामले चिनिन्छ । पाइन, फर र स्प्रुस यहाँ पाइने मुख्य वनस्पतिहरू हुन् । हिउँ चितुवा, हिमाली भालु र हाँस प्रजातिका चराहरू यहाँ पाइने प्रमुख जीवजन्तुहरू हुन् ।



## क्रियाकलाप

१. हावापानीको प्रकृतिले वनस्पतिहरू प्रभावित हुन्छन् भन्ने कुराको प्रमाण तपाईं बसोबास गर्ने क्षेत्रमा पाइने वनस्पतिहरू नै हुन् । तपाईंको समुदायमा हावापानीको प्रकृतिले वनस्पतिको कुन कुन पक्षमा के कसरी प्रभाव गरिरहेको छ ? कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको क्षेत्रमा पाइने कुनै दस प्रकारका वनस्पतिहरूको नाम लेख्नुहोस् । ती वनस्पतिहरूमध्ये कुन वनस्पतिको स्वभाव के कस्तो छ भन्ने कुरा थाहा पाउन समुदायका जानकार व्यक्तिलाई सोधखोज गरी मुख्य कुराहरूलाई बुँदागत रूपमा टिपोट गर्नुहोस् र पालैपालो सबैले कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. प्रस्तुत तालिकालाई कापीमा उतारी आवश्यक तथ्यहरू भर्नुहोस् :

| वनको प्रकार | मुख्य वनस्पति | मुख्य जीवजन्तु |
|---|---|---|
| | | |
| | | |

## अभ्यास

(क) सदावहार वन र पतझर वनबिचको भिन्नता तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

(ख) 'कोणधारी वनको आर्थिक महत्त्व ठुलो छ ।' कसरी ? उदाहरणसहित लेख्नुहोस् ।

(ग) 'नेपालमा तिनै प्रकारका वनहरू पाइन्छन् ।' यस भनाइलाई ती वनमा पाइने वनस्पतिको नामसहित पुष्टि गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको क्षेत्रमा वनसँग सम्बन्धित कुनै पनि कार्यक्रम वा समूह क्रियाशील रहेका होलान् । सो समूह वा कार्यक्रम सम्बन्धमा सोधखोज गरी त्यसको उद्देश्य, लक्ष्य र कार्यक्रमहरू के के रहेछन् ? जानकारी लिनुहोस् र कक्षामा साथीहरूलाई बताउनुहोस् ।

Curriculum Development Centre

# पाठ : नौ
# हावापानी र धरातलीय विविधताबाट विश्वको जनजीवनमा पर्ने प्रभाव

**अवस्था १ :** उत्तरी ध्रुवीय चिसो क्षेत्रमा रहेका बस्ने विकसित मुलुकहरू रसिया र क्यानडामा इन्युट जातिका मानिस मानव विकासमा निकै पिछडिएका छन् । परम्परागत घरेलु हतियारले सिकार गर्नु, सिल माछाका छालाबाट पोसाक र पालहरू बनाउनु तथा कन्दमुल खोज्नु उनीहरूको दिनचर्या रहेको छ ।

**अवस्था २ :** युरोप, उत्तर अमेरिका र एसियालगायतको समशीतोष्ण हावापानी क्षेत्रहरूमा बस्ने मानिसहरू संसारका अन्य क्षेत्रको तुलनामा निकै प्रगतिशील, सभ्य र शिक्षित छन् । विश्वका अधिकांश वैज्ञानिक खोजहरू यसै क्षेत्रका मानिसहरूबाट भएको थियो र छ । संसारका ठुला र आधुनिक आर्थिक एवम् भौतिक विकासका गतिविधिहरू यसै क्षेत्रमा भइरहेका छन् ।

**अवस्था ३ :** अमेजन बेँसीमा रहेका रेड इन्डियन र गिनी तटीय क्षेत्रका भूभागमा बस्ने पिगमिज जातिका मानिसहरू अझै प्रारम्भिक जीवन शैलीमा नै छन् । आधुनिक विकासबाट टाढा रहेर धनुबाण र भालाबाट सिकार गर्नु एवम् घुमन्ते जीवन शैली जिउनु उनीहरूको दिनचर्या हो ।

मानव जीवनमा हावापानी र धरातलीय विविधताले प्रत्यक्ष असर पारिरहेको हुन्छ । यसबाट खानपान, वेषभूषा, सभ्यता, पेसा, धर्म, संस्कार, विकासका कार्यहरू, आर्थिक क्रियाकलापलगायतका पक्षहरू प्रभावित भइरहेका हुन्छन् । चिसो हावापानी र विकट पहाडी धरातलका बस्तीहरूमा रहेका मानिसहरू मिहिनेती, आँटिला र सहनशील हुन्छन् । युरोपका मानिसहरू जाँगरिला हुनु यसको उदाहरण हो ।

धरातल र हावापानीको प्रभावले नेपालको हिमाली क्षेत्रमा बस्ने मानिसहरू साहसिक कामहरू गर्नमा विश्व प्रसिद्ध छन् । गर्मी हावापानी र समतल भूस्वरूपमा बसोबास गर्नेहरू चिसो र विकट हावापानी क्षेत्रका मानिसहरूको तुलनामा अल्छी स्वभावका हुन्छन् । चिसो र विकट हावापानी क्षेत्रका मानिसहरूलाई प्राकृतीक चुनौतीले गर्दा साहसिक र मिहिनेती बन्नुपर्ने बाध्यता छ । उष्ण र समतल भूस्वरूप क्षेत्रमा यस्ता चुनौतीहरू कम वा हुँदै नहुने हुनाले जनजीवन र मानव स्वभाव फरक हुन गएको हो । नेपालको हिमाली, पहाडी र तराई क्षेत्रको जनजीवन फरक हुनाका कारण नै हावापानी र धरातलीय स्वरूपको प्रभावले गर्दा हो । यस्तै ध्रुवीय क्षेत्र र भूमध्य रेखीय क्षेत्रको जनजीवन पृथ्वीको अन्य क्षेत्रको तुलनामा पछि पर्नाका कारण पनि हावापानी र धरातलको प्रभावले गर्दा नै हो ।

हिन्दु, बौद्ध, इस्लामलगायतका धर्मका संस्कारहरू हावापानी एवम् धरातलीय विविधताले प्रभावित छ । उदाहरणका लागि इस्लाम धर्मको उत्पत्ति मरुस्थलीय क्षेत्र साउदी अरेबियामा भएको हो । त्यसैले इस्लाम धर्मको मस्जिद निर्माण गर्न बालुवाको प्रयोग अनिवार्य झैँ छ । त्यस्तै इस्लामका अनुयायीहरूले प्रयोग गर्ने पोसाकहरू पनि सूर्यको तातोको प्रभावबाट जोगिन सकिने र सहजै हावाको ओहोरदोहोर गर्ने खुकुलो खालको हुन्छ । यस्तै यहाँ प्रचण्ड घामको प्रभावबाट बच्न, घामका किरणहरू परावर्तन गराउन सादा वा सेतो रङको कपडाहरू प्रयोग हुन्छ । यहाँ टाउकाको पसिना फ्याँकी शीतलता प्राप्त गर्न कपाल खौरी जालीदार टोपी लगाउने तथा अनुहारको छाला जोगाउन दाह्री पाल्ने संस्कार चलेको

Curriculum Development Centre

हो । सूर्यको प्रचण्ड तापबाट सारै पीडित हुने भएकाले इस्लाम धर्मालम्बीहरू सूर्यप्रति सकारात्मक छैनन् । चन्द्रमाबाट शीतलता प्रदान गरी सहजता मिल्ने भएकाले इस्लामका अनुयायीहरू चन्द्रमाको पूजा गर्नुका साथै झन्डाहरूमा समेत चन्द्रमा अङ्कित गर्छन् । सूर्यको कतै पनि सम्मान गर्दैनन् भन्ने कुरा एक महिना लामो रमजान पर्वबाट बुझ्न सकिन्छ । अन्य धर्महरूका संस्कारहरूको आधार पनि हावापानी र धरातलीय विविधताको प्रभाव नै हो ।

## क्रियाकलाप

१. तपाईं कुनै सन्दर्भले आफू बसेको स्थान छाडी फरक हावापानी भएको स्थानमा जानुभएको हुनुपर्छ । नयाँ स्थानमा पुग्दा तपाईंले के कस्तो हावापानीको अवस्था अनुभव गर्नुभयो ? बुँदागत रूपमा टिपोट गर्नुहोस् र त्यसका कारणहरू के होलान् भनी शिक्षक तथा साथीहरूबिच छलफल गर्नुहोस् ।

२. पृथ्वीका उत्तर वा भूमध्य रेखीय क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवन शैली हावापानीको असरले गर्दा फरक भएको हो भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ ? वा हुनुहुन्न ? किन ? आफ्नो विचार पुष्टि गर्न तर्कहरू लेखी विषय शिक्षकसँग अन्तरक्रिया गर्नुहोस् ।

३. धर्महरूका संस्कारहरूको आधार हावापानी र धरातलीय विविधताको प्रभाव नै हो भन्ने कुराको पुष्टि तपाईंको समुदायमा अपनाइका धर्म र संस्कारका आधारमा गर्नुहोस् ।

## अभ्यास

(क) इन्युट जातिहरू कसरी रेड इन्डियन र पिग्मिजभन्दा फरक छन् ? बसोबास र जीवन शैलीका आधारमा छलफल गर्नुहोस् ।

(ख) के कारणले नेपालको तराई, पहाड र हिमाली क्षेत्रको जनजीवन फरक परेको होला ? प्रस्ट पार्नुहोस् ।

(ग) चिसो र समशीतोष्ण हावापानीका क्षेत्रमा रहेका देशहरू विकासको हिसाबले निकै अगाडि छन्, किन ? र कसरी ?

## सामुदायिक कार्य

तपाईंको समुदाय र क्षेत्रमा फरक फरक धर्मका अनुयायीहरू बसोबास गरेका हुनुहुन्छ । समुदायका विभिन्न धर्मका अनुयायीहरूमध्ये सबै धर्मका जेष्ठ सदस्यहरूलाई भेटी उहाँहरूलाई आफ्नो धर्मका बारेमा के कस्ता कुराको ज्ञान छ, सो बुझी जानकारी प्राप्त गर्न तलका प्रश्नहरू सोधी प्राप्त उत्तरहरूका आधारमा धार्मिक विशेषताहरूको तुलना गर्नुहोस् :

### प्रश्नहरू

(क) धर्मको उत्पत्ति कुन स्थानमा भएको थियो ?

(ख) धर्मका संस्थापकको नाम र जन्मथलो के थियो ?

(ग) धर्मअनुसार गर्न नहुने र हुने व्यवहारहरू के के हुन् ?

(घ) धार्मिक पर्वहरूको नाम र मनाइने समय उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

| पाठ : दस |
|---|

# उत्तर अमेरिका

**भौगोलिक अवस्थिति :** यो महादेश पश्चिमी गोलार्धमा पर्दछ । यहाँ उष्ण मण्डलदेखि शीत मण्डलसम्म भौगोलिक फैलावट भएका क्षेत्रहरू छन् ।

## हावापानीको अवस्था



यस महादेशमा अत्यधिक गर्मी, न्यानो र ठन्डा सबैखाले हावापानी पाइन्छ । भूमध्य रेखा नजिकै र उष्ण मण्डलीय क्षेत्रमा रहेका स्थानहरूमा गर्मी हुन्छ भने समशीतोष्ण प्रदेशीय क्षेत्रमा हावापानी न्यानो र मनोरम छ । यस्तै उत्तरतर्फका शीत मण्डलीय क्षेत्रमा पर्ने स्थानहरूमा निकै जाडो हुन्छ । क्यानाडाको पश्चिमी खण्डमा र सेन्टलरेन्स नदी वरिपरिको क्षेत्रमा वर्षभरि पानी पर्छ । क्यालिफोर्निया क्षेत्रमा हिउँदमा मात्र र अमेरिकाको दक्षिण पूर्वी खण्डमा ग्रीष्ममा पानी पर्छ । यहाँ खतरनाक आँधीबेहेरीको प्रकोप भइरहन्छ ।

## भौगोलिक स्वरूप

(क) पश्चिम भागमा रक्की अलस्कादेखि पनामासम्म विशाल मोडदार पर्वतीय संरचनाका रूपमा पर्वतमाला एकनाशले फैलिएको छ । म्याकिन्ले, लोगन, राइनियर, ब्वाइटने एवम् एलबर्ट यहाँका महत्त्वपूर्ण र अग्ला चुचुरा हुन् ।

(ख) पूर्वी भागमा पुरानो कडा चट्टान युक्त अपलेचियन पर्वत शृङ्खला छ ।

(ग) मध्य भागमा विशाल रूपमा फैलिएको प्रेरिज घाँसे मैदान रहेको छ ।

(घ) पूर्वी किनारी भागमा कम उचाइ युक्त लरेन्सियन सिल्ड रहेको छ । यो सेन्टलरेन्स नदीको उत्तरमा पर्छ ।

(ङ) अपलेचियन पर्वत शृङ्खलादेखि अलस्का नजिकैसम्म प्रशस्त सङ्ख्यामा तालहरू छन् । ग्रेटबियर, ग्रेटस्लेभ, विनिपेग, निपिगन, सुपेरियर, मिचिगन, हुरेन, ओन्टारियो र त्रि यस क्षेत्रका प्रमुख तालहरू हुन् ।

(च) पूर्वी भागमा सेन्टलरेन्स, मध्यमा मिसिसिपी र पश्चिममा बहने कोलोराडो यहाँका मुख्य नदीहरू हुन् ।

Curriculum Development Centre

(छ) क्यानाडाको मध्य उत्तर भागमा पर्ने हडसन खाडी, संयुक्त राज्य अमेरिकाको दक्षिण पूर्वमा पर्ने मेक्सिको खाडी र पश्चिममा पर्ने क्यालिफोर्निया खाडी यहाँका प्रमुख खाडीहरू हुन् ।

(ज) रक्की पर्वत मालाको वृष्टि छाया पर्ने क्षेत्रमा विभिन्न मरुभूमिका क्षेत्रहरू पनि रहेका छन् । अमेरिकाको दक्षिण पश्चिम भागमा कहिल्यै पानी नपर्ने मरुभूमि छ ।

### वनस्पति



उत्तर अमेरिकाको उत्तरी भागमा चिसो र ओसिलो हावापानी हुनाले टुन्ड्रा वनस्पति पाइन्छ । सोभन्दा तल्लो क्यानडाको उत्तरी भागमा बाक्लो कोणधारी सल्लाको जङ्गल छ । यसलाई 'टाइगा' भनिन्छ । ध्रुवीय शीत मण्डलमा पर्ने हुनाले उत्तरी क्षेत्रमा सँधै अत्यधिक चिसो भइरहन्छ । मध्य मैदानी भागमा बाक्लो घाँसे मैदान छ । यसलाई 'प्रेरिज' भनिन्छ । यस्तै दक्षिण पूर्वी भाग र सेन्ट लरेन्स क्षेत्रमा पतझर वनस्पति पाइन्छ । मध्य दक्षिणी क्षेत्रमा उष्ण सदावहार वन पाइन्छ ।

### क्रियाकलाप

१. तपाईंसँग भएको एटलसमा हेरी पाठमा उल्लेख भएका उत्तर अमेरिकाको भौगोलिक स्वरूपहरूको पहिचान गर्नुहोस् ।

२. कक्षामा उपस्थित विद्यार्थीहरू तिन समूहमा विभाजित भई पाठ र एटलसको सहायतामा पहिलो समूहले उत्तर अमेरिकाको धरातलीय विविधता दोस्रो समूहले हावापानी र तेस्रो समूहले वनस्पतिको सम्बन्धमा छलफल गरी तिनका विशेषताहरू पालैपालो कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. एटलसको प्रयोग गरी आँधीबाट प्रभावित हुने उत्तर अमेरिकाको क्षेत्र पहिचान गर्नुहोस् ।

४. उत्तरी भेगमा विस्तृत रूपले फैलिएको कोणधारी जङ्गललाई उत्तर अमेरिकाको विशेष महत्त्वपूर्ण प्राकृतिक सम्पदा भनिनाका कारणहरू उल्लेख गर्नुहोस् ।

५. उत्तर अमेरिकी महादेशको नक्सा कापीमा उतार्नुहोस् र निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् :

रक्की पर्वत माला, अपलेचियन पर्वत शृङ्खला, प्रेरिज घाँसे मैदान, मिसीसिपी नदी, ग्रेट ताल क्षेत्र, हडसनको खाडी, मृत उपत्यका, पनामा नहर, टाइगा वन क्षेत्र, हिउँदमा पानी पर्ने क्षेत्र ।

### अभ्यास

(क) 'प्रेरिज' भन्नाले के बुझिन्छ ? यसका प्रमुख तिन उपयोगिताहरू लेख्नुहोस् ।

(ख) रक्की पर्वत माला पर्यटनको हिसाबले निकै अगाडि हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

(ग) टुन्ड्रा वनस्पतिको कुनै चार ओटा विशेषताहरू उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

(घ) उत्तर अमेरिकाको हावापानी कस्तो छ ? छोटो टिप्पणी गर्नुहोस् ।

(ङ) उत्तर अमेरिकाका तिन प्रमुख भौगोलिक क्षेत्रहरू के के हुन् ? छलफल गरी तिनीहरूको नाम लेख्नुहोस् ।

## सामुदायिक कार्य

कक्षाका सबै विद्यार्थीहरूको तिन टोली बनाउनुहोस् । अब उत्तर अमेरिकाको ठुलो भित्ते नक्साको प्रयोग गरी निम्न कार्य गर्नुहोस् :

(क) पहिलो टोलीले मुख्य प्राकृतिक स्वरूपहरू पहाड, नदी, मैदानी क्षेत्र, ताल तलैया, उच्च समस्थलीको नाम र प्रसिद्ध स्थानको विवरण टिप्नुहोस् ।

(ख) दोस्रो टोलीले मुख्य बसोबासका क्षेत्रहरू र औद्योगिक क्षेत्रहको नामका साथै ती क्षेत्रहरूको प्रसिद्धिका आधारहरू खोजी गर्नुहोस् ।

(ग) तेस्रो टोलीले उपलब्ध प्राकृतिक स्रोत साधनहरू वन, खनिज र अन्य सम्पदाहरूको वितरणका बारेमा तथ्यहरू खोजी गर्नुहोस् ।

अन्त्यमा सबै टोलीहरूले छुट्टाछुट्टै प्रतिवेदनका रूपमा आफ्ना तर्फबाट पत्ता लगाइएका कुराहरूलाई चार्ट पेपरमा बुँदागत रूपमा लेखी विद्यालयको पुस्तकालय वा सबैले देख्न सक्ने स्थानको भित्तामा टाँस्नुहोस् ।

Curriculum Development Centre

# पाठ : एघार उत्तर अमेरिकाको सामाजिक र आर्थिक क्रियाकलाप





उत्तर अमेरिका विश्वका अधिकांश मानिसको आकर्षणको केन्द्र बनेको छ । क्रिस्टोफर कोलम्बसले अमेरिका पत्ता लगाएपछि युरोपबाट गोरा जातिका मानिसहरू त्यहाँ बसाइँ सरे । उनीहरूले त्यहाँका आदिवासीलाई अल्पमतमा पारी आफनो सत्ता स्थापना गरे ।

क्यानडा र संयुक्त राज्य अमेरिकाले संसारकै ध्यानार्कषण गर्न सफल हुने गरी पूर्वाधारहरूको निर्माण र सञ्चालन गरेका छन् । दक्ष जनशक्तिको पर्याप्तता र अधिकतम स्रोत परिचालन भएकाले उत्तर अमेरिकाको आर्थिक अवस्था मजबुत छ । क्यानडा र संयुक्त राज्य अमेरिकाले नै उत्तर अमेरिकाको अधिकांश भूभाग ओगटेका छन् । त्यसैले ती मुलुकहरूको अध्ययनबाट सबैजसो उत्तर अमेरिकी क्षेत्रको समग्र अवस्थाको प्रतिनिधित्व हुन्छ । क्यानडाको प्रतिव्यक्ति आय ४३,२४८ अमेरिकी डलर छ । संयुक्त राज्य अमेरिकाको प्रतिव्यक्ति आय ५५,८३६ अमेरिकी डलर छ ।

क्यानडामा फ्रेन्च र अङ्ग्रेजी भाषीहरूको बाहुल्यता भएता पनि हिजोआज संसारभरबाट विभिन्न भाषा बोल्ने मानिसहरू त्यहाँ पुगेका छन् । फिरन्ते इन्युट जातिका मानिसहरू त्यहाँका आदिवासी हुन् । त्यहाँका मानिसहरू नोकरी, उद्योग, व्यापार, सेवा, व्यवसाय, खनिज उत्खनन, प्रशोधन, माछा पालन र कृषि सम्बन्धी काम गर्छन् ।

संयुक्त राज्य अमेरिकामा फलाम र इस्पात उद्योग, खनिज तेल प्रशोधन गर्ने कारखाना, पशुवस्तुमा आधारित मासु, छाला र दुधजन्य वस्तु उत्पादन गर्ने उद्योगहरू छन् । यहाँ हवाई जहाज, पानी जहाज र रेलका पार्टपुर्जाहरू पनि बनाइन्छन् । ठुला लगानीमा विविध सेवा व्यवसाय र व्यापार सञ्चालन भएका छन् । व्यावसायिक तवरले फलफुल उत्पादन गर्ने र माछा मार्ने काम गरिन्छ । त्यहाँ आधुनिक पूर्वाधारहरूको उपलब्धता निकै राम्रो छ । खेलकुद, कला, शिक्षा, साहित्य, विज्ञान र प्रविधि उन्नत एवम् व्यावसायिक छन् । त्यहाँको अर्को मुख्य आर्थिक गतिविधि पर्यटन हो । सप्ताहको अन्त्यमा बिदा मनाउनु त्यहाँका बासिन्दाको जीवन पद्धति बनिसकेको छ । उनीहरू साङ्गीतिक उत्सव, पारिवारिक जमघट र विभिन्न भ्रमण गरी बिदा बनाउँछन् । क्यानडाले वन जङ्गलबाट धेरै आर्थिक फाइदा प्राप्त गर्दै आएको छ । त्यहाँ खनिजमा आधारित ठुला ठुला उद्योगहरू सञ्चालनमा छन् । तामा, फलाम, निकेल, सुन

Curriculum Development Centre

जस्ता प्लाटिनम तथा चाँदी जस्ता खनिज उद्योगहरू त्यहाँ रहेका छन् । कोइला, पेट्रोल तथा ग्यास पनि पर्याप्त पाइन्छन् । विश्वमा क्यानडा दोस्रो गहुँ निर्यात गर्ने देश हो । यस देशको पूर्वमा आलु र पश्चिममा फलफुल उत्पादन हुन्छ ।

## क्रियाकलाप

१. कक्षामा छलफल गरी उत्तर अमेरिकाको आर्थिक क्रियाकलापहरूको सूची बनाउनुहोस् ।

२. वर्तमान समयमा विश्वका सबै स्थानबाट मानिसहरू उत्तर अमेरिकाको क्यानडा र संयुक्त राज्य अमेरिकामा जान चाहनाका कारणहरू खोज्नुहोस् र कक्षामा छलफलका लागि प्रस्तुत गर्नुहोस् ।

३. क्यानडा र संयुक्त राज्य अमेरिकामा कृषि कार्य व्यावसायिक छ ? नेपालमा पनि कृषिलाई व्यवसायिक बनाउन त्यहाँबाट के के सिक्नुपर्ला ? उपायहरू उल्लेख गर्नुहोस् ।

४. उत्तर अमेरिकाको सामाजिक क्रियाकलापको चार्ट तयार गरी कक्षामा टाँस्नुहोस् ।

## अभ्यास

(क) उत्तर अमेरिकाको सामाजिक जनजीवनका बारेमा छोटो टिपोट प्रस्तुत गर्नुहोस् ।

(ख) एटलसमा खोजी गरी उत्तर अमेरिकाका ठुला र घना बस्ती युक्त सहरहरूको नाम दिनुहोस् ।

(ग) उत्तर अमेरिकाका आर्थिक क्रियाकलापहरूको सूची बनाउनुहोस् ।

(घ) क्यानडाको प्रतिव्यक्ति आय तुलनात्मक रूपमा बढी हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

(ङ) उत्तर अमेरिकाको आर्थिक अवस्था समृद्ध हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

(च) संयुक्त राज्य अमेरिका र क्यानडाका पूर्वी क्षेत्रहरू पश्चिमी क्षेत्रहरूभन्दा बढी विकसित छन् । यसका कारणहरू प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

कक्षामा साथीसँग मिलेर उत्तर अमेरिकाको पुरा पृष्ठको नक्सा बनाउनुहोस् र कक्षाको भित्तामा टाँस्नुहोस् ।

Curriculum Development Centre

**पाठ : बार**

# दक्षिण अमेरिका

## भौगोलिक अवस्था



दक्षिण अमेरिका महादेश १२° उत्तरी अक्षांशदेखि ५५° दक्षिणी अक्षांशसम्म फैलिएको छ । यो उत्तर अमेरिका महादेशको दक्षिणी खण्ड पनामासँग जोडिई दक्षिणतर्फ निरन्तर फैलिएको छ। यस महादेशको उत्तरी भूभागमा भूमध्य रेखा पर्छ। दक्षिणको भूमि दक्षिण ध्रुवको नजिकैसम्म फैलिएको छ । दक्षिण अमेरिका महादेशको पश्चिमपट्टि उत्तरदेखि दक्षिणसम्म विशाल पर्वत माला रहेको छ । एन्डिज नामले प्रसिद्ध यो मोडदार पर्वत माला विश्वकै सबैभन्दा लामो पर्वत शृङ्खला (७,००० कि.मि.) पनि हो । एन्डिज पर्वत मालाको सबैभन्दा अग्लो टाकुरा ६,९६० मि. अग्लो माउन्ट अकान्नकागुवा हो । ६,००० मि. भन्दा अग्ला धेरै चुचुराहरू रहेको यो पर्वत मालामा उच्च समस्थलीहरूसमेत छन् । यो क्षेत्र प्रशान्त अग्निको घेराभित्र पर्ने हुँदा निरन्तर भूकम्प र ज्वालामुखी गइरहन्छन् । यस महादेशको सर्वाधिक उचाइमा रहेको टिटिकाका ताल पनि एन्डिज पर्वत मालामा नै रहेको छ ।

दक्षिण अमेरिका महादेशको पूर्वी भागमा पुरानो कडा चट्टान युक्त उच्चभूमि छ । पूर्वोत्तर क्षेत्रमा गायनाको उच्चभूमि पर्छ । महादेशको पश्चिमको एन्डिज र पूर्वी उच्चभूमिको बिचमा संसारकै सबैभन्दा ठुलो नदी अमेजन र अर्को ओरिनको नदीले बनाएको विशाल मैदानी क्षेत्र छ। मध्य र दक्षिण पूर्वी क्षेत्रमा पाराना र पाराग्वे नदी एवम् तिनले बनाएको पम्पास भनिने घाँसे मैदानी क्षेत्र रहेको छ। यो महादेशको सुदूर दक्षिण पूर्वी क्षेत्रमा चिसो पाटागोनिया मरुभूमि पर्छ। त्यस्तै चिलीको उत्तर पश्चिमी भागमा अटकामा मरुभूमि पर्छ।

**हावापानी :** अमेजन बेँसी क्षेत्रमा बर्सैभरि गर्मी हुन्छ। यहाँ ओसिलो हावापानी पाइन्छ। भूमध्य रेखीय क्षेत्र हुनाले दैनिक घनघोर वर्षा हुन्छ र बाढी आइरहन्छ । त्यस्तै महादेशका किनारी क्षेत्रमा पनि सामुद्रिक प्रभावले बर्सैभरि वर्षा भइरहन्छ। यस महादेशको मध्य क्षेत्रका कतिपय भूभागमा अनिश्चित वर्षा हुन्छ । यस क्षेत्रमा लामो खडेरी भइरहन्छ । यस महादेशको पूर्वोत्तर क्षेत्रमा असामयिक वर्षा र बढी गर्मी हुन्छ । यहाँ निरन्तर हावाहुरीको प्रकोप भइरहन्छ । यसरी यो महादेशमा हावापानीको विविधता रहेको छ ।

Curriculum Development Centre

**वनस्पति** : अमेजन बँसीमा घना उष्ण सदावहार जङ्गल फैलिएको छ । 'सेल्भास' नामले चिनिने यो संसारकै सबैभन्दा विस्तृत क्षेत्रमा फैलिएको जङ्गल पनि हो । यो क्षेत्रको जङ्गलमा कडा काठका अग्ला वनस्पतिहरू पाइन्छन् । पूर्वोत्तर क्षेत्रको उच्च भूमिमा घाँस पाइन्छ । मध्य र दक्षिण पूर्वीक्षेत्रमा पम्पास भनिने घाँसे मैदानी क्षेत्र छ । सबैजसो मरुस्थलीय क्षेत्रहरू वनस्पति विहीन छन् ।

## क्रियाकलाप



१. तल दिइएको दक्षिण अमेरिका महादेशको रेखाङ्कित नक्सामा त्यहाँका भौगोलिक स्वरूपहरू अङ्कित गर्नुहोस् ।

२. अमेजन बँसीमा घना उष्ण सदावहार जङ्गल फैलिएको छ । सेल्भास भनिने यो संसारकै सबैभन्दा विस्तृत क्षेत्रमा फैलिएको जङ्गल पनि हो । यस जङ्गलबाट ब्राजिलले के कस्तो फाइदा लिन सक्नुपर्छ ? कक्षामा छलफल गरी अध्ययन वा रोजगारीका क्रममा ब्राजिलमा रहेका साथी वा आफन्तलाई पत्र लेख्नुहोस् ।

३. एटलस हेरी दक्षिण अमेरिका महादेशको एन्डिज पर्वत मालामा रहेका दस अग्ला शिखरहरूको नाम र उचाइ टिपोट गर्नुहोस् ।

४. एटलस वा प्राकृतिक नक्साको सहायताले दक्षिण अमेरिका महादेशका प्रमुख छ ओटा नदीहरूको नाम लेख्नुहोस् ।

५. कापीमा दक्षिण अमेरिकाको रेखाङ्कित नक्सा कोर्नुहोस् र निम्न लिखित तथ्यहरू भर्नुहोस् :
एन्डिज पर्वत माला, अमेजन बँसी, ब्राजिलियन उच्चभूमि, अटाकामा मरुभूमि, सेल्भास क्षेत्र, पम्पास घाँसे मैदान, केपहर्न, ग्यालाप्यागस टापु, टिटिकाका ताल ।

## अभ्यास

(क) दक्षिण अमेरिका महादेशको तिन भौगोलिक क्षेत्रहरू उल्लेख गर्नुहोस् ।

(ख) संसारको सबैभन्दा लामो पर्वत माला कुन हो ? यसको लम्बाइ कति छ ? यस पर्वत मालाको सबैभन्दा अग्लो चुचुरा कुन हो ?

(ग) दक्षिण अमेरिकामा कस्तो हावापानी पाइन्छ ?

## परियोजना कार्य

दक्षिण अमेरिका महादेशको प्राकृतिक नक्सा कोर्नुहोस् । तपाईंले कोर्नुभएको नक्सामा त्यहाँको प्रमुख भूस्वरूपलाई राम्ररी मिलाएर अङ्कित गर्नुहोस् । यो कार्य साथीहरू र शिक्षकलाई देखाई सुझावहरू लिनुहोस् ।

Curriculum Development Centre

# पाठ : तेर — दक्षिण अमेरिका महादेशको सामाजिक तथा आर्थिक क्रियाकलाप

इतिहासमा लामो समयसम्म युरोपेली उपनिवेशबाट गुज्रिएको दक्षिण अमेरिका महादेशको सबैजसो सामाजिक तथा आर्थिक क्रियाकलापहरूमा युरोपेली प्रभाव देखिन्छ । अमेजन बेँसीमा प्रारम्भिक जीवन शैली बिताई रहेका रेड इन्डियनहरू त्यहाँका आदिवासी हुन् । कोलम्बसले अमेरिका पत्ता लगाएपछि युरोपबाट स्पेनिस र पोर्चुगालीहरू बसाइँ सरी दक्षिण अमेरिका पुगेका थिए । तिनै स्पेनिस र पोर्चुगालीहरूले दक्षिण अमेरिकाका आदिवासीहरूलाई परास्त गरी त्यहाँको इन्का सभ्यता लोप गराए र आफ्नो सभ्यता स्थापित गरे ।

दक्षिण अमेरिकामा ब्राजिल र अर्जेन्टिना धेरै क्षेत्रफल ओगटेका मुलुकहरू हुन् । दक्षिण अमेरिका महादेशको उत्तरतर्फको धेरैजसो भूभाग उष्ण सदावहार जङ्गलले ढाकिएको छ ।

महादेशको मध्यक्षेत्रमा वर्षाको अनिश्चितताले खासै कृषि कार्य हुँदैन । तसर्थ यहाँको उत्पादन ज्यादै न्यून छ । खाद्यान्न र रोजगारीको अभावले मध्य क्षेत्रबाट मानिसहरू महादेशको किनारी क्षेत्र र ठुला सहरहरूमा बसाइँ सरिरहेका छन् । परिणामतः सहरी क्षेत्रमा जनआवादी निकै घना छ भने मध्यक्षेत्रमा जनशक्तिको अभाव छ । अधिकांश सहरहरूमा पूर्वाधार तथा यातायातको सुविधा र जनशक्तिको पर्याप्तता छ । त्यसैले यी सहरहरू उद्योग तथा व्यवसायका हिसाबले परिचित छन् । ती सहरहरूमा सरकारी लगानी पनि बढी भइरहेकाले व्यापार र पर्यटन व्यवसाय पनि फस्टाउँदो छ ।

ब्राजिल संसारमा सबैभन्दा धेरै मात्रामा कोका, कफी र उखु उत्पादन गर्ने राष्ट्र हो । अर्जेन्टिनामा प्रशस्त मात्रामा गहुँको उत्पादन हुन्छ । यहाँको पम्पासलगायत घाँसे मैदानी क्षेत्रमा ठुलो सङ्ख्यामा भेडा पालन गरिन्छ । यहाँको भेडा मासुका लागि उपयुक्त मानिन्छन् । त्यसैले यहाँबाट युरोपेली मुलुकहरूमा भेडाको मासु निर्यात गरिन्छ । एन्डिज पर्वतीय क्षेत्रमा आदिवासीहरूले लामा जातका भेडाहरू पाल्छन् । यी भेडाहरू मासु, उन र भारी बोकाउन प्रयोग हुँदै आएका छन् । पर्वतीय क्षेत्रहरूमा पशु पालनका साथै पर्यटन कार्य पनि फस्टाउँदो छ । तामा, फलाम, सुन, आल्मुनियम, पेट्रोल, हिरा, कोइला आदि यो महादेशमा पाइने खनिजहरू हुन् । अटाकामा मरुभूमिमा विशाल सुनखानी रहेको छ । त्यहाँ सुनको उत्खनन गर्नमा बहुराष्ट्रिय कम्पनीहरू संलग्न छन् । यो महादेशको अधिकांश व्यापार युरोपसँग चल्दछ । ब्राजिल र अर्जेन्टिना विश्वमा फुटबल शक्ति राष्ट्रका रूपमा विश्वभर प्रसिद्ध छन् ।

## क्रियाकलाप

१. 'दक्षिण अमेरिकी मुलकहरू र नेपालका आर्थिक गतिविधिहरू लगभग उस्तै अवस्थामा रहेका छन् ।' यस तथ्यसँग सम्बन्धित उदाहरणहरू प्रस्तुत गर्नुहोस् ।

२. स्पेनिस र पोर्चुगालीहरूले दक्षिण अमेरिकाका आदिवासीहरूलाई परास्त गरी त्यहाँको सभ्यता लोप गराए र आफ्नो सभ्यता स्थापित गरे भन्ने तथ्यलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

३. दक्षिण अमेरिका महादेशको मध्य क्षेत्रबाट मानिसहरू किनारी क्षेत्र र ठुला सहरमा बसाइँ

Curriculum Development Centre

सर्दा किनारी क्षेत्रमा जन आवादी निकै घना हुँदै गएको छ भने मध्य क्षेत्रमा जनशक्तिको अभाव हुँदै गएको छ । यसबाट भविष्यमा देखा पर्न सक्ने असरहरूको सूची बनाउनुहोस् ।

४. एन्डिजको पर्वतीय बस्तीमा रहेका मानिसहरूले भेडालाई भारी बोकाउनाका कारण के होला ? छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) दक्षिण अमेरिकाका प्रमुख आर्थिक गतिविधिहरू के के हुन् ? लेख्नुहोस् ।

(ख) ब्राजिलमा लगभग ७५ प्रतिशत मानिसहरू सहरमा बसोबास गर्छन् । यस तथ्यलाई नेपालको परिवेशसँग तुलना गरी एक अनुच्छेद लेख्नुहोस् ।

(ग) नेपालको हिमाली क्षेत्रमा पाइने जनावर याक र दक्षिण अमेरिकाको एन्डिज पर्वत श्रेणीमा पाइने जनावर लामा (Llama) बिच समानता र भिन्नताहरू लेख्नुहोस् ।

(घ) दक्षिण अमेरिकाका प्रमुख आर्थिक गतिविधिहरू के के हुन् ?

## परियोजना कार्य

कक्षाका साथीहरूसँग मिलेर एन्डिज पर्वत माला र हिमालय पर्वत मालाबिचका समानता तथा भिन्नताहरू पहिचान गर्नुहोस् । पहिचान गरिएका समानता र भिन्नताहरूलाई तालिकीकरण गर्नुहोस् । आफूले तथा अन्य साथीहरूले पत्ता लगाएका तथ्यहरूसँग तुलना गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : चौध**

# अफ्रिका



भौगोलिक फैलावटका आधारमा एसियापछिको बढी स्थलक्षेत्र भएको महादेश अफ्रिका हो । भूमध्य रेखाबाट उत्तर दक्षिण दुवैतर्फ फैलिएको छ । अफ्रिकामा पृथ्वीका तिन मुख्य रेखाहरू ०° को भूमध्य रेखा, २३.५° उत्तरको कर्कट रेखा र २३.५° दक्षिणको मकर रेखा रहेका छन् । भौगोलिक, आर्थिक, सामाजिकलगायतका धेरै हिसाबले अफ्रिका महादेश अन्य महादेशभन्दा निकै भिन्न छ ।

**हावापानी** : भौगोलिक स्वरूप र अवस्थितिको प्रभावले गर्दा यो महादेशको अधिकांश क्षेत्रको हावापानी विषम छ । अफ्रिका महादेशमा सात प्रकारका हावापानी छन् । भूमध्य रेखीय भूभाग र कङ्गो बेँसीमा उष्ण तथा ओसिलो हावापानी पाइन्छ । महादेशको उत्तरमा फैलिएको विशाल तातो साहारा मरुभूमि रहेका कारण उत्तर तर्फको हावापानी अत्यन्त गर्मी र शुष्क छ । दक्षिण पूर्वी भागमा उष्ण मौसमी हावापानी पाइन्छ भने दक्षिण अफ्रिकी उच्च समस्थलीय क्षेत्रमा ग्रीष्ममा धेरै गर्मी र हिउँद धेरै जाडो हुने हावापानी पाइन्छ । पश्चिमोत्तर अफ्रिकी क्षेत्रमा भूमध्य सागरीय हावापानी पाइन्छ भने दक्षिण अफ्रिकी तटीय भागमा समशीतोष्ण मौसमी हावापानी पाइन्छ ।

**भौगोलिक स्वरूप** : अफ्रिका महादेशको उत्तरतर्फ विशाल रूपमा फैलिएको संसारको सबैभन्दा ठुलो मरुभूमि साहारा रहेको छ । यो तातो मरुभूमि हो । कालाहारी र नाबिब पनि अफ्रिकाका विस्तृत मरुभूमिहरू हुन् । महादेशको पूर्वी भागमा सामान्य उचाइ युक्त पर्वत श्रेणी रहेको छ । यहाँ महादेशकै सबैभन्दा अग्लो चुचुरो माउन्ट किलिमन्जारो (५,८९५ मि.) रहेको छ । यही क्षेत्रमा उत्तर लाल सागरदेखि जाम्बोजी नदीसम्मको क्षेत्रमा फैलिएको विशाल धसान घाँटीक्षेत्र छ । धसान क्षेत्रमा कयौँ ताल तलैयाहरू रहेका छन् । भिक्टोरिया ताल त्यस क्षेत्रको प्रसिद्ध ताल हो । विश्वको सबैभन्दा लामो नदी नाइल (६,६७० कि.मि.) भिक्टोरिया तालबाट उत्पत्ति भई भूमध्य सागरमा खस्छ । कङ्गो (जायर), जाम्बोजी, अरेन्ज, सेनेगल र नाइजर अफ्रिकाका मुख्य नदीहरू हुन् ।

**वनस्पति** : हावापानीको विविधताले गर्दा अफ्रिका महादेशमा वनस्पतिमा पनि विविधता छ । उष्ण, ओसिलो र व्यापक वर्षा हुने क्षेत्रमा सदावहार जङ्गल छ । महादेशको भित्री मध्यभागमा कम वर्षा हुनाले विशाल रूपमा फैलिएको घाँसे मैदान छ । यसलाई 'सभाना' भनिन्छ । संसारमा पाइने अधिकांश

Curriculum Development Centre

प्रकारका जीवजन्तुहरू यहाँ प्रशस्त मात्रामा पाइने हुनाले यो क्षेत्रलाई विश्वको चिडियाखाना भनिन्छ । यो महादेशको मध्य र पश्चिम किनारी भागमा भूमध्ये रेखाको दुवैतर्फ फैलिएको ओसिलो घना जङ्गल क्षेत्र छ ।

यस्तै हावापानीको क्षेत्रअनुसार पतझर जङ्गल, समशीतोष्ण घाँसे क्षेत्र र भूमध्य सागरीय वनस्पतिहरू अफ्रिका महादेशका भागहरूमा पाइन्छन् ।

## क्रियाकलाप

१. 'भौगोलिक स्वरूप र अवस्थितिको प्रभावले गर्दा अफ्रिका महादेशको अधिकांश क्षेत्रमा हावापानी विषम छ ।' कारणसहित पुष्टि गर्नुहोस् ।

२. सभाना क्षेत्रको विशाल घाँसेभूमि अफ्रिका महादेशको महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । यसबाट अफ्रिका महादेशले लिन सक्ने फाइदाहरू सम्बन्धमा छलफल गरी सूची बनाउनुहोस् ।

३. अफ्रिका महादेशको नक्सा कोर्नुहोस् र निम्न लिखित तथ्यहरू अङ्कित गर्नुहोस् :

   एटलस पर्वत श्रेणी, भूमध्य रेखा, कर्कट रेखा, मकर रेखा, साहारा मरुभूमि, माउन्ट किलिमन्जारो, नाइल नदी, धसान घाँटी र भिक्टोरिया ताल

४. अफ्रिका महादेशको भौगोलिक स्वरूपको बयान गर्नुहोस् ।

## अभ्यास

(क) अफ्रिका महादेशमा पाइने प्रमुख हावापानीलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) अफ्रिका महादेशको सबैभन्दा अग्लो चुचुरो कुन हो ? यो कहाँ अवस्थित छ ?

(ग) सभाना क्षेत्रलाई संसारको चिडियाखाना भनिनाका कारणहरू के के होलान् ? लेख्नुहोस् ।

## समूह कार्य

तपाईंको विद्यालयमा रहेको अफ्रिका महादेशको प्राकृतिक भित्ते नक्सा लिनुहोस् । उक्त महादेशका मुख्य प्राकृतिक स्वरूपहरू पर्वतमाला, सर्वोच्च शिखर, मरुभूमि, ताल तलैया र नदीनाला कुन कुन दिशातर्फ रहेछन् ? पत्ता लगाउनुहोस् । तपाईंका साथीहरूले पत्ता लगाउनुभएका तथ्यसँग तपाईंको कार्यको तुलना गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : पन्ध्र अफ्रिका महादेशको सामाजिक र आर्थिक क्रियाकलाप

अफ्रिका महादेश प्राकृतिक स्रोत साधनको दृष्टिकोणबाट ठुलो आर्थिक सम्भावना युक्त छ। तर यो महादेश विकासको हिसाबमा निकै पिछडिएको छ। भोकमरी, द्वन्द्व, खडेरी, लडाइँ, रोगव्याधी, अशिक्षा र गरिबी अफ्रिका महादेशका प्रमुख समस्या हुन्। विषम हावापानी र ठुला मरुभूमि रहेकाले यस महादेशका सामाजिक र आर्थिक क्रियाकलाप पनि प्रभावित भएका छन्। एड्सले पनि अफ्रिका महादेशका राष्ट्रहरूलाई नराम्ररी प्रभावित गरेको छ। इबोला भाइरसबाट पनि अफ्रिकी जनता मारमा परेका छन्। ८०० भन्दा बढी प्रकारका काला जातिका मानिसहरू बसोबास गर्ने यो महादेश जातीय विविधताको थलो हो। मध्य अफ्रिकी क्षेत्रको जङ्गल आसपासमा बसोबास गर्ने मानिसहरूको जीवन शैली परम्परादेखि यथावत् छ।

अफ्रिका महादेशमा बहुमूल्य खनिज सम्पदा भएका क्षेत्र छन्। सुन, चाँदी, हिरा, पेट्रोल, तामा लगायतका खनिजहरूमा अफ्रिका निकै सम्पन्न छ। दक्षिण अफ्रिका विश्वकै सबैभन्दा ठुलो मात्रामा हिराको उत्पादन र निर्यात गर्ने मुलुक हो। कतिपय अफ्रिकी देशहरू जातीय द्वन्द्वले र हिंसाले गर्दा त्यहाँ उपलब्ध स्रोत र साधनहरूको सही सदुपयोग गर्न सकिरहेको छैन।



यहाँका अधिकांश मानिसहरू कृषि कार्यमा संलग्न छन्। मरुभूमि क्षेत्रमा उँटको विशेष महत्त्व छ। भारी बोकाउन, दुध र मासुका लागि उँट पालिन्छ। अन्य घर पालुवा पशुपक्षी परम्परागत शैलीले पालन गर्ने गरिएको छ। व्यावसायिक ढङ्गले यहाँ कृषिको विकास हुन सकेको छैन। धेरै भूभाग कृषिका लागि उपयुक्त छैन। प्रायः नदीका किनारी भागहरूमा खेती गरिएको पाइन्छ। व्यावसायिक कृषिका लागि यी देशहरू लागी परेका छन्। विदेशी लगानीमा सरकारसँग जमिन भाडामा लिएर विशेष सुविधा युक्त ठुला ठुला औदेयोगिक तथा व्यवसायिक क्षेत्रहरू स्थापना गरिएका छन्। ती क्षेत्रहरूमा खाद्यान्न, कोका, कफी, केरा र जुट जस्तो रेसादार बालीहरू ठुलो मात्रामा उत्पादन हुन्छ।

सभाना क्षेत्रमा ठुला ठुला राष्ट्रिय निकुञ्जहरू छन्। बर्सेनि लाखौँ पर्यटकहरू ती निकुञ्जहरूको अवलोकन गर्न आउँछन्। यहाँ पर्यटन व्यवसाय फस्टाउँदो अवस्थामा छ। विदेशी मुद्रा आर्जन गर्न र स्थानीय रोजगारी वृद्धिका साथै देशहरूको प्रचार प्रसार गर्न यी निकुञ्जहरूको योगदान छ। पर्यटन विकासका लागि जनशक्ति, पूर्वाधार र सुरक्षाको अवस्थामा निकै सुधार गर्नु आवश्यक छ। जातीय विविधता, सांस्कृतिक भिन्नता र भौगोलिक स्वरूप अफ्रिकाका हेर्नु र बुझ्नुपर्ने पक्षहरू हुन्। इजिप्टको

Curriculum Development Centre

पिरामिड, नाइल नदीको सभ्यता, सभाना क्षेत्रका निकुञ्ज र जातीय सांस्कृतिक विविधताको अध्ययन गर्न अफ्रिकामा अध्ययन कर्ताहरूको आर्कषण बढिरहेको छ ।

## क्रियाकलाप

१. जातीय, सांस्कृतिक र भौगोलिक विविधता अफ्रिकाका हेर्नु र बुझ्नुपर्ने पक्षहरू हुन् भन्ने तथ्यलाई उदाहरणसहित पुष्टि गर्नहोस् ।

२. तलको चित्रमा दिइएको नाइल नदीको किनारी भागमा अवस्थित इजिप्टको राजधानी कायरो सहरको तस्बिर हेर्नुहोस् । ज्यादै कम पानी पर्ने ठाउँमा भएता पनि यति ठुलो सहरको विकास हुन सक्नाका कारण वा आधारहरू खोज्नुहोस् ।



३. विभिन्न स्रोत सामग्रीको प्रयोग गरी अफ्रिका महादेशका दस ठुला सहरहरू र ती सहरहरू रहेको देशहरूको खोजी गरी नाम लेख्नुहोस् ।

४. एटलस हेरी अफ्रिका महादेशका हिरा, पेट्रोल र सुन उत्पादक मुलुकहरूको सूची बनाउनुहोस् :

| हिरा उत्पादक देश | पेट्रोल उत्पादक देश | सुन उत्पादक देश |
|---|---|---|
| | | |
| | | |
| | | |

५. अफ्रिका महादेश भोकमरी, द्वन्द्व, खडेरी, लडाइँ, रोगव्याधी, अशिक्षा र गरिबीले आक्रान्त छ । अफ्रिका महादेशलाई सबल, सुन्दर, शान्त र विकसित अवस्थामा पुऱ्याउन गर्नुपर्ने दस महत्त्वपूर्ण गतिविधिहरूको सूची तयार पार्नुहोस् ।

## अभ्यास

(क) अफ्रिका महादेशमा प्रमुख आर्थिक क्रियाकलापहरू के के हुन् ? लेख्नुहोस् ।

(ख) 'अफ्रिका पर्यटनको प्रचुर सम्भावना बोकेको महादेश हो ।' यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ग) धेरै समयसम्म अफ्रिका अन्धकारको महादेश भनेर चिनिन्थ्यो । यसरी चित्रित हुनुका कुनै दुई कारणहरू उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : सोर उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका र नेपाल




उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका महादेश र नेपालबिच कैयौँ कुराहरूमा समानता पाइन्छन् । ठुला पर्वत शृङ्खलाहरू घाँसेभूमि, नदी र हावापानीमा पाइने समानताहरू प्राकृतिक स्वरूपमा आधारित छन् । अफ्रिकामा एटलस र ड्रेकेन्सवर्ग नाम भएका दुई मोडदार पर्वत मालाहरू रहेका छन् । माउन्ट किलिमान्जेरो अफ्रिकाको सबैभन्दा अग्लो पर्वत हो । उत्तर अमेरिका महादेशको पश्चिमपट्टि अलस्कादेखि पानामासम्म नै एकैनासले फैलिएको रक्की पर्वत माला छ । यो पनि मोडदार पर्वत माला हो । यहाँको सबैभन्दा अग्लो चुचुरो माउन्ट अलबर्ट (४४०१ मि.) हो । दक्षिण अमेरिका महादेशको पश्चिमी भागमा उत्तर दक्षिण कोणमा अवस्थित एन्डिज नामको पर्वत माला रहेको छ । माउन्ट अकान्कागुवा यहाँको अग्लो चुचुरो हो । नेपालमा पनि विश्वकै उच्च पर्वत चुचुराहरू भएको हिमालय पर्वत माला छ । संसारकै सबैभन्दा अग्लो चुचुरो सगरमाथा (८८४८ कि.मि.) नेपालमा रहेको छ ।




उत्तर अमेरिकाको सेन्ट लरेन्स, मिसिसिपी, मिसौरी र कोलोराडो ठुला नदीहरू हुन् । त्यस्तै दक्षिण अमेरिकाको अमेजन, पारना, पारग्वे तथा अफ्रिकाका नाइल, कङ्गो र जाम्बोजी नदीहरू ठुला नदीका रूपमा प्रसिद्ध छन् । नेपालका कोसी, गण्डकी र कर्णाली बर्सैभरि विशाल पानीको वहाव भएका नदीहरू हुन् ।




उत्तर अमेरिकाको प्रेरिज, दक्षिण अमेरिकाको क्याम्पोस र लानोस, अफ्रिकाको भेल्ड र नेपालका हिमाली खर्कहरू पशु पालनका लागि प्रयोग भएका चरन क्षेत्रहरू हुन् । यी घाँसे भूमिहरूमा प्रशस्त मात्रामा गाईवस्तु र भेडाबाखाहरू पालिन्छन् ।

सामाजिक र आर्थिक क्रियाकलापका आधारमा उत्तर अमेरिका निकै अगाडि छ । दक्षिण अमेरिकाका मुलुकहरू र नेपालको अवस्था झन्डै झन्डै एकनासको छ । अफ्रिका भने विकासको हिसाबले अलि पछाडि छ ।




क्यानडा र अमेरिकासँग नेपालको प्रगाढ दौत्य सम्बन्ध छ । नेपालबाट बर्सेनि सयौँ विद्यार्थीहरू अध्ययनका लागि उत्तर अमेरिकाको क्यानडा र संयुक्त राज्य अमेरिकामा पुग्ने गरेका छन् । क्यानडा र संयुक्त राज्य अमेरिकाले नेपालका विद्यार्थीहरूलाई विभिन्न विषयहरूमा उच्च तहमा अध्ययनार्थ

Curriculum Development Centre

छात्रवृत्तिहरू उपलब्ध गराउँदै आएका छन् । क्यानडा र अमेरिकालगायतका मुलुकहरूबाट पनि हजारौँ पर्यटकहरू नेपालमा पर्यटनका लागि आउने गर्छन् । ती मुलुकहरूले पनि नेपालको विकासमा आर्थिक र प्राविधिक रूपमा सघाउँदै आइरहेका छन् । दक्षिण अमेरिकी मुलुकहरूसँग पनि नेपालको सम्बन्ध बढ्दो छ । ब्राजिलमा नेपालको आवासीय राजदुतावास रहेको छ । वर्षमा केही सङ्ख्या नेपालीहरू व्यापार र घुमफिरका लागि दक्षिण अमेरिकी राष्ट्रमा जान थालेका छन् । यो सङ्ख्या क्रमशः बढ्दो छ ।

## क्रियाकलाप

१. विश्वको नक्सामा उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका महादेशहरूको प्राकृतिक स्वरूप हेर्नुहोस् । त्यसमा उत्तर र दक्षिण अमेरिका तथा अफ्रिका महादेशहरूका पर्वत शृङ्खलाहरू एवम् ठुला सहरहरू कुन कुन दिशामा रहेका छन् ? नेपालसँग तुलना गर्नुहोस् ।

२. क्यानडा र अमेरिकासँग नेपालको दौत्य सम्बन्ध कहिलेबाट स्थापना भएको थियो ? खोजी गरी लेख्नुहोस् ।

३. उत्तर अमेरिकाको प्रेरिज, दक्षिण अमेरिकाको क्याम्पोस र लानोस, अफ्रिकाको भेल्ड तथा नेपालका हिमाली खर्कहरू पशु पालन हुने क्षेत्रहरू हुन् । ती क्षेत्रका भौगोलिक विशेषताहरू सूचीबद्ध गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका महादेशहरू र नेपालको सबैभन्दा अग्ला चुचुराहरूको नाम र उचाइलाई तालिकामा राखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) उत्तर अमेरिकाका तिन प्रमुख भौगोलिक क्षेत्रहरू के के हुन् ? छलफल गरी तिनीहरूको नाम लेख्नुहोस् ।

(ख) टुन्ड्रा वनस्पतिका कुनै चार ओटा विशेषताहरूको उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

कक्षाका सबै विद्यार्थीलाई चार समूह विभाजन गरी प्रत्येक समूहले उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका महादेश र नेपालको नक्सा बनाउने सहयोगात्मक कार्यक्रम आयोजना गर्नुहोस् । सो कार्यमा विषय शिक्षकलाई मूल्याङ्कन कर्ता बनाउनुहोस् । सबैभन्दा उत्कृष्ट नक्सा बनाउने टोलीलाई प्र.अ.बाट विद्यालयको प्रार्थना सभामा पुरस्कार वितरण गर्ने प्रबन्ध पनि गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : सत्र

# प्राकृतिक प्रकोप : भूकम्प र सुनामी

पृथ्वीको सतहभित्र वा बाहिर विभिन्न प्रकारका प्राकृतिक प्रक्रियाहरू नियमित रूपमा सञ्चालन भइरहेका हुन्छन् । यसका कारणहबाट उत्पन्न हुने आकस्मिक घटनाले धनजनको ठुलो क्षति भई सामाजिक जीवनमा प्रतिकुल असर पुऱ्याउँछ । यस्ता घटनाबाट सिर्जित विपत्लाई प्राकृतिक प्रकोप भनिन्छ । भुकम्प, सुनामी, ज्वालामुखी, बाढी, पहिरो, हुरी बतास, अतिवृष्टि, खडेरी, चट्याङ, असिना, हिमताल विस्फोटन, हिमपहिरो, चक्रवात आदि प्राकृतिक प्रकोपहरू हुन् । यस पाठमा भूकम्प र सुनामीका बारेमा चर्चा गरिएको छ :

### भूकम्प



पृथ्वीको भित्री भागमा हुने भौगर्भिक वा सतहमा हुने विशेष गतिविधिहरूको प्रभावले पृथ्वीको सतह काँप्ने वा थर्कने क्रियालाई भूकम्प भनिन्छ । भूकम्पलाई रेक्टर स्केलमा मापन गरिन्छ । भूकम्पीय सम्भावनालाई भविष्यवाणी गर्न सकिँदैन । पृथ्वीमा दैनिक हजारौँ भूकम्पीय तरङ्गहरू गइरहन्छन् । तर ती सबै मानिसले थाहा पाउँदैनन् । सामान्यतया चार रेक्टर स्केलदेखि माथिको भूकम्पहरू मात्र मानिसहरूले सजिलै अनुभूत गर्छन् । पृथ्वीका सबै मोडदार पर्वत शृङ्खलाहरू र प्रशान्त महासागरको सम्पूर्ण किनारी क्षेत्र भूकम्पको दृष्टिले विशेष जोखिम रहेका क्षेत्र हुन् । नेपाल हिमालय पर्वतको काखमा रहेको भूक्षेत्र भएकाले यहाँ पनि भूकम्पको ठुलो जोखिम रहेको छ । नेपालमा पनि दैनिक रूपमा साना ठुला भूकम्पहरू भइरहन्छन् । वि.सं. १९९० माघ २ गते, २०४५ भदौ ५ गते र २०७२ वैशाख १२ एवम् २९ गतेका दिनहरूमा नेपालमा त्रासदीपूर्ण भूकम्प गई निकै ठुलो धनजनको क्षति भएको थियो ।

### सुनामी



समुद्रको पिँधमा भूकम्प पैदा भई त्यसको असर स्वरूप समुद्री सतहको पानी छचल्की निस्कने आँधीसहितको छालहरूलाई सुनामी भनिन्छ । सुनामीका छालहरू निकै असरदायी हुन्छन् । सामुद्रिक किनारामा रहेका क्षेत्रहरूमा सुनामीले ल्याउने डुबान र बाढीजस्ता असरबाट पुरा बस्ती एवम् पूर्वाधार तथा संरचनाहरू नाश हुन्छन् । सन् २००४ मा इन्डोनेसियाको सुमात्रा टापुको किनाराको समुद्री पिँधमा भूकम्प आउँदा भएको सुनामीले पुरै हिन्द महासागर क्षेत्रलाई प्रभावित बनाएको थियो । यस

Curriculum Development Centre

सुनामीले वरिपरिका अधिकांश भूभाग डुबानमा परी धेरै धनजनको विनाश भएको थियो । सो बेला झन्डै चार लाख मानिसहरू मारिएका थिए । त्यस्तै सन् २०११ मार्च ११ मा जापानको सामुद्रिक क्षेत्रमा भएको भूकम्प र सुनामीबाट १५,८९४ जनाको मृत्यु, ६,१५२ जना घाइते र २,५६२ जना मानिस हराएका थिए ।

**भूकम्प र सुनामीका असरहरू**

(क) धनजनका साथै सम्पदाहरूको विनाश हुन्छ ।

(ख) विकासका संरचनाहरू ध्वस्त हुन्छन् ।

(ग) रोगव्याधी तथा महामारी फैलन गई थप विपत्ति आइपर्न सक्छ ।

(घ) पृथ्वीको सतहमा दरारहरू बन्न गई गर्भमा रहेका पदार्थहरू बाहिर निस्कने सम्भावना रहन्छ ।

(ङ) पानीका स्रोत निस्कने र हराउने हुन सक्छ ।

**भूकम्प र सुनामीका असरहरूबाट सुरक्षित रहने उपायहरू**

(क) सम्भावित विपत्तिबाट बच्न सूचनाहरूको पहुँचमा रहनुपर्छ ।

(ख) विपत्तिको प्रभावबाट पर्ने असर कम गर्न पूर्व तयारीहरू गर्नुपर्छ ।

(ग) विपत्ति प्रतिरोधी संरचनाहरूको निर्माण र उपयोग गर्नुपर्छ ।

(घ) आपत्कालीन अवस्थाका लागि आवश्यक सामग्रीयुक्त झोला तयारी अवस्थामा राख्नुपर्छ ।

**क्रियाकलाप**

१. भूकम्पलाई आजसम्म भविष्यवाणी गर्न सकिएको छैन । भूकम्प भयानक प्राकृतिक विपत्ति हो । थोरै समयमा लाखौँ मानिसहरूलाई बिचल्ली बनाउने यस्तो घटनाबाट आजको युगसम्म आइपुग्दा पनि सुरक्षित हुन सकिएको छैन भने विगतमा कस्तो अवस्था थियो होला ? तपाईंको टोल समाजका जेष्ठ नागरिकसँग सोधपुछ गरी भूकम्प सम्बन्धी उहाँका अनुभवलाई टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंले सुनामीका बारेमा सुनेर, पढेर वा टी.भी. तथा भिडियो चित्रहरूमा हेरेर जानकारी पाउनु भएकै होला । त्यसका आधारमा सुनामी र भूकम्पबिचको भिन्नताहरू लेख्नुहोस् ।

३. भूकम्प सुनामी हुनाका कारणहरू तल दिइएको जस्तै तालिका बनाई उल्लेख गर्नुहोस् :

| भूकम्प हुनाका कारणहरू | भूकम्पका प्रभावहरू | सुनामी हुनाका कारणहरू | सुनामीका प्रभावहरू |
|---|---|---|---|
| | | | |

Curriculum Development Centre

४. भूकम्पलाई रोक्न नसकिएता पनि यसको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ, कसरी ?

५. भूकम्प अघि, भूकम्पको बेला र भूकम्प पछि के कस्ता सुरक्षा र सतर्कताका उपायहरू अवलम्बन गर्नुपर्छ ? छलफल गरी सबैका तिन/तिन ओटा उपायहरू उल्लेख गर्नुहोस् ।

## अभ्यास

(क) भूकम्प भन्नाले के बुझिन्छ ? के यसलाई रोक्न सकिन्छ ? बताउनुहोस् ।

(ख) २०७२ सालमा नेपालमा गएको शक्तिशाली भूकम्पका बारेमा दुई अनुच्छेद लेख्नुहोस् ।

(ग) Epicentre र Hypocentre बिचका भिन्नताहरू प्रस्तुत गर्नुहोस् ।

(घ) Seismograph ले भूकम्पको Magnitude लाई कसरी मापन गर्छ ? चित्रसहित प्रस्ट पार्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंले पहिलो पटक भूकम्प कहिले र कसरी थाहा पाउनुभएको थियो ? तपाईंको परिवारका जेष्ठ सदस्यले पनि भूकम्पीय घटना कहिले र कसरी थाहा पाउनुभएको थियो ? उहाँसँग सोधी दुवैको अनुभवलाई समेटी चार्ट पेपरमा लेख्नुहोस् र गाउँटोल र छिमेकमा साथीभाइहरूलाई जानकारी गराउनुहोस् ।

Curriculum Development Centre

**पाठ : अठार**

# नक्सा उतार्ने विभिन्न तरिका र आधुनिक व्यावहारिक नक्सा प्रविधिहरू

सूचना प्रविधिको विकासले परम्परागत ढङ्गबाट अनुमानमा नक्सा कोर्ने तरिकामा व्यापक परिवर्तन आइरहेको छ । नक्सा निर्माणका लागि प्रयोगमा रहेका केही विधिहरू निम्नानुसार छन् :

(क) **स्वतन्त्र नक्साङ्कन विधि** : यस विधिमा कुनै पनि नक्सालाई गहन रूपमा हेरी वा हेर्दै त्यस्तै आकृति कोर्ने गरिन्छ । एकैपटकमा आधार नक्सा भैँm दुरुस्त बनाउन नसकिएता पनि केही पटकको प्रयासमा दुरुस्त नक्सा बनाउन सकिन्छ । प्रायः सबैले पहिलो पटक यो विधि प्रयोग गर्ने गर्छन् ।

(ख) **कार्बन पेपर राखेर छाप्ने** : यो विधि कार्बन पेपरको सहायताले कुनै तयारी नक्सालाई जस्ताको तस्तै अर्को कागजमा उतार्ने तरिका हो ।

(ग) **ट्रेस गर्ने** (Tracing Method) : सिसायुक्त टेबलको तल्लो भागमा प्रशस्त र एकनाशले प्रकाश दिने ट्युब लाइट जडान गरी सिसाको तल्लो भित्री आधार नक्सा टाँस्नुपर्छ । त्यसपछि टेबलको माथिल्लो भागमा आवश्यक साइजको सादा कागज राख्नुपर्छ । ट्युब लाइट बालेपछि त्यसको प्रकाशले नक्साको आकृति सादा कागजमा स्पष्ट देखिन्छ । त्यसपछि सिसाकलमको सहायताले सो आकृतिलाई सादा कागजमा उतारिन्छ ।

(घ) **फोटोकपी विधि** (Photo copy method) : आधार नक्सालाई फोटोकपी मेसिनको प्रयोग गरी छाप्ने गरिन्छ । यसबाट नक्साको खाँचो पुरा गर्नेबाहेक अरू दक्षता प्राप्त हुँदैन ।

(ङ) OHP (Over Head Projector) **वा प्रकाश विधि** : OHP मेसिनको प्रयोगबाट पारदर्शी प्लास्टिकमा बनाइएको नक्सालाई प्रकाशले परार्वतन गराउँदै भित्तामा देखाई सो आधारमा नक्सा कोर्ने गरिन्छ । हाल यो विधि खासै प्रयोगमा छैन ।

(च) **स्टेन्सिल विधि** : यस विधिमा सुरुमा स्टेन्सिल पेपरमा आवश्यक नक्साकृति बनाइन्छ । त्यसपछि स्टेन्सिल मेसिनबाट लिथो गरी आवश्यक प्रतिहरू तयार पारिन्छ । हाल यो विधि खासै प्रयोगमा छैन ।

(छ) **वर्ग विधि** : सादा कागज र आधार नक्सामा सिसाकलमको सहायताले एकै साइजका वर्गहरू बनाइन्छ । आधार नक्साको सिमानालगायतको रेखाहरू जुन जुन कोठामा जसरी पर्न गएका छन्, तिनीहरूलाई राम्ररी याद गरिन्छ । त्यसपछि नक्सा बनाउन तयार पारिएको वर्गयुक्त कागजमा आधार नक्साको जस्तै हुने गरी प्रत्येक कोठाहरूमा याद गर्दै नक्साका रेखाहरू कोर्दै गइन्छ । यो क्रम पुरा भएपछि आधार नक्सा भैँm नयाँ नक्सा तयार हुन्छ ।

(ज) GIS **विधि** : कम्प्युटरबाट विशेष सप्टवेयरको सहायताले नक्सा बनाउने यो अत्याधुनिक प्रविधि युक्त विधि हो । वर्तमानमा विश्वको अधिकांश मुलुकहरूमा यस विधिबाट नक्साहरूको उत्पादन र प्रशोधन गरिन्छ ।

Curriculum Development Centre

(झ) **टेम्प्लेट विधि :** यस विधिमा एउटा नक्सालाई राम्ररी काटेर फ्रेम वा ब्लकको रूप दिइन्छ । तयार भएको ब्लकलाई सादा कागजमाथि नहल्लने गरी राखेर वरिपरिबाट चिनो लगाउने काम गरिन्छ । अन्तमा कतै रेखाहरू छुटेको भएमा जोडेर मिलाई पूर्ण नक्सा बनाइन्छ ।

जुनसुकै तरिकाबाट भए पनि नक्साको स्वरूप तयार भइसकेपछि त्यसमा विभिन्न तथ्यहरू सही स्थानमा उपयुक्त सङ्केतहरू मिलाई सबैले बुझ्ने गरी भर्नुपर्छ । नक्सा विश्वव्यापी भाषा भएकाले नक्सामा तथ्यहरू भर्दा सबैले चिन्न र बुझ्न सक्ने गरी अन्तर्राष्ट्रिय प्रचलनमा रहेका सङ्केत चिह्नहरूको प्रयोग गर्नुपर्छ ।

## आधुनिक व्यावहारिक नक्सा प्रविधिहरू

विज्ञान र प्रविधिको द्रुततर विकासले संसारका सबै क्षेत्रहरू कुनै न कुनै रूपले प्रभावित भइरहेका उक्त सन्दर्भमा नक्सा निर्माणका लागि पनि विभिन्न आधुनिक व्यावहारिक प्रविधिहरू प्रयोगमा आएका छन् । यी प्रविधिबाट नक्सा निर्माणमा सहजता, शुद्धता र स्पष्टता बढ्दै गइरहेको छ ।

### **भौगोलिक सूचना प्रणाली** (Geg ap cal Ifi o matioS sy tem/GIS)




यस प्रणालीमा कम्प्युटरबाट विशेष किसिमको सफ्टवेयरको सहायताले ब्रह्माण्डमा रहेका भू उपग्रहसँग विद्युतीय तरङ्गबाट सम्पर्क कायम गरिन्छ। त्यसपछि प्राप्त सूचनाको उपयोगबाट नक्सा निर्माण गरिन्छ । यसमा पृथ्वीको सतहका सूचनाहरू कम्प्युटरमा आवश्यक प्रशोधन गरी नक्साङ्कन गरिन्छ । यस विधिबाट बनाइएको नक्साको प्रयोगबाट द्रुत रूपमा सत्य तथ्य सूचनाको सम्प्रेषणमा क्रान्ति नै आएको छ ।

### **विश्व अवस्थिति प्रणाली** (Glb l Po itin gS y tem)



भू उपग्रहको सहायताबाट जमिनको अवस्थिति पत्ता लगाउन विशेष यन्त्रको सहयोगमा सूचनाहरू प्राप्त गरिन्छ। त्यसपछि सो सूचनाका आधारमा कुनै पनि क्षेत्रको नक्साङ्कन सजिलै गर्न सकिन्छ। मुख्यतः यस विधिबाट अक्षांश, देशान्तर, उचाइलगायतका सूचनाहरू प्राप्त हुने हुनाले नक्सा कोर्न आधारभूत तथ्यहरू प्राप्त हुन्छन् । उपर्युक्त प्रणाली बाहेक कम्प्युटर र मोबाइल जस्ता सञ्चार उपकरणहरूमा प्रयोग गरिने Google earth तथा जी.पी.एस. नामका सफ्टवेयरबाट प्राप्त जानकारीहरू पनि भौगोलिक सूचनाका आधुनिक स्रोतहरू हुन् ।

Curriculum Development Centre

## क्रियाकलाप

१. पाठमा उल्लेख गरिएकामध्ये तपाईंले नक्सा बनाउन कुन विधि बढी प्रयोग गर्नुभएको छ ? कुन विधि अहिलेसम्म प्रयोग गर्नुभएको छैन ?

२. नक्सा निर्माणमा प्रकाश विधि र स्टेन्सिल विधि कम प्रयोगमा आउनाका कारणहरू समूहमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. स्वतन्त्र नक्साङ्कन विधि अपनाई पुरा पृष्ठ भरिने गरी नेपालको नक्सा बनाउनुहोस् ।

४. पाठमा उल्लेख गरिएका आधुनिक व्यावहारिक नक्सा प्रविधिहरूमध्ये तपाईंलाई कुन स्रोत बढी विश्वसनीय लाग्यो र किन ?

५. के तपाईंले गुगल अर्थको प्रयोग गर्नुभएको छ ? ठाउँ पत्ता लगाउन यसले कसरी सहयोग गर्छ ? इन्टरनेटको सहायतामा गुगल अर्थ खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. भौगोलिक सूचना प्रणाली र विश्व अवस्थिति प्रणालीबिच तात्विक भिन्नताहरू देखाउनुहोस् ।

## अभ्यास

(क) नक्सा निर्माणमा के कस्ता विधिहरू अपनाउन सकिन्छ ? तिनीहरूको नाम बताउनुहोस् ।

(ख) कार्बन पेपर विधि ट्रेसिङ विधिभन्दा फरक विधि हो, किन ?

(ग) नक्सा उतार्ने फोटोकपी विधिलाई शून्य दक्षता विधि भनिनाका कारणहरू के के हुन सक्छन् ? आफ्नो विचार राख्नुहोस् ।

(घ) जी.पी.एस. नक्साले के कस्ता सूचनाहरू प्राप्त गर्न सहयोग गर्दछ ?

(ङ) जी.आई.एस. (GIS) र जी.पी.एस. (GPS) नक्साबिच के कस्ता फरकहरू छन् ?

(च) 'इन्टरनेटको सहयोगले नक्सा कार्यलाई सरलता दिएको छ' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको कक्षामा धेरै साथीहरूसँग इन्टरनेटको पहुँच भएको हुनुपर्छ । तीमध्ये कसैले भौगोलिक सूचना प्रणाली र कसैले विश्व अवस्थिति प्रणाली प्रयोग गरी लिइएको नेपालको नक्सा कक्षाकोठामा ल्याउनुहोस् र उक्त नक्सा तथा प्रणालीबारे व्यापक छलफल गरी प्रतिवेदनका रूपमा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

| पाठ : उन्नाइस | नक्सा कार्य |
|---|---|

सामान्य रूपमा पृथ्वीको कुनै पनि खण्ड वा पुरै भागको कोरिएको वा कागजातमा उतारिएको आकृतिलाई नक्सा भनिन्छ । नक्सा भौगोलिक तथ्यहरूको प्रस्तुति पनि हो । नक्सामा सङ्केतको सहायताले विभिन्न तथ्य र तथ्याङ्कहरूको सहज ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । सिमाना, भौगोलिक स्वरूप, उचाइ, वनस्पति, बस्ती, खनिज, वन, माटो, जनसङ्ख्या वितरण, धार्मिक स्थल र सम्पदाहरू, बाली र उत्पादन, विकासका पूर्वाधारहरू आदि नक्साका अङ्ग हुन् ।

वर्तमान समयमा भौगालिक सूचना र तथ्याङ्कहरूको प्रस्तुतिका लागि नक्सा बनाउने सिप सबैका लागि आवश्यक छ । नक्सा बनाउने सिपलाई कार्टोग्राफी (Cartg ap) भनिन्छ । नक्सामा यसको शीर्षक, उत्तर दिशा, सङ्केत चिह्नहरू, स्केल (अनुपातिक नापो) राख्नुपर्छ । यी कुराहरूबिना नक्सा पूर्ण हुँदैन । वास्तविक जमिनको आकार र नक्सा बनाउने कागजबिचको अनुपात मिलाई स्केल राख्नुपर्छ । यसबाट प्रवाहित हुने सूचना तथ्याङ्क र स्केलका आधारमा नक्साको विभाजन गरिन्छ । नक्सामा प्रयोग गरिने सङ्केत चिह्नहरू अन्तर्राष्ट्रिय प्रचलनमा आएको हुनुपर्छ ।

नक्सा बनाउन विभिन्न विधि प्रविधिहरूको प्रयोग हुँदै आइरहेको छ । विगतमा हातैले स्वतन्त्र रूपमा नक्साङ्कन कार्य गरिन्थ्यो भने वर्तमानमा प्रविधि र उपकरणको विकासले गर्दा परम्परागत शैली विस्थापित हुने अवस्थामा पुगिसकेको छ ।

हातैले स्वतन्त्र रूपमा नक्सा कोर्ने सिप विकास गर्न तल दिइएको विधिलाई अभ्यास गरौँ ।




२ से.मि.
२ से.मि.
२ से.मि.

२ से.मि. ३ से.मि. ३ से.मि. २ से.मि.

१. १० से.मि. लम्बाइ र ६ से.मि. चौडाइको एक आयताकार खिच्नुहोस् । ठुलो पृष्ठमा बनाउनुपरे यसको नाप लिनुहोस् अर्थात् २० से.मि. X १२ से.मि. को आयताकार ।

२. २ से.मि. को फरक पारी प्रत्येक बाकसको कुनाबाट एउटा रेखा तान्नुहोस् । बाकसको ठिक बिचबाट एउटा ठाडोरेखा तान्नुहोस् । यी रेखाहरूले हाम्रो देशको नक्साका कुनाहरू देखाउँछन् ।

Curriculum Development Centre

३.	१० से.मि. X ६ से.मि. भए १ से.मि. बराबर ८० कि.मि. हुन्छ तर २० से.मि. X १२ से.मि. भए १ से.मि. ले ४० कि.मि. देखाउँछ । यो स्केल पनि नक्साको एक छेउमा लेख्नुहोस् ।

४.	यो अभ्यास धेरै पटक दोहोऱ्याउनुहोस् । विकास क्षेत्रमा सिमाना कोर्नुहोस् । विभिन्न सहर, नदी, हिमाल आदिको सही अवस्थिति कहाँ कहाँ हुन्छ, देखाउनुहोस् । तपाईंको आफ्नो नगरपालिका वा गाउँपालिका कहाँनेर पर्छ ? अनुमान गरी देखाउनुहोस् ।

माथिको विधिबाट ठुलो आकारको नक्सालाई सानो आकारमा र सानो आकारको नक्सालाई ठुलो आकारमा बदल्न सकिन्छ ।

## क्रियाकलाप

१.	पाठमा दिइए जस्तै आयतन निर्माण गरी नक्सा निर्माण अभ्यास गर्नुहोस् र अन्त्यमा स्वतन्त्र रूपमा नक्सा बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

२.	तपाईंले पहिलो पटक नक्सा बनाउँदाका अनुभवहरू समेटी एक अनुच्छेद लेख्नुहोस् ।

३.	के नक्सा बनाउन कला चाहिन्छ ? समूहमा छलफल गरी समूहको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क)	नक्सा भन्नाले के बुझिन्छ ? राम्रो नक्सामा चाहिने तत्त्वहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(ख)	कार्टोग्राफर (Cartg ap r) र कार्टोग्राफी (Cartg ap) को परिचय दिनुहोस् ।

(ग)	नक्सा कार्यलाई पूर्णता दिन स्केल र सङ्केत चिह्नहरूको कस्तो भूमिका रहन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

आफ्नो कक्षालाई तिन समूहमा बाँड्नुहोस् । पहिलो समूहले नेपालको रेखाङ्कित नक्सा, दोस्रो समूहले प्रदेश र तेस्रो समूहले अञ्चल देखाउने नेपालको नक्सा भिन्दाभिन्दै नक्साहरू चार्ट पेपरमा तयार पारी कक्षाकोठाको भित्तामा टाँस्नुहोस् ।

Curriculum Development Centre

# एकाइ &

# हाम्रो विगत

## पाठ : एक   २००७ सालको क्रान्ति र दिल्ली सम्झौता



त्रिभुवन

वि.सं. १९०३ असोज २ बाट नेपालमा सुरु भएको जहानियाँ राणा शासन १०४ वर्षसम्म टिक्यो । जनताको चेतना स्तरको कमीले सुरुवाती समयमा राणा विरोधी गतिविधिहरूले गति लिन सकेनन् । तर बिस्तारै शिक्षाको अङ्कुरण र चेतना वृद्धिसँगै राणा विरोधी गतिविधि सङ्गठित रूपमा विस्तार हुन थाले । वि.सं. १९८८ मा खोलिएको ‘प्रचण्ड गोरखा’ राणा विरोधी पहिलो सङ्गठन हो । तर यसका क्रियाकलापहरू त्यति प्रभावकारी हुन सकेनन् । वि.सं. १९९३ जेष्ठ २० मा काठमाडौँको ओमबहालमा पाँच जना व्यक्तिहरूको पहलमा स्थापना गरिएको प्रजा परिषद् पार्टी नेपालको पहिलो राजनीतिक दल हो । टङ्कप्रसाद आचार्य (सभापति), दशरथ चन्द (उपसभापति), रामहरि शर्मा (महासचिव), धर्मभक्त माथेमा र जीवराज शर्मा यसका संस्थापक सदस्यहरू हुन् । राणा विरोधी गतिविधिमा यसले तीव्रता दिएका कारण १९९७ माघमा चार जना होनहार प्रजातान्त्रिक योद्धाले सहादत प्राप्त गरेका थिए । उता राजा त्रिभुवन पनि राणाहरूबाट जनता जत्तिकै प्रताडित थिए र उनी पनि राणा विरोधी गतिविधिलाई गोप्य रूपमा आर्थिक तथा नैतिक समर्थन गर्थे । वि.सं. २००३ मा नेपाली राष्ट्रिय काङ्ग्रेस र २००६ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापनाले राणा विरोधी पृष्ठभूमिलाई थप मलजल गऱ्यो । यसका साथै तिनधारा संस्कृत पाठशालामा अध्ययनरत विद्यार्थीहरूले २००४ जेठमा नै “जयतु संस्कृतम् आन्दोलन” सुरु गरेका थिए । यसले सर्वसाधारण जनतामा राणा विरोधी भावनालाई प्रचुर मात्रामा विस्तार गरेको थियो ।

### २००७ साल क्रान्तिका कारणहरू




Curriculum Development Centre

## सशस्त्र क्रान्ति र मुख्य घटनाहरू

नेपाली काङ्ग्रेसको असोज ११–१२, २००७ सालमा बैरगनियामा भएको सम्मेलनले राणा शासन विरुद्ध सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । २१ कार्तिक २००७ मा क्रान्तिको घोषणा भयो । यसै समयमा राजा त्रिभुवनले पनि यस क्रान्तिलाई सहयोग गर्ने गरी कार्तिक २३ गते सपरिवार भारतीय विमानद्वारा दिल्ली प्रस्थान गरे । तात्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले त्रिभुवनका चार वर्षीय माहिला नाति ज्ञानेन्द्रलाई गद्दी आरोहण गराए । त्यस घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मोहन शमशेरको आलोचना भयो ।


मोहन शमशेर

नेपाली काङ्ग्रेसले गठन गरेको राजनीतिक दस्ता मुक्ति सेनाले सुरुमा विराटनगरलगायत पूर्वी पहाडी क्षेत्र कब्जामा लियो । वीरगञ्जमा थिरबम मल्ल र पुरन सिंहले क्रान्तिको नेतृत्व गरेका थिए । सशस्त्र आन्दोलनका क्रममा थिरबम मल्लले वीरगति प्राप्त गरे । पश्चिमी क्षेत्रमा डा. कुँवर इन्द्रजित (के.आई.) सिंहले नेतृत्व गरेका थिए । उनको नेतृत्वमा भैरहवामा मुक्ति सेनाले ठुलो सफलता हात पारेको थियो ।  पूर्वी नेपालको मोर्चा सम्हालेका बी.पी. कोइराला र सुवर्ण शमशेरले बिनायुद्ध पनि धेरै ठाउँहरू कब्जा गरे । पूर्वी क्षेत्रदेखि पश्चिम क्षेत्रसम्म धेरै स्थानहरू मुक्ति सेनाले कब्जामा लियो र ती ठाउँहरूमा जन सरकार गठन गरियो । राणाहरूलाई कर नतिर्न आह्वान गरियो । यसले राणाहरूको उपस्थिति काठमाडौँमा मात्र सीमित रहन पुग्यो । स्थिति भयावह र प्रतिकूल भएपछि मोहन शमशेरले भारतलाई मध्यस्थता गर्न अनुरोध गरे । वार्ताका लागि आफ्ना छोरा विजय शमशेरलाई दिल्ली पठाए । तात्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनबिच १२ फेब्रुअरी १९५१ (१ फागुन २००७) मा त्रिपक्षीय दिल्ली सम्झौता भयो । तत्पश्चात् राजा त्रिभुवन फागुन ४ मा नेपाल फर्के र फागुन ७ मा प्रजातन्त्र स्थापना भएको घोषणा गरे । यसरी १०४ बर्से राणा शासनको अन्त्य भयो र प्रजातन्त्र प्राप्त भयो ।

### दिल्ली सम्झौताका मुख्य सर्तहरू

(क) जनताद्वारा निर्वाचित विधान सभाले संविधान निर्माण गर्ने

(ख) १० जना (५ नेपाली काङ्ग्रेस र ५ राणाहरू) सदस्य रहेका अन्तरिम मन्त्री मण्डल गठन गर्ने

(ग) श्री ३ मा निहित भएका सबै अधिकार राजालाई सुम्पिने र वैधानिक राजा त्रिभुवन नै हुने

(घ) फौजदारी अभियोग लागेका बाहेक अरू राजबन्दीलाई बिनासर्त रिहा गर्ने

(ङ) आन्दोलनकारीहरूले सरकारलाई आफ्ना हतियारहरू बुझाउनुपर्ने र आन्दोलन रोक्नुपर्ने ।

Curriculum Development Centre

तर डा. के.आई. सिंह उक्त सम्झौताप्रति असहमत भए । उनले राणा शासनको कुनै पनि अवशेष रहन दिनुहुँदैन भन्ने विचार राखेका थिए । पश्चिम कमाण्ड सम्हालेका सिंहले विद्रोह जारी राख्ने उद्घोष गरे । राजा त्रिभुवनको सन्देश र नव सरकारको क्रान्ति बन्द गर्नु भन्ने आदेशप्रति कुनै ध्यान दिएनन् । तसर्थ उनलाई देशद्रोहीको मुद्दा लगाइयो ।



डा. के.आई. सिंह

**१० सदस्यीय अन्तरिम मन्त्री मण्डल**

**राणातर्फबाट**

१. मोहनशमशेर – प्रधानमन्त्री

२. बबरशमशेर – रक्षामन्त्री

३. चूडाराजशमशेर – वनमन्त्री

४. नृपजङ्ग राणा – शिक्षामन्त्री

५. यज्ञबहादुर बस्नेत– स्वास्थ्यमन्त्री

**नेपाली काङ्ग्रेसतर्फबाट**

१. बी.पी. कोइराला – गृहमन्त्री

२. सुवर्णशमशेर – अर्थमन्त्री

३. गणेशमान सिंह – उद्योग तथा वाणिज्य मन्त्री

४. भद्रकाली मिश्र – यातायात मन्त्री

५. भरतमणि शर्मा – खाद्य तथा कृषिमन्त्री

**क्रियाकलाप**

१. दिल्ली सम्झौता तात्कालीन समय सन्दर्भमा ठिक थियो वा बेठिक भन्ने सन्दर्भमा कक्षामा वाद विवाद सञ्चालन गर्नुहोस् । व्यक्त गरिएका विचारहरूलाई संश्लेषण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. राणा शासनको सुरुवातपश्चात् प्रयास गरिएका राणा विरोधी क्रियाकलाप र घटनाहरूलाई तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.स. | घटना र मिति | क्रियाकलाप र प्रभाव |
|---|---|---|
| | | |

३. २००७ सालको क्रान्तिले जहानियाँ शासनको अन्त्य र अर्को निरङ्कुश शासनको प्रादुर्भाव गरेको थियो । यस भनाइको पक्ष वा विपक्षमा आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

Curriculum Development Centre

४. दिल्ली सम्झौताको एउटा सर्त 'जनताद्वारा निर्वाचित विधान सभाले संविधान तर्जुमा गर्ने' भन्ने थियो । तर त्यो २०७२ अघि कहिल्यै पुरा गरिएन । किन त्यस्तो भएको होला ? कक्षामा छलफल गरी लेख्नुहोस् ।

५. २००७ सालको प्रजातन्त्र घोषणापछि के कस्ता परिवर्तनहरू देखा परे ? सो उल्लेख गरी तपाईंको कक्षाका एक जना साथीलाई इमेल पठाउनुहोस् ।

६. प्रजातन्त्र दिवस सम्बन्धी एक पोस्टर तयार पारी कक्षामा टाँस्नुहोस् ।

## अभ्यास

(क) दिल्ली सम्झौता भनेको के हो ?

(ख) २००७ सालको क्रान्तिका कारणहरू उल्लेख गरी वर्णन गर्नुहोस् ।

(ग) वि.सं. २००७ सालको दिल्ली सम्झौतालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(घ) के डा. के. आई. सिंहलाई देशद्रोहीको मुद्दा लगाउनु जायज थियो ? किन ?

(ङ) दिल्ली सम्झौताका मुख्य बुँदाहरू के के थिए ?

(च) प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको भूमिकालाई मूल्याङ्कन गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : दुई

# प्रजातान्त्रिक राजनीतिको एक दशक (२००७–२०१७)


चिनिया काजी

२००७ साल फागुन ७ मा राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भयो । त्यसपछि नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा दलीय राजनीति प्रारम्भ भएको थियो । तसर्थ २००७ सालदेखि २०१७ सालसम्मको राजनीतिक इतिहासलाई दलीय एवम् प्रजातान्त्रिक राजनीतिको इतिहास भनिन्छ। राणा र काङ्ग्रेसको संयुक्त मन्त्री मण्डलले २००७ साल चैत्र १७ गते नेपालको अन्तरिम शासन विधान पारित गर्‍यो । यसले जन प्रतिनिधिमूलक शासन प्रत्याभूत गर्ने व्यवस्थासहित राज्यका नीति निर्देशक सिद्धान्तहरू पनि उल्लेख गर्‍यो । यसैबिच २००८ सालमा विद्यार्थी नेता चिनियाँ काजीको हत्या भयो । त्यसमा राणा र काङ्ग्रेस बिचमा एकअर्कामा दोषारोपण हुन पुग्यो । अर्कातिर राणा र काङ्ग्रेसका मन्त्रीहरूमा प्रारम्भिक चरणदेखि नै मत भिन्नता छँदै थियो । खुकुरी दलले आफ्ना राजनीतिक सङ्घर्षलाई तीव्रता दियो । यस्तै कारण र पृष्ठभूमिमा तात्कालीन गृहमन्त्री बी.पी. कोइरालाले मोहन शमशेर मन्त्री मण्डलमा रहेसम्म प्रजातन्त्र आउन नसक्ने मन्तव्य दिए । उनले रेडियोबाट भाषण प्रसारण गरी क्रान्तिको वास्तविक उद्देश्य राणाहरू सत्तामा रहेसम्म अपूर्ण रहने छ भनी असन्तुष्टि सार्वजनिक गरे । कार्तिक २५, २००८ मा नेपाली काङ्गेसका तर्फबाट प्रतिनिधित्व गर्ने पाँच जना मन्त्रीहरूले पदबाट राजीनामा पेस गरे । त्यसको भोलिपल्ट प्रधानमन्त्री मोहन शमशेरले पनि बाध्य भई पदबाट राजीनामा दिए र संयुक्त मन्त्री मण्डलको विधिवत् रूपमा विघटन हुन पुग्यो ।

**नेपाली काङ्ग्रेसको एकमना मन्त्री मण्डल :** संयुक्त सरकारको विघटनपश्चात् राजा त्रिभुवनले नेपाली काङ्ग्रेसको नेतृत्वमा २००८ मङ्सिर १ गते एकमना मन्त्री मण्डल घोषणा गरे । १४ सदस्यीय उक्त मन्त्री मण्डलको नेतृत्व मातृकाप्रसाद कोइरालाले गरे । यो मन्त्री मण्डलका निम्न लिखित उद्देश्य थिए :

(क) स्वतन्त्र न्याय विभाग खडा गर्ने

(ख) लोकसेवा आयोगको व्यवस्थालाई राम्रोसँग लागु गर्ने

(ग) सकभर २००९ सालभित्र विधान सभा खडा गर्ने किसिमले निर्वाचन गराउने

(घ) जनताका नागरिक अधिकारहरू निश्चित गर्ने ।

**जनतान्त्रिक संयुक्त मोर्चा र सर्वदलीय सरकारको माग :** नेपाल प्रजा परिषद्लगायत अस्तित्वमा रहेका अन्य राजनीतिक दलहरू र विभिन्न सङ्घसंस्थाहरू मिली जनतान्त्रिक संयुक्त मोर्चा गठन भयो । यस मोर्चाले सर्वदलीय सरकार गठन गर्न दबाब दियो । उता प्रधानमन्त्री मातृकाका आफ्नै भाइ बी.पी. कोइरालाले पनि दाजुको विरोध गरेका थिए । पार्टी अध्यक्ष र र प्रधानमन्त्री एउटै व्यक्ति हुनुहुन्न भन्ने उनको मत थियो । डा. के. आई. सिंहले त मातृका सरकार विरुद्ध विद्रोह नै सुरु गरे । तसर्थ उनलाई

Curriculum Development Centre

डाँकु घोषित गरी कडा पहराका साथ सिंहदरबारमा कैद गरियो । २००८ माघ ८ र ९ गते राति डा. के.आई. समर्थक विद्रोही सेनाले सिंहदरबार आक्रमण गरी उनलाई जेलमुक्त बनाए । फलस्वरूप चारैतिरबाट घेराबन्दीमा परेको उक्त सरकार असफल भयो ।

**परामर्श दातृ सरकार गठन** : श्री ५ त्रिभुवनले परामर्श दातृहरूको सल्लाह लिएर आफैँ प्रत्यक्ष शासन गर्ने उद्देश्यले जनरल केशर शमशेरसहित पाँच जना सदस्य रहेको परामर्श दातृ सरकार वि.सं. २००९ श्रावण ३० गते गठन गरे । पाँच जना सदस्यहरूलाई राजाप्रति उत्तरदायी हुनुपर्ने र बैठकका निर्णय एवम् कार्यान्वयनका लागि राजाको स्वीकृति अनिवार्य हुने व्यवस्था गरियो । राजनीतिक दलहरूले यसको विरोध गरे । सरकारी प्रशासन राम्रोसँग चल्न सकेन । वैदेशिक हस्तक्षेप तीव्र भयो । नेपालको पूर्वी क्षेत्रमा नेपाली काङ्ग्रेसको नेतृत्त्वमा किसानहरूको विद्रोह भयो । अन्ततः वि.सं. २०१० साल असार २ गते यो सरकारको विघटन भयो ।

**राष्ट्रिय प्रजा पार्टीका नेता मातृकाप्रसाद कोइरालाको नेतृत्वमा एकलौटी सरकार** : नेपाली काङ्ग्रेस फुटाएर मातृकाले राष्ट्रिय प्रजा पार्टी नामक राजनीतिक दल खोलेका थिए । वि.सं. २०१० असार २ गते उनको नेतृत्त्वमा राजा त्रिभुवनले पाँच सदस्यीय मन्त्री मण्डल घोषणा गरे । भारतीय सेना हतियारसहित नेपाल प्रवेश गर्नु, कोसी योजना सम्झौताको विरोध हुनु, भीमदत्त पन्तको विद्रोह र वि.सं. २०१० भाद्र ७ गते डडेल्धुरामा उनको हत्या हुनु आदि कारणले यो सरकार पतन उन्मुख भयो । अन्ततः वि.सं. २०११ फागुन १९ गते मातृकाले राजीनामा दिए ।

**राजा महेन्द्रको प्रत्यक्ष शासन काल र शाही सल्लाहकार सरकार** : वि.सं. २०११ फागुन ३० गते राजा त्रिभुवनको मृत्यु भयो । चैत्र ४ गते महेन्द्र देशको राजा बने । वि.सं. २०१२ वैशाख १ गते सरदार गुञ्जमान सिंहको संयोजकत्वमा पाँच जना सदस्य रहेको सल्लाहकार सरकार गठन भयो । उनीहरूको राय सल्लाहमुताबिक राजा महेन्द्रले प्रत्यक्ष शासनको सुरुवात गरे । यो सरकार माघ १२ गतेसम्म सञ्चालन भयो ।

**टङ्कप्रसादको नेतृत्त्व तथा डा.के.आई. सिंहको नेतृत्त्वमा मन्त्री मण्डलहरू गठन** : वि.सं. २०१२ माघ १३ मा प्रजा परिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यको नेतृत्त्वमा सात सदस्यीय मन्त्री मण्डल गठन भयो । चरम आर्थिक सङ्कट, पत्र पत्रिकामा रोक लगाउने प्रयास र आम चुनाव गराउन नसक्दा उनले पनि पदबाट राजीनामा दिनुपर्‍यो । वि.सं. २०१४ असार ३१ गते उनको सरकार विघटन भयो । तत्पश्चात् चीनमा निर्वासित जीवन बिताइरहेका डा. के.आई. सिंहलाई बोलाई राजा महेन्द्रले सिंहको प्रधानमन्त्रीत्वमा वि.सं. २०१४ श्रावण ११ गते ११ सदस्यीय मन्त्री मण्डल घोषणा गरे । तर विविध कारणले २०१४ कार्तिक २९ गते डा. के.आई. सिंहको सरकारलाई हटाइयो ।

**सुवर्ण शमशेरको अध्यक्षतामा मन्त्री मण्डल** : वि.सं. २०१४ कार्तिक २९ देखि वि.सं. २०१५ जेठ २ सम्म राजा महेन्द्रले प्रत्यक्ष शासन चलाए । जेठ २ गते नै सुवर्ण शमशेरको अध्यक्षतामा काम चलाउ छ सदस्यीय मन्त्री मण्डल गठन भयो । वि.सं. २०१४ चैत्र ३ गतेका दिन भगवतीप्रसाद सिंहको अध्यक्षतामा केही विदेशीहरूसमेत संलग्न रहेको पाँच सदस्यीय संविधान मस्यौदा समिति गठन भयो ।

Curriculum Development Centre

यसले तयार गरेको संविधान वि.सं. २०१५ फागुन १ मा नेपाल अधिराज्यको संविधान, २०१५ का रूपमा घोषणा गरियो । वि.सं. २०१५ फागुन ७ बाट १०९ क्षेत्रका लागि पहिलो आम चुनाव भयो । वि.सं २०१६ जेठ २ गते यो सरकारलाई भङ्ग गरियो ।



बी.पी. कोइराला

**प्रथम आम निर्वाचन र बी.पी. कोइरालाको नेतृत्वमा प्रथम जन निर्वाचित सरकार :** पहिलो संसदीय आम निर्वाचनमा कुल १०९ सिटमा प्रतिस्पर्धा भएको थियो । यस निर्वाचनमा जम्मा नौ ओटा राजनीतिक दलहरू सहभागी भएका थिए । २०१६ वैशाख २८ गते निर्वाचनको अन्तिम परिणाम घोषणा भयो । परिणामअनुसार ७४ सिटमा नेपाली काङ्ग्रेस विजयी भयो । यसपछि २०१६ जेष्ठ १३ मा बी.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा उन्नाइस सदस्यीय मन्त्री मण्डल गठन गरियो । कृष्णप्रसाद भट्टराईलाई सभामुखमा निर्वाचित गरियो । यो सरकारले २०१७ पुस १ गतेसम्म निरन्तरता पाएको थियो ।

## क्रियाकलाप

१. '२००७ देखि २०१७ सम्मको एक दशकको अवधि राजनीतिक अस्थिरताको समय थियो' । यसबारेमा कक्षामा छलफल गरी कारणहरू टिपोट गर्नुहोस् ।

२. राजा महेन्द्रले दुई पटक प्रत्यक्ष शासन गरे । यसरी उनमा प्रत्यक्ष शासन गर्ने इच्छा बढ्नाका कारणहरू जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. भीमदत्त पन्त को थिए ? किन उनले विद्रोह गरेका थिए ? उनका योगदानसमेत प्रस्तुत गर्नुहोस् ।

४. टङ्कप्रसाद आचार्यलाई किन जिउँदो सहिद भनिएको हो ? विभिन्न सन्दर्भ सामग्री अध्ययन गर्नुहोस् र तथ्य पुष्टि गर्नुहोस् ।

५. २००७ सालदेखि २०१७ सालसम्मका मुख्य मिति र राजनीतिक घटना क्रमहरूलाई उल्लेख गरी समय रेखामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) डा. के.आई. सिंहलाई निर्वासनबाट बोलाई किन प्रधानमन्त्री बनाइएको होला ?

(ख) आम निर्वाचन भनेको के हो ? संविधान सभाको निर्वाचन र आम चुनावबिचका भिन्नताहरू उल्लेख गर्नुहोस् ।

(ग) परामर्श दातृ सरकार भन्नाले के बुझिन्छ ? उक्त सरकारका विशेषताहरू लेख्नुहोस् ।

(घ) अन्तरिम शासन विधान, २००७ र नेपाल अधिराज्यको संविधान, २०१५ का दुई दुई ओटा मुख्य विशेषताहरू लेख्नुहोस् ।

(ङ) '२००७ देखि २०१७ सम्मको अवधिमा नेपालको राजनीतिमा बढी वैदेशिक चासो रहेको पाइन्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : तिन प्रजातन्त्रको अपहरण र राजनीतिक दलहरूमाथि प्रतिबन्ध

"जनताको पिर, मर्का र बाधा जस्ताको तस्तै रह्यो । यसबाट देशको शान्ति खल्बलिएको मात्र होइन कि नेपाल राष्ट्रको मौलिक एकता र सार्वभौमिकतामा पनि आघात पुग्ने आशङ्का देखा पर्न गयो । राजनीतिक दलहरू राष्ट्रको स्वार्थलाई छोडेर व्यक्तिगत र पार्टीगत स्वार्थमा लिप्त भए, अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रियो, भ्रष्टाचार मौलायो ।"

उल्लिखित घोषणासँगै जनताको रगत, पसिना र बलिदानीबाट प्राप्त बहुदलीय प्रजातन्त्रलाई राजा महेन्द्रले अपहरण गरेका थिए । वि.सं. २०१७ पुस १ गते भएको यस घोषणाले जनताका मानव अधिकार तथा मौलिक अधिकार खोसिए । यस दिनलाई नेपालको इतिहासमा कालो दिनका रूपमा चिनिन्छ । राजनीतिक दलहरूप्रति इङ्गित गरिएको यो घोषणासँगै नेपाल अधिराज्यको संविधान, २०१५ को दफा ५५ प्रयोग गरी महेन्द्रले संसद् निलम्बन गरे । उनले राजनीतिक पार्टीहरूमाथि प्रतिबन्ध लगाए ।

शाही घोषणा हुनुभन्दा चार घण्टा अगाडि निर्वाचित प्रधानमन्त्री बी.पी. कोइरालालगायत सम्पूर्ण मन्त्रीहरूलाई शाही सेनाले घेराबन्दी गरी हिरासतमा लिएको थियो । पुस १ गते रातिदेखि प्रत्येक रात राजदरबार अगाडि कर्फ्यु लगाइएको थियो । सहरमा सैनिक गस्ती लगाउने र सर्वसाधारणलाई आतङ्कित बनाउने कार्य भइरहेको थियो । यसैको निरन्तरता स्वरूप पुस २२ गते निरङ्कुश दलविहीन पञ्चायती व्यवस्थाको स्थापना गरियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

धारा ५५. सङ्कटकालीन अधिकार : (१) श्री ५ को स्वविवेकमा कुनै गम्भीर सङ्कट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्धले वा बाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले सम्तृप्त छ भन्ने लागेको छ भने मौसुफबाट मौसुफकै स्वविवेकमा देहायबमोजिम गर्ने गरी घोषणा गर्न सकिबक्सने छ । यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण वा आंशिक मात्रामा निलम्बन गर्ने व्यवस्थाहरूलगायत घोषणाको उद्देश्य कार्यान्वित गर्नका लागि मौसुफबाट आवश्यक वा वाञ्छनीय सम्झिबक्सेको प्रासङ्गिक र आनुसाङ्गिक व्यवस्थाहरू यस्तो जुनसुकै घोषणामा रहन सक्ने छन् :

(क) घोषणामा तोकिएसम्म मौसुफको कार्यहरू मौसुफबाट स्वविवेकमा गरिबक्सने गरी

(ख) संसद् वा अन्य कुनै सरकारी निकाय वा अधिकारीमा निहित वा तिनीहरूद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसुफले नै ग्रहण गरिबक्सने गरी ।

**प्रश्नहरू**

(क) धारा ५५ मा उल्लिखित व्यवस्थाप्रति तपाईँको मूल्याङ्कन र धारणाहरू उल्लेख गर्नुहोस् ।

(ख) जनताको बलिदानबाट प्राप्त प्रजातन्त्र एवम् संसदीय राजनीतिमा के यस्तो संविधान बन्नु र प्रावधानहरू स्विकार्नु उचित थियो ? लेख्नुहोस् ।

Curriculum Development Centre

## २००७ देखि २०१७ सम्मका सामाजिक र आर्थिक उपलब्धि

२००७ सालको परिवर्तनपछि नेपालको वैधानिक शासनअन्तर्गत बहुदलीय शासन प्रणालीको सुरुआत भयो । छोटो समयावधिमा पनि अनेकौँ उल्लेखनीय उपलब्धिहरू प्राप्त भएका थिए । प्रजातान्त्रिक शासन प्रणाली लागु हुनुपूर्व दुई प्रतिशतमा रहेको साक्षरता सन्तोषजनक दरमा वृद्धि भएको थियो ।

### सामाजिक उपलब्धि

(क) विभिन्न राष्ट्रहरूसँग मैत्री एवम् कुटनीतिक सम्बन्ध स्थापना भयो ।
(ख) देशभर विद्यालयहरू स्थापना भए, अङ्ग्रेजी शिक्षाका विद्यालय तथा कलेजहरू खुले ।
(ग) त्रिभुवन विश्व विद्यालय (२०१६) स्थापना भयो ।
(घ) आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई उडान सुरु भयो ।
(ङ) टेलिफोन र आकाशवाणी (Teleg am) सुरु भयो ।
(च) वि.सं. २०१२ (१४ डिसेम्बर १९५५) मा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्र बन्यो ।
(छ) काठमाडौँ नगरपालिकाको चुनाव भयो ।
(ज) निजामती सेवा ऐन, २०१३ लागु भयो ।
(झ) हेटौँडा काठमाडौँ रोपवे विस्तार भयो ।
(ञ) कोसी सम्झौता (२०११ वैशाख १२) र गण्डक सम्झौता (२०१६ मङ्सिर १९) भए ।
(ट) सम्पूर्ण जङ्गलहरूलाई राष्ट्रियकरण गरियो ।
(ठ) यातायात विकासका लागि राजमार्ग निर्माणको थालनी गरियो ।
(ड) स्वतन्त्र र निष्पक्ष न्याय व्यवस्था लागु भयो ।
(ढ) संस्कृति सुदृढीकरणका लागि नेपाल सांस्कृतिक परिषद्को स्थापना गरियो ।
(ण) २०१३ आश्विन २६ मा नेपाल विश्व हुलाक सङ्घको सदस्य राष्ट्र बन्यो ।

### आर्थिक उपलब्धिहरू

(क) २००८ श्रावणमा सर्वप्रथम नेपालमा बजेट प्रस्तुत तथा प्रकाशन गरियो ।
(ख) २०१३ भाद्र १७ मा भूमि सम्बन्धी घोषणा जारी भयो जसले मोहियानी हकको व्यवस्था गर्‍यो ।
(ग) २०१२ आश्विन २२ मा पञ्चवर्षीय योजनाको घोषणा भयो र यो योजना २०१३ बाट लागु भई योजना बद्ध विकासको सुरुवात भयो ।
(घ) २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैङ्कको स्थापना गरियो ।
(ङ) कृषिमा आधुनिकीकरण गरियो र व्यापार प्रवर्धनको कार्य सुरु गरियो ।
(च) नयाँ कर व्यवस्था लागु गरियो ।
(छ) बिर्ता उन्मूलन ऐन, २०१६ पुसमा लागु गरियो ।
(ज) मुद्रा प्रचलनमा एकरूपता ल्याइयो ।

Curriculum Development Centre

## क्रियाकलाप

१. राजा महेन्द्र महत्त्वाकाङ्क्षी राजा थिए भन्ने भनाइका पक्षमा आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

२. राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्ध लगाउँदा निम्न लिखित विषयहरूमा के प्रसङ्ग उठाएका थिए ? उत्तर लेखी तालिका पुरा गर्नुहोस् :

| क्षेत्र | प्रसङ्ग र सन्दर्भ |
|---|---|
| (क) राजनीतिक दल | सत्तामुखी, पार्टीमुखी भएको |
| (ख) आर्थिक स्थिति | |
| (ग) वैदेशिक सम्बन्ध | |
| (घ) राष्ट्रियता | |
| (ङ) जनजीविका | |

३. २०१७ पुस १ गतेलाई किन कालो दिन मानिएको हो ? कारणहरू प्रस्तुत गर्नुहोस् ।

४. वि.सं. २०१३ बाट पञ्चवर्षीय योजना लागु भएपश्चात् हालसम्म शिक्षा, स्वास्थ्य र रोजगार सम्बन्धमा के कस्ता परिवर्तनहरू भएका छन् ? आफ्ना अभिभावक वा जानकार व्यक्तिलाई सोधी पत्रिकाका लागि लेख तयार पार्नुहोस् ।

५. यदि तपाईं २०१७ पुस १ गते पार्टीमाथि प्रतिबन्ध लगाउने समयमा हुनुहन्थ्यो भने एक नागरिकको हैसियतले के प्रतिक्रिया दिनुहुन्थ्यो ? त्यो कदम विरुद्ध के कस्ता कार्यक्रमहरूको आयोजना गर्नुहुन्थ्यो ? खाका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) दलहरूमाथि राजाले प्रतिबन्ध लगाउनाका के कस्ता उद्देश्यहरू थिए ?

(ख) २००७ देखि २०१७ सम्म किन विकास दर तीव्र हुन सकेन ? कारणहरू दिनुहोस् ।

(ग) २००७ देखि २०१७ सम्म शिक्षा क्षेत्रमा प्राप्त भएको उपलब्धिलाई आधार मानी दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

(घ) बिर्ता उन्मूलन भनेको के हो ? तत्कालीन समयमा यो किन आवश्यक महसुस भयो ?

## सामुदायिक कार्य

तपाईंको समुदायमा पुराना राजनीतिज्ञ हुनुहुन्छ होला, उहाँलाई भेट्नुहोस् । वि.सं. २०१७ देखि २०३६ सम्मको अवधिमा के कस्ता कार्यहरू भएका थिए ? सोध्नुहोस् । प्रश्नावली निर्माण गरी जवाफ टिप्नुहोस् । त्यसका आधारमा एक प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : चार  वि.सं. २०१७ देखि वि.सं. २०४६ सम्मका राजनीतिक घटनाहरू

नेपाली राजनीतिले २०१७ पुस २२ बाट तिस बर्से निर्दलीय व्यवस्थाको सामना गर्नुपर्‍यो । राजा महेन्द्रले पञ्चायत टिकाउन र बलियो प्रणाली बनाउन पञ्चायत मन्त्रालय तथा विभाग गठन गर्नुका साथै देशलाई चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरे । पञ्चायतलाई कानुनी वैधता दिन २०१९ पुस १ गते नेपालको संविधान, २०१९ घोषणा गरी लागु गरे ।

**केही महत्त्वपूर्ण घटना क्रमहरू**




(क) **जनकपुर बम काण्ड :** २०१८ साल माघ ९ गते राजा महेन्द्र पूर्वी भ्रमण पुरा गरी जानकी मन्दिरको दर्शनमा गए । दर्शन गरी रङ्गभूमितर्फ फर्किरहेको अवस्थामा दुर्गानन्द झाको नेतृत्वमा अरविन्दकुमार ठाकुरलगायत पञ्चायत विरोधी युवाहरूले उनी सवार गाडीमा बम प्रहार गरे । दुर्गानन्द झा, अरविन्दकुमार ठाकुर र दलसिंह थापालाई मृत्युदण्डको घोषणा गरियो । २०२० माघ २५ गते दुर्गानन्द झालाई फाँसी दिइयो भने बाँकी दुई जनालाई जन्मकैदको घोषणा गरियो ।



(ख) **झापा विद्रोह र सुखानी हत्याकाण्ड :** वि.सं. २०२८ सालमा तात्कालीन ने.क.पा (माले) ले झापाबाट विद्रोह सुरु गर्‍यो । सामन्तीहरूको सफाया र गरिबहरूको मुक्तिका लागि भनी आन्दोलन गरियो । तात्कालीन राष्ट्रिय पञ्चायत सदस्य धर्मप्रसाद उपाध्यायको हत्या गरेको अभियोगमा विद्रोहमा संलग्न युवाहरू रामनाथ दाहाल, नारायण श्रेष्ठ, कृष्ण कुँइकेल, नेत्रप्रसाद घिमिरे र विरेन राजवंशीलाई तात्कालीन सरकारले पक्राउ गर्‍यो । उनीहरूलाई इलामको सुखानी भन्ने ठाउँमा लगी वि.सं. २०२९ फागुन २१ गते गोली हानी हत्या गरियो । यस घटनालाई सुखानी हत्याकाण्ड भनी चिनिन्छ ।

(ग) **हवाई जहाज अपहरण काण्ड र सिंहदरबार आगलागी :** वि.सं. २०३० जेठ २५ गते विराटनगरबाट काठमाडौँका लागि उडेको विमानलाई भारतको विहार राज्यको फारबिसगन्जमा जबरजस्ती अवतरण गराइयो । त्यसमा रहेको ३० लाख भा.रु. कब्जामा लिई जहाजलाई छाडियो । यो नेपालको पहिलो विमान अपहरण घटना थियो । पञ्चायत विरोधी उक्त गतिविधिले पञ्चायती शासकहरूलाई नराम्रो धक्का दिएको थियो । असार २५ मा भएको सिंहदरबार आगलागीले राष्ट्रका महत्त्वपूर्ण कागजातहरू नष्ट भए । सो घटनाका कारण प्रधानमन्त्री कीर्तिनिधि विष्टले नैतिकताका आधारमा राजीनामा दिए ।

Curriculum Development Centre

(घ) **टिम्बुरबोटे काण्ड :** निर्दलीय पञ्चायतको अन्त्य गरी प्रजातन्त्रको पुनःस्थापना गर्ने उद्देश्यले युवाहरू क्रान्ति गर्नुपर्छ भनी सङ्गठित हुने क्रम तीव्र भइरहेको थियो । यसै क्रममा वि.सं. २०३१ सालमा ओखलढुङ्गा कब्जा गर्ने योजना बनाइएकामा गुप्तचरमार्फत सरकारलाई उक्त कुराको जानकारी भयो । त्यसपछि ओखलढुङ्गाको टिम्बुरबोटेस्थित युवाहरूको शिविरमा सेनाले आक्रमण गऱ्यो । राम, लक्ष्मणलगायतका युवाहरूको क्रुरतापूर्वक हत्या गरियो । यसै काण्डमा पक्राउ परेका क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठको वि.सं. २०३३ सालमा फाँसी दिई हत्या गरियो ।

(ङ) **रत्नकुमार बान्तवा हत्याकाण्ड :** तात्कालीन सशक्त जागरुक कम्युनिष्ट नेता रत्नकुमार बान्तवा राईलाई पञ्चायती शासकहरूले इलामको इमाङ (देउमाई नदी नजिकै) मा २०३५ चैत्र २७ गते गोली हानी हत्या गरे । पञ्चायत कालमा नै ऋषिराज देवकोटा (आजाद) र जयगोविन्द शाहलाई पनि मारिएको थियो ।

(च) **जनमत सङ्ग्रह २०३६ :** वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलनबाट सुरु भएको पञ्चायत विरोधी आन्दोलनमा जनताले पनि समर्थन गरे । त्यसपछि बाध्य भई राजा वीरेन्द्रले २०३६ जेठ १० गते जनतालाई छान्न दुई विकल्पहरूसहित जनमत सङ्ग्रहको प्रस्ताव घोषणा गरे । सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय शासन व्यवस्था भन्ने विकल्पहरू खुला गराई वि.सं. २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह भयो । परिणामअनुसार सुधारिएको पञ्चायती व्यवस्थाले १० प्रतिशत बढी मत ल्याई विजयी भयो । वि.सं. २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव भयो ।

(छ) **पिस्कर हत्याकाण्ड :** राष्ट्रिय पञ्चायतको चुनावपछि सूर्यबहादुर थापा प्रधानमन्त्री भए । सिन्धुपाल्चोक जिल्लाको पिस्कर महादेव स्थानमा २०४० माघ १ गतेका दिन पञ्चायत विरुद्ध जन चेतना जगाउने उद्देश्यले सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । त्यसै कार्यक्रममा प्रहरीद्वारा गोली चलाई कैयौं बाल बालिकाको हत्या र दर्जनौं व्यक्तिहरूलाई पक्राउ गरी यातना दिइयो । यसै कारबाहीलाई पिस्कर काण्ड भनिन्छ । यस काण्डपछि सूर्यबहादुरलाई अविश्वासको प्रस्ताव ल्याई प्रधानमन्त्रीबाट हटाइयो ।

(ज) **सत्याग्रह र बमकाण्ड :** नेपाली काङ्ग्रेसले २०४२ जेष्ठ १० बाट पञ्चायत विरुद्धको भद्र र शान्तिपूर्ण आन्दोलनका रूपमा सत्याग्रह सुरु गऱ्यो । यो आन्दोलन चलिरहेको अवस्थामा गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नेतृत्वमा असार ६ गते काठमाडौंको नारायणहिटी राजदरबारलगायत देशका महत्त्वपूर्ण सहरहरूमा एकसाथ बम पड्काइयो । तत्कालीन सरकारद्वारा गणतन्त्रको माग राखी गरिएको उक्त बम काण्डका नायकहरू रामराजाप्रसाद सिंह, लक्ष्मणप्रसाद सिंह, प्रेमबहादुर विश्वकर्मालगायतका व्यक्तिहरूलाई मृत्युदण्डको घोषणा गरियो भने सत्याग्रह आन्दोलन स्थगन भयो ।



रामराजाप्रसाद सिंह

Curriculum Development Centre

(झ) **वि.सं. २०४६ सालको जन आन्दोलन :** जनताका मानव अधिकार र मौलिक हकहरू पञ्चायत शासनले खोसेको थियो । तसर्थ नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाले संयुक्त रूपमा जन आन्दोलन गर्ने निर्णय गरी सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा २०४६ फागुन ४ बाट जन आन्दोलन सुरु गरे । अन्ततः बहुदलीय व्यवस्था पुनःस्थापना भयो ।



गणेशमान सिंह
नेता, नेपाली काङ्ग्रेस



सहाना प्रधान
नेता, संयुक्त वाम मोर्चा

## क्रियाकलाप

१. पञ्चायत शासनको सुरुआतसँगै किन धेरै हत्याकाण्डहरू भए ? कारणहरू दिनुहोस् ।

२. जनमत सङ्ग्रह भनेको के हो ? जनमत सङ्ग्रह किन भएको थियो ? वर्णन गर्नुहोस् ।

३. जनमत सङ्ग्रहको निम्न लिखित परिणाममा आधारित भई वृत्तचित्र तयार पार्नुहोस् :

| | |
|---|---|
| (क) सुधारिएको पञ्चायती प्रणाली | २४,३३,४५२ मत |
| (ख) बहुदलीय शासन व्यवस्था | २०,०७,९६५ मत |
| (ग) बदर मत सङ्ख्या | ३,७२,०६९ मत |

४. पाठमा उल्लेख गरिएबाहेक पञ्चायत कालमा अन्य राजनीतिक घटनाहरू पनि भएका छन् होला । सोधखोज गरी दिइएको तालिकाबमोजिम घटनाहरू उल्लेख गर्नुहोस् :

| घटना | वर्णन |
|---|---|
| बी.पी.को मेलमिलाप नीति २०३३ | |

## अभ्यास

(क) जनकपुर काण्ड भनेको के हो ?

(ख) वि.सं. २०१७ देखि वि.सं. २०४६ सालसम्मका घटनाहरू समावेश भएको एक समय रेखा निर्माण गर्नुहोस् ।

(ग) सत्याग्रह कस्तो आन्दोलन हो ? त्यो आन्दोलन किन स्थगित गर्नुपरेको थियो ?

(घ) रत्नकुमार बान्तवा को थिए ? उनलाई आजसम्म पनि किन नेपाली राजनीति कर्मीहरूले सम्झिन्छन् ?

(ङ) नेपालको राजनीतिमा रामराजाप्रसाद सिंहको के भूमिका छ ?

## सामुदायिक कार्य

समुदायका जेष्ठ नागरिकलाई भेटी समुदायमा २०१७ देखि २०४६ सम्म घटेका महत्त्वपूर्ण घटनाहरू र त्यसले समुदायमा पारेको प्रभावबारे सोधपुछ गर्नुहोस् । त्यसैका आधारमा समाचारको नमुना बनाउनुहोस् ।

Curriculum Development Centre

## पाठ : पाँच

# पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारणहरू

(श्री शान्ति उच्च माध्यमिक विद्यालयमा कक्षा १० का विद्यार्थीहरूले प्रजातन्त्रको स्थापना र त्यसपछि देशमा घटेका राजनीतिक घटना क्रम सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरे । स्थानीय इतिहास विद्लाई निम्ता गरिएको उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षकहरू र कक्षा १० का विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालक मुन्नी चौधरीले कार्यक्रमकै सिलसिलामा विषय प्रवेश गराउनु भयो ।)

**मुन्नी चौधरी** : "पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारणहरू" विषयक अन्तरक्रिया कार्यक्रममा पाल्नुहुने सबैलाई स्वागत गर्छु । अब इतिहास विद्ज्यूलाई पञ्चायती व्यवस्था उदयको पृष्ठभूमि र कारणहरू सम्बन्धमा प्रकाश पारिदिनुहुन अनुरोध गर्छु ।

**इतिहास विद्** : सर्वप्रथम त मलाई आफ्ना अनुभव बताउने अवसर दिनुभएकामा यहाँहरूलाई धन्यवाद दिन चाहन्छु । अब म आफ्ना भनाइहरू राख्न चाहन्छु । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनासँगै एउटा कमजोरी भएको थियो । राणा शासनको अन्त्य त गरियो तर जनताले पूर्ण अधिकार प्राप्त गरेनन् । यसले राजतन्त्ररूपी अर्को जहानियाँ व्यवस्थालाई वैधानिकता दिई त्यसलाई बलियो बनायो ।

विधान सभाबाट संविधान निर्माण गर्ने र दिल्ली सम्झौताको कार्यान्वयन गर्ने कार्य गरिएन । राजाहरू आफू बलियो हुने र जनतालाई भुलभुलैयामा पार्ने काममा नै बढी केन्द्रित भए । राजनीतिक दलमा पनि अनुभवको कमी र अपरिपक्वता थियो । परिणाम स्वरूप राजा महेन्द्रमा शक्तिशाली राजा हुने महत्त्वाकाङ्क्षा बढ्न थाल्यो । उनलाई आफू युवराज हुँदाको समयदेखि नै प्रजातन्त्रप्रति विश्वास थिएन । अर्कोतिर संसदीय व्यवस्था नयाँ हुनु, राजनीतिक दलहरूबिचमा फुट हुनु जस्ता कारणले पञ्चायती व्यवस्था उदय हुने वातावरण तयार भयो । जनतामा चेतनाको कमी थियो । अशिक्षा व्याप्त थियो । वैदेशिक चासो र हस्तक्षेप बढ्न थालेको थियो । भ्रष्टाचार र ढिलासुस्ती बढ्दै गयो । यिनै परिस्थितिको आडमा राजा महेन्द्रले २०१७ पुस १ मा प्रजातन्त्रको अपहरण गरे र पुस २२ मा दलविहिन पञ्चायती व्यवस्थाको घोषणा गरे ।

**मुन्नी चौधरी** : इतिहास विद्ज्यूलाई धन्यवाद । अब पञ्चायती व्यवस्थाको अन्त्यका सम्बन्धमा आफ्ना विचारहरू राखिदिनु हुन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् हाम्रो समुदायका जेष्ठ नागरिक श्री झविन्द्रबहादुर खड्काज्यूलाई हार्दिक अनुरोध गर्छु ।

**झविन्द्र** : धन्यवाद मुन्नी नानी । अब म आफ्ना भनाइ राख्न चाहन्छु । म आफैँ पनि पञ्चायती व्यवस्थामा यही गाउँ पञ्चायतको प्रधानपञ्च हुँ । मेरो अनुभवमा पञ्चायती व्यवस्था केन्द्रबाट सञ्चालित पूर्ण एकात्मक केन्द्रीकृत शासन व्यवस्था थियो । त्यसबेला माथिबाट आएको निर्देशनलाई हुबहु शिरोधार्य गर्नुपर्थ्यो । पञ्चायती व्यवस्थाको सबैभन्दा खराब पक्ष भनेकै निरङ्कुशता हो । यो

Curriculum Development Centre

व्यवस्थामा जनताका मानव अधिकार, मौलिक अधिकार र स्वतन्त्रता कुण्ठित भएको देखेर आजित भई मैले प्रधानपञ्चबाट राजीनामासमेत दिएँ । त्यसपछि म पञ्चायत विरोधी अभियानमा संलग्न भएँ । २०४६ सालमा हामी देशमा प्रजातन्त्र पुनःस्थापना गर्न सफल भयौँ ।

पञ्चायती व्यवस्थाको अन्त्य हुनुका धेरै कारणहरू छन् । सरकारका नराम्रा कामको विरोध गर्नेहरूलाई दमन गरिन्थ्यो । जनतामा शिक्षा र चेतनाको स्तर बढ्दै गएको थियो । पञ्चायती व्यवस्थाका यस्ता कार्यबाट जनताहरू आक्रोसित भएका थिए । त्यस व्यवस्थाका सञ्चालकहरू आफ्ना स्वार्थका लागि दुई खेमामा विभाजित भए । जनताका हित र देशको विकासप्रति भन्दा सत्ता कसरी प्राप्त गर्ने भन्नेतर्फ उनीहरू क्रियाशील थिए । भ्रष्टाचार बढ्दै गएको थियो ।

अर्कातर्फ विभिन्न टुक्रामा विभाजित कम्युनिस्टहरूले संयुक्त वाममोर्चा गठन गरी एकजुट भएका थिए । यसैबिच परस्पर विपरीत राजनीतिक विचार बोकेका दलहरू नेपाली काङ्ग्रेस र कम्युनिस्टहरू पञ्चायती व्यवस्था विरुद्धमा संयुक्त आन्दोलन गर्न सहमत भए । फलस्वरूप राजनीतिक दलप्रति जनताको विश्वास बढ्यो । २०४६ फागुन ७ बाट जन आन्दोलन सुरु भयो । जतातते बन्द हड्ताल भए । पञ्चायती व्यवस्था विरुद्धमा जनता कर्फ्यु तोड्दै सडकमा उत्रिए । अन्त्यमा २०४६ चैत्र २६ गते राती ११ बजे रेडियो नेपालबाट राजा वीरेन्द्रले पञ्चायती व्यवस्था हटेको र प्रजातन्त्र पुनःबहाली भएको घोषणा गरे । यसरी पञ्चायती व्यवस्थाको अन्त्य भयो । यति भन्दै मेरा भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**मुन्नी चौधरी** : धन्यवाद, अध्यक्षज्यू । हामीलाई हाम्रो इतिहासका घटनाका बारेमा धेरै जानकारी दिनुभयो ।

## क्रियाकलाप

१. पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारणहरू तालिका बनाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् :

| उदयका कारणहरू | अन्त्यका कारणहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

२. वि.सं. २०१७ देखि २०४६ सम्म निरङ्कुश पञ्चायती शासन कायम थियो । त्यस बेला केही उल्लेखनीय कार्यहरू पनि भएका थिए । पुस्तकालय, इन्टरनेट र समुदायका व्यक्तिहरूसँगको अन्तरक्रिया आदिका माध्यमबाट ती कार्यहरूको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

३. नेपाली जनताले वि.सं. २००७ सालदेखि प्राप्त गरेको प्रजातन्त्र पटक पटक सङ्कटमा परेको र गुमेको देखिन्छ । किन यस्तो भएको होला ? आपसमा छलफल गरी कारणहरूको खोजी गर्नुहोस् । अब त्यसरी प्रजातन्त्र गुम्न नदिन र देशलाई आर्थिक उन्नतितर्फ अघि बढाउन के के गर्नुपर्ला ? बुँदागत रूपमा लेखी कक्षामा प्रस्तुत गनुहोस् ।

४. पञ्चायती व्यवस्थाको उदय सम्बन्धमा प्रकाश पार्दै आफ्ना साथीलाई चिठी लेख्नुहोस् ।

## अभ्यास

(क) पञ्चायती व्यवस्था भनेको के हो ?

(ख) पञ्चायती शासनको किन अन्त्य भयो ?

(ग) पञ्चायती व्यवस्थामा भएका विकासात्मक कार्यहरू के के थिए ?

## सामुदायिक कार्य

तपाईं अध्ययनरत विद्यालयको भौतिक एवम् शैक्षिक सुधार सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् । विभिन्न विज्ञ व्यक्तिहरूलाई वक्ताका रूपमा निमन्त्रणा गर्नुहोस् । अन्तरक्रियाबाट प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : छ   वि.सं. २०४६ देखि २०६२ सम्मको राजनीतिक घटना क्रम



वि.सं. २०४६ चैत २६ गते दलमाथिको प्रतिबन्ध हट्यो । जनताहरू खुसीले सडकमा उत्रिए। आन्दोलनरत दलहरूबाट चैत २७ गते काठमाडौँमा विजय जुलुस र विशाल विजय सभाको आयोजना भयो । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री रहेको अन्तरिम मन्त्रिपरिषद् गठन गरियो । यस सरकारमा आन्दोलनरत दलका प्रतिनिधिहरू, राजाबाट मनोनित व्यक्तिहरू र स्वतन्त्र व्यक्तित्व सहभागी भएका थिए। उक्त सरकारलाई बहुदलीय प्रजातन्त्र अनुकूलको संविधान निर्माण गर्न र आम चुनाव गराउन मुख्य दुई जिम्मेवारी सुम्पिएको थियो ।

जन आन्दोलनको भावनाअनुरूप संविधान निर्माण गर्न विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुझाव आयोग गठन भयो। उक्त आयोगले संविधानको मस्यौदा तयार पारी राजालाई बुझायो। राजा वीरेन्द्रबाट २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा भयो । सोही दिनबाट संवैधानिक राजतन्त्रसहितको उक्त संविधान कार्यान्वयनमा आयो। सो संविधानअनुसार आम निर्वाचन पनि सम्पन्न भयो । त्यस चुनावमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गर्‍यो । गिरिजाप्रसाद कोइराला देशका प्रधानमन्त्रीमा नियुक्त भए ।

दलभित्रको आन्तरिक द्वन्द्वका कारण यो सरकारले पुरा अवधि कार्य नगरी संसद् विघटन गर्न पुग्यो । २०५१ कार्तिकमा संसद्को मध्यावधि निर्वाचन भयो। यस निर्वाचनमा कुनै पनि दलले बहुमत ल्याउन सकेन। निर्वाचन परिणामपश्चात् ठुलो दलका नाताले ने.क.पा. एमालेका अध्यक्ष मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो । त्यसपछि सरकार बन्ने र भङ्ग हुने क्रम चलिरह्यो ।


कृष्णप्रसाद भट्टराई


मनमोहन अधिकारी

संविधानको विरोध र राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी गणतन्त्रको स्थापना गर्नुपर्छ भन्ने मागसहित तत्कालीन ने.क.पा. (माओवादी) ले २०५२ साल फागुन १ गतेबाट सशस्त्र सङ्घर्ष सुरु गर्‍यो । २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंशनाश हुने गरी नारायणहिटी हत्याकाण्ड भयो । यस घटनाले नेपालको राजनीतिक अवस्थालाई नयाँ मोड दियो। वीरेन्द्रका माहिला भाइ ज्ञानेन्द्र शाह राजा भए। वि.सं. २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले जनताद्वारा निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिए। वि.सं. २०६१ माघ १९ गते ज्ञानेन्द्रले

Curriculum Development Centre

राजनीतिक दलका मुख्य नेताहरूलाई नजरबन्द गरी कार्यकारी अधिकार आफूमै निहित भएको घोषणा गरे । ज्ञानेन्द्रको यो कदमबाट राजनीतिक दलहरू आक्रोसित भए । उता सशस्त्र युद्धमा रहेको पार्टी माओवादी पनि राजाको कदमबाट थप आक्रोसित भयो । सात राजनीतिक पार्टी र ने.क.पा. (माओवादी) बिचमा राजाको कदमको विरुद्धमा शान्तिपूर्ण जन आन्दोलन गर्ने भनी दिल्लीमा १२ बुँदे सम्झौता भयो । त्यसैअनुसार २०६२ चैत्र २४ देखि दोस्रो जन आन्दोलन प्रारम्भ भयो । आन्दोलनले सबै क्षेत्रलाई प्रभावित गर्न थाल्यो । जनताले सडकमा निस्किएर बृहद् प्रदर्शन गरे । राजतन्त्रले घुँडा टेक्नुपर्ने अवस्था आयो । उन्नाइस दिनसम्म देशभर सरकार र राजाको विरोधमा आन्दोलन भयो । आन्दोलनको रूपलाई मध्यनजर गर्दै तत्कालीन राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ मा राष्ट्रको नाममा सम्बोधन गरे । सम्बोधनका क्रममा "जनताको नासो जनतालाई नै फिर्ता गरेँ" भन्दै आन्दोलनकारीका माग पुरा गरे । विगतमा विघटन गरिएको जन निर्वाचित प्रतिनिधि सभा पनि पुनःस्थापित भयो ।

**केही महत्त्वपूर्ण घटना क्रमहरू**

| मिति | घटनाहरू |
|---|---|
| २०४७ वैशाख ६ | कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा एघार सदस्यीय अन्तरिम सरकारको गठन |
| २०४७ जेठ १६ | नयाँ संविधान मस्यौदा गर्न सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुधार सुझाव आयोग गठन |
| २०४७ कार्तिक २३ | राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान २०४७ जारी । |
| २०४८ वैशाख २९ | प्रथम संसदीय आम चुनाव सम्पन्न र गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन |
| २०५१ कार्तिक २९ | प्रथम मध्यावधि चुनाव सम्पन्न |
| २०५१ मङ्सिर १३ | ने.क.पा. एमालेका अध्यक्ष मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा अल्पमतको सरकार गठन |
| २०५२ भदौ २५ | शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा संयुक्त सरकारको गठन |
| २०५२ फागुन १ | ने.क.पा.(माओवादी) बाट सशस्त्र सङ्घर्ष सुरु |
| २०५६ वैशाख २०, जेठ ३ | संसदीय आम निर्वाचन |
| २०५८ जेठ १९ | नारायणहिटी दरबारमा राज परिवार हत्याकाण्ड (वीरेन्द्रको वंश विनाश) |
| २०६१ माघ १९ | राजा ज्ञानेन्द्र शाहद्वारा शासन सत्ता हातमा लिएको |
| २०६२ मङ्सिर ७ | सशस्त्र युद्धरत ने.क.पा. माओवादी र सात संसदीय राजनीतिक दलबिच प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापनाका लागि आन्दोलन गर्न १२ बुँदे दिल्ली समझदारी । |

Curriculum Development Centre

## क्रियाकलाप

१. पाठमा दिइएको राजनीतिक घटना क्रमलाई तलको जस्तै समय रेखामा देखाउनुहोस् :




२. नेपालमा वि.सं. २००७ देखि २०६२ सम्म चार पटक ठुला आन्दोलन र दुई पटक सशस्त्र सङ्घर्ष भएको रहेछ । यी आन्दोलनका उपलब्धि जोगाएर आर्थिक विकास गर्न अब के के गर्नुपर्ला ?

३. उन्नाइस दिने जन आन्दोलन २०६२/०६३ का प्रमुख घटनाहरू समावेश गरी एक चार्ट तयार गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।

४. वि.सं. २०४६ र वि.सं. २०६२/६३ को आन्दोलनका उपलब्धिका बिचमा समानता र भिन्नतालाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## अभ्यास

(क) अन्तरिम मन्त्री मण्डल भनेको के हो ?

(ख) वि.सं. २०४६ सालको जन आन्दोलनपछि गठित अन्तरिम सरकारको मुख्य कार्यहरू के के थिए ?

(ग) वि.सं. २०४६ पछिको राजनीतिक परिवर्तनका चार ओटा सबल पक्षहरू उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : सात**

# वि.सं. २०६२/०६३ देखि हालसम्मका राजनीतिक घटना क्रम



Curriculum Development Centre

लोकतन्त्रको पुनःस्थापना भएपछि वि.सं. २०६३ वैशाख १५ गते प्रतिनिधि सभाको पहिलो बैठक बस्यो । त्यसपछि गिरिजाप्रसाद कोइराला नयाँ सरकारको प्रधानमन्त्री भए । जेठ ४ गते पुनःस्थापित प्रतिनिधि सभाको बैठकले निम्नानुसारको ऐतिहासिक घोषणा गर्‍यो :

**२०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा**

शान्तिपूर्ण संयुक्त जन आन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जन आन्दोलनद्वारा सार्वभौम सत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै, वर्तमान जन आन्दोलनमार्फत अभिव्यक्त भएको जन भावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा

मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जन आन्दोलनको बलमा स्थापित प्रतिनिधि सभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको, निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधि सभा सार्वभौम सत्ता सम्पन्न भएको घोषणा गर्छ र राज्यशक्ति यही प्रतिनिधि सभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्छ :

१. नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधि सभाद्वारा प्रयोग गरिने छ ।

२. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने छ । "श्री ५ को सरकार"लाई अब उप्रान्त "नेपाल सरकार" भनिने छ ।

३. "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहने छ ।

४. राजपरिवारको आय र सम्पतिमाथि कर लगाइने छ ।

प्रतिनिधि सभाको घोषणापश्चात् नेपालको राज्य व्यवस्थामा ठुलो परिवर्तन भयो । २०६३ मङ्सिर ५ गते सशस्त्र द्वन्द्वरत ने.क.पा. (माओवादी) र नेपाल सरकारबिच बृहत् शान्ति सम्झौता सम्पन्न भयो । उक्त बृहत् शान्ति सम्झौतामा ने.क.पा. (माओवादी) का तर्फबाट पुष्पकमल दाहाल (प्रचण्ड) र नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको हस्ताक्षर भयो । यस सम्झौताले दस बर्से जनयुद्धको अन्त्य र शान्ति स्थापनाको बाटो खोल्यो । २०६३ माघ १ गते राजनीतिक सहमतिको दस्तावेजका रूपमा नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो ।





वि.सं. २०६४ चैत्र २८ गते संविधान सभाको चुनाव सम्पन्न भयो । यस चुनावमा ने.क.पा. माओवादीले धेरै सिट प्राप्त गर्‍यो । २०६५ साल जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाललाई गणतन्त्रात्मक राज्य घोषणा गर्‍यो । यसरी सदियौँदेखि चल्दै आएको राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भयो । राजा ज्ञानेन्द्रले नारायणहिटी दरबारबाट सार्वजनिक सम्बोधन गरी शान्तिपूर्ण रूपमा स्वेच्छाले गद्दी त्याग गरे । त्यसपछि संसद्का रूपमा समेत काम गरेको संविधान सभाले सामान्य जनताका छोरा डा. रामवरण यादवलाई नेपालको पहिलो राष्ट्रपतिका रूपमा निर्वाचित गर्‍यो । २०६५ भदौ २ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री बने ।

Curriculum Development Centre

२०६६ जेठ ११ मा माधवकुमार नेपाल र २०६७ माघ २३ मा झलनाथ खनाल प्रधानमन्त्री भए। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन यी सरकारहरूको भूमिका महत्त्वपूर्ण रह्यो। २०६८ भदौ १२ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री भए। उनी प्रधानमन्त्री भएको अवस्थामा २०६९ जेष्ठ १४ गते संविधान सभाको विघटन भयो। संविधान सभाबाट संविधान निर्माणका लागि चार वर्षसम्मको राजनीतिक दलहरूको सहमति, सहकार्य र एकताको प्रयास निस्प्रभावी रह्यो। सबै दलको सहमतिमा तात्कालीन प्रधान न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मिति २०६९ चैत्र १ मा चुनावी सरकार गठन भयो। यो सरकार दोस्रो पटक संविधान सभाको निर्वाचन गराउन सफल भयो।



वि.सं. २०७० मङ्सिर ४ गते दोस्रो पटक संविधान सभाको चुनाव सम्पन्न भयो। नेपाली काङ्ग्रेसले सबैभन्दा धेरै सिट प्राप्त गरेकाले त्यस पार्टीका सभापति सुशील कोइरालाको नेतृत्वमा २०७० माघ २७ गते सरकार गठन भयो। राजनीतिक दलहरूको सुझबुझ, एकता र राष्ट्रप्रतिको समर्पणका कारण संविधानको निर्माण कार्यले तीव्रता पायो। यसरी वि.सं. २०७२ असोज ३ गते संविधान सभामा राष्ट्रपति रामवरण यादवबाट नेपालको संविधान घोषणा गरियो। वि.सं. २००७ सालदेखि पर्खाइमा रहेका जनताले आफ्नै प्रतिनिधिहरूद्वारा लिखित संविधान प्राप्त गरे। यो संविधानअनुसार नेपाल सङ्घीय गणतन्त्रात्मक राज्यका रूपमा स्थापित भयो। संविधान सभाको कार्य सम्पन्न भएको हुनाले संविधान सभालाई व्यवस्थापिका संसद्मा रूपान्तरण गरियो। संविधान घोषणा लगत्तै नेपालले अघोषित नाकाबन्दीको सामना गर्नुपऱ्यो। त्यसपछि खड्गप्रसाद ओलीको नेतृत्वमा असोज २४ गते नयाँ मन्त्री मण्डल गठन भयो। नेपालमा वि.सं. २०७२ साल वैशाख १२ र २९ गते गएको शक्तिशाली भूकम्पले राष्ट्रका १४ जिल्लामा बढी असर गऱ्यो। यो विपत्को घडीले पनि नेपाली राजनीतिक दलहरूलाई आपसी अन्तर्विरोध बिर्सेर उद्धार र पुनः निर्माणका लागि एकै ठाउँमा बस्नुपर्ने आवश्यकता महसुस भयो। यस परिस्थितिले संविधान निर्माण गरी राष्ट्र निर्माणका लागि एकजुट हुने वातावरण तयार भएको थियो।

**२०६३ पछिका मुख्य राजनीतिक घटनाहरू**

| **मिति (वि.सं.मा)** | **घटनाहरू** |
|---|---|
| २०६३ माघ १ | नेपालको अन्तरिम संविधान २०६३ र अन्तरिम संसद्को घोषणा |
| २०६४ चैत्र २८ | पहिलो संविधान सभाका लागि चुनाव सम्पन्न |
| २०६५ जेठ १५ | नेपाल गणतन्त्रात्मक राज्य घोषणा |
| २०६५ साउन ६ | डा. रामवरण यादव नेपालको पहिलो राष्ट्रपतिका रूपमा व्यवस्थापिका संसद्बाट निर्वाचित |

Curriculum Development Centre

| | |
|---|---|
| २०६५ साउन ३१ | ने.क.पा. (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्त्वमा नयाँ सरकार गठन |
| २०६६ जेठ ९ | ने.क.पा.एमालेका नेता माधवकुमार नेपालको नेतृत्त्वमा नयाँ सरकार गठन |
| २०६७ माघ २० | ने.क.पा.एमालेका अध्यक्ष झलनाथ खनालको नेतृत्त्वमा नयाँ सरकार गठन |
| २०६८ भदौ ११ | ए.ने.क.पा.(माओवादी) का उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्त्वमा नयाँ सरकार गठन |
| २०६९ जेठ १४ | पहिलो संविधान सभाको विघटन |
| २०६९ चैत १ | प्रधान न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा अन्तरिम चुनावी सरकार गठन |
| २०७० मङ्सिर ४ | दोस्रोपटक संविधान सभा चुनाव सम्पन्न |
| २०७० माघ २७ | ने.का. सभापति सुशील कोइरालाको नेतृत्त्वमा संयुक्त सरकारको गठन |
| २०७२ वैशाख १२, २९ | शक्तिशाली भूकम्प, ठुलो धनजनको क्षति |
| २०७२ असोज ३ | राष्ट्रपति रामवरण यादबले दोस्रो संविधान सभाबाट निर्मित नेपालको संविधान घोषणा |
| २०७२ असोज २४ | ने.क.पा.एमालेका अध्यक्ष खड्गप्रसाद ओलीको नेतृत्त्वमा नयाँ सरकार गठन |
| २०७२ कार्तिक ११ | विद्यादेवी भण्डारी राष्ट्रपति पदमा निर्वाचित |
| २०७३ साउन १९ | ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा मन्त्री मण्डल गठन |

## क्रियाकलाप

१. २०६३ देखि हालसम्मका मुख्य मुख्य राजनीतिक घटनाहरूलाई उपयुक्त स्केलको प्रयोग गरी समय रेखामा देखाउनुहोस् ।

२. दोस्रो जन आन्दोलन पछिको राजनीतिक अवस्था अस्तव्यस्त रह्यो । यसको कारण र परिणाम सम्बन्धमा समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. किन प्रधान न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा सरकार गठन भएको थियो ? सन्दर्भ सामग्रीहरूको अध्ययन गरी उक्त सरकारको पालामा भएका उपलब्धिहरू उल्लेख गर्नुहोस् ।

## अभ्यास

(क) संविधान सभा भनेको के हो ?

(ख) पहिलो संविधान सभाबाट संविधान निर्माण हुन नसक्नाका कारणहरू के के थिए ? उल्लेख गर्नुहोस् ।

Curriculum Development Centre

(ग) दोस्रो जन आन्दोलन हुनाका कारणहरू सूचीबद्ध गर्नुहोस् ।

(घ) के दोस्रो जन आन्दोलनपछि जनताका इच्छा आकाङ्क्षाहरू पुरा भए ? आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ङ) नेपालको वर्तमान संविधान एक सहमतिको दस्तावेज हो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(च) नेपालमा गणतन्त्र स्थापनाका कारणहरू उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

पुस्तकालय वा इन्टरनेटको प्रयोग वा राजनीति जानकार व्यक्तिहरूसँग कुराकानी गरी दोस्रो जन आन्दोलन र यसपछिका उपलब्धि एवम् जनताका विचार सम्बन्धमा सोधखोज गर्नुहोस् । तपाईंका आफ्ना राय एवम् प्राप्त गरेका विचारसमेत समेटी निम्न लिखित उपशीर्षकहरूमा आधारित भई प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) शीर्षक
(ख) परिचय
(ख) उद्देश्य
(ग) विधि
(घ) पत्ता लागेका कुराहरू
(ङ) निष्कर्ष र सुझाव

Curriculum Development Centre

# पाठ : आठ दोस्रो जन आन्दोलनपछि परेको आर्थिक तथा सामाजिक प्रभाव

कोपिला र कपिलले आफ्ना राजनीतिका जानकार बुबासँग दोस्रो जन आन्दोलनपछि परेको आर्थिक तथा सामाजिक प्रभावका सम्बन्धमा गरेको कुराकारी यस प्रकार छ :

कोपिला : बुबा, आज हामी दोस्रो जन आन्दोलनपछि राष्ट्रमा के कस्ता आर्थिक तथा सामाजिक उपलब्धिहरू भए भन्ने विषयमा छलफल गर्न चाहन्छौँ ।

बुबा : भइहाल्छ नि नानीबाबु, तिमीहरूको सामाजिक अध्ययन विषयमा यो विषय वस्तु छ क्यारे, होइन र ?

कपिल : हो बुबा, २०६२/०६३ को १९ दिने लामो जन आन्दोलनपछि देशमा लोकतान्त्रिक व्यवस्था स्थापना भयो । त्यसपछि धेरै राजनीतिक घटना क्रम भए । तर यसबाट के कस्ता सामाजिक उपलब्धिहरू प्राप्त भयो त, बुबा ?

बुबा : ल सुन । दोस्रो आन्दोलनपछि देशमा धेरै सामाजिक परिवर्तनहरू देखिए । यसको सुरुवात नै समानुपातिक समावेशीकरणका सिद्धान्त अवलम्बनबाट भयो । यसले पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्गलगायत सबै पक्षका नागरिकलाई विकासको मूलधारमा ल्यायो । सबै प्रकारका विभेद एवम् उत्पीडन अन्त्य गर्दै तिनीहरूको सहभागितालाई सुनिश्चित गऱ्यो ।

कोपिला : महिला, जनजाति, मधेशी, दलित, अपाङ्ग र विकट तथा पिछडिएका क्षेत्रका मानिसहरूलाई प्रतिशतका आधारमा सेवा सुविधा दिने कुरा पनि दोस्रो जन आन्दोलनपछि आएको हो । यो पनि उपलब्धि हो नि ?

बुबा : हो, यसका साथै सामाजिक रूपमा तथाकथित तल्लो जात, माथिल्लो जात भनी हुने भेदभाव लगभग अन्त्य भएको छ । क्षेत्रीय रूपमा पछि परेका मधेशी समुदाय पूर्णतः शासन गर्ने तह र पहुँचमा पुगेका छन् ।

कपिल : यसपछि शिक्षा, रोजगार, सञ्चार, यातायात आदि क्षेत्रको तीव्र विकासले मानिसको जीवन यापन बढी सहज भएको हो, बुबा ?

बुबा : ठिक भन्यौ छोरा, दोस्रो जनआन्दोलनपछि द्वन्द्व अन्त्य भई शान्ति पुनर्वहाली भयो । त्यसैले विकास निर्माणका कार्यहरू सुचारु ढङ्गबाट सञ्चालित भए । जनताहरूमा चेतनाको स्तर ह्वात्तै वृद्धि भयो । भ्रष्टाचार गर्नेलाई जनताले नै ठेगान लगाउन सक्ने भए । साक्षरता दर ६५ प्रतिशतभन्दा बढी भयो । आधारभूत स्वास्थ्य सेवामा जनताको पहुँच विस्तार भयो ।

कोपिला : जनतामा चेतनाको विस्तार त भयो तर जनताबिचको मेलमिलाप, सहकार्य र सहयोगको वातावरण कस्तो रह्यो नि बुबा ?

बुबा : राम्रो प्रश्न सोध्यौं नानी, हेर पहिले मानिसहरू राजनीतिक विचारका आधारमा बढी कट्टर देखिन्थे । तर अहिले राजनीतिक विचार आफ्नो ठाउँमा राखेर मानिसहरू समुदाय र राष्ट्रको

Curriculum Development Centre

विकास र समुन्नतिका लागि एकजुट हुन थालेका छन् । एक आपसमा मेलमिलाप, सहकार्य र सहयोग आदान प्रदान गर्ने कार्य तीव्र छ । यसले सामाजिक कुप्रथा र समस्या निराकरणमा पनि योगदान गरिरहेको छ ।

कपिल : अनि आर्थिक क्षेत्रमा के कस्ता प्रगति भयो नि बुबा ? बताइदिनुहोस् न ।

बुबा : दोस्रो जन आन्दोलनपछि देशले आर्थिक रूपमा पनि धेरै प्रगति हासिल गऱ्यो । देशमा आवधिक योजनाहरू सञ्चालनमा आइरहेका छन् । आर्थिक वृद्धिदर बढ्दो छ । विदेशी लगानीका ढोकाहरू खुलेका छन् । त्यसैले विभिन्न राष्ट्रसँग विप्पा (BIPPA), पारवहन, सहयोग अनुदानलगायतका सम्झौता पनि भएका छन् ।

कोपिला : गरिबी घटेको र राष्ट्र आत्म निर्भरतातर्फ उन्मुख भएको हो नि, बुबा ?

बुबा : गरिबी घटेको पक्कै पनि हो । तर राष्ट्र आफ्नै उत्पादनमा आत्म निर्भर भने अझै भइसकेको छैन । सरकारको प्राथमिकता तीव्र आर्थिक वृद्धि र स्वरोजगार रहेको छ । ठुला ठुला राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालित भएका छन् । वैदेशिक रोजगारीलाई व्यवस्थित बनाइँदै छ । यसले देशको आर्थिक अवस्था मजबुत हुने छ ।

कपिल : धन्यवाद बुबा, आज हामीले धेरै कुराको जानकारी पायौँ । हजुरलाई धेरै धेरै धन्यवाद !

## क्रियाकलाप

१. तपाईंको परिवारमा विगत ५ वर्षभित्र के के आर्थिक परिवर्तन भए ? टिपोट गरी कक्षामा सुनाउनुहोस् ।

२. 'जनताको इच्छा र चाहना अनुरूपको राजनीतिक परिवर्तनले देशमा सामाजिक तथा आर्थिक परिवर्तन ल्याउँछ ।' यस विषयमा कक्षामा वाद विवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

३. २००७ देखि २०१७ र २०६३ देखि हालसम्म भएका राजनीतिक परिवर्तनका सामाजिक तथा आर्थिक प्रभावबारे तुलनात्मक अध्ययन गर्नुहोस् वा आफ्ना शिक्षक तथा साथीहरूसँग छलफल गर्नुहोस् । कुन अवधिमा बढी प्रगति हासिल भयो र कसरी ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) दोस्रो जन आन्दोलनपछि हालसम्म भए गरेका आर्थिक एवम् सामाजिक प्रभाव तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

(ख) राजनीतिक परिवर्तन भनेको के हो ?

(ग) तपाईंको समुदायमा जन आन्दोलनपछि के के सकारात्मक परिवर्तन भएका छन् ? सूची बनाउनुहोस् ।

## परियोजना कार्य

२०४६ सालदेखि हालसम्म तपाईंको समुदायमा के कस्ता सामाजिक तथा आर्थिक परिवर्तनहरू भए ? आफूले देखेका र स्थानीय जेष्ठ नागरिकहरूलाई समेत सोधी एक प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

| पाठ : नौ |
|---|

# प्रथम विश्वयुद्धका कारणहरू

इतिहासकारहरूले मानव सभ्यताको इतिहासमा प्रथम विश्वयुद्धलाई एक विध्वंशकारी युद्ध भनी प्रस्तुत गरेका छन् । यो एउटा यस्तो युद्ध थियो जसमा विश्वका प्रायः सबै राष्ट्रहरू कुनै न कुनै रूपमा संलग्न थिए । एकातर्फ बेलायत, फ्रान्स, रुस, इटाली, बेल्जियम, चीन, जापान, अमेरिकालगायतका देश सहकार्यमा थिए । यसलाई मित्र राष्ट्र (Allite Pow er) भनियो । अर्कातर्फ जर्मनी, अस्ट्रिया, हङ्गेरी, टर्कीलगायतका देश सहकार्यमा थिए । यिनीहरूको समूहलाई धुरी राष्ट्र (Aix s Pow er) भनियो । जम्मा १,५६५ दिनसम्म चलेको यो युद्ध त्यति बेलासम्मको इतिहासमा सबैभन्दा महँगो र रक्तपात पूर्ण युद्ध थियो ।




१. **युरोपेली राष्ट्रहरूबिचको गुटबन्दी** : जर्मनीको एकीकरणपश्चात् जर्मनीमा सन् १८७० मा अटोभान विस्मार्क चान्सलर नियुक्त भए । उनले जसरी भए पनि जर्मनीको सीमा विस्तार गर्ने नीति अख्तियार गरे । फलस्वरूप जर्मनीले सन् १८७१ मा फ्रान्समाथि आक्रमण गऱ्यो र दुई महत्त्वपूर्ण प्रान्तहरू अल्सेस (Alsace) र लोरेन (Lo rain ) कब्जा गऱ्यो । दुई देशबिचको शत्रुताको बीजारोपण त्यहीँबाट सुरु भयो । विस्मार्कले फ्रान्सलाई एक्लो बनाउने र शक्तिविहीन बनाउने नीति लिए । अस्ट्रिया एवम् हङ्गेरीसँग सन् १८७९ र इटालीसँग सन् १८८२ मा गोप्य सम्झौता गरे । यसलाई त्रिपक्षीय सन्धि (Trip e Allian e) पनि भनिन्छ । सन् १८९० मा विस्मार्कको पतनपछि फ्रान्सले पनि जर्मनी विरुद्ध खेल्ने अवसर पायो । फ्रान्सले सन् १८९४ मा रुससँग र सन् १९०४ मा बेलायतसँग गोप्य सन्धि गऱ्यो । यसलाई त्रिपक्षीय मैत्री सन्धि (Trip e Ent ent e) भनिन्छ । यसरी सम्पूर्ण युरोपका राष्ट्रहरू कुनै न कुनै रूपमा दुई परस्पर प्रतिस्पर्धी गुटहरूमा विभाजित भए । यसले देशहरूबिच अस्वस्थ प्रतिस्पर्धा, घृणा, बदलाको भावना, ईर्ष्या, डाह र तनाव वृद्धि गऱ्यो ।

Curriculum Development Centre




२. **उग्र राष्ट्रवाद र सैन्यवाद :** कुनै पनि राष्ट्रको समुन्नति तथा प्रगतिका निम्ति राष्ट्रवादको भावना आवश्यक हुन्छ । यसले व्यक्तिको राष्ट्रप्रतिको कर्तव्य बोध गराउँछ । साथै व्यक्तिको आत्म सम्मान र गौरवका निम्ति पनि यो आवश्यक हुन्छ । तर राष्ट्रवादलाई व्यक्तिको स्वार्थका निम्ति प्रयोग गरेमा त्यसले हानि पुऱ्याउँछ । खास गरी जर्मनी र इटालीको एकीकरणपछि त्यहाँ राष्ट्रवाद चरम बिन्दुमा पुगेको थियो । त्यहाँका जनताहरूमा आफ्नो राष्ट्र र नागरिकहरू मात्र विश्व हो, अरू केही पनि होइन भन्ने भावनाको विकास भयो । उनीहरूमा अन्य राष्ट्रहरूको अस्तित्व नै नस्वीकार्ने र हामीहरू विश्वमा शासन गर्न जन्मिएका हौँ भन्ने अहम् भावनाले प्रश्रय पायो । त्यही नै उग्रराष्ट्रवाद थियो । यसले एकातिर राष्ट्रहरूबिच दुरी बढायो । अर्कातिर जर्मनी र इटालीको एकीकरणपछि युरोपमा नयाँ सैन्यवादको जन्म गरायो । प्रत्येक राष्ट्रले आफ्नो सुरक्षाका लागि भन्दै सैनिक सङ्ख्या र हात हतियारमा वृद्धि गरे । यसले राष्ट्रहरूबिच एक आपसमा झन् अविश्वास र आशङ्का बढायो ।

३. **उपनिवेशवाद तथा साम्राज्यवाद :** युरोपमा चलेको औद्योगिक क्रान्तिका कारण युरोपेली राष्ट्रहरूमा आफ्ना मुलुकमा रहेको कच्चा वस्तुले मात्र पुगेन । त्यस्तै त्यहाँ उत्पादित वस्तुहरूको बिक्रीका लागि थप बजारको आवश्यकता पनि पऱ्यो । यसर्थ उनीहरूका लागि साम्राज्य विस्तार गर्नु अपरिहार्य भयो । विश्वका गरिब मुलुकहरू मूलतः एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी राष्ट्रहरू यसका सिकार भए । यी देशलाई उपनिवेश बनाउने अस्वस्थ्य होडबाजी युरोपीय राष्ट्रबिच चल्यो । यस प्रतिस्पर्धामा बेलायत, फ्रान्स, जर्मनी, इटाली र रुस बढी सरिक थिए । परिणामस्वरूप ती राष्ट्रहरूबिच अनावश्यक तनाव सिर्जना हुन पुग्यो ।

Curriculum Development Centre

४. **समाचार पत्रहरूद्वारा झुठो प्रचार गर्नु** : युरोपबाट प्रकाशित हुने तात्कालीन समाचार पत्रहरूमा लेखिने झुटो विवरणले तनावको स्थिति सिर्जना गरेको थियो । उत्तेजक, कपोल कल्पित र भ्रामक समाचारहरूले जनतामा बदलाको भावना जागृत हुन्थ्यो । जर्मन समाचार पत्रले बेलायत विरोधी समाचार छाप्थे । अस्ट्रिया र सर्बियाका समाचार पत्रहरू पनि एकअर्काप्रति अत्यन्तै दुराग्रह पूर्ण र पूर्वाग्रही थिए । यसले जनतामा युद्धको भावना विस्तार गर्‍यो ।

५. **बाल्कन प्रायद्विपको तनाव** : प्रथम विश्वयुद्धभन्दा अगाडि टर्की ठुलो साम्राज्य थियो । टर्कीमा विभिन्न राज्यहरू थिए । तीमध्ये सर्बिया, ग्रिस, बुल्गेरिया र मोन्टेनिग्रो भएको क्षेत्रलाई बाल्कन क्षेत्र वा अटोमन एम्पाएर (Ottoman Empire) मानिन्थ्यो । ती राज्यहरू एक आपसमा मिल्दैनथे तर उनीहरूको एउटा उद्देश्य समान थियो कि उनीहरू टर्कीबाट स्वतन्त्र हुन चाहन्थे । एकल युद्धले टर्कीलाई परास्त गर्न नसकिने निचोडमा उनीहरू पुगेका थिए । तसर्थ उनीहरू सबै राज्य सम्मिलित भएको एक सङ्घ बनाए जसलाई Balkan League भनिन्छ । तिनीहरूबिच एउटा सम्झौता भयो : टर्कीसँग संयुक्त युद्ध गर्ने, स्वतन्त्र हुने र टर्कीबाट जितेको भूमिलाई बराबर गरी बाँड्ने । तसर्थ सन् १९१२ मा बाल्कन सङ्घले टर्कीमाथि आक्रमण गर्‍यो । यसलाई पहिलो बाल्कन युद्ध भनिन्छ । युद्धकै क्रममा लन्डन सम्झौता भयो । सम्झौताले चारै ओटा राज्यहरू स्वतन्त्र भए । टर्कीलाई परास्त गरी प्राप्त भएको केही भूभाग उनीहरूकै सहमतिमा अल्बानिया नामक नयाँ बाल्कन राज्य घोषणा गरियो भने बाँकी भूभाग बराबर रूपमा बाँडियो । तर प्राप्त भूभागलाई लिएर बुल्गेरिया सर्बियासँग असन्तुष्ट भयो । जर्मनी र अस्ट्रियाले बुल्गेरियालाई उचाले । सन् १९१३ मा बुल्गेरियाले सर्बियालाई आक्रमण गर्‍यो । यसलाई दोस्रो बाल्कन युद्ध भनिन्छ । आक्रमणमा सर्बियाले बुल्गेरियालाई कब्जामा लियो । सर्बिया ठुलो राष्ट्र बन्यो । यसरी बाल्कन क्षेत्र युद्धको अभ्यास गर्ने स्थल बन्यो र प्रथम विश्वयुद्धको कारण बन्यो ।

६. **बोस्निया र हर्जगोमिनाको विद्रोही भावना** : टर्कीको बाल्कन क्षेत्रमा रहेका प्रान्तहरू सन् १९०८ मा भएको बर्लिन सम्मेलनमार्फत अस्ट्रिया हङ्गेरीको अधीनमा परेका थिए । तर त्यहाँका बासिन्दा सर्बियन मूलका भएकाले त्यहाँको रहनसहन, संस्कृति र भाषा सर्बियासँग मिल्थ्यो । तसर्थ उनीहरू अस्ट्रिया हङ्गेरीको अधीनमा नरही सर्बियासँग मिल्न चाहन्थे । त्यस कारण त्यहाँका युवाहरूले विद्रोहका निम्ति एउटा दलका रूपमा कालो हाते समाज (Black hand Society or Unity of Death) निर्माण गरे । यसमा सर्बियाको पनि सहयोग रहेको थियो । अस्ट्रिया, हङ्गेरी र सर्बियाको सम्बन्धमा चिसोपन पैदा भयो ।

७. **तात्कालीन कारण** : अस्ट्रियाका राजकुमार आर्कड्युक फ्रान्सिस फर्डिनान्ड (Arch Duke Francis Ferdinand) र उनकी पत्नी सोफी चोटेक (Sophie Chotek) बोस्नियाको राजधानी साराजेभो (Sarajevo) को भ्रमणका लागि गएका थिए । त्यसै बेला २८ जुन १९१४ मा भूमिगत पार्टी (Black hand Society) का सदस्य उन्नाइस वर्षीया विद्यार्थी ग्याभ्रिलो प्रिन्सेप (Gavrilo Princep) ले नजिकैबाट गोली हानीड्युक दम्पतिको हत्या गरिदिए । यसले युरोपमा ठुलो हलचल ल्यायो । जर्मनीको उक्साहटमा अस्ट्रियाका राजा Francis Joseph ले २३ जुलाई १९१४ मा बार बुँदे माग राखी अठ्चालिस घण्टाभित्र पुरा गर्नू भनी चेतावनी पत्र पठाए । राजकुमार

Curriculum Development Centre

हत्याकाण्डमा सर्बियाली सरकारको हात रहेको अस्ट्रियाले आरोप लगाएको थियो । सर्बियाका राजा Peter ले २५ जुलाईमा ११ ओटा माग पुरा गर्न सकिने बताए । तर एउटा माग Black Hand Society लाई दमन गर्न सकिने भएपनि सो कार्यको अस्ट्रियाका अधिकारीहरूलाई निरीक्षण गर्न दिन नसकिने जवाफ पठाएपछि दुई देशबिच तनाव बढ्यो । २८ जुलाई १९१४ मा अस्ट्रियाले सर्बियामाथि फौजी आक्रमण गऱ्यो र प्रथम विश्वयुद्धको सुरुआत गऱ्यो ।

**प्रथम विश्वयुद्धका प्रमुख घटनाहरू र मिति**

| मिति | घटनाहरू |
|---|---|
| २८ जुलाई १९१४ | अस्ट्रिया हङ्गेरीका सम्राट् फ्रान्सिस जोसेफद्वारा सर्बियाको राजधानी बेलग्रेडमाथि सैनिक हमला |
| २९ जुलाई १९१४ | रुसद्वारा आफ्ना सेनालाई सर्बियाको रक्षा गर्न आदेश र रुस पनि युद्धमा प्रवेश |
| ३० जुलाई १९१४ | जर्मनीद्वारा रुसका सम्राट् जार निकोलस द्वितीयलाई आफ्ना सेना फिर्ता बोलाउन दबाब |
| १ अगस्ट १९१४ | जर्मनीद्वारा रुस विरुद्ध युद्धको घोषणा, फ्रान्सद्वारा रुसको समर्थन गर्न सेनालाई आदेश |
| ३ अगस्ट १९१४ | जर्मनीद्वारा फ्रान्समाथि युद्धको घोषणा, जर्मन सेना फ्रान्समाथि आक्रमण गर्न बेल्जियम प्रवेश, बेलायतद्वारा जर्मनीलाई आफ्ना सेना बेल्जियमबाट फिर्ता लैजान चेतावनी |
| ४ अगस्ट १९१४ | जर्मनीले बेल्जियमबाट सेना फिर्ता नगरेपछि बेल्जियमको सुरक्षाका लागि बेलायतद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| १२ अगस्ट १९१४ | बेलायत तथा फ्रान्सद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| २० अक्टोबर १९१४ | प्रथम यप्रस (Yp ess) युद्ध प्रारम्भ, धेरै सङ्ख्यामा बेल्जियमको यप्रस सहरमा सेनाको हताहती |
| २४ मे १९१५ | इटालीद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| १५ अक्टुबर १९१५ | बेलायतद्वारा बुल्गेरिया विरुद्ध युद्धको घोषणा |
| २७ अगस्ट १९१६ | रोमानियाद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| २८ अगस्ट १९१६ | इटालीद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| ६ अप्रिल १९१७ | संयुक्त राज्य अमेरिकाद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| ७ अगस्ट १९१८ | जर्मन सेना हार उन्मुख, जर्मन सेनाको कालो दिन |
| ९ नोभेम्बर १९१८ | जर्मन सम्राट् कैजर विलियम द्वितीयले हल्यान्डमा शरण |
| २८ जुन १९१९ | पेरिस शान्ति सम्मेलन र भर्सेलिज सन्धि एवम् युद्धको अन्त्य |

Curriculum Development Centre

## क्रियाकलाप

१. अस्वस्थ प्रतिस्पर्धा, डाह, ईर्ष्या, बदलाको भावना, नकारात्मक सोच आदि प्रथम विश्वयुद्धमा प्रस्ट देखिएका कारणहरू हुन् । यी व्यक्तिको विकासका अवरोधक पनि हुन् । यी तत्त्वहरूलाई हरेक व्यक्तिको मानस पटलबाट हटाउनुपर्छ । यी तत्त्वहरूलाई हटाउने सम्बन्धमा साथीहरूबिच छलफल गरी उपायहरूको सूची तयार गर्नुहोस् ।

२. द्वन्द्व र तनावबाट कसरी बच्न सकिन्छ ? आफ्नै दैनिक जीवनमा घटेको वा घट्न सक्ने द्वन्द्वबाट बच्ने उपाय कार्यान्वयन गर्नुहोस् । परिणाम के आयो, लेख्नुहोस् । यस सम्बन्धमा सम्पूर्ण क्रियाकलापहरूको विस्तृत रूपरेखा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. पाठमा उद्धृत गरिएका व्यक्तिहरू, उनीहरूको पद र ठाउँको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । ती व्यक्तिहरूको अभिनय गरी कक्षामा समूहगत प्रदर्शन गर्ने कार्यक्रम बनाई लागु गर्नुहोस् ।

४. तपाईं सर्बियाका सम्राट् पिटर भएको भए अस्ट्रिया हङ्गेरीका सम्राटलाई चेतावनीको जवाफ के र कसरी दिनुहुन्थ्यो र किन ?

| व्यक्ति | पद | ठाउँ/देश |
|---|---|---|
| अटोमन विस्मार्क | चान्सलर | जर्मनी |
| विलियम प्रथम | | |
| जार निकोलस द्वितीय | | |
| फ्रान्सिस जोसेफ | | |
| सोफी चोटेक | | |

### अभ्यास

(क) प्रथम विश्वयुद्धमा गुटबन्दीले कसरी युद्धलाई निम्त्यायो ?

(ख) राष्ट्रवाद र उग्र राष्ट्रवादका भिन्नताहरू लेख्नुहोस् ।

(ग) साम्राज्यवाद र उपनिवेशवादका मूलभूत फरक लेख्नुहोस् ।

(घ) प्रथम विश्वयुद्धको सुरुआत कसरी भयो ?

Curriculum Development Centre

# पाठ : दस प्रथम विश्वयुद्धका परिणामहरू

प्रथम विश्वयुद्ध अघि मानव संहारको विभत्स रूप मानव जगत्‌ले कहिल्यै देख्न एवम् भोग्न परेको थिएन । यसको परिणाम भयावह थियो । यसको क्षतिपूर्ति विश्वले लामो समयपछि मात्र प्राप्त गर्न सक्यो ।

१. **ठूलो धनजनको क्षति :** यस युद्धमा लगभग तेत्तिस करोड साठी लाख अरब पाउन्ड खर्च भएको अनुमान गरिएको छ । यति रकम विकास कार्यमा लगानी भएको भए सायद विश्वमा गरिबी उन्मूलन हुने थियो । यस युद्धमा अकल्पनीय रूपमा सम्पत्ति र भौतिक पूर्वाधारहरू नष्ट भएका थिए । युरोपेली राष्ट्रहरू आर्थिक ढुकुटी समाप्त भई टाट पल्टेका थिए । ठूलो सङ्ख्यामा मानिसहरू हताहत भएका थिए । करिब ६ करोड ५० लाख मानिस युद्धमा भाग लिएकामा करिब ९२ लाख मानिसहरू मारिएका थिए भने २ करोड ९० लाख मानिसहरू घाइते वा बेपत्ता भएका थिए ।

२. **भर्सेलिज सन्धिमा हस्ताक्षर :** २८ जुन १९१९ मा मित्र राष्ट्रहरू र जर्मनीबिच फ्रान्सको राजधानी पेरिसको भर्सेलिज दरबारमा भएको सन्धि नै भर्सेलिजको सन्धि हो । यस सन्धिले प्रथम विश्वयुद्धलाई अन्त्य गरेको थियो । जर्मनी विरुद्ध एकपक्षीय र अपमानजनक तरिकाले थोपरिएको सन्धि भएकाले यसले नकारात्मक प्रभाव पार्‍यो । यस सन्धिमा जर्मनीले जम्मा भूभागको १३ प्रतिशत जमिन गुमाउनु पर्‍यो । सन्धिको धारा २३१ अनुसार जर्मनीले युद्धको सबै किसिमको क्षति स्वीकार गर्नुपर्‍यो । नैतिक रूपमा पनि जर्मनीलाई विश्वसामु नङ्ग्याइएको थियो ।

**जर्मनी विरुद्ध सन्धिका प्रावधानहरू**

| युद्ध अपराध | राज्यको क्षति | सैनिक प्रतिबन्ध | आर्थिक क्षतिपूर्ति |
|---|---|---|---|
| जर्मनीले सबै प्रकारको युद्धको क्षतिको उत्तर दायित्व स्वीकार गर्नुपर्‍यो । | – अल्सेस र लोरेन फ्रान्सलाई गुमाउनुपर्‍यो<br>– युरपेन र मालमडी बेल्जियमलाई दिइयो<br>– उत्तरी स्लेसविग डेनमार्कलाई दिइयो<br>– पोलिस कोरिडोर र डान्जिङ पोल्यान्डलाई दिइयो<br>– जर्मन उपनिवेश मित्र राष्ट्रहरूलाई बाँडिदिने निर्णय लिइयो | – राइनल्यान्ड सीमा क्षेत्रबाट सेनाहरू १० कि.मि. वरै राख्नुपर्ने र १५ वर्षसम्म मित्र राष्ट्रको अधिनमा राख्नुपर्ने<br>– सेना एक लाखमा झार्नुपर्ने र नयाँ सैन्य भर्ती गर्न नपाइने<br>– छ ओटाभन्दा बढी युद्धपोत राख्न नपाउने | – मित्र राष्ट्रहरूलाई एकमुष्ट ६६ करोड पाउन्ड क्षतिपूर्ति तिर्नुपर्ने<br>– सहरी क्षेत्रमा रहेको कोइला खानी १५ वर्षका लागि फ्रान्सलाई दिनुपर्ने |

Curriculum Development Centre

| | | | |
|---|---|---|---|
| | – सारलगायतका क्षेत्रहरू राष्ट्र सङ्घअन्तर्गत राख्ने निर्णय गरियो । | – युद्धपोत ट्याङ्क र जहाज बनाउन नपाउने । | |

३. **राजतन्त्रात्मक सामन्तवादको अन्त्य र गणतन्त्रको स्थापना** : प्रथम युद्धपश्चात् युरोपको प्रायःजसो मुलुकहरूमा राजतन्त्ररूपी सामन्तवादको अन्त्य भएको थियो । यी देशमा गणतन्त्र स्थापनाको उभार आएको थियो ।

४. **विश्वव्यापी आर्थिक सङ्कट** : युद्धले युरोपेली राष्ट्रहरूको आर्थिक अवस्था नाजुक बनायो । कृषि र उद्योग क्षेत्रमा पनि प्रतिकूल असर पर्‍यो । लगानीका लागि पुँजीको अभाव भयो । तसर्थ अनिकाल, बेरोजगारी, मुद्रास्फीति, महङ्गी आदिले विश्व आक्रान्त बन्यो । सन् १९३० को चरम आर्थिक मन्दी यसैको परिणाम थियो ।

५. **अधिनायकवादको उदय** : प्रथम विश्व युद्धपछि जर्मनीमा नाजी शासक एडल्फ हिटलर, इटालीमा फासिस्ट बेनिटो मुसोलिनी र स्पेनमा जनरल फ्रान्सिस्को फ्रान्को उदाए । यिनीहरूले मानव शोषणलाई आफ्नो उन्नतिको भऱ्याङ बनाए । विरोधीहरूको हत्या गरी आफ्नो प्रभुत्व कायम राखे ।

६. **नयाँ राष्ट्रहरूको जन्म र विश्वको नक्सा परिवर्तन** : प्रथम विश्वयुद्धले नयाँ राष्ट्रहरूको जन्म गरायो । अल्बानिया, युगोस्लाभिया, फिनल्यान्ड, चेकोस्लाभाकियालगायतका राष्ट्रहरू जन्मे । यसले विश्वको राजनीतिक नक्सामा नै परिवर्तन ल्यायो ।

७. **राष्ट्र सङ्घ** (League of Nations) **को स्थापना** : प्रथम विश्वयुद्धपछि तत्कालीन अमेरिकी राष्ट्रपति विड्रो विल्सनको सक्रियतामा १० जनवरी १९२० मा राष्ट्र सङ्घको स्थापना भयो । विश्वलाई युद्धबाट मुक्त गराउने, शान्ति स्थापना गर्ने, राष्ट्रहरूको द्वन्द्वलाई वार्ताको माध्यमबाट अन्त्य गर्ने उद्देश्यका साथ विश्वको छाता सङ्गठनका रूपमा राष्ट्र सङ्घको स्थापना भयो ।

## प्रथम विश्वयुद्ध र नेपालीहरूको भूमिका

प्रथम विश्वयुद्ध सुरु भएपछि त्यस बेलाका नेपालका प्रधानमन्त्री चन्द्रशमसेरले अङ्ग्रेजहरूलाई सहयोग गर्नका लागि बबर शमशेरको नेतृत्वमा ७,५०० नेपाली फौज पठायो । त्यसपछि जनरल पद्म शमशेर, तेज शमशेर र केशर शमशेरको नेतृत्वमा पनि फौज पठाए । त्यसताका कुल १६,५४४ नेपाली सैनिकहरू अङ्ग्रेजको सहायताका लागि लडे । नेपालीहरूले लडाइको कठिन मोर्चामा आफ्नो अद्भुत पराक्रमद्वारा अङ्ग्रेजलाई विजयी बनाए । नेपालले बेलायतलाई दस लाख पाउन्ड आर्थिक सहयोग पनि गरेको थियो । नेपालीले प्रदर्शन गरेको साहस र वीरताको शत्रुपक्षले समेत मुक्त कण्ठले प्रशंसा गरे । त्यही बेलादेखि नेपालीहरू वीर हुन्छन् भनी विश्व परिचित भए । त्यस महत्त्वपूर्ण सैन्य सहयोगबाट कृतज्ञ बेलायतले चन्द्र शमसेरलाई ब्रिटिस फौजको जनरल पद दिनाका साथै नेपालले

Curriculum Development Centre

कम्पनी  सरकारबाट प्रतिवर्ष १० लाख रुपियाँ पाउने भयो । वीरता प्रदर्शन गरेबापत धेरै नेपाली फौजले विश्व विख्यात भिक्टोरिया क्रस र मिलिटरी क्रस जस्ता सम्मानित पदक अङ्ग्रेज सरकारबाट प्राप्त गरे । त्यसैले त नेपाली वीरहरूका सम्बन्धमा जर्मन सम्राट् कैजर विलियम द्वितीयले यसो भनेका थिए "म मेरा सेनालाई विश्वका जुनसुकै सेनासँग लड्न पठाउन सक्छु, तर गोरखाली सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कन्छ ।"

## क्रियाकलाप

१. तल दिइएको तथ्याङ्क प्रथम विश्वयुद्धमा सैनिकहरूको मृत्युको सङ्ख्या हो । यसका आधारमा स्तम्भ चित्र निर्माण गर्नुहोस् :

| **राष्ट्र** | **सैनिक मृत्यु सङ्ख्या** |
|---|---|
| इटाली | ६,५०,००० |
| जर्मनी | १७,७३,००० |
| बुल्गेरिया | ८,७५,००० |
| अमेरिका | १,१६,५१६ |
| रोमानिया | ३,३५,००० |

२. प्रथम विश्वयुद्धपछि उदय भएका अधिनायकवादी शासकहरू (Dictators) का  सम्बन्धमा पत्र पत्रिका वा Internet मा खोजी फोटो सङ्कलन गर्नुहोस् । प्रत्येकको छोटो जीवनी पनि तयार पार्नुहोस् ।

३. 'बदलाको भावनाबाट समस्याको समाधान हुन सक्दैन' भन्ने कुरा प्रथम विश्वयुद्धका घटनाबाट कसरी प्रमाणित गर्नुहुन्छ ? प्रस्तुत गर्नुहोस् ।

४. प्रथम विश्वयुद्धमा घटेका प्रमुख घटनाहरू र मिति उल्लेख गरी समय रेखा निर्माण गर्नुहोस् ।

५. भर्सेलिजको सन्धिले जर्मनीमा बदलाको भावना कसरी बीजारोपण गरेको थियो ? दुई साथीबिच छलफल गरी कारणहरू पहिचान गर्नुहोस् ।

## अभ्यास

(क) प्रथम विश्वयुद्धमा नेपाली वीरहरूले कस्तो भूमिका खेलेका थिए ? उल्लेख गर्नुहोस् ।

(ख) अधिनायकवाद भनेको के हो ?

(ग) प्रथम विश्व युद्धका परिणामहरूको सूची तयार गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : एघार**

# दोस्रो विश्वयुद्ध र यसका कारणहरू

प्रथम विश्वयुद्धको घाउ पुरा सुक्न नपाउँदै ठिक बिस वर्ष नौ महिनापछि अर्को विश्वयुद्ध सुरु भयो । प्रथम विश्वयुद्धमा पराजित राष्ट्रहरूको मनमा भित्रभित्रै गुम्सिरहेको प्रतिशोधको ज्वालालाई नियन्त्रण गर्न राष्ट्र सङ्घको भूमिका कमजोर रह्यो । फलस्वरूप यो द्वितीय विश्वयुद्ध हुन पुग्यो । द्वितीय विश्वयुद्धका प्रमुख घटनाहरू र सम्बन्धित मिति तल तालिकामा उल्लेख गरिएका छन् :

| वर्ष (सन्‌मा) | महिना र गते | घटनाहरू |
|---|---|---|
| १९३९ | सेप्टेम्बर १ | जर्मनीद्वारा पोल्यान्डमाथि आक्रमण र द्वितीय विश्वयुद्धको सुरुआत |
| | सेप्टेम्बर ३ | बेलायत र फ्रान्सद्वारा जर्मनीको आक्रमणको निन्दा र जर्मनी विरुद्ध युद्धको घोषणा |
| १९४० | अप्रिल ९ | जर्मनीद्वारा डेनमार्क र नर्वेमाथि आक्रमण |
| | अप्रिल ३० | जापान धुरी राष्ट्रका तर्फबाट युद्धमा सामेल भएको घोषणा |
| | मे १० | जर्मनीद्वारा बेल्जियम, नेदरल्यान्ड र लक्जेम्बर्ग माथि आक्रमण र कब्जा |
| | मे १७ | जर्मनीद्वारा फ्रान्समाथि आक्रमण |
| | जुन १० | इटालीका मुसोलोनीद्वारा बेलायत र फ्रान्स विरुद्ध युद्धको घोषणा |
| | जुलाई १० | बेलायतद्वारा युद्ध प्रारम्भ |
| | अक्टोबर २८ | इटालीद्वारा ग्रिसमा आक्रमण |
| १९४१ | अप्रिल ६ | जर्मनीद्वारा युगोस्लाभिया र ग्रिसमाथि आक्रमण |
| | अप्रिल २१ | ग्रिसद्वारा आत्मसमर्पण |
| | जुन २२ | सन्धिको बेवास्ता गर्दै जर्मनीद्वारा रुसमाथि आक्रमण |
| | डिसेम्बर ७ | युद्धमा तटस्थ रही पर्ल हार्वरमा आफ्नै ढङ्गबाट बसिरहेको अमेरिकी सेना रहेको पानी जहाजमा अनायसै जापानद्वारा हवाई जहाजबाट गोला बारुद वर्षा गर्दै आक्रमण |
| | डिसेम्बर ८ | अमेरिकाद्वारा धुरी राष्ट्रहरू जापान, जर्मनी र इटाली विरुद्ध युद्धको घोषणा र अमेरिका द्वितीय विश्वयुद्धमा सामेल |
| १९४२ | फेब्रुअरी २७ | जाभामा सामुद्रिक युद्ध |
| | मे ४ | कोरल (Co al) सामुद्रिक युद्ध |
| १९४३ | सेप्टेम्बर ८ | इटालीद्वारा सर्वप्रथम आत्म समर्पण |
| १९४४ | अगस्ट २५ | बेलायत, रुस, फ्रान्सलगायतका मित्र राष्ट्रहरूको संयुक्त फौजले जर्मनीले कब्जा गरेको पेरिसलाई मुक्त गरी स्वतन्त्रता प्रदान र जर्मनीको ठुलो क्षति |

Curriculum Development Centre

| | | |
|---|---|---|
| १९४५ | जनवरी १७ | रुसद्वारा पोल्यान्ड वार्सामाथि अधिकार |
| | अप्रिल १२ | अमेरिकी राष्ट्रपति फ्राङ्कलिन डी रुजबेल्टको मृत्यु र हेरी एस. ट्रुँमेन राष्ट्रपति निर्वाचित |
| | अप्रिल २८ | इटालीका शासक मुसोलोनीको हत्या |
| | अप्रिल ३० | जर्मनीका शासक हिटलर र उनकी श्रीमती इभा ब्राउनद्वारा आत्महत्या |
| | मे ७ | फ्रान्सको रिममा जर्मनीद्वारा आत्म समर्पण |
| | अगस्ट ६ | अमेरिकाद्वारा जापानको हिरोसिमा सहरमा Fat man नामक एटम बम प्रहार |
| | अगस्ट ९ | अमेरिकाद्वारा जापानको नागासाकी सहरमा Little by नामक अर्को एटम बम प्रहार |
| | सेप्टेम्बर १२ | जापानद्वारा आत्म समर्पण र ६ वर्ष ११ दिनपछि दोस्रो विश्वयुद्धको अन्त्य |

**युद्धका कारणहरू**

१. **जर्मनीद्वारा भर्सेलिजको सन्धि उल्लङ्घन** : भर्सेलिजको सन्धिले युरोपको राजनीतिमा प्रतिशोधको भावना बीजारोपण गरेको थियो । यो अपमानजनक ढङ्गबाट एकलौटी रूपले जर्मनी विरुद्ध लादिएको सन्धि थियो । सन्धिको पालन गरिरहनु जर्मनीका राष्ट्रभक्तहरूका लागि असह्य भएको थियो । अनपेक्षित रूपमा छोटो अवधिमा जर्मनीमा हिटलरको उदय भयो । उनले सैन्य शक्ति विस्तार गरे । युद्ध सामग्री उत्पादन गर्ने उद्योगहरूको स्थापना गरे । सेनालाई सन् १९३६ मा राइनल्यान्ड फिर्ता पठाए । यी सबै गतिविधि भर्सेलका सन्धि विपरीत थिए र यही नै दोस्रो विश्वयुद्धको कारण बन्यो ।

२. **राष्ट्र सङ्घको असफलता** : राष्ट्र सङ्घका स्थायी सदस्य राष्ट्रहरूले संस्थाकै धज्जी उडाउने काम गरे । सर्वप्रथम त राष्ट्र सङ्घको नीति एवम् सिद्धान्त विपरीत जापानले सन् १९३१ मा चिनको मन्चुरियामाथि आक्रमण गरी कब्जा गऱ्यो । सन् १९३३ मा जापानले राष्ट्र सङ्घको सदस्यता त्याग गऱ्यो । इटालीले सन् १९३६ मा इथियोपिया माथि आक्रमण गरी कब्जा जमायो । जर्मनीले राष्ट्र सङ्घसँग सम्बन्ध विच्छेद गरी अस्ट्रियामाथि सन् १९३८ र चेकोस्लोभाकिया माथि सन् १९३९ मार्चमा अधिकार जमायो । रुसले फिनल्यान्डमाथिको अधिकार प्राप्त गऱ्यो । यस्ता उल्लङ्घनका कार्यहरू भइरहँदा राष्ट्र सङ्घले न त राष्ट्रहरूलाई कारबाही गर्न सक्यो न त नियन्त्रण नै । यो पनि दोस्रो विश्वयुद्धको कारक बन्न पुग्यो ।

३. **अधिनायकवादीहरूको उदय** : जर्मनीमा एडल्फ हिटलर, इटालीमा बेनिटो मुसोलिनी, स्पेनमा जनरल फ्रान्सिस्को फ्रान्को आदिको उदय भयो । उनीहरूले अधिनायकवाद र निरङ्कुश तवरले राज गर्न थाले ।



बेनिटो मुसोलिनी एडल्फ हिटलर

Curriculum Development Centre

तिनीहरूले 'जसको शक्ति उसको भक्ति' अनुरूप आन्तरिक राजनीति गरे भने बाह्य राष्ट्रहरूलाई चेतावनी र चुनौती दिन सैनिकीकरण एवम् हात हतियार प्रदर्शन गर्ने कार्यलाई तीव्रता दिए । यति मात्र होइन उनीहरूले उग्र राष्ट्रवादको नारा विस्तार गरे । हिटलरले संविधान नै निलम्बन गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिए । उनले जर्मनीमा युवाहरूलाई सैन्य सेवा अनिवार्य बनाए । यसले गर्दा विश्वमा प्रजातन्त्र कमजोर बन्यो र अर्को विश्वयुद्धको आधार बन्न गयो ।

४. **राष्ट्रहरूको अपवित्र गठबन्धन** : प्रथम विश्वयुद्धमा मित्र राष्ट्रबाट युद्ध लडेका जापान र इटालीले धुरी राष्ट्रको नेतृत्व गरेको जर्मनीसँग क्रमशः सन् १९३६ र १९३७ मा जोडिन पुगे । यसलाई रोम बर्लिन टोकियो गठबन्धन भनिन्छ । यो गठबन्धनले कम्युनिस्ट विरोधी सन्धि (An i Cm min st p ct) गऱ्यो । उनीहरूले रुसको बढ्दो कम्युनिस्ट शक्ति र यसको चीनमा परेको प्रभाव रोक्न चाहन्थे । अर्कातिर फ्रान्स, बेलायत, रोमानिया, युगोस्लाभिया एवम् अमेरिकासमेतको अर्को गुट निर्माण भएको थियो । पछि यसमा रुस पनि सामेल भयो र द्वितीय विश्वयुद्ध हुन पुग्यो ।

५. **साम्यवादको त्रास र तुष्टीकरणको नीति** : प्रथम विश्वयुद्ध चलिरहँदा रुसमा सन् १९१७ मा क्रान्ति सम्पन्न भयो र साम्यवादको स्थापना भयो । रुसले सो व्यवस्थाअन्तर्गत छोटो अवधिमा धेरै प्रगति गरेपछि युरोपका अन्य राष्ट्रहरूले पनि त्यसको सिको गर्न थाले । फलस्वरूप रुसको प्रभाव विस्तार भयो । तर बेलायत र फ्रान्स यसबाट भित्रभित्रै असन्तुष्ट थिए । बेलायतलाई आफ्नो प्रभुत्व समाप्त हुने डर थियो । तसर्थ जर्मनीको गठबन्धनले रुसमा आक्रमण गरोस् र रुसको शक्ति ह्रास् होस् भन्ने चाहना स्वरूप उसले तुष्टीकरणको नीति अवलम्बन गऱ्यो । यस कार्यमा फ्रान्सले पनि साथ दियो ।

६. **स्पेनको गृहयुद्ध** : स्पेनमा सन् १९३६ मा गृहयुद्ध भयो । जनरल फ्रान्कोले आन्दोलन दबाउन सेना परिचालन गरे । इटाली र जर्मनीले उनलाई समर्थन दिए । उनीहरूले आफ्नो सैन्यशक्ति र हात हतियारको क्षमता प्रयोग गर्ने सुनौलो अवसर पाए । फलस्वरूप फ्रान्कोले जिते र जर्मनीको गुटमा सामेल हुन तयार भए । यसले जर्मनीलगायत धुरी राष्ट्रहरूको मनोबल बढ्यो र दोस्रो विश्वयुद्ध हुन पुग्यो ।

७. **आर्थिक सङ्कट** : प्रथम विश्वयुद्धले विश्वव्यापी चरम आर्थिक सङ्कट सिर्जना गरेको थियो । यसबाट उत्पन्न कष्टपूर्ण जीवनले मानिसहरूमा असन्तोष र निराशा बढ्दै गयो । कृषि उत्पादन पनि कम भयो । उद्योग कल कारखानाहरू बन्द प्रायः थिए । अर्कातिर सेना र सशस्त्रीकरणमा बेरोजगार युवाहरू संलग्न भए । यसले गर्दा दोस्रो विश्वयुद्ध निम्तियो ।

८. **तात्कालीन कारण** : सन् १९३९ मा हिटलरले भर्सेलिजको सन्धिमा पोल्यान्डले प्राप्त गरेको भूमि डान्जिङ र पोलिस कोरिडोर फिर्ता गर्न माग गऱ्यो । यी क्षेत्रहरू भएर जर्मनी बाल्टिक समुद्रसँग पुग्न चाहन्थ्यो । तर पोल्यान्डले फिर्ता गर्न अस्वीकार गऱ्यो । यसै समयमा हिटलरले रुससँग (Nazi Siv et Nn Ag essin Pact) नामक सन्धि गरे । त्यसै दिन २३ अगस्ट १९३९ मा रुस र जर्मनीले १० वर्षसम्म एक आपसमा आक्रमण नगर्ने र पोल्यान्डलाई कब्जा गरी उसका भूभाग एक आपसमा बाँडेर लिने सहमति गरे । अन्त्यमा १ सेप्टेम्बर १९३९ मा जर्मनीका

Curriculum Development Centre

हिटलरले पोल्यान्डमाथि जमिन र आकाश दुवैतिरबाट आक्रमण गरे । यो आकस्मिक आक्रमण भएकाले जर्मनीमा "Blitzk eig" र अङ्ग्रेजीमा 'Lig ein g War' भनियो । त्यसपछि दोस्रो विश्वयुद्धको घमासान लडाइँ सुरु भयो ।

## क्रियाकलाप

१. प्रथम विश्वयुद्धमा मित्र राष्ट्रबाट सहभागी जापान र इटाली दोस्रो विश्वयुद्धमा धुरी राष्ट्रमा किन सामेल भएका होलान् ? In ern t को सहायता वा अन्य स्रोतहरू खोजी कारणहरू उल्लेख गर्नुहोस् ।

२. अमेरिकी तटस्थताको नीतिले कसरी दोस्रो विश्वयुद्ध हुन पुग्यो ? कक्षामा छलफल गर्नुहोस् ।

३. हिटलर, मुसोलोनी र फ्रान्कोको अधिनायकवादी चरित्र प्रस्ट पार्ने गरी कक्षाका साथीहरूबिच भूमिका बाँड्नुहोस् र अभिनय प्रस्तुत गर्नुहोस् । अधिनायकवादले कसरी दोस्रो विश्वयुद्ध भयो ? छलफल गर्नुहोस् ।

४. वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले एक अन्तर्वार्तामा 'हतियारको प्रसङ्गमा तेस्रो विश्वयुद्धमा के कस्ता हतियार प्रयोग हुन्छन् भन्ने थाहा छैन तर चौथो भयो भने ढुङ्गाका हतियार प्रयोग हुने छन्' भनी प्रतिक्रिया दिएका थिए । तपाइँ उक्त भनाइप्रति सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन र कसरी ? तर्कहरू पेस गर्नुहोस् ।

## अभ्यास

(क) 'यदि भर्सेलिजको सन्धि निष्पक्ष हुँदो हो त दोस्रो विश्वयुद्ध हुने थिएन' भन्ने भनाइलाई तपाइँ कसरी पुष्टि गर्नुहुन्छ ?

(ख) तुष्टीकरणको नीति भनेको के हो ?

(ग) साम्यवाद र साम्राज्यवादमा के अन्तर छ ?

(घ) आर्थिक सङ्कटले कसरी दोस्रो विश्वयुद्ध हुन पुग्यो ?

(ङ) द्वितीय विश्वयुद्ध हिटलरका कारणबाट सिर्जित युद्ध थियो, कसरी ? प्रमाणहरूसहित पुष्टि गर्नुहोस् । बेलायत, रुस र फ्रान्स कसरी दोस्रो विश्वयुद्धका दोषी राष्ट्रहरू हुन् ? प्रत्येकको कारणहरू पनि पेस गर्नुहोस् ।

## सामुदायिक कार्य

नेपाल अङ्ग्रेज युद्धमा अङ्ग्रेज नेपालीहरूका शत्रु थिए । प्रथम र द्वितीय विश्वयुद्धमा तिनीहरू नेपालका मित्र भए । द्वितीय विश्वयुद्धमा नेपालीहरू जापान, जर्मनी र इटाली विरुद्ध युद्ध मैदानमा सामेल भए तर आज तिनीहरू नेपालका ठुला र हितैषी मित्रहरू हुन् । तसर्थ आजका शत्रु भोलिका मित्र हुन सक्छन् । यस्तै घटना परिघटना तपाइँको समुदाय वा परिवारमा भएको हुनुपर्छ । यस्तो घटनालाई आधार बनाई तथ्यमा आधारित भई एक कथा तयार पार्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

Curriculum Development Centre

## पाठ : बार द्वितीय विश्वयुद्धका परिणामहरू र नेपालको भूमिका

बिहान ५:३० बजे, १ सेप्टेम्बर सन् १९३९ मा जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेपछि द्वितीय विश्वयुद्धको सुरुआत भयो । यसको सुरुआती चरणमा जर्मनीले चौतर्फी विजय हासिल गऱ्यो । सन् १९४० को जुन महिनासम्ममा जर्मनीले फ्रान्स, पोल्यान्ड, डेनमार्क, नर्वे, बेल्जियम, चेकोस्लोभाकिया, नेदरल्यान्ड आदि राष्ट्रहरूमाथि कब्जा गऱ्यो । यता एसियामा पनि जापान पूर्वी एसियालाई कब्जा गरी दक्षिण एसिया भारतसम्म आइपुग्यो । तर यी राष्ट्रहरू माथिको आधिपत्य धेरै समयसम्म टिक्न सकेन । त्यसैबेला मित्र राष्ट्रहरूको संयुक्त सैन्य बल निर्माण भयो । जर्मनीका सेनाहरू मित्र राष्ट्रका सेनाहरूद्वारा नराम्ररी पराजित भए । हिटलरले आत्महत्यासमेत गर्नुपऱ्यो । जर्मनी पूर्व र पश्चिम गरी दुई राष्ट्रमा टुक्रियो । जापानका दुई ठुला सहरहरू बमद्वारा ध्वस्त बनाइए । १२ सेप्टेम्बर १९४५ मा जापानले अमेरिकासामु आत्म समर्पण गरेपछि द्वितीय विश्वयुद्धको विधिवत् अन्त्य भयो ।

### दोस्रो विश्वयुद्धका परिणामहरू

१. **अपार धन जनको क्षति :** द्वितीय विश्वयुद्ध अत्यन्त विनाशकारी थियो । यसमा रासायनिक हात हतियारदेखि अत्याधुनिक शस्त्रअस्त्रको प्रयोग गरियो । यस युद्धमा करिब दुई करोड बिस लाख मानिसहरू मारिएका थिए भने तिन करोड चालिस लाख मानिस घाइते भएका थिए । एघार सय खरब डलर यस युद्धमा खर्च भएको अनुमान छ । विकसित सहरहरू एवम् हजारौँ कल कारखाना तथा उद्योगहरू ध्वस्त भए । उर्वर कृषियोग्य भूमि मरुभूमिमा परिणत भयो । लाखौँ मानिसहरू घरबार विहीन भई शरणार्थीको जीवन जिउन बाध्य भए ।

२. **दुई ध्रुवमा विभाजित विश्व र शीतयुद्धको प्रारम्भ :** द्वितीय विश्वयुद्धपछि अमेरिका र रुसको शक्ति वृद्धि भयो । अन्य राष्ट्रहरू आर्थिक रूपमा कमजोर भए र सैन्य क्षमता पनि गुमाए । तर अमेरिकाले युरोपेली राष्ट्रहरूलाई युद्ध सामग्री निर्यात गरी आर्थिक उन्नति गऱ्यो । अन्य देशको तुलनामा सैन्य क्षति अत्यन्तै कम भएकाले अमेरिका सबैभन्दा शक्तिशाली हुन पुग्यो । अर्कातिर रुससँग सैन्य शक्ति बढी भएकाले रुसको राजनीतिक शक्ति विश्वमा बढ्दै गयो । तर यी दुई राष्ट्रहरूको राजनीतिक तथा वैचारिक मत भिन्नता थियो किनभने अमेरिका पुँजीवाद मान्ने उदयमान राष्ट्र थियो भने यसको ठिक विपरीत रुस साम्यवादी राष्ट्र थियो । तसर्थ यिनीहरू एकअर्कालाई तीव्र आलोचना गर्न थाले । विश्वका राष्ट्रहरू यिनीहरूको पुँजीवादी र साम्यवादी समूह ध्रुवीकृत हुन पुगे र विश्व दुई समूहमा विभाजित भयो । एक आपसमा भौतिक आक्रमण नभए पनि दुवै समूहहरूबिच अस्वस्थ प्रतिस्पर्धा अत्यन्तै बढ्यो । सम्बन्ध चिसो भयो र शीत युद्धको प्रारम्भ भयो । तर सन् १९९० मा सोभियत सङ्घको अवसानपछि यो समस्या कम हुँदै गयो ।

३. **आर्थिक पुन: निर्माणका नाममा विभिन्न प्रतिस्पर्धी संस्थाहरूको स्थापना :** साम्यवादी प्रभावलाई रोक्न पश्चिमी युरोपेली राष्ट्रहरू र अमेरिका मिलेर सन् १९४९ मा उत्तरी एट्लान्टिक सन्धि सङ्गठन (NATO) को स्थापना गरे । यसैको जवाफ स्वरूप रुसले पनि सन् १९५५ मा

Curriculum Development Centre

पोल्यान्डको राजधानी वार्सामा 'वार्सा सन्धि सङ्गठन' भन्ने संस्था स्थापना गऱ्यो । रुसलगायत पूर्वी युरोपका राष्ट्रहरू यसमा संलग्न थिए । यी देशहरूलाई आर्थिक सहायतत प्रदान गर्न रुसका विदेश मन्त्री मोलोटोभको नेतृत्त्वमा रुसले एक संस्था स्थापना गऱ्यो । यस संस्थालाई COMECON (Council for Mutual Economic Assistance) वा Molotov Plan भनिन्छ । अर्कोतिर अमेरिका समर्थित युरोपेली राष्ट्रहरूलाई आर्थिक सहयोग गर्न अमेरिकाले विदेश मन्त्री जर्ज मार्सलको नेतृत्त्वमा योजना बनाए । यस योजनालाई मार्सल योजना (Marstal Plan) भनिन्छ ।

४. **उपनिवेशवादको अन्त्य र राष्ट्रिय आन्दोलनहरूको उभार** : द्वितीय विश्वयुद्धले शक्तिशाली युरोपेली राष्ट्रहरू बेलायत र फ्रान्सको शक्तिमा क्षयीकरण गऱ्यो । बेलायत नियन्त्रित उपनिवेशहरू स्वतन्त्र भए । यही नियति अन्य साम्राज्यवादी राष्ट्रहरूले पनि भोगे । यसैले गर्दा भारतलगायतका राष्ट्रहरू स्वतन्त्र भए ।

५. **संयुक्त राष्ट्र सङ्घको स्थापना** : द्वितीय विश्वयुद्ध चल्दै गर्दा युद्धका नेतृत्त्व गर्ने राष्ट्रका प्रमुखहरूले युद्ध रोक्नलाई धेरै प्रयास गरेका थिए । बेलायतको लन्डनमा भेला भई मित्र राष्ट्रहरूले १२ जुन १९४१ मा एउटा घोषणा पत्र जारी गरे । यसलाई लन्डन घोषणा पत्र भनिन्छ । यसमा युद्धको अन्त र अन्तर्राष्ट्रिय सहयोग तथा शान्तिका लागि अपिल गरिएको थियो । यसको ठिक तिन महिनापछि १४ अगस्ट १९४१ मा विश्वशान्तिका लागि अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन डेलाने रुजबेल्ट र बेलायतका प्रधानमन्त्री विन्सटन चर्चिलले आन्ध्र महासागरको पानी जहाजमै एक घोषणा पत्र तयार पारे । यसलाई एटलान्टिक चार्टर भनिन्छ । यस्तै अन्य प्रयासहरू हुँदै गर्दा अन्त्यमा २५ अप्रिलदेखि २६ जुन १९४५ मा विश्वका ५० ओटा राष्ट्रहरू सम्मिलित सान् फ्रान्सिस्को सम्मेलन भयो । यसले संयुक्त राष्ट्र सङ्घ सम्बन्धी अवधारणालाई अन्तिम रूप दियो । अन्त्यमा यस चार्टरमा पोल्यान्डले हस्ताक्षर गरेपछि यसका सदस्य सङ्ख्या ५१ पुग्यो । तत्पश्चात् पारित गरिएको चार्टरलाई २४ अक्टोबर १९४५ मा घोषणा गरी संयुक्त राष्ट्र सङ्घको स्थापना गरियो ।

## द्वितीय विश्वयुद्ध र नेपालीहरूको भूमिका

द्वितीय विश्वयुद्धमा नेपाल प्रत्यक्ष सहभागी नभए पनि अप्रत्यक्ष रूपमा आफ्ना सेनाहरू पठाई बेलायतको पक्षबाट युद्धमा सामेल थियो । तात्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले बहादुर शमशेरलगायतको नेतृत्त्वमा जम्मा २ लाख ५० हजार नेपाली फौज पठाएका थिए । नेपालीहरू वीरताका साथ युद्ध मोर्चामा लडे । नेपालीहरूले बहादुर गोर्खालीका रूपमा गौरव तथा सम्मान प्राप्त गरे । विदेशमा भएको विकास र प्रगति देखेर नेपाली सैनिकहरूले स्वदेशमा आई प्रजातन्त्र स्थापनाका लागि सहयोग गरेका थिए ।

नेपाली फौजले बेलायतका तर्फबाट जर्मनी तथा जापान विरुद्ध लडेको थियो । साइप्रस, ग्रिस, सिरिया, लेबनान्, प्यालेस्टाइन, इराक, सिङ्गापुर, मलाया तथा बर्मामा गई नेपाली फौज लडेको थियो । यद्धमा जम्मा सहभागीमध्ये ७,५४४ नेपाली युवाहरू मारिए र २३,६५५ जना घाइते भए । यसरी यस युद्धमा नेपाल राष्ट्रले पनि ठुलो युवा शक्ति गुमाउन पुग्यो । नेपाल सरकारको सहयोगबाट अत्यन्तै खुसी भई ब्रिटिस सरकारले जुद्ध शमशेरलाई ब्रिटिस फौजको पूर्ण अनररी जर्नेल पदको उपाधि दिएको थियो ।



Curriculum Development Centre

साथै ३ करोड ३३ लाख एकमुष्ट आर्थिक सहयोग दियो । प्रथम विश्वयुद्धपश्चात् दिने गरेको वार्षिक १० लाख रुपियाँ पनि निरन्तर दिने प्रतिबद्धता जाहेर गऱ्यो । यसका अलवा धेरै नेपाली वीरहरूले बेलायतको सर्वोच्च पदक भिक्टोरिया क्रस र मिलिटरी क्रस प्राप्त गरे ।

## क्रियाकलाप

१. रुस र जर्मनीबिच एक आपसमा आक्रमण नगर्ने र रुस समर्थित धुरी राष्ट्रमा रहने सम्झौतालाई तोडी द्वितीय विश्वयुद्धमा ती राष्ट्रहरू एक आपसमा आक्रमणमा उत्रिनुलाई तपाईं के भन्नुहुन्छ ? यसमा कुन राष्ट्रको गल्ती थियो भन्ने तपाईंलाई लाग्छ ? आफ्ना विचारहरू लेख्नुहोस् ।

२. 'जापानका दुई सहरहरू ध्वस्त हुनुमा युद्धभन्दा पनि आणबिक अस्त्रको विकास प्रमुख कारण हो ।' यस शीर्षकमा कक्षामा वाद विवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् । यसका लागि सभापति, निर्णायक समिति, सञ्चालक, वक्ता, अतिथिका लागि विद्यार्थीबिच भूमिका विभाजन गर्नुहोस् ।

३. विश्वको राजनीतिक नक्सामा द्वितीय विश्वयुद्धमा संलग्न राष्ट्रहरू, प्रमुख घटना भएका स्थानहरू भर्नुहोस् र उक्त नक्सालाई कक्षाकोठामा टाँस्नुहोस् ।

४. 'यदि नेपालमा राणा शासन हुँदैनथ्यो भने विश्वयुद्धहरूमा नेपालीहरूको सहभागिता हुने थिएन । ब्रिटिस साम्राज्यवाद र राणाहरूको स्वार्थरूपी कसिलो साँठगाँठ थियो ।' यस भनाइमा तपाईंको के कस्तो मत छ ? विश्लेषण गरी लेख्नुहोस् ।

५. युद्धका कारण र प्रभाव सम्बन्धमा प्रथम एवम् द्वितीय विश्वयुद्धबिच तुलनात्मक अध्ययन गर्नुहोस् र यसको तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) शीतयुद्ध भनेको के हो ?

(ख) द्वितीय विश्वयुद्धपछि विश्वका तटस्थ राष्ट्रहरूको एक सङ्गठन निर्माण भएको थियो ? त्यो कुन सङ्गठन हो ? सोधखोज गरी पूर्ण विवरण लेख्नुहोस् ।

(ग) युद्धभन्दा वार्ता र समझदारी बढी लाभदायक हुन्छ, किन ? द्वितीय विश्वयुद्धको पृष्ठभूमिमा यसलाई पुष्टि गर्नुहोस् ।

(घ) एटलान्टिक चार्टर भनेको के हो ?

(ङ) हिटलरले किन आत्महत्या गरेका होलान् ? आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

(च) पर्ल हार्वर घटना जापानका लागि किन प्रत्युपादक बन्यो ?

## सामुदायिक कार्य

विश्व इतिहासलाई हेर्ने हो भने क्रान्तिपछि शान्ति र पुनःनिर्माण भएको दृष्टान्त पाइन्छ । नेपालमा पनि विभिन्न कालखण्डमा जनताले क्रान्ति गरेका थिए । क्रान्तिपछि के कस्ता पुनःनिर्माणका योजनाहरू बने र कुन हदसम्म कार्यान्वयन भए ? समुदायका जेष्ठ नागरिक वा जानकार व्यक्तिलाई त्यस सम्बन्धमा सोध्नुहोस् र प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

# पाठ : तेर — ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी, पहिचान, संरक्षण र संवर्धन

सामाजिक अध्ययन गरेर सिक्ने, खोजबाट वास्तविक ज्ञान प्राप्त गर्ने, समुदायमा अन्तरक्रिया गर्ने र समायोजित हुने सिप विकास गर्ने जस्ता क्रियाकलापमा आधारित विषय हो । यही मर्मलाई आत्मसात् गर्दै बागेश्वरी मा.वि. का कक्षा १० का विद्यार्थीले यस विषयअन्तर्गत ऐतिहासिक ठाउँ लुम्बिनीको क्षेत्र भ्रमणबाट प्राप्त जानकारीलाई समेटी निम्नानुसार प्रतिवेदन प्रस्तुत गरेका छन् :

**शीर्षक: लुम्बिनी : एक ऐतिहासिक र नेपालको पवित्र भूमि**



**परिचय**

बागेश्वरी मा.वि.मा अध्ययनरत कक्षा १० का सम्पूर्ण विद्यार्थी र सामाजिक अध्ययनका विषय शिक्षकसहित अन्य चार जना शिक्षकको सहभागितामा ४० जनाको भ्रमण टोली बन्यो । यस टोलीले असोज २० मा ऐतिहासिक स्थल लुम्बिनीको भ्रमण गऱ्यो । विद्यालयबाट लगभग २५० कि.मि. दुरीमा रहेको यो ठाउँ ६ घण्टाको यात्रामा पुगियो । नेपालका ऐतिहासिक तथा धार्मिक सम्पदाहरूको पहिचान र संरक्षण गर्ने सन्दर्भमा पाठ्यक्रमले राखेको उद्देश्य पुरा गर्न यो भ्रमण तय गरिएको थियो । पश्चिम नेपालको सबैभन्दा महत्त्वपूर्ण यो स्थल विश्वकै बौद्ध धर्मावलम्बीहरूको तीर्थस्थल हो । यो सम्पूर्ण नेपालीहरूको आस्थाको धरोहर पनि हो । शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल रहेको यस ठाउँमा विभिन्न स्मारक, गुम्बा, विहार र पोखरी रहेका छन् ।

**उद्देश्य**

लुम्बिनी भ्रमणका निम्न लिखित उद्देश्यहरू थिए :

(क) लुम्बिनीको ऐतिहासिक महत्त्व पत्ता लगाउनु

(ख) लुम्बिनी क्षेत्रमा रहेका विभिन्न भवन एवम् स्मारकहरूको पहिचान गरी तिनीहरूको भौतिक अवस्था वर्णन गर्नु

(ग) लुम्बिनी क्षेत्रको संरक्षण र संवर्धन गर्ने उपायहरू सुझावका रूपमा प्रस्तुत गर्नु ।

Curriculum Development Centre

## अध्ययन विधि

प्रश्नावली निर्माण र प्रयोग, अन्तर्वार्ता, अवलोकन, स्रोत सामग्री अध्ययन

## प्राप्त विवरण

(क) यो स्थान नेपालको ५ नम्बर प्रदेशअन्तर्गत तराईको रूपन्देही जिल्लामा रहेको छ ।

(ख) बुद्धको जन्मस्थल रहेको यस स्थान विश्वशान्ति तथा अन्तर्राष्ट्रिय बौद्ध तीर्थस्थलका रूपमा प्रसिद्ध छ ।

(ग) कपिलवस्तुबाट माइती देवदह जाने क्रममा यस ठाउँमा आमा मायावतीले बुद्धलाई जन्म दिएकी थिइन् ।

(घ) इसापूर्व २४९ मा आफ्नो बिसौँ राज्यारोहणका अवसरमा सम्राट् अशोकले लुम्बिनीमा स्तम्भ निर्माण गर्न लगाएका थिए । यसलाई अशोक स्तम्भको नामले चिनिन्छ । यस स्तम्भमा उनले ब्राह्मी लिपिमा 'इदह बुद्ध जाते' (यहाँ गौतम बुद्धको जन्म भएको हो) भन्ने शिलालेख राख्न लगाएका थिए ।

(ङ) संयुक्त राष्ट्र सङ्घका महासचिव उथान्त सन् १९६७ मा नेपाल भ्रमण गर्दा लुम्बिनीको समेत अवलोकन गरी यस क्षेत्रको विकास गर्न संयुक्त राष्ट्र सङ्घको सहयोग रहने प्रतिबद्धता जाहेर गरेका थिए । यसपछि लुम्बिनीप्रति विश्वको ध्यान आकृष्ट भयो ।

(च) संयुक्त राष्ट्र सङ्घ तथा भारत, म्यान्मार, श्रीलङ्का थाइल्यान्ड, जापान, चीनलगायतका मुलुकहरूले यहाँ अतिथि निवास, पुस्तकालय, रमणीय गुम्बा, विहार, पक्की सडक आदि निर्माण गरेका छन् । अन्तर्राष्ट्रिय विमान स्थल पनि यसैको आसपासमा बन्न लागिरहेको छ ।

(छ) यस क्षेत्रमा मायादेवीको मन्दिर पुनर्निर्माण गरी वि.सं. २०६० जेठ २ बाट सर्वसाधारणलाई खुला गरिएको हो । यसको लम्बाइ २८.४ मिटर, चौडाइ २३.८ मिटर र उचाइ १३.४ मिटर रहेको छ । यसै मन्दिर नजिक पुष्करिणी नामक पवित्र पोखरी छ । जहाँ मायादेवीले बुद्धलाई जन्म दिनुअघि स्नान गरेकी थिइन् र बुद्ध जन्मिसकेपछि बुद्धलाई पनि पहिलो पटक यस पोखरीमा स्नान गराइएको थियो भन्ने विश्वास रहिआएको छ ।

(ज) लुम्बिनी भ्रमण वर्ष २०११ मनाइएको थियो ।

(झ) यो विश्व सम्पदा सूचीमा सूचीकृत भएको छ ।

(ञ) वैशाख शुक्ल पूर्णिमामा मनाइने बुद्ध जयन्तीका दिन यहाँ ठुलो जमघटका बिच भव्य कार्यक्रम आयोजना हुन्छ ।

यहाँका सम्पदाहरूको संरक्षण एवम् संवर्धन गर्नु हामी सबैको कर्तव्य हो । नेपाललाई विश्वसामु चिनाउने यो अन्तर्राष्ट्रिय स्तरको सम्पदा हो । यसलाई संरक्षण एवम् संवर्धन गर्न निम्न लिखित उपायहरू अवलम्बन गर्नुपर्छ :

(क) बुद्धको जन्मभूमि लुम्बिनी हो भन्ने विषयलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहबाट प्रचार प्रसार गर्ने,

(ख) पुरानै ढाँचामा भौतिक संरचना पुनः निर्माण गर्ने

Curriculum Development Centre

(ग) यही स्थलमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरू आयोजना गर्ने

(घ) यहाँ भ्रमण गर्ने मानिसहरूको आवागमनलाई व्यवस्थित गर्ने

(ङ) यहाँको वातावरणीय पक्षलाई ध्यान दिँदै रुख बिरुवा रोप्ने, भएका बोट बिरुवालाई संरक्षण गर्ने र फोहोर व्यवस्थापन गर्ने

(च) सुरक्षा प्रबन्ध कडा र व्यवस्थित बनाउने

(छ) बुद्ध प्रतिमालगायत बुद्धसँग सम्बन्धित सामग्रीहरू जतन गरी राख्ने प्रबन्ध मिलाउने

(ज) जनसहभागिता वृद्धि गर्ने

(झ) बुद्ध धर्मको मात्र पवित्र स्थल हो भन्ने मानसिकतालाई हटाई सम्पूर्ण नेपाली, नेपाल र विश्वको गौरव हो भन्ने चेतना अभिवृद्धि गर्ने आदि ।

**निष्कर्ष**

नेपालका दस विश्व सम्पदामध्ये लुम्बिनी पर्यटकीय र आर्थिक दृष्टिले एक महत्त्वपूर्ण स्थल हो । अशोक स्तम्भ, मन्दिर, गुम्बा, पोखरी, स्तूपालगायतका स्मारक तथा भौतिक वस्तुहरू यहाँका आकर्षण हुन् । यी स्थान इतिहासका स्रोत हुन्, आस्थाका केन्द्र हुन, राष्ट्रिय गौरवका धरोधर हुन्, पवित्र तीर्थस्थल हुन् । हामीहरूले यिनको संरक्षण गरी जस्ताको तस्तै भावी पुस्तालाई सुम्पिनु हाम्रो कर्तव्य हो । राष्ट्रिय सरोकारका धार्मिक संस्थाहरू तथा सम्पूर्ण नेपालीहरूले यसको महत्त्वलाई बचाई राख्न सदैव अग्रसर हुनुपर्दछ । नेपाललाई विश्वसामु परिचित गराउने यो सबैभन्दा महत्त्वपूर्ण स्थल हो ।

**क्रियाकलाप**

१. तपाईँ विद्यालयबाट शैक्षिक भ्रमण वा क्षेत्र भ्रमण जानुभएको होला । तपाईँले के कस्तो भ्रमणको योजना निर्माण गर्नुभयो ? प्रारम्भिक आवश्यकता पहिचान, पूर्व तयारीको योजना, शिक्षक विद्यार्थी कार्य विवरण, उपलब्धि समीक्षाको योजना आदि कस्तो बनाउनुभयो ? कार्य योजना र कार्यान्वयन प्रक्रिया के के थिए ? यी विषयहरू समेटी भ्रमणको एक नमुना योजना निर्माण गरी प्रस्तुत गर्नुहोस् ।

२. आफ्नो क्षेत्र, जिल्ला वा स्थानीय तहमा अवस्थित ऐतिहासिक स्थल तथा स्मारकहरूको किन खोजी गर्नुपर्छ ? कारणहरू लेखी बयान गर्नुहोस् । ती स्थलहरूको संरक्षण कार्यमा तपाईँले के कस्तो भूमिका निर्वाह गर्न सक्नुहुन्छ ?

**अभ्यास**

(क) ऐतिहासिक स्थलहरू भन्नाले के बुझिन्छ ?

(ख) ऐतिहासिक तथा पुरातात्त्विक स्थलहरूलाई किन संरक्षण गर्नुपर्छ ?

(ग) ऐतिहासिक स्थलका पर्यटकीय तथा आर्थिक महत्त्वबारे चर्चा गर्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको बसोबास क्षेत्रमा अवस्थित ऐतिहासिक स्थलहरू के के छन् ? खोजी गर्नुहोस् र पाठमा दिइए जस्तै गरी एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# एकाइ *

# आर्थिक क्रियाकलाप

## पाठ : एक
## चालु योजना

योजना बद्ध विकास केन्द्रीकृत राज्य व्यवस्थाको उपज थियो । यसले लोक कल्याणकारी राज्यको अवधारणालाई आत्मसात् गरेको हुँदा अन्य राष्ट्रहरूले पनि यसलाई अपनाए । निश्चित अवधिभित्र राज्यले आफ्नो स्रोत साधनको नियन्त्रित र निर्देशित ढङ्गले जनताको बृहत्तर हित तथा विकासका लागि तयार पारिएको योजना वा खाकालाई विकास योजनाका रूपमा लिइन्छ ।

आर्थिक योजना आर्थिक गतिविधिसँग सम्बन्धित हुन्छ । यो सरकारद्वारा आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त गर्न तयार पारिएको योजना बद्ध आर्थिक क्रियाकलाप हो ।

संसारमा योजना बद्ध विकासको थालनी भएको लामो समय भएको छैन । सन् १९२८ मा पूर्व सोभियत सङ्घले सर्वप्रथम पञ्चवर्षीय योजनाको सुरुआत गरेको थियो । उक्त योजनाले सोभियत सङ्घको विकासमा महत्त्वपूर्ण योगदान दिएपछि अन्य राष्ट्रहरूले पनि यसलाई अवलम्बन गर्न थाले । नेपालमा २००७ सालमा प्रजातान्त्रिक व्यवस्था लागु भएपछि राज्यको ध्यान योजनाबद्ध विकासतिर तानियो । यसै क्रममा २०१३ सालबाट योजना बद्ध विकासको सुरुआत भयो । विगतमा तेरौँ योजनासम्म कार्यान्वयन भइसकेको छ । अहिले आ.व. २०७३/०७४ देखि आ.व.२०७५/०७६ सम्मका लागि चौधौँ योजनाको कार्यान्वयन सुरु भएको छ ।

**योजनाको विशेषताहरू**

(क) यो आवधिक हुन्छ ।
(ख) योजनाको एउटा निर्दिष्ट उद्देश्य हुन्छ ।
(ग) योजनामा लोक कल्याणकारी उद्देश्य निहित हुन्छ ।
(घ) योजनाका सबै आर्थिक क्रियाकलापहरू योजनामुताबिक हुन्छन् ।
(ङ) योजनामा राज्यको स्रोत साधनको वितरण गर्ने उद्देश्य हुन्छ ।

**चौधौँ योजना** (२०७३/०७४–२०७५/०७६)

**पृष्ठभूमि**

चौधौँ योजना सङ्घीय स्वरूपको शासकीय व्यवस्थासहितको संविधान जारी भई त्यसमा अन्तर्निहित आर्थिक, सामाजिक सिद्धान्त कार्यान्वयन गर्ने गरी तयार गरिएको पहिलो योजना हो । यस योजना २०७२ सालको विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको पुनर्निर्माण गर्दै उन्नतिशील नेपालको निर्माण लक्ष्य लिएको छ । साथै दक्षिणी सीमा क्षेत्रमा भएको अवरोधबाट राष्ट्रिय आपूर्ति व्यवस्था अस्तव्यस्त भई अर्थतन्त्रका विभिन्न पक्षहरूमा पर्न गएको असरबाट पाठ सिक्दै आगामी दिनहरूमा स्वाधीन र आत्म निर्भर अर्थतन्त्र निर्माण गर्नुपर्नेतर्फ अभिमुख रहेको छ । यसका अतिरिक्त संयुक्त राष्ट्र सङ्घको

Curriculum Development Centre

महासभाबाट सर्वसम्मत रूपमा सन् २०३० सम्म हासिल गरिसक्ने प्रतिबद्धतासहित स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ । त्यस बेलासम्म नेपालको मध्यम आयवर्गको मुलुकहरूको स्तरमा पुग्ने लक्ष्यसमेत हासिल हुने गरी योजना र वार्षिक कार्यक्रम तय गरिएका छन् । नयाँ सविधान निर्माणसँगै विकासप्रति जन आङ्काक्षा ह्वात्तै बढेको सन्दर्भमा यस योजनाले ती अपेक्षाहरूलाई सम्बोधन गर्दै जानुपर्ने भएको छ ।

**सोच** : स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली ।

**लक्ष्य** : सामाजिक न्यायसहितको लोक कल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने **उद्देश्य** : उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु ।

**परिमाणात्मक लक्ष्य** : चौधौँ योजनाका केही प्रमुख आर्थिक सामाजिक लक्ष्य तलको तालिकामा उल्लेख गरेबमोजिम कायम गरिएका छन् :

**प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू**

| क्र.स. | सूचक/लक्ष्य | आ.व. २०७२/७३ को स्थिति | चौधौँ योजनाको लक्ष्य (२०७५/७६ मा) |
|---|---|---|---|
| १. | वार्षिक औषत आर्थिक वृद्धिदर (प्रतिशत) | ०.७७ | ७.२० |
| २. | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १.३३ | ४.७० |
| ३. | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ०.६३ | ८.४० |
| ४. | गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत) | २१.६० | १७.० |
| ५. | मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ |
| ६. | अपेक्षित आयु (जन्मेको समयमा, वर्ष) | ७१ | ७२ |
| ७. | माध्यमिक तहमा खुद भर्नादर (प्रतिशत) | ३७.७० | ४५ |
| ८. | १५-२४ वर्ष उमेर समूहको साक्षरतादर | ८८.६० | ९१ |
| ९. | विद्युत् उत्पादन (जडित क्षमता, मेगावाट) | ८२९ | २,२७९ |
| १०. | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ४६.४ | ६५ |

**रणनीति**

१. कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत् उत्पादन वृद्धि गर्ने

२. ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने

३. सामाजिक विकास र सामाजिक सुरक्षा एवं सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने

४. आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै समग्र सुशासन प्रवर्धन गर्ने,

Curriculum Development Centre

५. लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान र प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने ।

**चुनौती**

१. द्रुततर आर्थिक वृद्धिदर र त्यसको न्यायपूर्ण वितरणमार्फत शीघ्र गरिबी निवारण गर्नु
२. मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई समृद्धि एवम् दिगो आर्थिक सामाजिक विकासको पथमा लैजानु
३. आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा आउन सक्ने असमानता घटाई नेपाललाई सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी राज्यका रूपमा स्थापित गर्नु
४. सघन आर्थिक क्षेत्रको विस्तारमार्फत रोजगारीका अवसर सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने र स्वदेशमा नै पर्याप्त कामका अवसरहरू सिर्जना गर्नु
५. निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धात्मक एवम् व्यवसायमुखी बनाउँदै यसलाई मुलुकको औद्योगिक विकासमा आबद्ध गर्नु
६. ऊर्जा सङ्कट हटाउने, प्रकोप सम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउनु
७. पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण एवम् सहरी विकासलाई अन्तरसम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नु
८. विकास कार्यक्रमलाई एकीकृत गर्ने कार्यसँगसँगै निक्षेपण सम्बन्धी कार्यलाई प्रभावकारी बनाई जनताको अति नजिकको शासकीय तहसम्म सार्वजनिक सेवाको प्रवाह र वितरणलाई निश्चितता प्रदान गर्न सार्वजनिक वित्तीय व्यवस्थापनलगायत अन्य शासकीय सुधार सम्बन्धी कार्यहरू गर्नु
९. प्रादेशिक र स्थानीय तहसम्म विकास व्यवस्थापनको क्षमता बढाउँदै सबै तहमा जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्नु
१०. राज्यको पुनर्संरचनाको कार्य छिटो सम्पन्न गर्दै प्रादेशिक एवम् स्थानीय विकासको नेतृत्व यथा सम्भव छिटो निर्वाचित जनप्रतिनिधिहरूबाट नै गराउने चुनौतीसँगै केन्द्रीय योजना कार्यान्वयन प्रणालीलाई पनि सुदृढ तुल्याउनु ।

**अवसर**

१. नेपालको संविधान जारी भएसँगै राजनीतिक समस्याहरूको समाधान हुन गई मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको छ ।
२. उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमत्तापूर्ण उपयोगबाट समृद्धि हासिल गर्न सक्ने प्रसस्त सम्भावना छन् ।
३. कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय हुने जनसङ्ख्याको अनुपात बढ्दै जानाका साथै आर्थिक सामाजिक विकासलाई द्रुतता प्रदान गर्न स्वस्थ र क्रमशः शिक्षित हुँदै गइरहेको सक्षम जनशक्ति विकास हुँदै छ ।



Curriculum Development Centre

४. जनसाङ्ख्यिक लाभांश, जुन लामो समयसम्म उपलब्ध हुन नसक्ने विश्व अनुभवले प्रमाणित गरेसकेको छ, आगामी तिन चार दशकसम्म उपलब्ध हुँदै छ ।

५. उपयोग हुनै नसकेका तथा कम उपयोग भइरहेका भौतिक तथा अन्य पूर्वाधार उपयोग गर्ने अवसर छ ।

६. हालसम्मको सामाजिक र आर्थिक क्षेत्रमा भएको लगानीको उच्चतम प्रतिफल लिन सक्ने अवस्था छ ।

७. आर्थिक रूपले सक्रिय जनसङ्ख्याको आधाआधी जनसङ्ख्या सहकारी तथा सामुदायिक प्रणालीमा आबद्ध भएको छ ।

८. सहकारी र निजी दुवै क्षेत्र प्रवर्धन गर्ने सरकारी नीतिबाट प्राप्त अवसरको उपयोग गर्दै मुलुकलाई आर्थिक रूपले समृद्ध बनाउन सरकारसँग परिपूरकको भूमिका निर्वाह गर्न तत्पर छन् ।

९. गैर आवासीय नेपालीलगायतबाट वैदेशिक लगानी क्रमशः आकर्षित भइरहेका छन् ।

१०. छिमेकी मुलुकमा द्रुत विस्तार भइरहेको मध्यम वर्गीय जनहिस्साले नेपालको पर्यटन, वैदेशिक लगानी, निर्यात एवम् कतिपय सेवा क्षेत्रको विस्तार गर्ने अवसर प्राप्त छ ।

११. वैदेशिक रोजगारीबाट प्राप्त सिप, पुँजी र उद्यमशीलताबाट नेपाललाई बाह्य जगतबाट ज्ञान, प्रविधि र पुँजी परिचालन गर्न थप अवसर प्रदान भइरहेका छन् ।

### क्रियाकलाप

१. केन्द्रमा योजना तर्जुमा कसरी गरिन्छ ? सोधखोज र अवलोकन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालका योजनाहरूले आशा गरेअनुरूप लक्ष्य हासिल गर्न नसक्नाका कारणहरू के होलान् ? पत्ता लगाई छलफल गनुहोस् ।

३. नेपालमा विकास योजनाका मुख्य चुनौतीहरू उल्लेख गरी राष्ट्रिय योजना आयोगलाई चिठी लेख्नुहोस् ।

४. तपाईंको परिवार तथा समुदायमा योजना तयार पार्दा समावेशिताको पक्षलाई कत्तिको ध्यान दिइएको छ ? समुदायका व्यक्तिसँगको भेटघाट र पारिवारिक अनुभवसमेतलाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

### अभ्यास

(क) योजना भनेको के हो ?

(ख) योजना निर्माणका उद्देश्यहरू उल्लेख गर्नुहोस् ।

(ग) चालु योजनाका विशेषताहरू के के हुन् ?

(घ) योजना निर्माण गर्दा आइपर्ने समस्याहरू उल्लेख गर्नुहोस् ।

(ङ) चालु योजनाका प्राथमिकता र रणनीतिहरू उल्लेख गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायमा योजना निर्माण प्रक्रिया कसरी हुने गरेको छ ? अध्ययन अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : दुई     पर्यटन उद्योग, महत्त्व र सम्भावना

मानिस स्वभावैले जिज्ञासु हुन्छ । ऊ नयाँ नयाँ विषयका बारेमा जानकारी लिन इच्छुक र लालायित हुन्छ । त्यसैले विभिन्न ठाउँहरूको भ्रमण गरी मनोरञ्जन लिन र कला, संस्कृति, वेषभूषा, भाषा आदिका बारेमा जानकारी प्राप्त गर्न ऊ घुमफिर गरिरहन्छ । ऊ एक ठाउँबाट अर्को ठाउँ र एक देशबाट अर्को देशमा जान्छ। यसरी विभिन्न उद्देश्यले एउटा देशका नागरिक देशभित्र वा अन्य देशमा भ्रमण गर्ने प्रक्रियालाई पर्यटन भनिन्छ। पर्यटकलाई सुविधा उपलब्ध गराउन सञ्चालित व्यवस्थित व्यवसायलाई पर्यटन व्यवसाय भनिन्छ। पर्यटकलाई सुविधा प्रदान गर्न व्यावसायिक उद्योग स्थापना हुने हुनाले यस्ता उद्योगहरू सेवा उद्योग हुन् । यस्ता उद्योगमा मनोरञ्जन, व्यापार, पदयात्रा, पर्वतारोहण, दृश्यावलोकनलगायतका क्षेत्र पर्छन् ।

### वर्तमान योजनामा पर्यटन

चौधौँ योजना (२०७३/०७४-२०७५/०७६) ले पर्यटन विकासका लागि नेपाललाई विश्वकै उत्कृष्ट पर्यटकीय स्थलका रूपमा विकास गर्ने दीर्घकालीन सोच राखेको छ । यस योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटन प्रवर्धनमार्फत पर्यटकको सङ्ख्या र राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्ने उद्देश्य राखेको छ । निजी क्षेत्रको सहकार्यमा पर्यटन प्रवर्धन गर्ने, थप पर्यटकीय गन्तव्यको विकास गर्ने र ग्रामीण पर्यटनमार्फत रोजगारीका अवसरहरू सिर्जना गर्ने यस योजनाको लक्ष्य छ । यसका साथै पर्यटन प्रवर्धन गर्न छिमेकी तथा अन्य मुलुकहरूलाई केन्द्रित गरी व्यापक प्रचार प्रसार गर्ने रणनीति लिइएको छ । यस योजनाले आन्तरिक पर्यटकलाई प्रोत्साहन गर्दै पर्यटनको दिगो विकासमा जोड दिएको छ ।

### नेपालमा पर्यटन उद्योगको महत्त्व

नेपालको पर्यटन उद्योग राष्ट्र विकासको महत्त्वपूर्ण आधार हो। कुल गार्हस्थ उत्पादनको करिब दस प्रतिशत योगदान पर्यटन उद्योगको रहेको छ । पर्यटन उद्योगको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. विदेशी मुद्रा आर्जनको स्रोत
२. रोजगारीका अवसर प्रदान
३. घरेलु तथा साना उद्योगको विकास
४. राजस्वमा वृद्धि
५. व्यापार तथा कला संस्कृतिको प्रवर्धन
६. विश्वमा राष्ट्रको प्रचार प्रसार ।

Curriculum Development Centre

## नेपालमा पर्यटन उद्योगको सम्भावना

नेपाल पर्यटकीय दृष्टिकोणले उपयुक्त गन्तव्य मानिन्छ । यहाँ रहेका कला, संस्कृति, भूगोल, जातजाति, धर्म, भाषा आदि विविधताले यसलाई उपयुक्त पर्यटकीय गन्तव्य बनाएका छन् । नेपालमा पर्यटन व्यवसायको सम्भावनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### १. ग्रेट हिमालयन ट्रेल (Great Himalayan Trail)

कञ्चनजङ्घादेखि सैपाल हिमालसम्मको क्षेत्रलाई ग्रेट हिमालयन ट्रेल भनिन्छ । यसअन्तर्गत पूर्वी नेपालमा कञ्चनजङ्घा संरक्षण क्षेत्र, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा सगरमाथा राष्ट्रिय निकुञ्ज पर्छन् । मध्यक्षेत्रका लाङटाङ, गोसाइँकुण्ड र गौरीशङ्कर हिमाली क्षेत्रलाई पनि यस ट्रेलअन्तर्गत समावेश गरिएको छ । यसैगरी पश्चिमका मनाङ, मुस्ताङ, मुगु, डोल्पाका पर्यटकीय गन्तव्यहरू यसअन्तर्गत पर्छन् । यस ट्रेलको पर्यटनबाट पाँच हजार मिटरमाथिको क्षेत्रमा हिमाली जनावर र वनस्पतिहरूको अवलोकन गर्न सकिन्छ । नेपाल पर्यटन बोर्डले यस क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा सिफारिस गरेको छ । यस क्षेत्रको प्रचार प्रसारको कमीले गर्दा विदेशी पर्यटकको आगमन आशा गरिएअनुरूप प्राप्त गर्न सकिएको छैन ।




### २. प्राकृतिक सुन्दरता

नेपाल प्राकृतिक सुन्दरताका दृष्टिकोणले अत्यन्त आकर्षक राष्ट्र हो । यहाँका हिमाली शृङ्खलाहरू, मनोरम पहाडी स्थलहरू, विभिन्न प्रकारका भूसतह, गुफा, झरना, ताल तथा नदीहरूले विदेशी पर्यटकको मन लोभ्याउँछन् । त्यसैले यस्ता ठाउँहरूको अवलोकन गर्नका लागि ठूलो सङ्ख्यामा पर्यटकहरू नेपाल आउँछन् । अन्य पूर्वाधार बढेमा यो सङ्ख्या अझ बढ्न सक्छ ।

### ३. ऐतिहासिक तथा धार्मिक स्थलहरू

नेपाल ऐतिहासिक तथा धार्मिक स्थलका लागि प्रसिद्ध छ । लुम्बिनी, जनकपुर, मुक्तिनाथ, स्वर्गद्वारी, रिडी, उग्रतारा, मनकामना, पशुपतिनाथ, कृष्ण मन्दिर, चागुँनारायण आदि यहाँका मुख्य धार्मिक स्थलहरू हुन् । यसैगरी काठमाडौँ उपत्यकाका प्राचीन दरबारहरू पर्यटकीय गन्तव्यका दृष्टिकोणबाट

Curriculum Development Centre

महत्त्वपूर्ण मानिन्छन् । यहाँ प्रयोग भएका काष्ठकला तथा वास्तुकला ऐतिहासिक अद्वितीय वस्तुहरू हुन् । यस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरूले पर्यटकहरूलाई सहजै आकर्षण गर्छन् ।

### ४. सांस्कृतिक विविधता

नेपालमा भिन्न संस्कृति र परम्परा भएका १२५ जातजातिका मानिसहरू बसोबास गर्छन् । प्रत्येक जातिको आआफ्नै मौलिक परम्परा, रहनसहन, रीति रिवाज तथा मूल्य मान्यता छ । यही सांस्कृतिक विविधता अवलोकन गर्न पनि ठुलो सङ्ख्यामा विदेशीहरू नेपाल आउँछन् ।

### ५. हावापानीमा विविधता

नेपाल हावापानीका दृष्टिकोणले पनि विविधता पूर्ण छ । यहाँको दक्षिणी भागमा उष्ण, मध्यभागमा समशीतोष्ण तथा उत्तरी भागमा ठन्डा प्रकारको हावापानी पाइन्छ । यसले गर्दा सबै पर्यटकका लागि उपयुक्त हावापानी छनोट गर्ने अवसर प्राप्त हुन्छ । त्यसैले नेपालका सबै भौगोलिक प्रदेशमा पर्यटन उद्योगको सम्भावना छ ।

### ६. साहसिक पर्यटन

नेपालमा साहसिक गतिविधिहरू सञ्चालन गरेर पर्यटन प्रवर्धन गर्न सकिन्छ । उत्तरी क्षेत्रबाट तीव्र वेगले बग्ने नदीहरूमा र्‍याफ्टिङको सम्भावना छ । यसका साथै हिमाल आरोहण, प्याराग्लाइडिङ तथा बन्जी जम्पिङ जस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ । यसरी नेपालमा साहसिक पर्यटनको प्रचुर सम्भावना रहेको छ ।

### ७. प्राकृतिक वनस्पति र वन्यजन्तुको विविधता

हावापानी र भौगोलिक विविधताले गर्दा नेपालमा वनस्पति तथा वन्यजन्तुमा पनि विविधता पाइन्छ । देशको विभिन्न भागलाई निकुञ्ज, आरक्षण र संरक्षण क्षेत्रका रूपमा विकास गरिएको छ । विभिन्न लोपोन्मुख प्रजातिका जनावर तथा चराचुरुङ्गी प्रशस्त पाइने हुनाले यस्ता जनावर तथा चराचुरुङ्गीको अध्ययन अवलोकन गर्न ठुलो सङ्ख्यामा पर्यटक नेपालप्रति आकर्षित हुन्छन् ।

### क्रियाकलाप

१. नेपाल पर्यटन बोर्डले पर्यटन विकासका लागि के कस्ता गतिविधि सञ्चालन गरेको छ ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको स्थानीय स्तरमा के कस्ता पर्यटकीय स्थलहरू छन् ? तिनीहरूको विशेषता लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. ग्रेट हिमालयन ट्रेलको यात्रा मार्ग र यसबाट प्राप्त गर्न सकिने मनोरञ्जनलाई समेटी एक राष्ट्रिय दैनिक पत्रिकाका लागि समाचारको नमुना तयार पार्नुहोस् ।

४. नेपालमा के कस्ता साहसिक पर्यटकीय गतिविधिको सम्भावना छ ? सम्भावनाको खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

Curriculum Development Centre

५. तलको तालिकालाई अलग अलग वृतचित्रमा देखाउनुहोस् :

| **उद्देश्यका आधारमा पर्यटकको सङ्ख्या** | **देशअनुसार पर्यटक आगमन** |
|---|---|
| मनोरञ्जन : ५०.१०% | भारत : १४% |
| पदयात्रा र पर्वतारोहण : १२.३% | चीन : १२% |
| व्यापार : ३.१% | श्रीलङ्का : ८% |
| कार्यालय प्रयोजन : ४.१% | अमेरिका ८% |
| धार्मिक : १२.६% | बेलायत : ६% |
| सभा समारोह : १.७% | फ्रान्स : ३% |
| अन्य : १६.२% | जापान : ३% |
| | जर्मनी : २% |
| | अस्ट्रेलिया : ३% |
| | अन्य : ४१% |

आर्थिक सर्वेक्षण : २०७२/२०७३

## अभ्यास

(क) पर्यटन उद्योग भनेको के हो ? यसका फाइदाहरू चर्चा गर्नुहोस् ।

(ख) 'नेपालमा धार्मिक पर्यटनको प्रचुर सम्भावना छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) नेपालमा पर्यटन क्षेत्रको विकासका लागि के कस्ता गतिविधिहरू सञ्चालन गरिएको छ ? उल्लेख गर्नुहोस् ।

(घ) पर्यटकको सङ्ख्या वृद्धि गर्न के के कदम चालिनुपर्छ ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ङ) पर्यटन विकासका लागि पर्यटन व्यवसाय, सरकार तथा स्थानीय तहको भूमिका बुँदागत रूपमा चर्चा गर्नुहोस् ।

(च) पर्यटन उद्योगबाट प्राप्त आम्दानी स्थानीय स्तरको विकासका लागि खर्च गरिनुपर्छ भन्ने भनाइलाई पुष्टि गर्ने कारणहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(छ) नेपालको वर्तमान आर्थिक योजनामा पर्यटन विकासका लागि समावेश गरिएका रणनीतिहरू उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको स्थानीय स्तरमा होटल, यातायात, होमस्टे आदि सञ्चालित भएका होलान् । त्यहाँ हुने गतिविधिका आधारमा स्थानीय समुदाय कसरी लाभान्वित भएका छन् ? खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : तिन**

# ऊर्जाको महत्त्वपूर्ण स्रोत – जलस्रोत

प्रकृतिमा पाइने कोइला, दाउरा, ग्याँस, पेट्रोलियम पदार्थ, जल विद्युत्, आणविक र भट्टीबाट प्राप्त हुने शक्तिलाई ऊर्जा भनिन्छ । ऊर्जा मानिसलाई नभई नहुने वस्तु हो । खाना पकाउन, यातायातका साधन र कल कारखाना सञ्चालन गर्न आदिका लागि ऊर्जा अति आवश्यक पर्छ । नेपालको सन्दर्भमा परम्परागत र व्यावसायिक गरी ऊर्जाका दुई ओटा स्रोतहरू छन् । परम्परागत स्रोतअन्तर्गत दाउरा, कृषिजन्य अवशेष आदि पर्छन् । व्यावसायिक स्रोतअन्तर्गत पेट्रोलियम पदार्थ, कोइला, विद्युत् आदि पर्छन् ।

नेपालमा रहेका प्राकृतिक सम्पदामध्ये जलस्रोत महत्त्वपूर्ण सम्पदा हो । भूपरिवेष्ठित भए पनि यहाँ सतही र भूमिगत गरी दुवै प्रकारका अपार जलस्रोत उपलब्ध छ । यहाँ बग्ने अधिकांश नदीहरू हिमालय पर्वत श्रेणी भएर दक्षिणतर्फ बग्छन् । यस्ता नदीहरूमा बर्सैभरि पानी हुन्छ । ठाडो ढालयुक्त जमिन भएको प्राकृतिक स्वरूप र स्थायी जल प्रवाह हुने नदीहरू प्रशस्त भएको हुनाले यहाँ जल विद्युत् विकासको सम्भावना धेरै छ । जलस्रोतको उचित प्रयोग गर्न सकेमा पेट्रोलियम पदार्थप्रतिको परनिर्भता घट्छ र देशमा भुक्तानी सन्तुलन कायम गर्न सहयोग पुग्छ । जल विद्युत्बाट देशभित्र नै कल कारखाना सञ्चालनका लागि आवश्यक ऊर्जा जुटाउन सकिन्छ । वन जङ्गल फँडानी नियन्त्रण हुन्छ र विद्युत् निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ । त्यस्तै यसबाट यातायात तथा सञ्चारको विकास हुन्छ र रोजगारी प्रवर्धन भई देश विकासमा टेवा पुग्छ । कृषिमा आधुनिकीकरण गर्न तथा वातावरण संरक्षणमा पनि योगदान पुग्छ ।



माथिल्लो तामाकोशी जल विद्युत् आयोजना

नेपालमा उपलब्ध नदीनालाबाट ८३,००० मेगावाट विद्युत् उत्पादन गर्न सकिने अनुमान छ । यो विश्वको जल विद्युत् उत्पादनको २.२६% हो । तर आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट करिब ४२,००० मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ । जल विद्युत् उत्पादनका दृष्टिले कोसी, गण्डकी, कर्णाली र तिनका सहायक नदीहरूलाई महत्त्वपूर्ण मानिन्छ । जल विद्युत् उत्पादनका सम्भावना तथा उत्पादन क्षमतालाई निम्न लिखित तालिकामा दिइएको छ :

Curriculum Development Centre

| क्र.स. | नदीहरू | सैद्धान्तिक सम्भावना | प्राविधिक तथा आर्थिक सम्भावना |
|---|---|---|---|
| १. | कोसी | २३,३५० मेगावाट | १०,८६० मेगावाट |
| २. | गण्डकी | २०,६५० मेगावाट | ५,२७० मेगावाट |
| ३. | कर्णाली र महाकाली | ३६,००० मेगावाट | २७,३६० मेगावाट |
| ४. | अन्य नदीहरू | ४०,००० मेगावाट | ८८० मेगावाट |
| | जम्मा | ८३,००० मेगावाट | ४४,३७० मेगावाट |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

माथिको तालिकाबाट सबैभन्दा बढी जल विद्युत् उत्पादन क्षमता कर्णाली तथा महाकाली नदीमा रहेको देखिन्छ । यसैगरी पहाडी धरातलमा बहु उद्देश्यीय आयोजनाहरू निर्माण गरी विद्युत् उत्पादनका साथै अन्य फाइदा प्राप्त गर्न सकिन्छ ।

### जलस्रोतको वर्तमान अवस्था

नेपाल जलस्रोतमा धनी मानिन्छ तथापि जलस्रोतको प्रभावकारी उपयोग नहुनाले ऊर्जा सङ्कट बढ्दै गएको छ । बर्सैभरि हुने विद्युत् कटौतीले व्यवसायीलगायत सर्वसाधारण जनता ऊर्जा सङ्कटमा परेका छन् । आर्थिक वर्ष २०७२/०७३ मा सम्पूर्ण ऊर्जा स्रोतबाट ८२९ मेघाबाट विद्युत् उत्पादन भएको थियो । त्यो शक्ति कुल उत्पादन सम्भावनाको लगभग १.०० प्रतिशत हुन आउँछ । कुल उत्पादनमध्ये लगभग ६८९ मेगावाट राष्ट्रिय प्रसारणमा जोडिएको छ भने बाँकी स्थानीय स्तरमा उत्पादन र उपभोग हुँदै आएको छ । चौधौँ योजनाले २२७९ मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष राखेको छ ।

नेपालमा जल विद्युत् उत्पादनको इतिहास लामो छैन । सबैभन्दा पहिले वि.सं. १९६८ मा फर्पिङ जल विद्युत् आयोजनाबाट ५०० किलोवाट विद्युत् उत्पादन सुरु गरिएको थियो । अहिले विद्युत् विस्तार नेपालभरि गरिए पनि कुल जनसङ्ख्याको करिब ५६ प्रतिशतले मात्र यसको उपभोग गरिरहेका छन् । यसैगरी कुल ऊर्जा उपभोगको करिब २.५६ प्रतिशत मात्र विद्युत्ले ओगटेको छ । क्षेत्रगत आधारमा हेर्ने हो मूल्याङ्कन गर्दा घरायसी क्षेत्रमा सबैभन्दा बढी विद्युत् खपत हुन्छ । यसैगरी औद्योगिक, व्यावसायिक तथा गैर व्यावसायिक क्षेत्रमा पनि ठुलो मात्रामा विद्युत् खपत हुने गर्छ ।

नेपालमा प्रशस्त जलस्रोत भएर पनि पुँजीको अभाव, सडक तथा सञ्चार सुविधाको अभाव, राजनीतिक अस्थिरता, स्थानीय व्यक्तिको अवरोध जस्ता कारणहरूले गर्दा विद्युत् विकासमा बाधा पुगेको छ । त्यसैले विप्रेषण र राष्ट्रिय पुँजीलाई दीर्घकालीन नीति बनाएर जलस्रोतको विकासमा उपयोग गर्न सकेमा नेपाल आत्म निर्भर हुन्छ । यसबाट विकासका सम्भावनाहरू अझ व्यापक हुन्छन् ।

Curriculum Development Centre

## क्रियाकलाप

१. ऊर्जाका परम्परागत तथा व्यावसायिक स्रोतहरू कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालमा विद्युत् विकासको सम्भावनासहित विद्युत् विकासका लागि गैर आवासीय नेपालीहरूलाई लगानी गर्न आग्रह गर्दै एक चिठी लेख्नुहोस् ।

३. 'जल विद्युत् ऊर्जा सङ्कट समाधानका लागि उत्तम उपाय' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

## अभ्यास

(क) जलस्रोतको उचित प्रयोगबाट हुने फाइदाहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) 'नेपालमा जलस्रोतको अपार सम्भावना छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) नेपालमा जलस्रोतको विकास हुन नसक्नाका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा जल विद्युत्सँग सम्बन्धित तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।

(ङ) जलविद्युत् विकासका लागि के कस्ता गतिविधिहरू सञ्चालन गरिनुपर्ला ? उल्लेख गर्नुहोस् ।

(च) नेपालले विद्युत् निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्ने सम्भावना छ वा छैन ? आफ्ना विचार बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको स्थानीय स्तरमा सञ्चालित जल विद्युत् आयोजनाको अवलोकन गरेर प्राप्त सूचना तथा तथ्यहरूका आधारमा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : चार**

# नेपालमा वैदशिक रोजगारी

फुलमती चौधरीको घर दाङ जिल्लामा पर्छ । उहाँका श्रीमान् बाबुलाल चौधरी गाउँघरमै सिकर्मी पेसा गरेर जीविकोपार्जन गर्दै आउनुभएको थियो । गाउँका सबै युवाहरू वैदेशिक रोजगारीमा गएर राम्रो आर्जन गरेको देखेर उहाँ पनि विदेश जाने सुरसारमा लाग्नुभयो । राहदानी बनाएर पल्लो गाउँका चिनेको दाइलाई राहदानी दिएर कतार जाने प्रतीक्षामा बस्नुभयो । एक दिन उहाँको भिसा लागेको खबर आयो र उहाँ काठमाडौँ जानुभयो । रोजगार दाता कम्पनीका प्रतिनिधिले कतारको प्रतिष्ठित कम्पनीमा काम गर्न जान लागेकामा बधाइ दिए । उहाँले एक लाख रुपियाँ बुझाएपछि सम्झौता पत्रमा हस्ताक्षर गराइयो । उक्त सम्झौतामा चालिस हजार तलब र खाने बस्ने सुविधा उल्लेख थियो । फर्निचर उद्योगमा आठ घण्टा काम गर्नुपर्ने तथा प्रत्येक वर्ष घर जान आउन हवाई टिकटको व्यवस्था हुने भनिएको थियो । तर उहाँलाई काम गर्ने ठाउँमा पुगेपछि थाहा भयो, यहाँ भने जस्तो न काम भयो न सुविधा नै । मरुभूमिमा काम गर्नुपर्ने र तलब सम्झौता गरेभन्दा धेरै कम मात्र थियो । उहाँ जसोतसो दुई वर्ष बसेपछि नेपाल फर्किनुभयो । आफू गएको ऋण पनि दुःखसुख गरेर तिर्नुभयो । नेपाल फर्किएपछि साथीभाइको सल्लाहअनुसार स्थानीय बैङ्कबाट ऋण लिएर व्यावसायिक रूपमा गाई पाल्न सुरु गर्नुभयो । दस ओटा गाईबाट सुरु भएको व्यवसाय विस्तार भएर अहिले तिस ओटा गाई पुगेका छन् । यसका लागि अहिले उहाँले करिब दुई बिघा जमिन भाडामा लिनुभएको छ । उत्पादित दुध बेच्नका लागि दुध सङ्कलन केन्द्र गाउँमा नै स्थापना गरिएको छ । केही स्थानीय व्यक्तिले पनि रोजगारी पाएका छन् । उहाँले सम्पूर्ण खर्च कटाएर महिनाको पचास हजारभन्दा बढी बचत गर्नुहुन्छ । आफ्ना दुवै जना छोरी उच्च शिक्षा पढ्दै छन् । यसरी उहाँले देशमा नै बसेर विदेशमा जत्तिकै वा सोभन्दा बढी आय आर्जन गर्न सकिन्छ भन्ने देखाउनुभएको छ ।

नेपालमा वैदेशिक रोजगारीको इतिहास त्यति लामो छैन । प्रजातन्त्रको पुनःस्थापनासँगै वैदेशिक रोजगारीमा जाने प्रवृत्ति तीव्र भएको हो । बाह्य विश्वसँगको सम्पर्क तथा अन्य कारणले गर्दा २०६३ पछि यो सङ्ख्या झन् बढ्यो । देशभित्र उद्योग धन्दाको विकास प्रशस्त भई रोजगारीका अवसरहरू कम सिर्जना हुनाले रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता बन्यो । विदेशमा अध्ययन गर्न जाने युवाहरूको सङ्ख्या पनि बढ्दो छ । रोजगारी र अध्ययन दुवै उनीहरूका उद्देश्य हुन् । देशको आर्थिक उन्नति र अन्य देशहरूमा अन्तर्राष्ट्रिय सम्बन्ध सुधारका लागि पनि वैदेशिक रोजगारी महत्त्वपूर्ण भएको छ । तर यसका सकारात्मक तथा नकारात्मक दुवै प्रभाव रहेका छन् :

**सकारात्मक प्रभाव**

वैदेशिक रोजगारीबाट प्राप्त रकमले गरिबी निवारण गर्न सघाउँछ । त्यसैगरी भुक्तानी सन्तुलन कायम गर्न तथा वैदेशिक व्यापारका लागि आवश्यक रकम जुटाउनु पनि यसको राम्रो पक्ष हो । यसबाट राज्यले विदेशी मुद्रा आर्जन गर्न सक्छ । देशको आम्दानी र प्राविधिक ज्ञानमा वृद्धि भई गरिबी

Curriculum Development Centre

निवारणमा सघाउ पुग्छ । आधुनिक तथा विदेशी ज्ञान सिपको आर्जन, उद्योग कलकारखानाको विकास, संस्कृति तथा परम्पराको आदान प्रदान, अन्तर्राष्ट्रि सम्बन्ध विस्तार, जनताको जीवनस्तरमा सुधार जस्ता पक्षहरू वैदेशिक रोजगारबाट प्राप्त हुन सक्छन् ।

**नकारात्मक प्रभाव**

वैदेशिक रोजगारका लागि देशको सबल जनशक्ति विदेश पलायन हुने हुँदा देशमा जनशक्तिको अभाव हुन सक्छ । यसले गर्दा विकास निर्माणका कार्यमा कामदार अभाव भई ढिलासुस्ती हुन सक्छ । विभिन्न सङ्क्रामक रोगहरू सर्न सक्ने, परम्परागत मूल्य मान्यतामा ह्रास आउने र सामाजिक विकृति बढ्न सक्ने हुँदा यसबाट सामाजिक एकता बिथोलिन सक्छ । विदेशमा सम्मानजनक काम नपाइने, दलालबाट ठगिने, जोखिमपूर्ण कार्य गर्दा ज्यान जान सक्ने भएकाले वैदेशिक रोजगारबाट सधैँ फाइदा हुन्छ भन्ने छैन ।

## वैदेशिक रोजगारीका लागि पूर्व तयारी

वैदेशिक रोजगारीमा जानुभन्दा पहिले केही पूर्व तयारी नगरी कुनै पनि कदम चाल्नु हुँदैन । देखासिकी गरेर विदेश जान खोजेमा दुःख भोग्नुपर्छ । त्यसैले यसका बारेमा विस्तृत रूपमा थाहा पाउन श्रम तथा रोजगार मन्त्रालय र त्यस अन्तर्गतका वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्धन बोर्ड आदिमा सम्पर्क राख्नुपर्छ । त्यसैले वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति मानसिक रूपमा तयार रहनुपर्छ । शारीरिक तन्दुरुस्ती छ वा छैन भन्ने कुरा थाहा पाउनुपर्छ । यसैगरी निश्चित सिप सिकेर विदेश जाँदा आकर्षक सुविधा प्राप्त हुन्छ । वैदेशिक रोजगारीमा जान चाहनेलाई राहदानी आवश्यक पर्छ । नागरिकता भएन भने राहदानी प्राप्त गर्न सकिँदैन । जिल्ला प्रशासन कार्यालयमा राहदानीका लागि फाराम बुझाएपछि निश्चित अवधिपछि राहदानी प्राप्त हुन्छ । वैदेशिक रोजगारीमा जान चाहनेले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र, सिप तथा अनुभवका प्रमाण पत्रसहित म्यान पावर कम्पनीमा जानुपर्छ । यसरी कुनै पनि एजेन्टको भर नपरी म्यान पावर कम्पनीमा आफैँले गएर बुझ्दा कामको प्रकृति, लागत, आम्दानी तथा अन्य सुविधाबारे थाहा पाइन्छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिले नेपाल सरकारबाट स्वीकृत प्राप्त संस्थाबाट स्वास्थ्य परीक्षण गर्नुपर्छ । नेपाल सरकारले अनिवार्य रूपमा बिमा गर्नुपर्ने नियम बनाएको छ । त्यसैले वैदेशिक रोजगारीमा जाँदा अनिवार्य बिमा गर्नुपर्छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि अभिमुखीकरण तालिम अनिवार्य रूपमा लिनुपर्छ । यस प्रकारको तालिमबाट वैदेशिक रोजगार सम्बन्धी ऐन नियम, अत्यावश्यक कागज पत्रहरू तथा प्रस्थान प्रक्रियाका बारेमा जानकारी लिन सकिन्छ । वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगरीमा जानुपर्छ ।

विश्वका एकसय दस मुलुकमा वैदेशिक रोजगारीका लागि जान सकिन्छ । रोजगारीका लागि विदेश जान चाहने पुरुषको उमेर १८ वर्ष तथा महिलाको उमेर २४ वर्ष पुगेको हुनुपर्छ । यसरी वैदेशिक रोजगारीमा जानुभन्दा अघि आवश्यक पूर्व तयारी तथा सावधानी अपनाउन सकिन्छ । विदेशमा बस्दा कुनै समस्या आएमा सम्बन्धित देशको दुतावासमार्फत पनि आफ्नो समस्या समाधान गर्न सकिन्छ । यसबाट ठगिने तथा समस्यामा पर्ने सम्भावना कम हुन्छ र आफू सुरक्षित हुन पनि सकिन्छ ।

Curriculum Development Centre

## क्रियाकलाप

१. तपाईँको कोही आफन्त वैदेशिक रोजगारीमा जानुभएको होला ? उहाँसँग भएको कुराकानीका आधारमा विदेशमा भोग्नु परेका समस्याबारे छलफल गर्नुहोस् ।

२. वैदेशिक रोजगारीमा जाँदा भोग्नुपर्ने समस्याहरू कक्षामा छलफल गर्नुहोस् ।

३. वैदेशिक रोजगारीमा जाँदा अपनाउनुपर्ने पूर्व तयारी उल्लेख गरी संवाद तयार पार्नुहोस् ।

## अभ्यास

(क) वैदेशिक रोजगारी भन्नाले के बुझिन्छ ? नेपालको सन्दर्भमा यसको उपादेयता उल्लेख गर्नुहोस् ।

(ख) वैदेशिक रोजगारीका सकारात्मक तथा नकारात्मक प्रभाव उल्लेख गरी राष्ट्रिय पत्रिकाका लागि समाचार तयार पार्नुहोस् ।

(ग) वैदेशिक रोजगारीको महत्त्व के छ ? आफ्नो विचार बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(घ) वैदेशिक रोजगारीमा जाँदा अपनाउनुपर्ने सावधानीहरू के के हुन सक्छन् ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ङ) वैदेशिक रोजगारी चुनौतीपूर्ण छ, कसरी ? पुष्टि गर्नुहोस् ।

(च) वैदेशिक रोजगारलाई व्यवस्थित गर्न भएका प्रयासहरू समावेश गरी विदेशमा दुःख झेलिरहेको साथीलाई चिठी लेख्नुहोस् ।

(छ) वैदेशिक रोजगारलाई व्यवस्थित गर्न सरकार, वैदेशिक रोजगारदाता तथा नागरिक समाजको भूमिका तालिकामा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायबाट वैदेशिक रोजगारका लागि विदेश गएर फर्किनुभएका मानिसहरूसँग त्यहाँ भोग्नु परेका राम्रा र नराम्रा पक्षहरूको सोधखोज गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# सहकारी र यसको आर्थिक महत्त्व

मिति : २०७४/०५/२०

प्यारी बहिनी मान्यता, पृथ्वीनगर ९, हिमाली चोक

शुभ आशार्वाद र न्यानो माया ।

तिमीले गत महिना पठाएको चिठी मैले आज पाएँ । तिमीले सहकारी संस्थाका बारेमा जान्न उत्सुक भएर चिठी लेखेकी रहिछ्यौ । त्यसैले म सहकारी तथा यसको आर्थिक महत्त्वका बारेमा तिमीलाई केही जानकारी दिन यो चिठी लेख्दै छु ।

बहिनी, सहकारी संस्था भनेको सामूहिक रूपमा आर्थिक एवम् सामाजिक रूपमा समान विचार बोकेका मानिसहरूको समूह हो । त्यसैले सहकारी शब्दले सामान्य अर्थमा सहकार्य वा मिलेर काम गर्ने भन्ने बुझाउँछ । विस्तृत अर्थमा भन्दा यसले समान उद्देश्य, पेसा, व्यवसाय र वर्गका मानिसहरू सँगसँगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकासका लागि गरिने कार्यलाई बुझाउँछ । सन् १९९५ को सेप्टेम्बरमा बेलायतको म्यान्चेस्टरमा भएको अन्तर्राष्ट्रिय सहकारी महासङ्घको महासभाले सहकारीलाई परिभाषित गरेको हो । यसले सहकारीलाई 'सहकारी त्यस्ता व्यक्तिहरूको स्वायत्त सङ्गठन हो जो स्वेच्छिक रूपमा एकजुट हुन्छन् । आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकाङ्क्षाहरूको परिपूर्ति संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत गर्न चाहन्छन् ।' भनी परिभाषित गरेको छ ।

सहकारी सङ्गठनमा समान आर्थिक सहभागिता, उद्देश्य, आवश्यकता, जोखिम, नाफा र खुला एवम् स्वेच्छिक संलग्नता जस्ता तत्त्वहरू निहित हुन्छन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने परम्परागत कालदेखि गुठी, धर्म भकारी, मङ्का खलः, कुलायन, देवाली, पर्म, भेजा, ढिकुरी आदिले सहकारी संस्थाका रूपमा काम गर्थे । नेपालमा वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना भएसँगै औपचारिक रूपमा सहकारीको विकास भएको पाइन्छ । २०१३ सालमा चितवनको बखानपुरमा स्थापना भएको बखान ऋण संस्थालाई नेपालको पहिलो सहकारी संस्था मानिन्छ । त्यसपछि सहकारीलाई संस्थागत गर्न २०१६ सालमा सहकारी संस्था ऐन, २०१६ जारी भयो । २०१८ सालमा सहकारी नियम तथा २०२० सालमा सहकारी बैङ्कको स्थापना भयो । वि.सं. २०४८ सालमा सहकारी ऐन जारी भएसँगै सहकारी स्थापना गर्ने लहर नै चलेको छ ।

सहकारी सस्था निश्चित उद्देश्य तथा लक्ष्यद्वारा निर्देशित भएका हुन्छन् । त्यसैले यस्ता संस्थाको सदस्यता स्वेच्छिक हुन्छ । यस्ता संस्थामा कुनै प्रकारको कृत्रिम बन्देज नलगाई सेवा उपभोग गर्न सकिन्छ । सहकारी संस्था प्रजातान्त्रिक सङ्गठन हो र यो सदस्यहरूले स्वीकार गरेको विधिद्वारा निर्वाचित वा नियुक्त व्यक्तिबाट सञ्चालित हुन्छ । आर्थिक कारोबारबाट प्राप्त हुने प्रतिफलमा सदस्यहरूको समान हक हुन्छ ।

Curriculum Development Centre

बहिनी, हाम्रो जस्तो मुलुकका लागि सहकारीको अत्यन्त ठुलो महत्त्व छ । यस्ता संस्थाहरूको उद्देश्य जन आकाङ्क्षाको पूर्ति गर्नु हो । अतः जन सहभागिताबिना सहकारी विकासको सम्भावनालाई कल्पना नै गर्न सकिँदैन । विकसित राष्ट्रहरूले सहकारीबाट महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन् । त्यसैले विगत वर्षको अनुभव र अरू मुलुकहरूले गरेको उन्नतिबाट पाठ सिकेर हामीले लाभ लिन सक्नुपर्छ । नेपालको अर्थ व्यवस्थालाई सुदृढ बनाउनका लागि सहकारीको भूमिका महत्त्वपूर्ण छ । सहकारीले किसानहरूलाई मितव्ययी हुन सिकाउँछ । यसले ग्रामीण समाजमा उत्पादनमूखी भावनाको विकास गराउँछ । यसले स्थानीय बासिन्दाको जीवन स्तर उकासी गरिबी निवारणमा सघाउँछ । बहु उद्देशीय सहकारी संस्थाको स्थापनाले कृषिक्षेत्रमा संलग्न कृषकलाई ऋण सुविधा, बजार सुविधा आदि उपलब्ध गराई ग्रामीण जीवन स्तरमा सुधार ल्याउन भूमिका खेल्छ ।

घरेलु तथा साना उद्योगको विकासबिना ग्रामीण जीवन स्तरमा सुधार हुन सक्दैन । त्यसैले साना तथा घरेलु उद्योग स्थापनाका लागि आवश्यक पुँजीको जोहो सहकारीबाट सम्भव हुन्छ । योजना बद्ध आर्थिक विकासमा पनि यस्ता संस्थाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसबाट स्थानीय स्तरमा सहकार्य, समन्वय र लगानीका लागि वातावरण सिर्जना भएको छ । नयाँ नयाँ सम्भावना र आवश्यकता पहिचानमा यस्ता संस्थाहरूले मदत गरेका छन् । यसरी सहकारीका माध्यमबाट अर्थतन्त्रमा सुधार गरी बेरोजगारी तथा गरिबी निवारण गर्न सकिन्छ ।

सहकारीमा पनि केही समस्याहरू छन् । आफन्त तथा चिने जानेकालाई बढी ऋण प्रवाह गर्ने तथा एउटै परिवारका सदस्यहरूलाई सञ्चालकमा नियुक्ति गरिने जस्ता गैर कानुनी कार्यहरू हुने गरेको सुन्नमा आएका छन् । सञ्चालकले निक्षेप रकम आफूखुसी प्रयोग गर्ने र निक्षेप रकम बेप्रवाह घरजग्गामा लगानी गर्ने जस्ता समस्या पनि छन् । यसैगरी सर्वसाधारणबाट सङ्कलन भएको रकम ठुला व्यवसायलाई दिने र आर्थिक कारोबारको लेखा परीक्षण नगर्ने जस्ता समस्या देखिएका छन् । एउटै व्यक्ति धेरै सहकारी संस्थामा संलग्न हुनाले पनि सहकारी संस्था बदनाम हुने गरेका छन् । यसको समाधानका लागि सहकारी ऐनको प्रभावकारी कार्यान्वयन हुँदा सहकारीबाट प्रशस्त फाइदा पुग्न सक्छ । यसैगरी कार्यक्षेत्रभन्दा बाहिर गएर गरिने लगानीलाई निरुत्साहित गरी वास्तविक निक्षेप कर्तालाई सुविधा प्रदान गनुपर्दछ । साथै कार्यक्षेत्रभन्दा बाहिरका मानिसलाई सेयर बिक्री गर्न बन्देज लगाई प्रभावकारी नियमनको व्यवस्था हुनुपर्छ ।

बहिनी, तिमीले राखेका जिज्ञासाहरू अवश्य पनि पुरा भए होलान् भन्ने विश्वास लिएको छु । यदि अरू केही जानकारी चाहिएमा आगामी पत्रहरूमा चर्चा गरौँला ।

तिम्रो माया गर्ने दाजु

मौसम

Curriculum Development Centre

## क्रियाकलाप

१. तपाईँको स्थानीय स्तरमा स्थापना भएका सहकारी संस्थाहरूले सञ्चालन गरेका गतिविधिहरू कक्षामा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

२. सहकारी स्थापना गर्न के कस्ता प्रक्रियाहरू पुरा गर्नुपर्छ ? साथीहरूसँग छलफल गरी निष्कर्ष लेख्नुहोस् ।

३. सहकारी संस्थाले स्थानीय उत्पादन प्रवर्धन गर्न खेलेका भूमिका कक्षामा चर्चा गर्नुहोस् ।

४. सहकारीबाट हुने फाइदा समावेश गरी समचारको एक नमुना तयार पार्नुहोस् ।

## अभ्यास

(क) सहकारी भनेको के हो ? यसका सिद्धान्तहरू उल्लेख गर्नुहोस् ।

(ख) सहकारी संस्था स्थापनाका लागि आवश्यक सर्तहरू बुँदामा उल्लेख गर्नुहोस् ।

(ग) नेपालको सन्दर्भमा सहकारी संस्थाहरूको भूमिका बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(घ) सहकारीका गतिविधिलाई अझ प्रभावकारी बनाउन राज्यले खेल्नुपर्ने भूमिका लेख्नुहोस् ।

(ङ) नेपालमा सहकारी संस्थाको विकास क्रम सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

(च) नेपालमा सहकारीप्रतिको दृष्टिकोण सकारात्मक बनाउन के कस्ता कुराहरूमा सुधार गर्नुपर्छ ? लेख्नुहोस् ।

Curriculum Development Centre

पाठ : छ

# वित्तीय शिक्षा

सामान्तया वित्त भन्नाले धनमाल वा जायजेथा भन्ने बुझिन्छ । आर्थिक कारोबारसँग सम्बन्धित गतिविधि नै वित्त हो । यसअन्तर्गत विशेष गरेर मुद्राको कारोबार पर्छ । नेपालमा अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । उनीहरूको आर्थिक कारोबार गर्ने सङ्घसंस्थासम्म यथेष्ट पहुँच पुग्न सकेको छैन । प्रत्येक व्यक्तिसँग भएको आर्थिक वा वित्तीय स्रोत साधनको प्रभावकारी र मितव्ययी उपयोग हुनुपर्छ । यसरी वित्तको महत्त्व बुझी त्यही अनुसारको उचित व्यवस्थापन गर्ने ज्ञानलाई वित्तीय शिक्षा भनिन्छ । वित्तीय शिक्षाले पैसाको महत्त्व बुझ्न, त्यसको सही सदुपयोगबाट आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्न तथा घरायसी आयव्ययलाई व्यवस्थित परिचालन गर्न सहयोग गर्छ । परिवारको आम्दानीको केही अंश बचत गर्ने, विदेशबाट प्राप्त भएको रकमलाई समुचित र उत्पादनमूलक उपयोग गर्ने जस्ता विषयमा वित्तीय शिक्षाले जानकारी दिन्छ । वित्तीय साक्षरतालाई नेपाल सरकारले विशेष महत्त्व दिँदै आएको छ ।

## वित्तीय प्रणाली

हाल नेपालमा वित्तीय प्रणालीअन्तर्गत केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र लघु वित्त विकास बैङ्क पर्छन् । साथै यसअन्तर्गत बैङ्किङ कारोबार गर्ने सहकारी संस्था तथा लघुवित्तको कारोबार गर्ने गैर सरकारी सङ्घसंस्थाहरू पर्छन् । नेपालमा कार्यरत वित्तीय सङ्घसंस्थालाई क, ख, ग र घ वर्गमा विभाजित गरिएको छ । नेपालमा वि.सं. २०७३ को तथ्याङ्कअनुसार 'क' वर्गका वाणिज्य बैङ्कहरू एकतिस, 'ख' वर्गका वाणिज्य बैङ्कहरू सात, 'ग' वर्गका वित्त कम्पनीहरू उनन्साठी र 'घ' वर्गका  लघुवित्त कम्पनीहरू पैँतिस ओटा रहेका छन् । यसरी आर्थिक कारोबार वा मुद्राको कारोबार गर्ने सङ्घसंस्थालाई वित्तीय संस्था भनिन्छ ।

बैङ्क तथा वित्तीय संस्थाहरूले निक्षेपका रूपमा बचत सङ्कलन गर्ने, कर्जा प्रदान गर्ने जस्ता कार्य गर्छन् । साथै विप्रेषणबारे जानकारी दिने, विदेशी मुद्रा सटही गर्ने, सरकारी ऋणपत्रहरूको कारोबार गर्ने, सुनचाँदी कर्जा दिन, बैङ्क ग्यारेन्टी बस्ने जस्ता अन्य कार्यहरू गर्दछन् । यसरी बैङ्कमार्फत निक्षेप सङ्कलनलगायत अन्य कार्यको कारोबार गर्दा बैङ्कमा खाता खोलेर सञ्चालन गर्न सकिन्छ ।

## बैङ्क खाता

बैङ्क तथा वित्तीय संस्थाले वित्तीय कारोबार गर्नका लागि सर्वसाधारण व्यक्ति वा संस्थाको नाममा खाता खोलिदिन्छ । यसरी व्यक्ति वा संस्थाको नाममा रहेको विवरण नै बैङ्क खाता हो । बैङ्क खाता खोलेपछि ग्राहकले रुपियाँ जम्मा गर्दा भौचर पाउँछन् । आफूले राखेको रकम झिक्न चेकबुक र कारोबारको विवरण हेर्न बैङ्क स्टेटमेन्टसमेत उपलब्ध हुन्छ । बैङ्क तथा वित्तीय संस्थाहरूले निम्नअनुसार खाताहरू सञ्चालन गरेका हुन्छन् :

Curriculum Development Centre

### चल्ती खाता

आफूले चाहेको समयमा चाहेको जति रकम एक दिनमा जतिपटक पनि राख्न र झिक्न सकिने गरी खोलिएका खातालाई चल्ती खाता भनिन्छ । यस्तो खातामा राखेको पैसामा ब्याज पाइँदैन । उद्योगी, व्यापारी वा कार्यालयका लागि यस्तो खाता उपयोगी हुन्छ ।

### बचत खाता

बचत खातामा रकम जतिपटक पनि जम्मा गर्न सकिन्छ तर निश्चित सीमाभित्र रहेर रकम झिक्न पाइन्छ । यस्तो सीमा सम्बन्धित बैङ्कले तोक्छ । यस्तो प्रकारको खातामा बैङ्कले ब्याज प्रदान गर्छ । ससाना वचत कर्ताका लागि यस्तो खाता उपयोगी हुन्छ ।

### मुद्दती खाता

निश्चित समयावधि तोकेर खाता खोली रकम जम्मा गर्ने खातालाई मुद्दती खाता भनिन्छ । यस्तो खाता तिन महिना, छ महिना, १ वर्ष, २ वर्ष वा यस्तै निश्चित अवधि तोकेर जम्मा गरिन्छ । यस्तो खातामा जम्मा गरिएको रकम तोकिएको समयभन्दा अघि निकाल्न पाइँदैन । यस्तो खातामा ब्याज पनि बढी पाइन्छ । तोकिएकै अवधि अघि रकम आवश्यक परेमा मुद्दती खातामा रकम जम्मा गरेको प्रमाण पत्र धितो राखी कर्जा लिन सकिन्छ ।

बैङ्कमा खाता खोल्नका लागि नागरिकताको प्रमाण पत्र, फोटो, आवेदन फाराम, आवश्यक न्यूनतम रकम र दस्तखत नमुना फारम जस्ता काजजात आवश्यक पर्छ । नाबालकको हकमा भने संरक्षकको हैसियतले अभिभावकको नागरिकता, फोटो र आवेदन फारममा दस्तखत आवश्यक पर्छ । बैङ्कमा खाता खोल्दा ग्राहकको पहिचान पूर्ण रूपमा झल्किने गरी पारिवारिक विवरण, बाबु बाजेको नाम जस्ता विवरण दिनुपर्छ । वर्तमानमा सूचना प्रविधिमा भएको विकास र विस्तारले बैङ्किङ तथा वित्तीय क्षेत्रमा नयाँ प्रविधिहरू विकास भएका छन् । विद्युतीय मेसिनको सहायताले प्रदान गर्न सक्ने विभिन्न किसिमका वित्तीय सेवालाई विद्युतीय बैङ्किङ भनिन्छ । यसअन्तर्गत मोबाइल फोन, इन्टरनेट बैङ्किङ, ए.टी.एम आदि पर्छन् । यस्ता प्रविधिबाट बैङ्क खाता खोल्न र रकम राख्ने झिक्ने सुविधाहरू प्राप्त गर्न सकिन्छ । विद्युतीय बैङ्किङले यस सेवालाई छिटो, छरितो र सजिलो बनाएको छ ।

### ए.टी.एम. (Atı omated Teller Mach n -ATM)

ए.टी.एम. कार्ड पनि विद्युतीय कार्ड नै हो । कुनै पनि बैङ्क वा वित्तीय संस्थामा खाता खोलेपछि यो सेवा सञ्चालन गरेको बैङ्कले ग्राहकलाई ए.टी.एम. कार्ड उपलब्ध गराउँछ । यस कार्डबाट मेसिनको सहायताले रकम झिक्न वा मौज्दातबारे जानकारी लिन सकिन्छ । खातामा भएजति रकममात्र झिक्न पाउने हुनाले यसलाई डेबिट कार्ड पनि भनिन्छ । बैङ्कले उपलब्ध गराउने गोप्य पिन नम्बरको सहयोगबाट आफ्नो खातामा भएको रकम झिक्न सकिन्छ ।

Curriculum Development Centre

### **क्रेडिट कार्ड** (Credit card)

आफ्ना विश्वासिला ग्राहकलाई खातामा आवश्यक रकम मौज्दात नभएको अवस्थामा पनि वस्तु तथा सेवा खरिद गर्न सकून् भनेर बैङ्कले विद्युतीय कार्ड उपलब्ध गराउँछ, त्यसैलाई क्रेडिट कार्ड भनिन्छ। सेवाग्राहीले आफूसँग रकम भएको बेला बैङ्कलाई कर्जा भुक्तानी गर्छन् । यसको प्रयोग पनि डेबिट कार्डको जस्तै हो तर रकम खर्च गर्ने निश्चित सीमा तोकिएको हुन्छ। डेबिट कार्ड प्रयोग कर्ताले यो सुविधा लिएबापत निश्चित रकम निजको मौज्दातबाट घट्छ ।

### **एस.एम.एस. बैङ्किङ सेवा** (SMS Banking Service)

मोबाइलबाट सन्देश आदान प्रदान गरेर पनि वित्तीय कारोबार गर्न सकिन्छ। मौज्दात थाहा पाउने अरूको खातामा रकमान्तर गर्ने, तोकिएको बिलहरूको भुक्तानी गर्ने जस्ता कार्य एस.एम.एस. सेवामार्फत प्राप्त गर्न सकिन्छ।

### **बचत र यसबाट हुने फाइदा**

पारिश्रमिक वा अन्य स्रोतबाट प्राप्त आम्दानीको केही अंश खर्च नगरी भविष्यको उपयोगका लागि छुट्याएर राखिन्छ। बैङ्क तथा वित्तीय संस्थामा खाता खोलेर जम्मा गरिएको यस्तो रकमलाई बचत भनिन्छ । बचत व्यक्तिगत आर्थिक व्यवहारका लागि गरिन्छ । हामीले सामान्यता पुँजी निर्माण, सम्पत्ति खरिद, लगानी, दैनिक व्यावहारिक खर्च, पुरानो कर्जा भुक्तानीका लागि बचत गर्छौं । यसका अतिरिक्त सामाजिक व्यवहारहरू, जस्तै : विवाह, व्रतबन्ध, मृत्यु संस्कार, शिक्षा, स्वास्थ्य आदिका लागि पनि बचत गरिन्छ।

(क) **औपचारिक वित्तीय संस्थामा बचत :** केन्द्रीय बैङ्कबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरूमा खाता खोलेर

(ख) **अर्ध औपचारिक वित्तीय संस्थामा बचत** : सहकारी, आमा समूह, वन समूह, उपभोक्ता समूहमा बचत गरेर

(ग) **अनौपचारिक निकायमा बचत :** साहु महाजन, साथीभाइ, घर, गरगहना आदिमा लगानी गरेर।

(घ) **खुत्रुके बचत :** सानो काठ, फलाम वा माटाको भाँडामा ससानो रकम जम्मा गरेर

यसरी रकम बचत गर्दा सकेसम्म औपचारिक वित्तीय संस्थामा बचत गरेको खण्डमा बढी सुरक्षित हुन्छ।

### **बचत गर्दा हुने फाइदाहरू**

(क) पुँजी निर्माण हुने

(ख) लगानी सिर्जना हुने

(ग) उद्यमशीलताको विकास हुने

(घ) आर्जन गरेको रकम सुरक्षित हुने

(ङ) ब्याज प्राप्त गर्न सकिने।

Curriculum Development Centre

यसरी वित्तीय प्रणालीमार्फत विभिन्न आर्थिक कारोबार सञ्चालन गर्दा आय आर्जनका साथै देशको आर्थिक विकासमा पनि टेवा पुग्छ । हामीले पनि सकेसम्म कम खर्च गरेर बढी बचत गर्ने बानी बसाल्नुपर्छ ।

## क्रियाकलाप

१. कुनै पनि बैङ्क वा वित्तीय संस्थामा खाता खोल्न पुरा गर्नुपर्ने प्रक्रिया छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. हाम्रो देशमा नोटलाई सफा राख्नुपर्छ भन्ने चेतना कम छ । नोट सफा राख्नुपर्छ भन्ने अवधारणा विकासका लागि स्थानीय स्तरमा सञ्चालन गरिने चेतनामूलक कार्यक्रमको ढाँचा तयार पार्नुहोस् र कक्षामा भूमिका अभिनय गरी प्रदर्शन गर्नुहोस् ।

३. तपाईंको वरिपरि वा स्थानीय स्तरमा सञ्चालित बैङ्कमा ए.टी.एम. कार्ड लिन आवश्यक प्रक्रियाका बारेमा जानकारी लिई समुदायका अरू व्यक्तिलाई पनि एटिएम् कार्ड लिन प्रेरित गर्नुहोस् ।

४. वित्तीय साक्षरताको उपयोगिता उल्लेख गरी संवादको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

(क) बैङ्क खाताका प्रकारहरू उल्लेख गरी बैङ्कमा खाता खोल्दा हुने फाइदाहरू लेख्नुहोस् ।

(ख) बचतबाट हुने फाइदाहरू सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(ग) कुन प्रकारको बैङ्क खाता खोल्दा उपयुक्त हुन्छ ? चर्चा गर्नुहोस् ।

(घ) ए.टी.एम.का राम्रा र नराम्रा पक्षहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको अभिभावकले कुन बैङ्क वा सरकारी संस्थामा के कस्ता खाता खोल्नुभएको छ ? सोधखोज गरी खाता खोल्दा अपनाउनु परेका प्रक्रियाको विवरणसमेत उल्लेख गर्दै एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

# पाठ : सात

# वित्तीय उपकरणहरू

वित्तीय प्रणालीमा आर्थिक कारोबारमा केही वित्तीय उपकरणहरू प्रयोग गरिन्छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## १. सफा नोट

लेनदेन वा अन्य कुनै पनि कारोबारका लागि नोट आवश्यक पर्छ। अर्थात् नोटलाई हामी पत्रमुद्रा पनि भन्छौँ। मुद्राहरू कागजी र धातु गरी दुई प्रकारका हुन्छन् । विश्वमा प्रायः कागजी नोटहरू प्रचलनमा छन् । नोट निष्काशन तथा व्यवस्थापन गर्ने कार्य प्रत्येक देशमा केन्द्रीय बैङ्कले गर्दछन् । हाम्रो देशमा नेपाल राष्ट्र बैङ्कले केन्द्रीय बैङ्कको जिम्मेवारी वहन गरेको हो ।

नेपाल राष्ट्र बैङ्कले बेला बेलामा नयाँ नोट जारी गर्छ । सफा नोट चलन चल्तीमा ल्याउन यसले सफा नोट नीति पनि ल्याएको छ । त्यसैले नोटमा जथाभावी लेख्ने, स्टिच लगाउने, च्यात्ने, पट्याउने गर्नु हुँदैन । यसले नोटको आयु घटाउँछ । नोटहरूमा नेपाली राष्ट्रियता, प्रकृति, संस्कृति र सभ्यता झल्काउने विषय, जनावर र संरचना अङ्कित गरिएका हुन्छन् । त्यसैले नोटको जतन र संरक्षण गर्नु हामी सबै नागरिकको कर्तव्य हो ।

## २. बैङ्क कर्जा/ऋण

कुनै पनि उद्यम/व्यवसाय सञ्चालनका लागि वित्तीय स्रोत आवश्यक पर्छ । पशुपक्षी पालन गर्न, व्यवसाय सञ्चालन गर्न, आपत् परेको बेला खर्च गर्न, सामाजिक कार्य गर्न र शिक्षादीक्षा प्रदान गर्न हामीले कर्जा वा ऋण लिनुपर्छ । बैङ्किङ प्रणालीमार्फत आवश्यक ऋण लिएर आफ्नो गर्जो टार्न सकिन्छ । यसर्थ निश्चित अवधिपछि ब्याजसहित वा साँवामात्र फिर्ता गर्ने सर्तमा व्यक्ति वा कुनै आर्थिक कारोबार गर्ने संस्थासँग लिइएको रकम नै ऋण वा कर्जा हो । यस्ता कर्जाहरू विभिन्न प्रकारका हुन्छन् । यस्ता प्रकारमा चालु पुँजी कर्जा, खरिद कर्जा, उपभोग कर्जा, लगानी कर्जालगायत पर्छन् ।

बैङ्क वा वित्तीय संस्थाबाट लिइएको ऋण तिर्न नसकेमा ब्याजबाहेक पनि हर्जना तिर्नुपर्छ । यस्तो अवस्थामा धितो लिलामी र कानुनी कारबाही पनि हुन सक्छ । समयमा ऋणको साँवा ब्याज तिर्न नसकेमा वित्तीय संस्थाको कालोसूचीमा पर्न सकिन्छ । यसले गर्दा सामाजिक प्रतिष्ठामा आँच आउँछ । त्यसैले सही कामका लागि ऋणको उपभोग गर्ने तथा समयमा नै कर्जाको किस्ता बुझाउने सोच राखेर ऋण लिनु बढी बुद्धिमानी हुन्छ ।

## ३. विप्रेषण

एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने कार्यलाई विप्रेषण भनिन्छ । बैङ्क, वित्तीय संस्था वा अनुमति प्राप्त मनि ट्रान्सफर एजेन्सीहरूबाट रकम स्थानान्तरण गर्न सकिन्छ । नेपालको कुल गार्हस्थ उत्पादनको २३% योगदान विप्रेषणको छ । देश विदेशमा आर्जन गरेको रकम निजी व्यापारी, प्रतिनिधि

Curriculum Development Centre

वा दर्ता नभएका संस्थामार्फत पठाउने कार्यलाई हुन्डी भनिन्छ । यस्तो कार्यलाई गैर कानुनी मानिन्छ । त्यसैले औपचारिक निकायबाट रकम पठाउने गर्नुपर्दछ । विदेशबाट प्राप्त गरेको रकमको ठुलो हिस्सा अनुत्पादक वस्तु र उपभोगमा खर्च भइरहेको छ । त्यसलाई नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ ।

### ४. विदेशी विनिमय

नेपालबाहेक अन्य देशका मुद्राहरू नेपालका लागि विदेशी मुद्रा हुन् । कुनै पनि देशमा विदेशी मुद्राको सञ्चिती जति बढी भयो त्यति फाइदा हुन्छ । अरू देशबाट वस्तु तथा सेवा आयात गर्दा विदेशी मुद्रा भुक्तानी गर्नुपर्छ । नेपालमा विदेशी मुद्रा विभिन्न स्रोतबाट प्राप्त हुन्छ । नेपाली कामदारले विदेशमा पैसा कमाएर पठाएमा वा विदेशी सङ्घसंस्थाले नेपालमा सहयोग गरेमा विदेशी मुद्रा प्राप्त हुन्छ । विदेशी पर्यटक नेपाल आउँदा पनि विदेशी मुद्रा आर्जन हुन्छ । नेपाली मुद्रा अरू देशको मुद्रासँग सटही गर्ने दरलाई विनियम दर भनिन्छ । अन्य देशबाट बढी वस्तु तथा सेवाको आयात गर्नु परेकाले विदेशी मुद्राको माग बढेको छ । यस प्रवृत्तिले नेपाली मुद्रा कमजोर बनाउँछ ।

### ५. धितोपत्र

सरकार वा कुनै कम्पनीले आफूलाई चाहिने रकम सङ्कलन गर्न जारी गरिएको वित्तीय औजारलाई धितोपत्र भनिन्छ । यसअन्तर्गत सरकारी ऋणपत्रहरू, डिबेन्चर बोन्ड, सेयर आदि पर्छन् । कुनै पनि व्यवसाय वस्तु तथा सेवाको विकास र विस्तार गर्न आवश्यक पुँजी विभिन्न अंशमा विभाजित गरी सङ्कलन गर्न धितोपत्र निष्काशन गरिन्छ । धितोपत्रका माध्यमबाट लगानी कर्तासँग छरिएर रहेको बचत उद्योग धन्दामा परिचालित हुन गई देशको विकासमा सहयोग पुग्छ । सामान्यतया प्रतिकित्ता सेयरको अङ्कित मूल्य रु. १०० कायम गरिन्छ । कम्पनीको लाभहानीमा सेयर धनीको सेयर कित्ताबमोजिम हिस्सा रहेको हुन्छ ।

**साधारणतया सेयरहरू दुई प्रकारका हुन्छन् : अग्राधिकार र साधारण सेयर ।**

#### अग्राधिकार सेयर

अरू प्रकारका सेयरभन्दा पहिले नै लाभांश पाउने गरी निष्काशन गरिएका सेयरलाई अग्राधिकार सेयर भनिन्छ । यस्तो सेयरमा लाभांशको प्रतिशत निश्चित हुन्छ । यसअन्तर्गत अंशियारहरूले कम्पनीको बैठकमा भाग लिने र मत दिने अधिकार हुँदैन । पुँजीमा जोखिम उठाउन नचाहने व्यक्तिहरूले यस्तो सेयरमा लगानी गर्छन् ।

#### साधारण सेयर

अग्राधिकार सेयरलाई लाभांश वितरण गरेपछि बाँकी मुनाफाबाट लाभांश पाउने गरी निष्काशन गरिएको सेयरलाई साधारण सेयर भनिन्छ । बढी जोखिम उठाउन तयार हुने लगानी कर्ताका लागि यो सेयर उपयुक्त हुन्छ ।

Curriculum Development Centre

**सेयरको फारम भर्नका लागि निम्न लिखित कुराहरूको आवश्यकता पर्छ :**

(क) नागरिकताको प्रमाणित प्रतिलिपि

(ख) आवेदकको ठेगाना र बाबुबाजेको नाम, सम्पर्क नम्बर

(ग) रकम फिर्ता पाउन अर्धकट्टी र बैङ्क खाता

(घ) हालसालै खिचेको फोटो आदि ।

## क्रियाकलाप

१. तपाईंको परिवारका सदस्य वा नातेदार वैदेशिक रोजगारमा गएको हुनुपर्छ । उहाँले पठाएको विप्रेषण कुन कुन शीर्षकमा खर्च भइरहेको छ ? सोधपुछ गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. सेयर निस्काशन भनेको के हो ? सेयर कारोबारबाट कसरी आम्दानी गर्न सकिन्छ ? साथीहरूसँग छलफल गरी लेख्नुहोस् ।

३. दैनिक प्रकाशित वा प्रशारित सञ्चारका माध्यमबाट सूचना सङ्कलन गरी आजको विभिन्न राष्ट्रका वैदेशिक मुद्रा खरिद दर तथा बिक्रीदरलाई कक्षाको सूचना पाटीमा टाँसी सुनाउनुहोस् ।

## अभ्यास

(क) नोट सफा नहुँदा हुने असरहरू उल्लेख गर्नुहोस् ।

(ख) धातोपत्र र कर्जामा भिन्नता देखाउनुहोस् ।

(ग) सेयरबाट हुने कुनै पाँच ओटा फाइदा उल्लेख गर्नुहोस् ।

(घ) विप्रेषणका मुख्य स्रोतहरू के के हुन् ?

(ङ) हुन्डी भनेको के हो ? किन हुन्डीलाई गैर कानुनी मानिन्छ ?

(च) विदेशी विनियमका बारेमा छोटो अनुच्छेद लेख्नुहोस् ।

## परियोजना कार्य

बैङ्कले कर्जा दिने प्रक्रियाबारे जान्न तपाईंको पायक पर्ने बैङ्क वा बैङ्किङ कारोबार सम्बन्धमा जानकार व्यक्तिकहाँ जानुहोस् र कर्जा सम्बन्धी आवश्यक सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

**पाठ : आठ**

# बिमा

विपत्, दुर्घटना, अकाल मृत्यु जस्ता सङ्कटले मानिस तथा पशु पीडित हुन्छन् । कहिलेकाहीँ खेतबारीमा लगाएको बाली खडेरी, बाढी, पहिरो, अनावृष्टि र अतिवृष्टिले नष्ट गर्छ । मानिसलाई यस्ता विभिन्न प्रकारका सङ्कटबाट नोक्सान पर्न सक्छन् । यसरी विभिन्न प्रकारले हुने हानि नोक्सानी वा जोखिमको वहनलाई प्रत्याभूत गर्ने माध्यम नै बिमा हो । बिमा रकम तोकिएको समय र किस्ता बन्दीमा बुझाउनुपर्छ । यसरी बिमा गर्नाले बिमित अवधिभर भएको क्षतिको भुक्तानी हुन्छ । यसले गर्दा जोखिम न्यूनीकरण हुन जान्छ र व्यवसाय वा जीवनमा हुन सक्ने हानि नोक्सानीबाट बच्न सकिन्छ ।

जोखिम हस्तान्तरण र व्यवस्थापन गर्ने एउटा उपाय बिमा हो । बिमा जोखिमसँग सम्बन्धित हुन्छ । बिमा गर्दा बिमा कम्पनी र इच्छुक व्यक्ति बिचमा सम्झौता गरिन्छ । यसरी जोखिम हस्तान्तरण गर्दा बिमा कम्पनीले बिमा शुल्क (Premim ) लिन्छ । बिमक र बिमितबिचमा हुने करारलाई बिमालेख भनिन्छ । बिमा प्रस्तावमा प्रस्तावकको नाम, ठेगाना, जोखिमको विवरण, बिमा शुल्क, बिमा गरिएका वस्तु/दायित्व/व्यक्ति, अवधि, सर्त आदि समावेश गरिएको हुन्छ ।

नेपालमा वि.सं. २००४ असोज ८ गते पहिलो बिमा कम्पनीका रूपमा नेपाल माल चलानी तथा वित्त कम्पनी लि. स्थापित भएको थियो । सरकारी स्तरबाट भने राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ अनुसार २०२५ साल पुस १ गते राष्ट्रिय बिमा संस्थान स्थापना भयो । बिमा संस्थानले जीवन तथा निर्जीवन दुवै प्रकारका बिमाहरू गर्छ । हाल नेपालमा २५ ओटा बिमा कम्पनीहरू कार्यरत छन् । तीमध्ये १६ ओटा निर्जीवन बिमा र नौ ओटाले जीवन बिमा सम्बन्धी काम गर्छन् । बिमा सम्बन्धी गतिविधिलाई रेखदेख नियन्त्रण गर्न बिमा ऐन, २०४९ अनुसार बिमा समितिको गठन भएको छ ।

सरकारी स्तरमा स्थापना भएको राष्ट्रिय बिमा संस्थानले बिमा व्यवसायको विकास, विस्तार र प्रवर्धनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस संस्थाले निर्जीवन बिमातर्फ पच्चिस प्रतिशत र जीवन बिमातर्फ पचास प्रतिशत हिस्सा ओगटेको छ । देशका विभिन्न भागमा शाखा कार्यालय र सम्पर्क कार्यालयमार्फत यसले सुविधा उपलब्ध गराउँदै आएको छ ।

### (क) जीवन बिमा

हाम्रो जीवन अनिश्चित छ, विभिन्न दुर्घटनाहरू हुन सक्छन् र मृत्यु पनि हुन सक्छ । परिवारमा आय आर्जन गर्ने व्यक्तिको आकस्मिक मृत्यु भएमा आर्थिक सङ्कट उत्पन्न हुन्छ । त्यसैले हरेक व्यक्तिले जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्न बिमा गर्नुपर्छ । यस्तो प्रकारको बिमालाई जीवन बिमा भनिन्छ । बिमा ऐन, २०४९ ले जीवन बिमालाई यसरी परिभाषित गरेको छ : 'जीवन बिमा व्यवसाय भन्नाले कुनै खास रकम तिरेमा निजले वा निजको हकदारले कुनै खास रकम पाउने गरी गरिने करारनामा सम्बन्धी व्यवसाय सम्झिनुपर्छ ।'

Curriculum Development Centre

जीवन बिमा एउटा करारनामा हो जसअन्तर्गत बिमकले आफ्नो उमेरका आधारमा कुनै खास अवधिमा बुझाएको रकम उक्त अवधि भुक्तान भएपछि आफैँले फिर्ता पाउँछ। आजीवन बिमामा भने बिमा रकम मृत्युपछि इच्छाइएको व्यक्तिले पाउँछ । जीवन बिमा गर्ने व्यक्ति १६ वर्ष पुरा भई ६५ वर्ष ननाघेको हुनुपर्छ। जीवन बिमा पनि सावधिक दोहोरो दुर्घटना लाभसहितको सावधिक, आजीवन अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, संयुक्त, म्यादी जीवन बिमा आदि लगायतका छन् ।

**(ख) निर्जीवन बिमा**

घर, पसल, कल कारखाना, कृषि क्षेत्रमा निर्धारित अवधिमा दैविक वा अन्य कारणले हानी नोक्सानी हुन सक्छ । यस्तो अवस्थामा बिमा लेखमा तोकिएको हदसम्म आर्थिक नोक्सानीको क्षतिपूर्ति गरी बिमितलाई भौतिक क्षति विरुद्ध सुरक्षा प्रदान गरिन्छ । घर पसलमा आगो लाग्न सक्छ, भूकम्पले घर भवनमा क्षति पुऱ्याउन सक्छ । पहिरो, भूक्षय, आँधीबेहरी, असिना, हिउँ, बाढी, खडेरी आदिबाट किसानले लगाएको बाली नष्ट हुन सक्छ । सडकमा गुड्दै गरेको गाडी दुर्घटना हुन सक्छ । यस्तो अवस्थामा क्षतिग्रस्त भएका सम्पत्तिहरूको मूल्याङ्कन गरी बिमितलाई आर्थिक सुरक्षा प्रदान गर्नु निर्जीवन बिमाको उद्देश्य हो । यस्तो बिमा सामान्यत एक वर्षका लागि गरिन्छ । यो अवधि पुरा भएपछि पुनः नवीकरण गर्नुपर्छ । नेपाल जस्तो कृषि प्रधान देशमा बाली बिमाको अझ महत्त्व छ । राष्ट्रिय कृषि नीति २०६१ अनुसार कृषि मन्त्रालयको समन्वयमा बाली तथा प्रशोधन बिमा, २०६९ जारी भएको छ। उक्त व्यवस्थाअनुसार बिमित रकमको किस्तामध्ये ७५% सरकार र २५% किसानले बेहोर्नुपर्छ। बिमित बालीको क्षतिपूर्ति भए ९०% क्षतिपुर्ति पाउने व्यवस्था छ। यसैगरी आफूले पालेको पशु मरेमा पनि सुरक्षण बापतको रकम क्षतिपूर्तिका रूपमा पाइन्छ ।

**बिमा गर्दा ध्यान दिनुपर्ने कुरा**

(क) बिमा गर्नुको उद्देश्यबारे स्पस्ट हुनुपर्छ ।

(ख) बिमालेखमा इच्छाएको व्यक्तिबारे स्पस्ट उल्लेख गर्नुपर्छ ।

(ग) गलत विवरण, जानकारी वा सूचना दिनु हुँदैन ।

(घ) तोकिएको रकम बराबरको बिमा शुल्क, बिमा अवधिभरिमा तिर्न सकिन्छ वा सकिँदैन, ध्यान पुऱ्याउनुपर्छ ।

(ङ) बिमा प्रस्ताव ध्यानपूर्वक पढ्नुपर्छ। यदि आफूले चाहेअनुसारको छैन भने सम्बन्धित बिमकसँग सम्पर्क गर्नुपर्छ ।

(च) बिमा अभिकर्ता बिमा समितिबाट इजाजत प्राप्त हो वा होइन थाहा पाउनुपर्छ ।

(छ) बिमा शुल्क भुक्तानी गरेपछि अनिवार्य रूपमा नगद बुझेको भरपाइ लिनुपर्छ ।

(ज) बिमा गरेको कुरा घर परिवारलाई जानकारी गराउनुपर्छ ।

(झ) बिमालेख नवीकरणको मिति ख्याल गरेर यथा समय बिमा शुल्क भुक्तानी गर्नुपर्छ ।

(ञ) बिमा सम्बन्धी सम्पूर्ण कागजात सुरक्षित साथ राख्नुपर्छ ।

Curriculum Development Centre

**बिमाबाट हुने फाइदाहरू**

(क) अनिवार्य बचत

(ख) जोखिमको क्षतिपूर्ति

(ग) सुरक्षित भविष्य

(घ) लाभांश प्राप्त हुने

(ङ) एकमुष्ट रकम उपलब्ध भई लगानीको अवसर प्राप्त हुने

(च) अप्ठ्यारो परेका बेला ऋण लिन सकिने ।

## क्रियाकलाप

१. तपाईँ जीवन बिमा गर्न उमेरगत हदले योग्य हुनुहुन्छ कि हुनुहुन्न ? कक्षामा छलफल गरेर प्रस्तुत गर्नुहोस् ।

२. तपाईँको टोल समुदायका कुनै व्यक्तिले बिमा सम्बन्धी जानकारी मागेमा के जानकारी दिनुहुन्छ ? समूहमा छलफल गरी जानकारी दिनुपर्ने विषय वस्तु पहिचान गर्नुहोस् ।

३. तपाईँको परिवारका सदस्यले जीवन बिमा गर्नुभएको होला । उक्त बिमाका लागि किस्ता कति तिर्नुपर्छ ? बिमा कति रकम र अवधिको हो ? के कस्ता सुविधाहरू बिमा कम्पनीले दिने सर्त उल्लेख छ ? सम्पूर्ण तथ्यहरू खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. निर्जीवन बिमा किन आवश्यक छ ? नेपाल जस्तो कृषि प्रधान देशमा यसको महत्त्वबारे कक्षामा समूह बनाई छलफल गर्नुहोस् ।

## अभ्यास

(क) बिमा भनेको के हो ?

(ख) जीवन बिमा र निर्जीवन बिमामा के भिन्नता छ ?

(ग) निर्जीवन बिमा भनेको के हो ?

(ङ) बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरू बुँदागत रूपमा चर्चा गर्नुहोस् ।

## सामुदायिक कार्य

नजिकको कृषि कार्यालयमा जानुहोस् र बाली बिमा सम्बन्धी आवश्यक सूचना सङ्कलन गरी स्थानीय कृषकसँग छलफल गरेर प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : नौ**

# राजस्व र कर असुली

राज्यले विभिन्न स्रोतबाट आम्दानी प्राप्त गर्छ । यसरी प्राप्त हुने आम्दानीलाई सार्वजनिक आय वा राजस्व भनिन्छ। यसरी सरकारले राजस्व र गैरकर राजस्वमार्फत आम्दानी प्राप्त गर्दछ। कानुनबमोजिम सरकारले जनताबाट प्राप्त गर्ने तथा कानुनबमोजिम जनताले राज्यलाई अनिवार्य रूपमा तिर्नुपर्ने रकमलाई नै कर भनिन्छ। कर अनिवार्य भुक्तानी हो। कर तिर्ने व्यक्ति वा संस्थाले कर तिरेबापत कुनै पनि लाभको अपेक्षा गर्दैन । अर्थात् कर लाभको अपेक्षा नगरी नागरिकद्वारा तिरिने अनिवार्य भुक्तानी हो । कर लगाउनु वा उठाउनु राज्यको अधिकार हो भने कर तिर्नु नागरिकको कर्तव्य हो ।

## कर आम्दानी

कर सरकारले जनतामा लगाउने अनिवार्य रकम हो। कर तिरेबापत करदातालाई प्रत्यक्ष फाइदा हुँदैन। यसलाई सरकारी राजस्वको प्रमुख स्रोत मानिन्छ । भन्सार महसुल, वस्तु तथा सेवाको उपभोगमा लगाइने करहरू, जग्गाकर, दर्ता शुल्क, सम्पत्ति, नाफा र आयकर आदि कर आम्दानीअन्तर्गत पर्छन् ।

## प्रत्यक्ष कर

कर तिर्ने भार एउटै व्यक्तिमा हुन्छ भने त्यस्तो करलाई प्रत्यक्ष कर भनिन्छ। कुनै व्यक्तिले घर जग्गा किन्दा निश्चित रकम करका रूपमा तिर्नुपर्छ जुन रकम अरूलाई स्थानान्तरण गर्न सकिँदैन। आयकर, पारिश्रमिक कर, घरजग्गा कर आदि प्रत्यक्ष करका उदाहरणहरू हुन्। यस्तो कर आवश्यकताअनुसार घटबढ गर्न सकिन्छ । यिनीहरू समानतामा आधारित र प्रगतिशील हुन्छन् । यस प्रकारको करले मुद्रास्फिति नियन्त्रण गर्न सघाउ पुऱ्याउँछ । नेपालमा कुल राजस्वमध्ये करिब ३० प्रतिशत योगदान प्रत्यक्ष करको रहने अनुमान छ ।

## अप्रत्यक्ष कर

कर तिर्ने भार एक पक्षमा र करको प्रभाव अर्को पक्षमा पर्छ भने त्यस्तो करलाई अप्रत्यक्ष कर भनिन्छ। मानौं, तपाईंले कुनै होटलमा गएर सेवा सुविधा प्राप्त गरेबापत करसहितको बिल होटलमा तिर्नुहुन्छ । तर उक्त कर होटलवालाले राज्यकोषमा दाखिला गर्छ । त्यसैले करको भार होटल पक्षमा पऱ्यो भने करको प्रभाव उपभोक्तामा पऱ्यो । अन्तःशुल्क, भन्सार शुल्क, मूल्य अभिवृद्धि कर आदि अप्रत्यक्ष करका उदाहरण हुन् । अप्रत्यक्ष कर सुविधाजनक हुनुका साथै लोचदार पनि हुन्छ । यस्तो प्रकारको करको आधार फराकिलो हुन्छ र कर छल्न पनि सकिँदैन । निम्न आय भएका व्यक्तिले उपभोग गर्ने वस्तु तथा सेवामा कम कर र मध्यम तथा उच्च आय भएका व्यक्तिले उपभोग गर्ने वस्तु तथा सेवामा बढी कर लगाइने हुनाले यस्तो कर समन्यायमा आधारित पनि हुन्छ ।

Curriculum Development Centre

## गैरकर आम्दानी

करबाहेक अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई गैरकर आम्दानी भनिन्छ। यसअन्तर्गत उपहार तथा अनुदान, शुल्क, दण्ड तथा जरिवाना, उत्तराधिकारी विहीन सम्पत्ति, सार्वजनिक सम्पत्तिलगायत पर्छन्।

## नेपालमा प्रचलित करहरू

### (क) मूल्य अभिवृद्धि कर (VAT-Valu Ad d Tax)

वस्तु तथा सेवाको उत्पादन तथा वितरणको विभिन्न तहमा हुने मूल्य अभिवृद्धिमा लगाइने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ। यो करको सुरुआत फ्रान्सबाट भएको हो। कर वस्तु तथा सेवामा तोकिएको दरमा लगाइन्छ र करको अन्तिम भार भने उपभोक्तामा पर्छ। नेपालमा मूल्य अभिवृद्धि कर २०५४ सालबाट लगाउन सुरु गरिएको हो। यस्तो कर प्रणालीमा तोकिएका वस्तु तथा सेवामा कर छुटको व्यवस्था पनि हुन्छ। यसैगरी कुनै व्यवसायीले २० लाखभन्दा बढीको कारोबार गर्छ भने अनिवार्य भ्याटमा दर्ता गर्नुपर्छ। यसका लागि आन्तरिक राजस्व कार्यालयमा दर्ता गरेर प्रमाण पत्र लिन सकिन्छ। हामीले पनि वस्तु तथा सेवाको खरिद गरेपछि अनिवार्य भ्याट बिल लिने बानी बसाल्नुपर्छ।

### (ख) अन्तःशुल्क

देशभित्र उत्पादन भएका एवम् आयातित वस्तु तथा सेवामा लगाइने करलाई अन्तःशुल्क भनिन्छ। अन्तःशुल्क सरकारी राजस्वको अर्को महत्त्वपूर्ण स्रोत हो। सुरुमा तोकिएका वस्तु तथा सेवाको देशभित्र हुने कारोबारमा यो कर लगाइने हुनाले अन्तःशुल्क भनिएको हो। अन्तःशुल्क मदिरा, चुरोट, खुदो, कत्था, चाउचाउ आदिमा परिमाणका आधारमा र प्लास्टिक, सवारी साधन, मुद्रण सामग्री, टी.भी. आदिमा मूल्य प्रतिशतका आधारमा लगाइन्छ। यस्तै अन्तःशुल्क लाग्ने वस्तुहरूलाई पनि मदिरा समूह, सुर्तीजन्य समूह र स्वयम् निकासी वस्तुहरू गरी तिन समूहमा विभाजन गरिएको छ।

### (ग) भन्सार महसुल

विदेशबाट आयात गरिने मालवस्तु र विदेशमा निर्यात गरिने वस्तुहरू वा आयात निर्यात गर्दा भन्सार बिन्दुमा कानुनबमोजिम लिइने करलाई नै भन्सार महसुल भनिन्छ। यसलाई पनि राजस्वको महत्त्वपूर्ण स्रोत मानिन्छ। त्यसैले प्रत्येक देशहरूले आफ्ना सीमावर्ति क्षेत्रमा भन्सारका प्रशासनिक एकाइहरू स्थापना गरेका हुन्छन्। मुख्य नाकाहरूमा मुख्य भन्सार र अन्य स्थानमा छोटी भन्सार स्थापना गरेका हुन्छन्। नेपाल सरकारले काकरभिट्टा, विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगन्ज आदि ठाउँमा मुख्य भन्सार र अन्य ठाउँमा छोटी भन्सार स्थापना गरेर महसुल सङ्कलन गरिएको छ।

## आयकर

सामान्यतया आय वा आम्दानीमा लाग्ने करलाई आयकर भनिन्छ। यसलाई प्राचीन कर प्रणाली मानिन्छ। यसको सुरुआत १२ औँ शताब्दीमा बेलायतबाट भएको थियो। प्राचीन समयमा पशु पालन, कृषि, मत्स्य व्यवसायमा लगाइने आयकर अहिले व्यवसाय, रोजगारी, लगानी, नाफा लगायतका सबै क्षेत्रमा लगाइन्छ। नेपालमा यो कर सबै क्षेत्रमा लगाइएको पाइन्छ। तर नाफा नकमाउने उद्देश्यले

Curriculum Development Centre

स्थापना भएका सङ्घसंस्थाहरू, गैर व्यावसायिक खेलकुद संस्थाहरू, निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूले कर छुट पाउने व्यवस्था छ ।

स्थानीय निकायले विभिन्न आठ प्रकारका कर असुल गर्न पाउने अधिकार स्थानीय स्वायत्त शासन ऐनले प्रदान गरेको छ ।

## क्रियाकलाप

१. स्थानीय निकायले उठाउन सक्ने करहरू सम्बन्धी स्थानीय स्वायत्त शासन ऐनमा भएको व्यवस्थाबारे खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

२. तपाईँको परिवारले तिर्नुभएको कर के कस्ता कार्यक्रम सञ्चालनका लागि उपयोग हुने गरेको छ ? विभिन्न दलका राजनीतिक प्रतिनिधिहरूसँग छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) राजस्व भन्नाले के बुझिन्छ ? कर आम्दानी र गैरकर आम्दानीबिच भिन्नता देखाउनुहोस् ।

(ख) नेपालमा प्रचलित कर प्रणालीको चर्चा गर्नुहोस् ।

(ग) कर राजस्वको विशेषताहरू उल्लेख गर्नुहोस् ।

(घ) प्रत्यक्ष करका फाइदा र बेफाइदाहरू तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ङ) अप्रत्यक्ष करका फाइदा र बेफाइदाको सूची तयार पार्नुहोस् ।

(च) 'अन्तःशुल्क सरकारी राजस्वको मुख्य स्रोत हो ।' पुष्टि गर्नुहोस् ।

(छ) भन्सार महसुल भनेको के हो ? नेपालको सन्दर्भमा यसको महत्त्व उल्लेख गर्नुहोस् ।

(ज) आयकरका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(झ) आयकरका प्रकारहरू उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

स्थानीय निकायमा कुन कुन प्रकारका करहरू लगाइन्छ ? गाउँपालिका वा नगरपालिकामा गएर आवश्यक सूचना सङ्कलन गरी एक विवरण तयार पार्नुहोस् र विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।

Curriculum Development Centre

**पाठ : दस**

# उपभोक्ता अधिकार

व्यक्तिगत प्रयोजनका लागि वस्तु तथा सेवाको उपभोग गर्ने व्यक्तिलाई उपभोक्ता भनिन्छ । तर कुनै वस्तु तथा सेवाको उपभोग कर्ता मात्र उपभोक्ता नभई अन्य वस्तु तथा सेवाका उत्पादक, आपूर्ति कर्ता तथा बिक्रेतासमेत हुन सक्छ । कुनै पनि वस्तु तथा सेवाको उत्पादक सो वस्तु तथा सेवाका लागि विक्रेता भए पनि अन्य वस्तु तथा सेवाका लागि उपभोक्ता पनि हुन् । तसर्थ वस्तु सेवाको उपभोग गर्ने सबै व्यक्ति, संस्था, कम्पनी आदि पनि उपभोक्ता हुन् । उपभोक्ता सम्बन्धी अन्तर्राष्ट्रिय संस्था Consumer International ले उपभोक्ताभित्र समग्रमा हामी सबैलाई समेटेको छ ।

नेपालको संविधानको भाग ३ धारा ४४ मा उपभोक्ता अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ भन्ने स्पष्ट व्यवस्था गरिएको छ । नेपाल सरकार वाणिज्य मन्त्रालयले उपभोक्तालाई बजारमा प्राप्त हुने वस्तु तथा सेवाको उपभोग तथा प्रयोग गर्ने व्यक्ति वा समूह भनेर परिभाषित गरेको छ । उपभोक्ता संरक्षण ऐनको दफा २ क ले कुनै पनि वस्तु तथा सेवाको उपभोग गर्ने व्यक्ति वा संस्था उपभोक्ता हो भनी परिभाषित गरेको छ ।

उपभोक्ता अधिकार भन्नाले उपभोक्ताले उपयोग गर्ने वस्तु तथा सेवाको अधिकारसँग सम्बन्धित छ । उपभोक्ताको हकहित संरक्षणका लागि विभिन्न प्रयासहरू भएका छन् । उपभोक्ताको हकहित सम्बन्धी कानुन सर्व प्रथम संयुक्त राज्य अमेरिकाबाट सुरु भई सन् १९६३ मार्च १५ मा लागु गरियो । त्यसैले प्रत्येक वर्ष मार्च १५ लाई अन्तर्राष्ट्रिय उपभोक्ता दिवसका रूपमा मनाइन्छ । उक्त धारामा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ र उपभोक्तालाई गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेका व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने अधिकार छ । संयुक्त राष्ट्र सङ्घले विभिन्न ८ ओटा अधिकारलाई उपभोक्ता अधिकारका रूपमा परिभाषित गरेको छ ।

उपभोक्ताको हकहित संरक्षणका लागि नेपाल सरकारले २०५५ साल वैशाख १ गते उपभोक्ता संरक्षण ऐन, २०५४ जारी गरेको थियो । उक्त ऐनले उपभोक्तालाई निम्न लिखित अधिकार प्रदान गरेको छ :

१. जिउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुने अधिकार

२. अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनका निम्ति उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता आदिबारे सुसूचित हुने अधिकार

३. प्रतिस्पर्धात्मक मूल्यमा वस्तु तथा सेवाको छनोट गर्न पाउने अधिकार

४. उपभोक्ताको हकहित संरक्षणका लागि उपयुक्त निकायबाट सुनुवाइ हुने कुरामा विश्वस्त हुने अधिकार

Curriculum Development Centre

५. अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्का विरुद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने अधिकार

६. उपभोक्ता शिक्षाको अधिकार ।

ऐनमा कुनै पनि उत्पादकले आफ्नो उत्पादनमा निम्न लिखित कुराहरू समावेश गर्नुपर्ने उल्लेख गरिएको छ :

(क) उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर

(ख) खाद्य पदार्थ र औषधी जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, परिमाण र तौल

(ग) गुणस्तर निर्धारण भएको वस्तुमा सो वस्तुको गुणस्तर

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गर्दा पर्ने प्रभाव

(ङ) उपभोग्य वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र म्याद सकिने मिति

(च) विद्युतीय सामाग्री, हार्डवेयर तथा यान्त्रिक सामाग्री भएमा ग्यारेन्टी, ग्यारेन्टी मिति, अन्य आवश्यक कुराहरू समावेश सम्बद्ध पक्ष

(छ) प्रज्ज्वलनशील, दुर्घटनाजन्य तथा सजिलै टुटफुट हुने पदार्थ वा उपभोग्य वस्तुको सुरक्षा ।

उपभोक्तालाई आफूले उपभोग गर्न चाहेको वा उपभोग गरेको वस्तु तथा सेवामा आफू ठगिएको वा गुणस्तर हीन भएको लागेमा उजुरी गर्ने अधिकार छ । यस्तो अवस्थामा उपभोक्ता स्वयम् वा उपभोक्तवादी सङ्घसंस्था मार्फत उजुरी दिन सकिन्छ। गुणस्तर हीन पदार्थको प्रयोगबाट उपभोक्तालाई हानी नोक्सानी भएमा क्षतिपूर्ति दिने व्यवस्था पनि छ। उपभोक्ता संरक्षण ऐनअनुसार वाणिज्य विभाग, जिल्ला प्रशासन कार्यालय, नजिकको प्रहरी चौकी वा सम्बन्धित विभाग वा मन्त्रालयमा उजुरी दिन सकिन्छ । उपभोक्ताको हकहित संरक्षण गर्न निरीक्षण अधिकृतको व्यवस्था गरिएको छ । निरीक्षण अधिकृतलाई विभिन्न प्रकारका अधिकार प्रदान गरिएको छ । यसैगरी उपभोक्ता संरक्षण ऐनले उपभोक्ता शिक्षा सम्बन्धी व्यवस्था पनि गरेको छ । यसअन्तर्गत उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सूचित गराउने तथा गुणस्तर नभएका वस्तु वा सेवाको प्रयोग गर्दा त्यसको प्रभाव जानकारी गराउन पाठ्यक्रम तयार पार्नु पर्ने व्यवस्था छ। त्यसैअनुरूप विद्यालय तहमा उपभोक्ता शिक्षा सम्बन्धी सामाग्रीहरू समावेश गरिएको छ।

उपभोक्ता शिक्षाबाट हुने फाइदालाई निम्न लिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

१. यसले उपभोक्तालाई उपभोग्य वस्तुको छनोटको मौका प्रदान गर्छ।

२. वस्तु तथा सेवाको खरिद गर्दा उपभोक्ताले सामना गर्नुपर्ने समस्याका बारेमा जागरुक बनाउँछ ।

३. उपभोक्ता शिक्षाले उपभोक्तालाई बजारका बारेमा पूर्ण सूचना प्रदान गर्छ। यसले गर्दा उपभोग्य वस्तु खरिद गर्न सघाउ पुग्छ ।

४. उपभोक्तालाई उपभोग्य वस्तुको गुणस्तर थाहा हुन्छ ।

Curriculum Development Centre

५. उपभोक्तालाई सरकारले जारी गरेका ऐन नियमबारे थाहा हुन्छ । परिणाम स्वरूप आफूले खर्च गरेको रकमबाट अधिकतम सन्तुष्टि प्राप्त हुन्छ ।

उपभोक्ता अधिकार जान्नका लागि शिक्षा र चेतना आवश्यक पर्छ । उपभोक्ता शिक्षाबिना अधिकारको ज्ञान हुँदैन । उद्योगी तथा व्यापारीले गर्ने गैर कानुनी कार्य थाहा पाउन उपभोक्ता शिक्षाको आवश्यकता पर्छ । उपभोक्ता शिक्षामार्फत नै उपभोक्ताको अधिकारबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

## क्रियाकलाप

१. कालोबजारीले उपभोक्ताको अधिकार कसरी कुण्ठित गर्छ ? कक्षामा समूहमा छलफल गरी निचोड निकाल्नुहोस् ।

२. उपभोक्ताको अधिकार हनन भएमा के कस्तो कानुनी उपचारको व्यवस्था छ ? विषय शिक्षकसँग छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

३. उपभोक्ताको अधिकारका बारेमा जानकार व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी चेतनामूलक कार्यक्रम आयोजना गर्नुहोस् । उक्त कार्यक्रममा स्थानीय राजनीति कर्मी तथा महिला अधिकार कर्मीलाई पनि सहभागी गराउनुहोस् ।

४. उपभोक्तालाई चेतना जगाउने एउटा गीत वा कविता रचना गर्नुहोस् ।

## अभ्यास

(क) उपभोक्ता अधिकार भनेको के हो ? यसअन्तर्गत पर्ने अधिकारहरूको सूची बनाउनुहोस् ।

(ख) उपभोक्ता ऐनले कुनै पनि उत्पादकले आफ्नो उत्पादनमा के कस्ता कुराहरू समावेश गर्नुपर्ने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।

(ग) उपभोक्ता अधिकार संरक्षणका लागि भएका प्रयासहरू समावेश गरी सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

(घ) उपभोक्ताको हकहित संरक्षणका लागि भएका प्रयासहरू पर्याप्त छन् वा छैनन् ? उल्लेख गर्नुहोस् ।

(ङ) उपभोक्ताको हकहित संरक्षण गर्न गठन भएको कुनै एउटा संस्थाको गतिविधि उल्लेख गरी समचारको नमुना तयार पार्नुहोस् ।

(च) विद्यालय तहमा उपभोक्ता शिक्षा सम्बन्धी सामाग्रीको उपयोगिता उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

उपभोक्ता अधिकार कर्मीहरूसँग उपभोक्ता अधिकारका बारेमा छलफल गरेर आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

एकाइ
(

# हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

## पाठ : एक    संयुक्त राष्ट्र सङ्घ र अङ्गहरू




दोस्रो विश्वयुद्धको सुरुआतसँगै युद्ध रोक्नुपर्ने आवाज उठ्न थालेको थियो । यसका लागि विश्वव्यापी सङ्गठनको निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरियो । यसै क्रममा सन् १९४१ जुन १२ मा मित्र राष्ट्रहरूको समूहले शान्ति र सहयोग स्थापना गर्ने विषयलाई जोड दिँदै लन्डनमा एक सम्मेलनको आयोजना गऱ्यो । यही सम्मेलनले शान्ति स्थापनामा जोड दिँदै अन्तरसम्बन्ध घोषणा जारी गऱ्यो । अमेरिकाका तात्कालीन राष्ट्रपति एफ.डी. रुजवेल्ट र बेलायती प्रधानमन्त्री विस्टन चर्चिलले आन्ध्र महासागरमा युद्धपोतमाथि बसेर अगस्ट १२ मा एउटा सम्झौतामा हस्ताक्षर गरे । यसलाई एट्लान्टिक चार्टर भनिन्छ । उक्त सम्झौताको मुख्य उद्देश्य दोस्रो विश्वयुद्ध अन्त्य गरी शान्ति कायम गर्नु थियो । यही क्रममा मस्को घोषणा, तेहरान घोषणा, डम्बार्टन घोषणा, याल्टा घोषणा आदिले विश्वव्यापी सङ्गठन निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

१९४५ अप्रिल २५ मा अमेरिकाको सान् फ्रान्ससिकोमा आयोजित सम्मेलनले संयुक्त राष्ट्र सङ्घ गठन गर्ने प्रस्ताव गऱ्यो । सुरुमा ५० देश र पछि पोल्यान्डले पनि संयुक्त राष्ट्र सङ्घ स्थापना गर्ने प्रस्तावमा हस्ताक्षर गऱ्यो । उक्त देशहरूले बडापत्र (विधान) लाई अनुमोदन गरेपछि सन् १९४५ अक्टोबर २४ तारिखमा संयुक्त राष्ट्र सङ्घको विधिवत् स्थापना भयो । यसै दिनलाई संयुक्त राष्ट्र सङ्घ दिवसका रूपमा मनाउने गरिन्छ । हाल यसका सदस्य राष्ट्र १९३ रहेका छन् ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रमा १९ अध्याय र १११ धारा छन् । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ । यसमा अङ्ग्रेजी, फ्रेन्च, चिनियाँ, रुसी र स्पेनिस भाषाहरूले स्थापना कालदेखि नै आधिकारिक भाषाको मान्यता पाएका छन् । सन् १९७३ मा अरेबियन भाषालाई पनि आधिकारिक भाषाका रूपमा थप गरिएको थियो ।

Curriculum Development Centre

संयुक्त राष्ट्र सङ्घको स्थापनाको मुख्य उद्देश्यहरू अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने, राष्ट्रहरूबिच मैत्री सम्बन्ध कायम गर्ने, मानव अधिकारको प्रवर्धन गर्नेलगायत छन् । संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न निम्नानुसारका आधारहरू पुरा हुनुपर्छ, जस्तै : (क) शान्तिप्रिय राष्ट्र हुनुपर्ने, (ख) बडापत्रलाई स्वीकार गरेको हुनुपर्ने, (ग) सुरक्षा परिषद्का पाँच स्थायी सदस्यसहित नौ सदस्यले अनुमोदन गरेको हुनुपर्ने, (घ) महासभाद्वारा दुई तिहाइ सदस्यले अनुमोदन गर्नुपर्ने आदि ।

## संयुक्त राष्ट्र सङ्घका अङ्गहरू

संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा ७ मा संयुक्त राष्ट्र सङ्घका अङ्गहरूको उल्लेख गरिएको छ । यसका मुख्य अङ्गहरू र तिनीहरूका कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

| अङ्गहरूको विवरण | कार्य |
|---|---|
| १. **महासभा** (Th Gen ral Assemb y)<br>बडापत्रको धारा ९–२२ मा महासभा सम्बन्धी व्यवस्था गरिएको छ । यसलाई राष्ट्र सङ्घको व्यवस्थापिका पनि मानिन्छ । महासभाको बैठकमा प्रत्येक राष्ट्रले ५ जना प्रतिनिधि पठाउने व्यवस्था छ । महत्त्वपूर्ण निर्णय दुई तिहाइले र अन्य निर्णय सामान्य बहुमतबाट पारित हुने व्यवस्था छ । प्रत्येक अधिवेशनका लागि एक जना अध्यक्ष र १७ जना उपाध्यक्ष निर्वाचित गर्ने व्यवस्था छ । महासभाको काम व्यवस्थित गर्न विभिन्न ५ ओटा समिति हुन्छन् । महासभाको बैठक प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबार सुरु हुन्छ । | - अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको विचार विमर्श गर्ने<br>- सुरक्षा परिषद् र अन्य निकायबाट प्राप्त प्रतिवेदनमाथि विचार विमर्श गर्ने<br>- सदस्यता जारी गर्ने<br>- वार्षिक बजेट पास गर्ने<br>- सुरक्षा परिषद्को सिफारिसमा महासचिवको नियुक्ति गर्ने<br>- सामाजिक तथा आर्थिक परिषद्का सदस्यहरू निर्वाचित गर्ने<br>- अन्तर्राष्ट्रिय न्यायालयहरूका न्यायाधीशहरू निर्वाचित गर्ने । |
| २. **सुरक्षा परिषद्** (Th Secn ityC n il)<br>बडापत्रको धारा २३-५० सम्म सुरक्षा परिषद्सँग सम्बन्धित व्यवस्था छन् । यसमा पाँच स्थायी र दस अस्थायी सदस्य राष्ट्रहरू हुन्छन् । अस्थायी सदस्यहरू विभिन्न भौगोलिक क्षेत्रहरू, जस्तै : अफ्रोएसियाबाट ६, ल्याटिन अमेरिकाबाट २, पूर्वी युरोपबाट १ र अन्य राष्ट्रबाट २ सदस्य गरी २ वर्षका लागि निर्वाचित हुन्छन् । स्थायी सदस्यलाई भिटो अधिकार हुन्छ । नेपाल पनि अस्थायी सदस्यमा २ पटक निर्वाचित भएको थियो । | - अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने<br>- नयाँ सदस्य राष्ट्रको प्रवेशका लागि सिफारिस गर्ने<br>- आवश्यकताअनुसार शान्ति सेना परिचालन गर्ने ।<br>- महासचिवको नियुक्तिका लागि महासभालाई सिफारिस गर्ने<br>- अन्तर्राष्ट्रिय सङ्घर्षमा हुन सक्ने विवाद वा स्थितिको अनुसन्धान गर्ने । |

Curriculum Development Centre

| | |
|---|---|
| **३. आर्थिक तथा सामाजिक परिषद्** (Th Ecm ic adS o ial Cn il)<br>धारा ६१ देखि ७२ सम्म यस परिषद्को व्यवस्था छ । यसमा महासभाबाट ३ वर्षका लागि निर्वाचित ५४ सदस्य हुने व्यवस्था छ । प्रत्येक वर्ष एक तिहाइ सदस्यको पदावधि सकिने हुनाले एक तिहाइ सदस्य निर्वाचित हुने र भौगोलिक क्षेत्रअनुसार, जस्तै : एसियाबाट ११, अफ्रिकाबाट १४, ल्याटिन अमेरिकाबाट १०, पूर्वी युरोपबाट ६, पश्चिम युरोपबाट २ र अन्य राष्ट्रबाट १३ सदस्य निर्वाचित हुन्छन् । यसअन्तर्गत नौ ओटा आयोगहरू छन् । | - अन्तर्राष्ट्रिय रूपमा आर्थिक, शैक्षिक, सामाजिक आदि क्षेत्रमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने<br>- मानव अधिकार तथा मौलिक हकको पालना र अभिवृद्धिका लागि सिफारिस गर्ने<br>- विभिन्न क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने<br>- महासभाले दिने कुनै पनि जिम्मेवार पालना गर्ने । |
| **४. जिम्मा जमानी परिषद्** (Th Trs teesh p Cn il)<br>धारा ८६–९१ सम्म जिम्मा जमानी परिषद्को व्यवस्था छ । सुरक्षा परिषद्का पाँच स्थायी सदस्यहरू हुने व्यवस्था छ । | अन्य राष्ट्रको उपनिवेशबाट स्वतन्त्र वा स्वतन्त्र राष्ट्रहरू आफैँ शासन चलाउन असक्षम राष्ट्रहरूलाई शासन सञ्चालन गर्न योग्य र सक्षम बनाउन सहयोग गर्ने । |
| **५. अन्तर्राष्ट्रिय न्यायालय** (Th In era tin l Cn t 6 Js tice)<br>धारा ९२–९६ सम्म अन्तर्राष्ट्रिय न्यायालय सम्बन्धी व्यवस्था छ । उक्त न्यायालयमा १५ जना न्यायाधीश हुने र पदावधि नौ वर्षको हुने व्यवस्था छ । न्यायधीशहरू सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट निर्वाचित हुने व्यवस्था छ । ५ जना न्यायधीशहरू पाँच स्थायी सदस्य राष्ट्रबाट र बाँकी दस जना सबै महादेश समेट्ने गरी नियुक्त हुन्छन् । न्यायाधीशमध्येबाट प्रमुख न्यायधीश छानिन्छन् । यसको केन्द्रीय कार्यालय नेदरल्यान्डको हेगमा अवस्थित छ । अन्तर्राष्ट्रिय न्यायालयको आधिकारिक भाषा अङ्ग्रेजी र फ्रेन्च हो । | - अन्तर्राष्ट्रिय विवादमा निर्णय गर्ने<br>- राष्ट्र सङ्घ र यसका निकायहरूलाई कानुनी सल्लाह प्रदान गर्ने<br>- सन्धी सम्झौताको अर्थ स्पष्ट पार्ने<br>- कानुनी शब्दको व्याख्या गर्ने । |

Curriculum Development Centre

| ६. **सचिवालय** (The Secreatariat)<br>धारा ९७–१०१ सम्म सचिवालय सम्बन्धी व्यवस्था छ । यो संयुक्त राष्ट्र सङ्घको प्रशासकीय एकाइ हो । महासचिवका साथै विशेषज्ञ, प्राविधिक एवम् प्रशासनिक कर्मचारी पनि हुन्छन् । प्रमुख प्रशासकीय अधिकृतका रूपमा महासचिव हुन्छन् । यसको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट हुन्छ । महासचिवको पदावधि ५ वर्षको हुन्छ र आवश्यकताअनुसार एक कार्यकाल थप्न सकिन्छ । | - अन्तर्राष्ट्रिय विवादमा मध्यस्थता गर्ने<br>- शान्ति कायम गर्ने क्रियाकलाप सञ्चालन गर्ने । विश्वव्यापी महत्त्वका विषयमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने<br>- प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने<br>- विश्वका समाचार जगत्लाई राष्ट्र सङ्घका विषयमा जानकारी गराउने । |
|---|---|

## क्रियाकलाप

१. संयुक्त राष्ट्र सङ्घको महासभा बैठकबारे विभिन्न सूचना सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

२. कक्षाका विद्यार्थीहरू सम्मिलित भई संयुक्त राष्ट्र सङ्घ महासभा बैठक बसेको भूमिका अभिनय गर्नुहोस् ।

३. महासभाका कार्यहरू समावेश गरी समचारको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

(क) संयुक्त राष्ट्र सङ्घको स्थापनाको ऐतिहासिक घटना क्रमको सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

(ख) वर्तमान सन्दर्भमा संयुक्त राष्ट्र सङ्घको भूमिका अझ महत्त्वपूर्ण छ भन्ने भनाइप्रति तपाईँ सहमत हुनुहुन्छ ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्र सङ्घका गतिविधिहरूको आलोचनात्मक टिप्पणी गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्र सङ्घ आफ्नो उदेश्य हासिल गर्न सफल भयो वा भएन ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

(ङ) संयुक्त राष्ट्र सङ्घले साना तथा गरिब देशहरूको हक अधिकार सुरक्षित राख्न के भूमिका खेल्न सक्छ ? प्रस्ट पार्नुहोस् ।

(च) विश्वमा शान्ति कायम गर्न संयुक्त राष्ट्र सङ्घले खेलेको भूमिकाको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

Curriculum Development Centre

पाठ : दुई

## संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू

### १. खाद्य तथा कृषि सङ्गठन

यसको स्थापना १९४५ अक्टोबर १६ मा भएको हो । सन् १९४६ मा यो संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्था बन्यो । यसका उद्देश्य कृषि उत्पादनमा वृद्धि गरी विश्वका जनताको स्तरमा वृद्धि गर्नु, खाद्य वितरणको अवस्था सुधार्नु खाद्य सुरक्षामा जोड दिनु, सरकारहरूलाई खाद्य नीति तथा योजना सम्बन्धी सल्लाह प्रदान गर्नु आदि हुन् । यसको केन्द्रीय कार्यालय इटालीको रोममा छ । प्रत्येक वर्ष अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाइन्छ ।

### २. संयुक्त राष्ट्र सङ्घको शैक्षिक, वैज्ञानिक एवम् सांस्कृतिक सङ्गठन

यसको स्थापना १९४६ नोभेम्बर ४ मा भएको हो । यो १९४७ डिसेम्बर १४ मा संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्था बन्यो । यसका उद्देश्यहरू मानव तथा दिगो विकास प्रवर्धन गर्ने, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने, विश्वका राष्ट्रहरूको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक विकासमा सहयोग गर्ने लगायत पर्छन् । नेपाल सन् १९६६ मा यसको सदस्य बन्यो । यसको केन्द्रीय कार्यालय फ्रान्सको पेरिसमा रहेको छ ।

### ३. विश्व स्वास्थ्य सङ्गठन

यसको स्थापना १९४८ अप्रिल ७ मा भयो । यसले सदस्य राष्ट्रहरूको स्वास्थ्य अवस्था सुधार गर्न सहयोग गर्ने, स्वास्थ्य क्षेत्रमा प्राविधिक ज्ञान प्रदान गर्ने, रोग नियन्त्रण तथा उन्मूलनका कार्यक्रम सञ्चालन गर्ने र औषधी उपचार सम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्ने कार्यहरू गराउँछ । नेपालले १९५४ मा यसको सदस्यता प्राप्त गरेको हो । यसको केन्द्रीय कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ ।

Curriculum Development Centre

## ४. अन्तर्राष्ट्रिय पुनर्निर्माण तथा विकास बैङ्क

यसको स्थापना १९४५ डिसेम्बर २७ मा भएको हो । यसको सदस्यता प्राप्त गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्यता लिनुपर्ने अनिवार्य व्यवस्था छ । यसले मध्यम आय भएका देश तथा ऋण लिन योग्य देशहरूलाई वित्तिय ऋण उपलब्ध गराई विकास कार्यको लगानीमा प्रोत्साहन गर्छ । नेपाल सन् १९६१ मा यसको सदस्य बनेको हो । यसको प्रधान कार्यालय अमेरिकाको वासिङ्टन डी.सी. मा रहेको छ ।

## ५. अन्तर्राष्ट्रिय विकास सङ्गठन

यसको स्थापना १९६० सेप्टेम्वर २४ मा भएको हो । यसले अति गरिब राष्ट्रहरूलाई सहुलियत दरमा ऋण प्रदान गर्छ । यसले दिगो आर्थिक वृद्धिदर र विकासलाई प्रोत्साहन गर्छ । नेपाल १९६३ मा यसको सदस्य बन्यो । यसको प्रधान कार्यालय अमेरिकाको वासिङ्टन डी.सी. मा रहेको छ ।

## ६. अन्तर्राष्ट्रिय मुद्रा कोष

अन्तर्राष्ट्रिय मुद्रा कोष (Itn erna tion l Mon tary Fnd) को स्थापना १९४५ डिसेम्बर २७ मा भएको हो । यसको मुख्य कार्य अन्तर्राष्ट्रिय मौद्रिक समस्या समाधान गर्नु, सटही दरमा स्थायित्व ल्याउनु र भुक्तानी असन्तुलन कम गर्नु हो । नेपाल १९६१ मा यसको सदस्य बन्यो । यसको प्रधान कार्यालय अमेरिकाको वासिङ्टन डी.सी.मा रहेको छ ।

## ७. अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (Itn erna tion l Civi l Aiv atin Org in zatin) को स्थापना १९४७ अप्रिल ४ मा भएको हो । यस संस्थाको मुख्य उद्देश्य नागरिक उड्डयनको क्षेत्रमा सहयोग विस्तार गर्नु, सुरक्षित हवाई सेवाको विकास तथा हवाई सम्बन्धी अन्तर्राष्ट्रिय नीति नियम निर्माण गर्नु हो । यसको प्रधान कार्यालय क्यानडाको मन्ट्रियलमा छ ।

## ८. अन्तर्राष्ट्रिय दूर सञ्चार सङ्घ

अन्तर्राष्ट्रिय दूर सञ्चार सङ्घ (Itn erna tion l Telecom mun catin Asso iatin) को सन् १९४७ मा संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्था बन्यो । यसको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय दूर सञ्चार सेवाको विकास प्रवर्धन र अनुसन्धान गर्नु हो । नेपाल १९५७ मा यसको सदस्य बन्यो । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ ।

Curriculum Development Centre

### ९. विश्व मौसम विज्ञान सङ्गठन

यसको स्थापना १९५० मार्च २३ मा भएको हो । यसले मौसमको भविष्यवाणी गर्ने, मौसम सम्बन्धी सूचना आदान प्रदान गर्ने र जलवायु सम्बन्धी गतिविधि अभिवृद्धि गर्ने काम गर्छ । नेपाल सन् १९६६ मा यसको सदस्य बन्यो । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ ।

### १०. विश्व बौद्धिक सम्पत्ति सङ्गठन

यसको स्थापना १९७० अप्रिल २६ मा भएको हो । यसको मुख्य उद्देश्य बौद्धिक सम्पत्तिको संरक्षण गर्नु हो । यसले औद्योगिक सम्पत्ति तथा प्रतिलिपि अधिकार सम्बन्धी कार्य गर्दछ । औद्योगिक सम्पत्तिमा अस्वीकार, ट्रेडमार्क, औद्योगिक डिजाइन तथा उत्पत्तिको अधिकार पर्छन् । प्रतिलिपि अधिकारमा साहित्यिक, साङ्गीतिक, कलात्मक, फोटोग्राफी तथा श्रव्यदृश्य सामग्रीहरू पर्छन् । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ ।

### ११. संयुक्त राष्ट्र सङ्घ औद्योगिक विकास सङ्गठन

यसको स्थापना सन् १९६६ मा भएको हो । यसले विकासोन्मुख राष्ट्रहरूको औद्योगिक विकासमा सहयोग गर्छ । साथै औद्योगिक क्षमता विकास गर्न सदस्य राष्ट्रलाई सहयोग गर्छ । यसको प्रधान कार्यालय अस्ट्रियाको भियानामा छ ।

### १२. अन्तर्राष्ट्रिय आणविक ऊर्जा नियोग

यसको स्थापना सन् १९५७ भएको हो । यस नियोगले आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगमा वैज्ञानिक र प्राविधिक सहयोग उपलब्ध गराउँछ । यसको मुख्य उद्देश्य विश्वमा शान्ति कायम राख्न आणविक हतियार र सैनिक शक्तिको प्रयोगबाट रोक्ने तथा विकासोन्मुख राष्ट्रलाई प्राविधिक सहायता उपलब्ध गराउने हो । यसको प्रधान कार्यालय अस्ट्रियाको भियानामा छ ।

### १३. संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम

यसको स्थापना १९६६ नोभेम्बर २२ मा भएको हो । यस कार्यक्रमको उद्देश्य दिगो विकास, गरिबी निवारण जस्ता क्षेत्रमा ध्यान केन्द्रित गरी विकासोन्मुख राष्ट्रहरूको आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउनु हो । यसले विकासका लागि सूचना प्रविधि, HIV AIDS विरुद्धको लडाइ, प्राकृतिक प्रकोप तथा द्वन्द्वको असरहरूलाई सम्बोधन गर्न सहयोग पुऱ्याउँछ । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ ।

Curriculum Development Centre

### १४. संयुक्त राष्ट्र सङ्घीय बालकोष

यसको स्थापना १९४६ डिसेम्बर ११ मा भएको हो । यसले विश्वका बाल बालिकाहरूको सुरक्षा र विकासका लागि कार्य गर्छ। यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ ।

### १५. विश्व व्यापार सङ्गठन

यसको स्थापना १९९५ जनवरी १ मा भएको हो। यस संस्थाले अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नियमलाई पारदर्शी बनाउन सहयोग गर्छ। यसका साथै व्यापार, लगानी, रोजगारी र आयको वृद्धि गर्नु पनि यसका उद्देश्यहरू हुन्। हाल १५३ राष्ट्रहरू यसका सदस्य छन्। नेपालले अप्रिल २००४ मा यसको सदस्यता लिएको हो । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ ।

## क्रियाकलाप

१. संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाको सूची तयार पारी स्थापना मिति र कार्यहरू कक्षामा छलफल गर्नुहोस् ।

२. UNHCR, UNESCO सम्बन्धी गतिविधि र कार्यहरू In ern t को माध्यमबाट पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. बाल बालिकासँग सम्बन्धित कार्यमा संयुक्त राष्ट्र सङ्घीय बालकोषको योगदान उल्लेख गरी समाचारको नमुना बनाउनुहोस् ।

## अभ्यास

(क) नेपालमा कार्यरत कुनै चार ओटा विशिष्टीकृत संस्थाहरूले गरेका कार्यको सूची बनाउनुहोस् ।

(ख) विशिष्टीकृत संस्थाहरूको गतिविधि प्रभावकारी बनाउन के गर्नुपर्ला सुझाव दिनुहोस् ।

(ग) संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थामध्ये सबैभन्दा बढी महत्त्वपूर्ण कुन हो ? तर्कद्वारा कारण पुष्टि गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको स्थानीय स्तरमा संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम सञ्चालन भएको हुनुपर्छ। उक्त कार्यक्रमबारे खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

# पाठ : तिन संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका




संयुक्त राष्ट्र सङ्घ विश्वव्यापी सङ्गठन हो । यसका १९३ राष्ट्रहरू सदस्य छन् । दोस्रो विश्वयुद्धपछि नेपालले पनि बाह्य विश्वसँगको आफ्नो सम्बन्ध विस्तारका लागि प्रयास सुरु गऱ्यो । त्यसैले सन् १९४७ मा नेपालले बेलायतस्थित दूतावासमार्फत संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न पहल गऱ्यो । सन् १९४८ मा नेपालले सदस्यताका लागि आवेदन दिई सन् १९५५ डिसेम्बर १४ मा सदस्यता प्राप्त गरेको थियो ।

नेपालले सदस्यता प्राप्तिपश्चात् संयुक्त राष्ट्र सङ्घको विश्व शान्ति स्थापना गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नेपालले संयुक्त राष्ट्र सङ्घलाई अन्तर्राष्ट्रिय शान्ति कायम गर्न शान्ति सेना पठाएर सहयोग गरिरहेको छ । नेपाल सन् १९६९/७० तथा सन् १९८८/८९ मा दुई वर्षका लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा निर्वाचित भयो । यसैगरी नेपालका प्रतिनिधि संयुक्त राष्ट्र सङ्घअन्तर्गत सुरक्षा परिषद्को सहायक महासचिवमा समेत नियुक्त भएका छन् ।

नेपाल संयुक्त राष्ट्र सङ्घको सन् १९५८, १९६८, १९७०, १९७४, १९७५, १९८३, १९८४, १९८८ र २००१ मा उपाध्यक्षमा निर्वाचित भयो । विभिन्न समयमा नेपालले सामाजिक तथा आर्थिक समितिमा सदस्य तथा युनेस्कोको सदस्य जस्ता पदमा रही काम गरिसकेको छ । सन् १९५६ मा सोभियत सेनाले हङ्गेरीमा गरेको हस्तक्षेप विरुद्ध नेपालले खुलेर विरोध गरेको थियो । बेलायतले दक्षिण अफ्रिकामा गरेको रङभेद विरुद्ध दबाब दिन आग्रह गर्दै रङभेद विरोधी समितिमा नेपाल संयोजक भई काम गरिएको थियो । सन् १९५६ मा मिश्रमाथि भएको आक्रमणमा नेपालले आवाज उठायो । सन् १९६७ मा इजरायलले अरबमाथि गरेको आक्रमणको विरोध गऱ्यो । सन् १९७८ मा लेबनान सङ्कटको समाधान गर्न संयुक्त राष्ट्र सङ्घको शान्तिसेनाका रूपमा नेपाली सेनालाई खटाइयो । त्यहाँ हालसम्म पनि नेपाली सेना कार्यरत छन् । यस्तै सन् १९९२/९३ मा शान्ति स्थापनाका लागि कम्बोडिया र युगोस्लाभियामा नेपाली सेना तैनाथ गरिएको छ । सन् १९९४ देखि नेपाली सेनाले हैटीमा शान्ति स्थापनाका लागि काम गरिरहेका छन् । नेपालले निःशस्त्रीकरणका लागि पनि सक्रिय भूमिका निर्वाह गरेको छ । नेपालले भूपरिवेष्ठित राष्ट्रको हकहितका लागि आवाज उठाउँदै आएको छ । संयुक्त राष्ट्र सङ्घले

Curriculum Development Centre

बुद्ध जयन्तीलाई शान्ति दिवसका रूपमा मनाउने गरेको छ । नेपालले संयुक्त राष्ट्र सङ्घभित्र रहेर जहिले पनि साम्राज्यवादको उन्मूलन र उवनिवेशवादको अन्त्यका लागि पहल तथा विस्तारवाद, नव उपनिवेशवाद, हस्तक्षेप आदिको सदैव विरोध गर्दै आएको छ ।

## क्रियाकलाप

१. भर्खरै शान्ति सेनामा खटिई फिर्ता भएका एक जना नेपाली सेना वा सोसम्बन्धी जानकार व्यक्तिलाई भेट्नुहोस् । शान्ति सेनाले के के कार्यहरू गर्नुपर्छ भनी उहाँलाई सोध्नुहोस् र जवाफलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. संयुक्त राष्ट्र सङ्घले नेपालमा शान्ति स्थापनार्थ के कस्तो सहयोग उपलब्ध गराएको थियो ? सोधपुछ एवम् अध्ययन गरी कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

(क) संयुक्त राष्ट्र सङ्घमा नेपालले गरेको योगदानमाथि चर्चा गर्नुहोस् ।

(ख) नेपाली शान्ति सेनाका बारेमा बेला बेलामा प्रश्न उठाउने गरिएको छ । अन्य देशका मामलामा शान्ति सेना पठाउनु उपयुक्त छ वा छैन ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिकाप्रति तपाईं सन्तुष्ट हुनुहुन्छ वा हुनुहुन्न, आफ्नो दृष्टिकोण बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न नेपालले गरेको प्रयास उल्लेख गर्नुहोस् ।

(ङ) भूपरिवेष्ठित राष्ट्रको हकहितका लागि संयुक्त राष्ट्र सङ्घको भूमिकाप्रति तपाईंको आफ्नो दृष्टिकोण बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

## पाठ : चार    नेपालमा संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू

संयुक्त राष्ट्र सङ्घले नेपालको विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ। नेपालको सामाजिक, आर्थिक, भौतिक तथा सुशासनलगायतका क्षेत्रमा यसले विशेष भूमिका खेल्दै आएको छ । संयुक्त राष्ट्र सङ्घले नेपालको विकासमा खेलेको भूमिकालाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१. **संयुक्त राष्ट्र सङ्घीय बालकोष** (Un tedN atin Emerg n yC h ld enF d)

संयुक्त राष्ट्र सङ्घीय बालकोष बाल अधिकार सम्बन्धी महासन्धिका आधारमा बाल अधिकारको वकालत गर्ने संस्था हो । नेपालमा यस संस्थाले सन् १९६४ देखि काम गर्दै आएको छ । संसारमा सञ्चालित यसका विविध कार्यक्रमहरूमा नेपाल पनि मुख्य प्राथमिकतामा पर्छ । यस संस्थाले नेपालमा गैर सरकारी संस्था तथा समुदायसँग मिलेर बाल तथा महिला अधिकारको संरक्षण तथा संवर्धन गर्ने र पोषण, बाल स्याहार, स्वास्थ्य तथा वातावरण शिक्षा र HIV/AIDS सँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने आदि काम गरेको छ ।

२. **कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष** (In era tion l Fd fo Ag icl tn e Dev lpm en )

नेपालले कृषि क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय कोषको सदस्यता सन् १९७८ मा प्राप्त गऱ्यो । यस संस्थाले विभिन्न १२ ओटा परियोजनाका लागि सहयोग उपलब्ध गराउँदै आएको छ । यसले ग्रामीण तथा पहाडी क्षेत्रको विकासमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । यसले गरिब, भूमिहीन तथा आदिवासी जनजातिहरू र महिलाहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्छ । यस कोषले सरकारसँगको सहकार्यमा ऋण तथा अनुदान सहयोग उपलब्ध गराउँछ। ग्रामीण एवम् विपन्न महिला तथा पुरुषलाई सशक्तीकरण गरेर आम्दानीमा वृद्धि गर्न र खाद्य सुरक्षामा जोड दिनु यस संस्थाका मुख्य लक्ष्य हुन् ।

३. **अन्तर्राष्ट्रिय श्रम सङ्गठन** (In era tin l Lab Org n zati )

नेपालले सन् १९६६ मा यस संस्थाको सदस्यता प्राप्त गऱ्यो । नेपालमा लामो समयदेखि कार्यरत यस संस्थाले रोजगारी प्रवर्धन गरी गरिबी निवारण गर्ने, औद्योगिक सम्बन्ध सुधार र श्रम प्रशासन लागु गार्ने, बालश्रम र बँधुवा मजदुरलाई स्वतन्त्र बनाउने, श्रमिकको कार्यस्थलमा सुधार गर्ने आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसको केन्द्रीय कार्यालय स्विट्जरल्यान्डको जेनेभामा रहेको छ । यस संस्थालाई सन् १९६९ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।

४. **एच.आई.भी./एड्स सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम** (Un ted Natin Prg amme fo HIV/AIDS)

यस कार्यक्रमअन्तर्गत संयुक्त राष्ट्र सङ्घीय आवासीय संयोजकले सरकार तथा आन्तरिक र बाहृय सङ्घसंस्थासँग मिलेर कार्य गर्छन् । यस संस्थाले एच.आई.भी. रोकथामका लागि 'शून्य एच.आई.भी

Curriculum Development Centre

सङ्क्रमण, शून्य विभेद र शून्य एच.आई.भी.ले हुने मृत्यु' भन्ने दृष्टिकोण प्रस्तुत गरी कार्य सञ्चालन गरिरहेको छ ।

### ५. संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (UnitedN atin Pb atinF d)

यस संस्थाले सन् १९७१ देखि नेपालमा सहयोग गर्दै आएको छ । हाल १८ जिल्लामा यस संस्थाका गतिविधिहरू सञ्चालित छन् । यस संस्थाले स्वास्थ्य क्षेत्र, लैङ्गिक हिंसा र घरपरिवार तथा जनगणनाका क्षेत्रमा सहयोग उपलब्ध गराउँछ ।

### ६. संयुक्त राष्ट्र सङ्घीय पुँजी विकास कोष (Un ted Natin Cap tal Dev lpm en Fd)

यस संस्थाले स्थानीय विकासमा विकेन्द्रीकरण, सहभागितामूलक दृष्टिकोण र प्राकृतिक स्रोत व्यवस्थापनको प्रवर्धन गर्न सहयोग गर्छ । यसले स्थानीय निकायको संस्थागत क्षमता अभिवृद्धि गर्न सघाउ पुऱ्याउँछ । यसले स्थानीय स्तरमा स्तरीय सेवा पुऱ्याउन मदत गर्छ ।

### ७. संयुक्त राष्ट्र सङ्घीय मानव बसोबास कार्यक्रम (Un ted Natin Hm an Settlemen Prg amme)

यस संस्थाको स्थापना सन् १९७८ मा भएको हो । यसले मानव बसोबास सम्बन्धी विभिन्न घोषणाहरूको आधारमा यस क्षेत्रमा काम गर्दै आएको छ । यसको उद्देश्य फोहोर बस्तीमा बसोबास गर्ने मानिसहरूको अवस्थामा सुधार ल्याउनु हो । यसले २०६५ सालमा कोसी नदीमा आएको बाढीमा पीडितलाई सहयोग गरेको थियो ।

**यसका कार्यहरू**

(क) वकालत, अनुगमन र साझेदारी

(ख) सहभागीतामूलक सहरी योजना, व्यवस्थापन र शासन

(ग) वातावरणीय दृष्टिले उपयुक्त पूर्वाधार र सेवा

(घ) सुदृढ मानव बस्ती वित्त प्रणाली ।

### ८. संयुक्त राष्ट्र सङ्घीय स्वयम् सेवक कार्यक्रम (Un ted Natin Vb n eers Pro-g amme)

यस संस्थाले सन् १९७४ देखि नेपालमा आफ्ना कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसमा संयुक्त राष्ट्र सङ्घीय स्वयम् सेवकले नेपालमा सेवा प्रदान गरेका छन् ।

### ९. संयुक्त राष्ट्र सङ्घमा महिला (UN Wm en)

सन् २०१२ मा नेपालमा UN महिला कार्यालय स्थापना भएको हो । यस संस्थाले महिला हिंसा विरुद्ध, शान्ति सुरक्षा, नेतृत्व क्षमता र सहभागिता, आर्थिक सशक्तीकरण, राष्ट्रिय योजना र बजेटका क्षेत्रमा सहयोग उपलब्ध गराउँछ ।

Curriculum Development Centre

### १०. **विश्व खाद्य कार्यक्रम** (Wo ld FdP rg amme)

विश्व खाद्य कार्यक्रमका गतिविधिहरू हाल ३२ ओटा जिल्लामा सञ्चालनमा छन् । यसले क्षेत्रीय कार्यालय दमक, नेपालगञ्ज र डडेल्धुरामा स्थापना गरेको छ । यस संस्थाले निम्न लिखित क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरेको छ :

(क) तीव्र भोकमरीको रोकथाम र आकस्मिक खाद्यान्न उपलब्ध गराउने

(ख) दीर्घकालीन खाद्य सुरक्षा

(ग) प्रभावकारी खाद्य तथा पोषण रणनीति

(घ) विकास निर्माणमा सहभागिता ।

### ११. **विश्व स्वास्थ्य सङ्गठन** (Wo ldH ealthP rg am)

विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग मिलेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छ । यस संस्थाले स्वास्थ्यका क्षेत्रमा प्राविधिक सहयोग उपलब्ध गराउँछ । औषधी उपचार सम्बन्धी अनुसन्धानमा सहयोग गर्छ । यसले स्वास्थ्य सेवाको प्रवर्धन गर्ने, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्छ ।

## क्रियाकलाप

तपाईंको स्थानीय समुदायमा सञ्चालित विभिन्न कार्यक्रममा संयुक्त राष्ट्र सङ्घसँग सम्बन्धित कुन संस्थाको संलग्नता छ ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले के कस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ ? सूची बनाउनुहोस् ।

(ख) संयुक्त राष्ट्र सङ्घीय मानव बसोबास कार्यक्रमको सान्दर्भिकताबारे चर्चा गर्नुहोस् ।

(ग) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषले सञ्चालन गर्ने कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ? कुनै चार ओटा सुझाव दिनुहोस् ।

(घ) नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सूची बनाउनुहोस् ।

(ङ) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषका गतिविधि प्रभावकारी बनाउने उपायहरू समावेश गरी उक्त संस्थाको नेपाल कार्यालयलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

## सामुदायिक कार्य

संयुक्त राष्ट्र सङ्घद्वारा सञ्चालित कुनै आयोजनाको भ्रमण गरी के कसरी सञ्चालन भएको छ ? सूचना सङ्कलन गर्नुहोस् र त्यही आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

**पाठ : पाँच**

# समसामयिक घटना र तिनको प्रभाव

समसामयिक घटना विश्वमा नै आर्थिक, सामाजिक, वातावरणीय र राजनीतिक प्रभाव पार्ने वर्तमान समयमा घटेका घटनाहरू हुन् । यी घटना बहुपक्षीय हुन्छन् । कुनै जलवायु परिवर्तनसँग सम्बन्धित हुन्छन् त कुनै विपत्सँग । त्यस्तै कुनै घटना युद्धसँग त कुनै शान्ति र निशस्त्रीकरणसँग सम्बन्धित हुन्छन् । यस्ता केही समसामयिक घटनाहरू तल प्रस्तुत गरिएका छन् :

## (क) दिगो विकास

वातावरणलाई नबिगारीकन भावी पुस्ता अर्थात् सन्ततिलाई पनि प्राकृतिक स्रोतको उपयोग गर्न पाउने गरी गरिने विकास दिगो विकास हो । यो अवधारणा सन् १९९० को दशकबाट सुरु भएको हो । यसको प्रमुख लक्ष्य पृथ्वी र यसमा निहित स्रोत एवम् साधनको संरक्षणसँग सम्बन्धित छ । सन् २०१५ मा विश्वका सरकार प्रमुखको भेलाले प्रजातन्त्र, सुशासन तथा कानुनको शासनलाई दिगो विकासको मापदण्ड मानेको छ । दिगो विकासको अवधारणालाई आत्मसात् गर्न नसके वातावरणीय ह्रास र प्राकृतिक विपत्ति वा सङ्कट सिर्जना हुन्छ । साथै उपलब्ध स्रोत साधन रित्तिनाले भावी पुस्ताले यस्ता स्रोत र साधनको उपयोग गर्न पाउँदैनन् ।

## (ख) निरस्त्रीकरण

निशस्त्रीकरण हात हतियारको सीमित प्रयोग गर्ने वा घटाउने अवधारणा हो । यसअन्तर्गत पराम्परागत हात हतियारको सन्तुलित कटौती, परमाणु बमहरूको विसर्जन जस्ता विषयहरू पर्छन् । विभिन्न प्रकारका जैविक तथा अजैविक हात हतियारको उत्पादनले विश्वलाई त्रस्त बनाएको छ । विश्वभरमा प्रत्येक वर्ष करिब २ अर्ब डलर बराबरको ससाना हात हतियारको वैधानिक व्यापार हुन्छ भने १ अर्ब डलर बराबरको अवैध ओसारपोसार हुने गर्छ । कतिपय हात हतियारहरू बर्सौंसम्म पनि सक्रिय रूपले विस्फोट भइरहन्छन् । संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्न निशस्त्रीकरण र हात हतियारको सीमितताका लागि सक्रिय रूपमा कार्य भइरहेको छ । यस्ता हात हतियारको प्रयोग र ओसारपोसारले मानव अस्तित्वलाई सङ्कटमा पारेको छ ।

## (ग) आतङ्कवाद

आतङ्कवाद विश्वका लागि अर्को चुनौती भएको छ । कुनै पनि राजनीतिक, सामाजिक, आर्थिक वा अन्य उद्देश्य पुरा गर्न जनमानसमा हिंसाको प्रयोग गर्नु नै आतङ्कवाद हो । मानिसहरूलाई भयभित बनाएर स्वार्थ पुरा गर्न यस्ता आतङ्क फैल्याउने समूहहरू सक्रिय हुन्छन् । अमेरिकाको न्युयोर्क तथा फ्रान्सको पेरिसमा भएको घटनालाई आतङ्ककारी घटना मान्न सकिन्छ । आतङ्कवादी गतिविधिले सिरिया आक्रान्त छ । अफगानिस्तान यसकै चपेटामा छ । यसबाट प्रत्येक वर्ष विश्वमा सयौँको सङ्ख्यामा मानिसहरू मर्ने गरेका छन् । विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले आतङ्कवाद अन्त्य गर्न प्रतिबद्धता व्यक्त गरे पनि अन्त्य हुन सकेको छैन ।

Curriculum Development Centre

### (घ) बारुदी सुरुङ

जमिनमुनि अथवा समुद्रभित्र राखिएको विस्फोटक पदार्थहरू विस्फोटनका कारण ठुलो सङ्ख्यामा मानिसहरूले ज्यान गुमाउनुपर्छ । यसरी विस्फोटनबाट निर्दोष मानिसको मृत्यु र अङ्गभङ्ग हुन्छ । आधुनिक प्रविधिसँगै यस्ता विस्फोटक सामग्रीहरूको सहज पहुँच पुगेको पाइन्छ । यसले गर्दा निर्दोष बाल बालिका, महिला र जनावरहरू यस्ता विस्फोटको सिकार हुने गरेको पाइन्छ । यसबाट समाजमा नकारात्मक प्रभाव परेको पाइन्छ । त्यसैले संयुक्त राष्ट्र सङ्घीय एजेन्सीहरू तथा कार्यक्रमहरूले आर्थिक तथा प्राविधिक सहयोग गरी आवश्यक सूचना दिइरहेका छन् । हामीहरू पनि यस्ता विषयमा सचेत हुन आवश्यक छ ।

### (ङ) जनसङ्ख्या वृद्धि

विश्व अहिले अनौठो जनसङ्ख्याको अवस्थाबाट गुज्रिरहेको छ । घट्दो प्रजनन दरले गर्दा १० वर्षभन्दा माथिको जनसङ्ख्या बढी छन् । अहिले ६४% बुढापाकाहरू कम विकसित क्षेत्रमा बसोबास गर्छन् । युरोपमा सबैभन्दा कम र एसियामा सबैभन्दा बढी बुढापाकाहरूको जनसङ्ख्या रहेको छ । त्यसैले सन् १९८२ को संयुक्त राष्ट्र सङ्घको साधारण सभाले वृद्धहरूसँग सम्बन्धित ६२ बुँदे घोषणा पत्र जारी गरेको थियो । यसले बुढ्यौलीलाई समस्याका रूपमा नलिई सामाजिक सुरक्षाको विषय मानेर प्राथमिकता दिनुपर्ने तर्क प्रस्तुत गरिएको छ । नेपालमा वृद्धवृद्धाको सम्मान गर्न सामाजिक सुरक्षा कोषअन्तर्गत वि.सं. २०५१ सालदेखि वृद्ध भत्ताको सुरुआत भएको छ । हामीले पनि बुढ्यौलीप्रति सकारात्मक सोच विकास गर्नु जरुरी छ ।

### (च) परमाणु ऊर्जा

परमाणु शक्तिको उत्पादन र प्रयोग अर्को जटिल समसामयिक घटनाका रूपमा विकास हुँदै छ । इरान तथा उत्तर कोरियाले यस्ता ऊर्जाको उत्पादन र प्रयोग गर्ने गरेकाले विवाद भएको छ । तर परमाणुको प्रयोगलाई हेर्‍यौँ भने सन् १९४५ मा जापानका खसालिएको एटम बमबाट सुरु हुन्छ । त्यसैले परमाणु शक्तिले मानव जीवनमा पार्ने समस्यासँग जुध्न संयुक्त राष्ट्र सङ्घको साधारण सभाले पारमाणबिक शक्ति आयोगको स्थापना गर्‍यो । परमाणु ऊर्जालाई मानिसको जीवनमा सकारात्मक प्रभाव पार्ने कार्यका लागि उपयोग गर्नुपर्छ ।

### (छ) सङ्क्रमित रोगहरू

हाल मानव स्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्याहरू देखा पर्न थालेका छन् । विभिन्न प्रकारका रोगहरू, जस्तै : इबोला, एड्स, सार्स, मार्स, स्वाइन फ्लु, जिका भाइरस, सिकलसेल एनिमिया आदि जटिल सामाजिक समस्याका रूपमा विकास भएका छन् । यस्ता समस्याहरू जटिल बन्दै गएर माहामारीको रूप लिन थालिसकेका छन् । हालसालै ब्राजिलबाट फैलिएको जिका भाइरसले विश्वका करिब ४२ देशमा प्रभाव पारिसकेको छ । यसले मानव जीवनमा



जिका भाइरस

Curriculum Development Centre

नकारात्मक प्रभाव पार्नुका साथै सबैलाई त्रसित पनि बनाएको छ । यसका लागि हाम्रो बानी, खानपान र सङ्गतलगायतका व्यवहारमा सुधार गर्नुपर्छ ।

### (ज) जलवायु परिवर्तन

वर्तमान विश्वको सबैभन्दा जटिल र जल्दोबल्दो समस्या जलवायु परिवर्तन हो । यस अवधारणालाई विश्वव्यापी तापमान वृद्धिसँग जोडेर हेरिन्छ । खासगरी मानिसहरूको गतिविधिका कारणले नै यस्ता समस्याहरू देखा पर्छन् । वास्तवमा हामीले जति कम हानिकारक ग्याँसहरू उत्पादन गर्छौं, त्यति नै ओजोन तहको संरक्षण हुन्छ । विश्वव्यापी तापमानका वृद्धिले मानिसका जीवन र जैविक विविधतामा नकारात्मक प्रभाव पार्छ । हिउले ढाकेका भूभाग काला पहाड हुन गएका छन् । जलवायु परिवर्तनले अम्लीय वर्षा हुने विपदहरू सिर्जना भई विभिन्न महामारी आउन सक्छ । त्यसैले स्वच्छ वातावरण सिर्जना, जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनका कारण, असर तथा यसलाई न्यूनीकरण गर्न सचेत हुन जरुरी छ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा कति जना व्यक्तिहरू साठी वर्षभन्दा माथिका हुनुहुन्छ ? उहाँहरूले के कस्ता समस्या भोग्नुपरेको छ ? छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पत्र पत्रिका वा रेडियोबाट प्रशारित समाचारहरूबाट समसामयिक घटना सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नेपालमा परमाणु ऊर्जा विकास गरिनुपर्छ भनेर कसैले तर्क गरेमा तपाईं किन खण्डन गर्नुहुन्छ ? छलफल गर्नुहोस् ।

४. विस्फोटक पदार्थको प्रयोगबाट हुने नकारात्मक असर उल्लेख गरी कुनै राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।

## अभ्यास

(क) समसामयिक घटना भन्नाले के बुझिन्छ ? वर्तमान विश्वका समसामयिक घटनाहरूको सूची बनाउनुहोस् ।

(ख) आतङ्कवाद भनेको के हो ? आतङ्कवाद अन्त्य कसरी होला ? बुँदागत रूपमा चर्चा गर्नुहोस् ।

(ग) जिका भाइरसको असर रोक्ने उपायहरू बारेमा चर्चा गर्नुहोस् ।

(घ) ओजोन तहको विनाशबाट हुने चार ओटा असरहरू लेख्नुहोस् ।

(ङ) स्वच्छ वातावरण कायम गर्न नेपालमा के प्रयासहरू भएका छन् ? सूची निर्माण गर्नुहोस् ।

## सामुदायिक कार्य

जलवायु परिवर्तनका कारण, प्रभाव र रोक्ने उपायबारे स्थानीय बुद्धिजीवीसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Curriculum Development Centre

| पाठ : छ |
|---|

# विश्वव्यापीकरण र स्थानीयकरण

कुनै पनि वस्तु तथा सेवाको विश्व परिवेशमा गरिने प्रयोग एवम् सञ्चालन प्रक्रिया विश्वव्यापीकरण हो । व्यापक दृष्टिकोणमा विश्वव्यापीकरण विश्व अर्थतन्त्र, संस्कृति र राजनीतिलाई जोड्ने एउटा प्रक्रिया हो । देशहरूबिचको भौगोलिक सीमाना बिस्तारै हराउँदै गएको छ र विश्व एउटा गाउँको रूपमा रूपान्तरित भएको छ । ऋग्वेदले पनि विश्वलाई एउटा गुँडका रूपमा प्रस्तुत गरेको छ । त्यसैगरी विश्वव्यापीकरणलाई प्रो. ब्राउनले सीमाना हिन विश्व (A wo ld with b d r) चित्रण गरेका छन् ।

अर्थतन्त्र, सूचना तथा सञ्चार र मानवीय आकाङ्क्षाहरू अन्तरसम्बन्धित मुद्दा हुन् । विचार, वस्तु तथा सेवाहरूको स्वतन्त्र प्रवाह हुन थालेको छ । सूचना प्रविधिको तीव्र विकास र विस्तारले संसारलाई नजिक ल्याएको छ । तसर्थ वर्तमान समयमा हामीले प्रयोग गरिरहेका सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक प्रणालीले विश्वव्यापीकरणलाई नै इङ्गित गर्छ । वर्तमान सन्दर्भमा विश्वव्यापीकरण मूलतः आर्थिक पक्षसँग सम्बन्धित छ । यसको प्रभाव राजनीतिक, सामाजिक र सांस्कृतिक पक्षसँग जोडिएको छ । यसरी व्यक्ति वस्तु, सेवा, पुँजी र सूचनाको राष्ट्रिय सीमा पार गरेर हुने स्वतन्त्र परिचालन नै विश्वव्यापीकरण हो ।

विश्वव्यापीकरण सम्बन्धी अवधारणा आधुनिक मान्यता मात्रै होइन यो वैदिक मान्यता पनि हो । यसको सुरुआत बिसौँ शताब्दीको मध्यबाट सुरु भएको मान्न सकिन्छ । अझ शीतयुद्धको अन्तपछि सन् १९९० को दशकमा विकास भएको दृष्टिकोणले संसारलाई बढी प्रभावित पाऱ्यो । प्रजातान्त्रीकरण, निजीकरण, मानव अधिकार, स्वतन्त्रता, बजारीकरण जस्ता अवधारणा विकसित देशमा उत्पत्ति भएर क्रमशः विकासोन्मुख देशहरूमा विस्तार हुन थाले । आर्थिक दृष्टिकोणले पश्चिमी राष्ट्रहरूले अवलम्बन गरेका अवधारणालाई विकासोन्मुख देशहरूले अपनाउनुपर्ने परिस्थिति विश्वव्यापीकरणले सिर्जना गरेको हो भन्न सकिन्छ । सांस्कृतिक, परम्परा र मूल्य मान्यतामा पनि यसको प्रभाव व्यापक बन्दै गएको पाइन्छ । विश्वव्यापीकरणको प्रक्रियामा विदेशी सहयोग, आम सञ्चारका साधनहरू, बहुराष्ट्रिय कम्पनीहरू, अन्तर्राष्ट्रिय आर्थिक सङ्घ संस्थाहरू, पर्यटक, प्रविधि, शिक्षा, मानव अधिकार, राजनीति, कुटनीति आदिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेका छन् ।

विश्वव्यापीकरणको प्रभाव कम विकसित र विकासोन्मुख देशमा बढी पर्दछ । त्यसैले त्यस्ता राष्ट्रहरूमा बजारको पहुँचमा वृद्धि, प्रविधिको विकास, स्रोत साधनको परिचालन आदिमा टेवा पुगेको छ ।

विश्वव्यापीकरणले एकातिर अवसर सिर्जना गरेको छ भने अर्कातिर परनिर्भरता पनि बढाइरहेको छ । त्यसैले यसको प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

Curriculum Development Centre

| सकारात्मक प्रभाव (सबल पक्ष) | नकारात्मक प्रभाव (दुर्बल पक्ष) |
|---|---|
| विकसित देशहरूको बाहिरी विश्वसँग सम्बन्ध सुधार गरी आर्थिक वृद्धि गर्न, गरिबी घटाउन र व्यापार असन्तुलन कम गर्न सहयोग पुगेको छ । | विज्ञान र प्रविधिबाट कम विकसित देशका मानिसहरू तुलनात्मक रूपमा कम लाभान्वित हुन्छन् । |
| वैदेशिक सहयोगमा वृद्धि भई गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधामा बिस्तार भएको छ । | स्थानीय संस्कृति, परम्परा, मूल्य र मान्यतामा ह्रास आई अन्धाधुन्द विदेशी संस्कृति र परम्परा अवलम्बन गर्ने प्रवृत्ति बढ्छ । |
| टेलिभिजन, भू उपग्रह, रेडियो, हवाई सेवा, इन्टरनेट जस्ता माध्यमबाट विकसित राष्ट्रको कला संस्कृति, राजनीति तथा अन्य विषयमा जानकारी प्राप्त हुन्छ । | राष्ट्रिय एकता तथा राष्ट्रियता र अर्थतन्त्रमा परनिर्भरता बढ्न गई कमजोर राष्ट्रहरूका आवाज अझ कमजोर हुन पुग्छ । |
| प्रविधिको विकासले व्यापार विविधीकरण, भुक्तानी सन्तुलन, पुँजीको प्रवाह वैदेशिक लगानीमा वृद्धि, श्रमिकहरूको क्षमतामा वृद्धि हुने र स्वतन्त्र व्यापारको विकास हुन सहयोग पुगेको छ । | बौद्धिक पलायनले गर्दा विकासोन्मुख तथा कम विकसित राष्ट्रहरूमा दक्ष जनशक्तिको अभाव हुन्छ । |
| व्यापारमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा भई कम मूल्यमा गुणस्तरीय वस्तुको उपयोग गर्न सक्ने वातावरण सिर्जना भएको छ । | लागु पदार्थको ओसारपसार, हात हतियारको प्रयोग, सामाजिक विचलन, सङ्क्रामक रोगहरूको सङ्क्रमणमा वृद्धि हुन सक्छ । |
| राष्ट्र राष्ट्रबिच विद्यमान असमझदारी अन्त्य भई शान्ति सुरक्षामा सहयोग पुगेको छ । | बहुराष्ट्रिय कम्पनीको विस्तारले राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पर्न सक्छ । धनी र गरिबबिच स्रोत साधनमा हुने पहुँचको असमानताले अझ बढी दुरी बढाउन सक्छ । |
| विभिन्न विकसित देशमा उपलब्ध सेवा तथा सुविधाको प्रवाहले विकासोन्मुख देशका मानिसहरूको जीवन स्तरमा सुधार आएको छ । | धनी देशहरूले असक्षम राष्ट्रहरूमाथि विभिन्न माध्यमबाट आफ्ना विचार एवम् दृष्टिकोण अवलम्बन गर्न दबाब दिने अवस्था सिर्जना हुन सक्छ । |

**स्थानीयकरण**

नेपाली शब्दकोशले स्थानीयकरणलाई प्रशासनिक विकेन्द्रीकरणको अर्थमा परिभाषित गरेको छ । शाब्दिक अर्थमा स्थानीयकरणले कुनै पनि विषय, उत्पादन वा सेवालाई निश्चित ठाउँमा सीमित पार्नु भन्ने बुझिन्छ । स्थानीयकरणले एउटा ठाउँ विशेषलाई उच्च प्राथमिकतामा राख्छ । यसले स्थानीय कला संस्कृति, वेषभूषा, रीति रिवाज र मूल्य मान्यताको प्रवर्धन मा जोड दिन्छ। स्थानीय मानिसहरूको विचार, दृष्टिकोण, इच्छा र सोचलाई प्राथमिकता दिइनुपर्ने मान्यता अघि सारेको छ। सूचना प्रविधिको पहुँच स्थानीय स्तरसम्म पुऱ्याई ज्ञानमा आधारित समाज विकासमा स्थानीयकरणले जोड दिन्छ। नवीन आविष्कारलाई स्थानीय सिप र प्रविधिमा आधारित बनाउनुपर्ने तथा त्यसकै आधारमा परम्परागत मूल्य, मान्यता र संस्कृतिको पहिचानमा जोड दिन्छ ।

Curriculum Development Centre

सङ्घीय प्रणालीले स्थानीयकरणको महत्त्वलाई अझ बढाएको छ। यसले राजनीतिमा नागरिकको प्रत्यक्ष सहभागिता, स्थानीय तहमा सेवा वितरण, स्थानीय क्षेत्रको आर्थिक सामाजिक विकास र राजनीतिको स्थानीयकरणमा महत्त्व दिएको पाइन्छ । वास्तवमा स्थानीयकरण भनेको मौलिकताको संरक्षण हो । यसले विविधताबिचको एकतालाई प्राथमिकता दिन्छ । संयुक्त राष्ट्र सङ्घले स्थानीयकरणलाई प्राथमिकतामा राखेर सहस्राब्दी लक्ष्य निर्धारण गरेको छ । स्थानीयकरणको प्रभावलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

| **सकारात्मक पक्ष** | **नकारात्मक पक्ष** |
|---|---|
| पिछडिएको वर्गको विकासमा जोड दिन्छ । | अन्तर्राष्ट्रिय ख्याति प्राप्त वस्तु तथा सेवाको प्रवाहमा अवरोध सिर्जना हुन्छ । |
| जनता केन्द्रित विकासको दृष्टिकोण प्रस्तुत गर्छ । | सीमित र सानो क्षेत्रको विकासलाई प्राथमिकता दिन्छ । |
| बाहिरी विश्व र राष्ट्रहरूको हस्तक्षेपको विरोध गर्छ र राष्ट्रियताको जगर्नामा जोड दिन्छ । | कुनै जाति वा वर्गलाई आफ्नो रीति रिवाज प्रति बढी कट्टर बनाउँछ । |
| स्थानीय उत्पादनको उपभोगमा जोड दिन्छ । | मानिसहरू बाह्य संस्कृति र अर्थतन्त्रबाट वञ्चित हुन्छन् । |
| स्थानीय संस्कृति तथा रीति रिवाज प्रवर्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रेरित गर्छ । | वस्तु तथा सेवाको अन्तर्राष्ट्रियकरण हुनबाट रोक्छ । |
| श्रमिक तथा बस्तुको अन्तर्राष्ट्रियकरणलाई निरुत्साहित गर्छ । | राष्ट्रको समग्र विकासभन्दा पनि निश्चित भूगोल, क्षेत्रलाई जोड दिन्छ । |

## क्रियाकलाप

कल्पना गर्नुहोस्, तपाईंले स्थानीय उत्पादनको अभिवृद्धि गरी स्वदेशी उत्पादनको प्रयोग गरौँ भन्ने नाराका साथ सञ्चालित व्यापार मेलाको अवलोकन गर्ने मौका पाउनुभयो । उक्त मेलाबाट के कस्ता सूचना प्राप्त गर्ने अपेक्षा गर्नुहुन्छ ? उक्त विवरण समेटी समाचारको एक नमुना प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) विश्वव्यापीकरण भन्नाले के बुझिन्छ ?

(ख) स्थानीयकरणको परिभाषा उल्लेख गर्नुहोस् ।

(ग) विश्वव्यापीकरणका स्रोतहरूबाट हुने फाइदाहरू उल्लेख गर्दै समाचारको नमुना तयार पार्नुहोस् ।

(घ) विश्वव्यापीकरणका नकारात्मक प्रभाव चर्चा गर्नुहोस् ।

(ङ) विश्वव्यापीकरणको आर्थिक विशेषता उल्लेख गर्नुहोस् ।

(च) स्थानीयकरण भनेको के हो ? यो कसरी विश्वव्यापीकरणभन्दा फरक छ ? उल्लेख गर्नुहोस् ।

(छ) स्थानीयकरणका सकारात्मक र नकारात्मक पक्षको चर्चा गर्नुहोस् ।

Curriculum Development Centre